नेपाल रेडक्रस सोसाइटीको विधान, २०२०
(सत्रौ संशोधन २०७५ सहित) मा

# अठारौं संशोधनका लागि
# तीन महले विधान मस्यौदा प्रस्ताव-२०८०

## केन्द्रीय सभाको ४९औं महाधिवेशनमा प्रस्तुत

नेपाल रेडक्रस सोसाइटी
केन्द्रीय कार्यसमिति

**नेपाल रेडक्रस सोसाइटीको विधान २०२०, को**
**अठारौं संशोधन मस्यौदा प्रस्ताव २०८० को तीन महले खाका**

| विधानको साविकको व्यवस्था | संशोधन प्रस्ताव | संशोधन गर्नुको कारण |
|---|---|---|
| **नेपाल रेडक्रस सोसाइटीको<br>विधान, २०२०<br>(सत्रौं संशोधन, २०७५ सहित)**<br><br>**प्रस्तावना**<br>मानव मात्रको सेवा गर्ने उद्देश्यले रेडक्रसका संस्थापक महामानव जँ हेनरी ड्युनाको सत्प्रयास र विश्वबन्धुत्वको भावना अनुकूल मानवीय पीडा कम गर्न नेपालको प्रतिबद्धता रहेको तथा सन् १९४९ को जेनेभा महासन्धिको हस्ताक्षरकर्ता राष्ट्र भएकोले नेपाल रेडक्रस सोसाइटी अन्तर्राष्ट्रिय मानवीय कानुनका सिद्धान्तहरूमा आस्था राख्दै अन्तर्राष्ट्रिय रेडक्रस अभियानका देहायबमोजिम सात आधारभूत सिद्धान्तहरूलाई संस्थाको आदर्शको रूपमा प्रतिस्थापन र पालन गर्दछ :<br>१) **मानवता** (Humanity) : रणक्षेत्रमा घाइते भएका व्यक्तिहरूलाई भेदभावविना सहयोग पुऱ्याउने उद्देश्य लिएर स्थापना गरिएको अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियान अन्तर्राष्ट्रिय र राष्ट्रिय दुवै हैसियतमा जहाँसुकै मानवीय विपत्तिलाई हटाउन वा कम गर्न प्रयत्नशील रहन्छ । यसको उद्देश्य जीवन तथा स्वास्थ्यको सुरक्षा तथा मानवको सम्मानलाई सुनिश्चित गर्नु हो । यसले सम्पूर्ण मानवबीचमा पारस्परिक समझदारी, मित्रता, सहयोग र चिरस्थायी शान्तिको अभिवृद्धि गर्दछ ।<br>२) **निष्पक्षता** (Impartiality) : रेडक्रसले राष्ट्रियता, जाति, धार्मिक विश्वास, वर्ग र राजनीतिक विचारधाराको आधारमा कुनै भेदभाव गर्दैन । यसले विपत्तिको अवस्थामा मानवलाई सहयोग पुऱ्याउँदा उनीहरूको आवश्यकतालाई मात्र ध्यानमा राख्दछ र सबभन्दा बढी विपत्तिमा परेकालाई प्राथमिकता दिन्छ । | **नेपाल रेडक्रस सोसाइटीको<br>विधान, २०२० ( अठारौ संशोधन, २०८० सहित )**<br><br>**प्रस्तावना**<br>मानव मात्रको सेवा गर्ने उद्देश्यले रेडक्रसका संस्थापक महामानव जँ हेनरी ड्युनाको सत्प्रयास र विश्वबन्धुत्वको भावना अनुकूल मानवीय पीडा कम गर्न नेपालको प्रतिबद्धता रहेको तथा सन् १९४९ को जेनेभा महासन्धिको हस्ताक्षरकर्ता राष्ट्र भएकोले नेपाल रेडक्रस सोसाइटी अन्तर्राष्ट्रिय मानवीय कानुनका सिद्धान्तहरूमा आस्था राख्दै अन्तर्राष्ट्रिय रेडक्रस अभियानका देहायबमोजिम सात आधारभूत सिद्धान्तहरूलाई संस्थाको आदर्शको रूपमा स्वीकार तथा पालन गर्दछ :<br>१) **मानवता (Humanity)** : रणक्षेत्रमा घाइते भएका व्यक्तिहरूलाई भेदभावविना सहयोग पुऱ्याउने उद्देश्य लिएर स्थापना गरिएको अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियान अन्तर्राष्ट्रिय र राष्ट्रिय दुवै हैसियतमा जहाँसुकै मानवीय विपत्तिलाई हटाउन वा कम गर्न प्रयत्नशील रहन्छ । यसको उद्देश्य जीवन तथा स्वास्थ्यको सुरक्षा तथा मानवको सम्मानलाई सुनिश्चित गर्नु हो । यसले सम्पूर्ण मानवबीचमा पारस्परिक समझदारी, मित्रता, सहयोग र चिरस्थायी शान्तिको अभिवृद्धि गर्दछ ।<br>२) **निष्पक्षता (Impartiality)** : रेडक्रसले राष्ट्रियता, जाति, धार्मिक विश्वास, वर्ग र राजनीतिक विचारधाराको आधारमा कुनै भेदभाव गर्दैन । यसले विपत्तिको अवस्थामा मानवलाई सहयोग पुऱ्याउँदा उनीहरूको आवश्यकतालाई मात्र ध्यानमा | यथावत |

| | | |
|---|---|---|
| ३) **तटस्थता** (**Neutrality**) : सबैको विश्वास प्राप्त गरिरहनका निम्ति शत्रुतापूर्ण व्यवहारमा र कुनै पनि क्षण राजनीतिक, जातीय, धार्मिक अथवा वैचारिक स्वभावका विवादहरूमा रेडक्रस अभियानले कसैको पक्ष लिदैन ।<br>४) **स्वाधीनता** (**Independence**): रेडक्रस अभियान स्वाधीन छ । राष्ट्रिय सोसाइटीहरूले सम्बन्धित देशको सरकारको मानवीय सेवा कार्यमा सहयोग र सम्बन्धित राष्ट्रको ऐन-कानून पालन गर्दा आफ्नो स्वायत्तता सदा कायम गर्नै पर्छ, जसबाट रेडक्रस अभियानका आधारभूत सिद्धान्तअनुरूप काम गर्न ती निकायहरू सदैव सक्षम हुन सकून् ।<br>५) **स्वयंसेवा** (**Voluntary Service**): रेडक्रस स्वेच्छाले अरूको भलाइ गर्ने अभियान भएकोले कुनै पनि किसिमको लाभको इच्छाबाट प्रेरित हुँदैन ।<br>६) **एकता** (**Unity**) : एउटा मुलुकमा एउटै मात्र रेडक्रस अथवा रेडक्रिसेन्ट सोसाइटी हुन सक्छ । यो सबैका लागि खुला हुनै पर्छ । यसले आफ्ना मानवीय कार्यहरू देशभरि सञ्चालन गर्नै पर्छ ।<br>७) **विश्वव्यापकता** (Universality) : अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियान विश्वव्यापी छ जसमा सबै सोसाइटीहरूको समान सम्मान हुन्छ र सबैले एक-आपसमा सहयोग गर्ने समान दायित्व र कर्तव्य पालना गर्दछन् ।<br>उपर्युक्त सात आधारभूत सिद्धान्तहरू तथा जेनेभा महासन्धिहरू, अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेण्ट अभियानको विधानअनुरूप मानवीय सेवा तथा विकास कार्य सञ्चालन गर्न समर्पित समाजसेवीहरूको सत्प्रयासद्वारा स्थापित यस नेपाल रेडक्रस सोसाइटीको विधानमा केन्द्रीय सभाको महाधिवेशनद्वारा समय समयमा सुधार र संशोधन गरी एकीकृतरूपमा नेपालको प्रचलित कानुनअनुसार प्रस्तुत यो **"नेपाल रेडक्रस सोसाइटीको विधान, २०२०" (सत्रौं संशोधन २०७४ सहित)** जारी गरिएको छ । | राख्दछ र सबभन्दा बढी विपत्तिमा परेकालाई प्राथमिकता दिन्छ ।<br>३) **तटस्थता** (**Neutrality**) : सबैको विश्वास प्राप्त गरिरहनका निम्ति शत्रुतापूर्ण व्यवहारमा अल्झिदैन र कुनै पनि क्षण राजनीतिक, जातीय, धार्मिक अथवा वैचारिक स्वभावका विवादहरूमा रेडक्रस अभियानले कसैको पक्ष लिदैन ।<br>४) **स्वाधीनता** (**Independence**): रेडक्रस अभियान स्वाधीन छ । राष्ट्रिय सोसाइटीहरूले सम्बन्धित देशको सरकारको मानवीय सेवा कार्यमा सहयोग र सम्बन्धित राष्ट्रको ऐन-कानुन पालन गर्दा आफ्नो स्वायत्तता सदा कायम गर्नै पर्छ, जसबाट रेडक्रस अभियानका आधारभूत सिद्धान्तअनुरूप काम गर्न ती निकायहरू सदैव सक्षम हुन सकून् ।<br>५) **स्वयंसेवा** (**Voluntary Service**): रेडक्रस अभियान स्वेच्छाले अरूको भलाई गर्ने अभियान भएकोले कुनै पनि किसिमको लाभको इच्छाबाट प्रेरित हुँदैन ।<br>६) **एकता** (**Unity**) : एउटा मुलुकमा एउटै मात्र रेडक्रस अथवा रेडक्रिसेन्ट सोसाइटी हुनसक्छ । यो सबैका लागि खुला हुनै पर्छ । यसले आफ्ना मानवीय कार्यहरू देशभरि सञ्चालन गर्नै पर्छ ।<br>७) **विश्वव्यापकता** (**Universality**) : अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियान विश्वव्यापी छ । जसमा सबै सोसाइटीहरूको समान हैसियत हुन्छ र सबैले एक-आपसमा सहयोग गर्ने समान दायित्व र कर्तव्य पालना गर्दछन् ।<br>उपर्युक्त सात आधारभूत सिद्धान्तहरू तथा जेनेभा महासन्धिहरू, अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको विधानअनुरूप मानवीय सेवा तथा विकास कार्यसञ्चालन गर्न समर्पित समाजसेवीहरूको सत्प्रयासद्वारा स्थापित यस नेपाल रेडक्रस | |

नेपाल रेडक्रस सोसाइटी

| | | |
|---|---|---|
| | सोसाइटीको विधानमा केन्द्रीय सभाको महाधिवेशनद्वारा समय समयमा सुधार र संशोधन गरी एकीकृतरूपमा नेपालको प्रचलित कानुनअनुसार प्रस्तुत यो **"नेपाल रेडक्रस सोसाइटीको विधान, २०२०"** (**अठारौं संशोधन २०७८ सहित**) जारी गरिएको छ । | |
| ०२. **संक्षिप्त नाम र प्रारम्भ :**<br>(क) यस विधानको नाम **"नेपाल रेडक्रस सोसाइटीको विधान, २०२०** (संशोधन सहित) रहेको छ ।<br>(ख) यो विधान तुरून्त लागू हुनेछ । | **परिच्छेद-१**<br>**संक्षिप्त नाम र प्रारम्भ**<br>०१. **संक्षिप्त नाम र प्रारम्भ :**<br>(क) यस विधानको नाम **"नेपाल रेडक्रस सोसाइटीको विधान, २०२०** (अठारौं संशोधन २०८० सहित) रहेको छ ।<br>(ख) संस्थाको नाम **"नेपाल रेडक्रस सोसाइटी"** छोटकरीमा **"नेरेसो"** हुनेछ । यस संस्थालाई अङ्ग्रेजीमा **"Nepal Red Cross Society"** र छोटकरीमा **"NRCS"** भनिने छ ।<br>(ग) यो विधान तुरून्त लागू हुनेछ । | क्रमवद्धता कायम गर्न र नेपाली तथा अङ्ग्रेजी नाम समेत राख्न |
| ०३. **परिभाषा :**<br>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :-<br>(क) **"कार्यसमिति"** भन्नाले संस्थाको कुनै पनि *तह सञ्चालन गर्ने मूल समितिलाई बुझाउँछ<br>*(ख) **"कार्यसमितिका पदाधिकारी"** भन्नाले कुनै पनि तहका कार्यसमितिका अध्यक्ष/सभापति, उपाध्यक्ष/उपसभापति, महामन्त्री/महासचिव/मन्त्री/सचिव, कोषाध्यक्ष, उपमहामन्त्री/उप महासचिव/उपसचिव र | ०२. **परिभाषा :**<br>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :-<br>(क) **"अभियान"** भन्नाले अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानलाई सम्झनु पर्छ ।<br>**(ख)** **"आरक्षण"** भन्नाले निश्चित समूह जस्तै : महिला, युवा, निश्चित भूगोल वा तोकिएको समूहको प्रतिनिधित्व सुनिश्चित गर्न सोही समूहबीच मात्र प्रतिस्पर्धा गराई वा छनोट गर्न अस्थायी रूपमा गरिएको विशेष प्रवन्धलाई जनाउँछ । | थप शब्दावलीहरू को परिभाषा गर्नुपर्ने भएकाले |

| | | |
|---|---|---|
| उपकोषाध्यक्ष पदको जिम्मेवारीमा रहेका व्यक्तिहरूलाई बुझाउँछ ।<br><br>*(ग) **"कार्यसमितिका सदस्य"** भन्नाले कुनै पनि तहक कार्यसमितिका पदाधिकारीहरू तथा सदस्यहरूला बुझाउँछ ।<br><br>*(घ) **"केन्द्रीय सभा"** भन्नाले केन्द्रीय महाधिवेशन र केन्द्रीय वार्षिक साधारण सभा समेतलाई बुझाउँछ ।<br><br>(ङ) **"तोकिएबमोजिम"** भन्नाले केन्द्रीय कार्यसमितिबाट तोकिएबमोजिम भन्ने बुझाउँछ ।<br><br>*(च) **"जिल्ला सभा"** भन्नाले जिल्ला अधिवेशन र जिल्ला वार्षिक साधारण सभा समेतलाई बुझाउँछ ।<br><br>*(छ) **"प्रदेश सभा"** भन्नाले प्रदेश अधिवेशन र प्रदेश वार्षिक साधारण सभा समेतलाई बुझाउँछ ।<br><br>(ज) **"विधान"** भन्नाले अन्तर्राष्ट्रिय मानवीय कानुन, खास गरी जेनेभा महासन्धिहरू १९४९, अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको विधान १९८६ र रेडक्रस तथा रेडक्रिसेन्टको अन्तर्राष्ट्रिय सम्मेलन, प्रतिनिधि परिषद् (Council of Delegates) र अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको महासङ्घ (IFRC) को विधान एवं सम्मेलनद्वारा प्रतिपादित सिद्धान्तहरू तथा प्रचलित नेपाल कानुनमा आधारित नेपाल रेडक्रस सोसाइटीको विधान, २०२० (सत्रौं संशोधनसहित) लाई सम्झनुपर्छ ।<br><br>(झ) **"सदस्य"** भन्नाले रेडक्रसको सिद्धान्तप्रति आस्था राखी नेपाल रेडक्रस सोसाइटीको सदस्य भएको व्यक्तिलाई सम्झनुपर्छ । | (ग) **"उपशाखा"** भन्नाले वडास्तरमा गठित सोसाइटीको समुदायस्तरको सेवा प्रदायक एकाइलाई बुझाउँछ र यसले एकभन्दा बढी वडाहरू मिलाई गठन भएको एकाइलाई पनि बुझाउँछ ।<br><br>(घ) **"कार्यकारी प्रमुख"** भन्नाले केन्द्रीय, प्रदेश, जिल्ला र पालिकास्तरमा सम्बन्धित समितिले नियुक्त गरेको व्यवस्थापन प्रमुखलाई बुझाउँछ ।<br><br>(ङ) **"कार्यसमिति"** भन्नाले संस्थागत तहको नाम सहितको केन्द, प्रदेश, जिल्ला, पालिका र उपशाखा तह सञ्चालनका लागि गठित कार्य समितिहरू लाई बुझाउँछ ।<br><br>**(च)** **"चिन्ह"** भन्नाले जेनेभा महासन्धिबाट प्रतिपादित रेडक्रस चिन्हलाई सम्झनु पर्दछ ।यसले रेडक्रिसेन्ट र रेडक्रिष्टल चिन्हलाई समेत जनाउँदछ ।<br><br>(छ) **"तोकिएबमोजिम"** भन्नाले कार्यसमितिहरूबाट निर्धारित नियम, विधिअनुसार तोकिएबमोजिम भन्ने बुझाउँछ ।<br><br>(ज) **"पदाधिकारी"** भन्नाले कुनै पनि तहका मूल समितिका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, सभापति, बरिष्ठ उपसभापति, उपाध्यक्ष, महामन्त्री, महासचिव, कोषाध्यक्ष, उपमहामन्त्री, उपमहासचिव, मन्त्री र उपमन्त्री, उपकोषाध्यक्ष, सचिव, उपसचिव पदको जिम्मेवारीमा रहेका व्यक्तिहरूलाई बुझाउँछ ।<br><br>(झ) **"पालिका शाखा"** भन्नाले गाउँपालिका, नगर पालिका, उपमहानगरपालिका र महानगर पालिकामा गठन हुने नेपाल रेडक्रस सोसाइटीका निकायलाई बुझाउँछ ।<br><br>(ञ) **"विधान"** भन्नाले नेपाल रेडक्रस सोसाइटीको विधान, २०२० (अठारौं संशोधन २०८० समेत) लाई सम्झनु पर्छ । | |

| | | |
|---|---|---|
| *(ञ) **"सभासद्"** भन्नाले केन्द्रीय, प्रदेश, जिल्ला र उपशाखा सभाका सदस्य सम्झनुपर्दछ ।<br>(ट) **"संस्था"** भन्नाले नेपाल रेडक्रस सोसाइटी र यसका विभिन्न निकायलाई सम्झनुपर्दछ ।<br>(ठ) **"स्वयंसेवक"** भन्नाले मानवीय हितका लागि रेडक्रसका आधारभूत सिद्धान्तअनुरूप संस्थाको कुनै पनि निकायसँग आबद्ध भई नियमित वा आवश्यक परेको बेलामा तोकिएको जिम्मेवारी स्वैच्छिक रूपमा वहन गर्ने व्यक्तिलाई बुझाउँछ ।<br>(ड) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्दछ । | (ट) **"महासङ्घ"** भन्नाले रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घलाई सम्झनु पर्छ ।<br>(ठ) **"सदस्य"** भन्नाले रेडक्रसका आधारभूत सिद्धान्तहरू प्रति आस्था राखी तोकिएको प्रकृया पूरा गरी संस्थाको सदस्यता लिएका व्यक्तिलाई सम्झनु पर्छ ।<br>(ड) **"समिति"** भन्नाले कुनै पनि तहका कार्यसमितिले गठन गरेका विषयगत वा कार्यगत समितिहरूलाई जनाउँदछ<br>(ढ) **"सभा"** भन्नाले सबै तहका महाधिवेशन/अधिवेशन र वार्षिक साधारण सभासमेतलाई बुझाउँछ ।<br>(ण) **"सभासद्"** भन्नाले सबै तहका सभाका वैधानिक प्रतिनिधिहरूलाई सम्झनु पर्छ।<br>(त) **"सोसाइटी"** भन्नाले नेपाल रेडक्रस सोसाइटीलाई सम्झनु पर्छ ।<br>(थ) **"संस्था"** भन्नाले नेपाल रेडक्रस सोसाइटी र यसका निकायहरूलाई सम्झनु पर्छ ।<br>(द) **"स्थानीय तह वा पालिका"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका लाई सम्झनु पर्छ ।<br>(ध) **"सङ्कटासन्नता"** भन्नाले कुनै समुदाय, कार्यप्रणाली वा जायजेथामाथि प्रकोपका असरहरू प्रत्यक्ष पर्न सक्ने अवस्था वा परिवेश जनाउँदछ ।<br>(न) **"स्वयंसेवक"** भन्नाले रेडक्रसका आधारभूत सिद्धान्त स्वीकार गरी मानवीय हितका लागि संस्थाको कुनै निकायसँग आबद्ध भई नियमित, आवधिक वा आवश्यक परेको बेलामा तोकिएको जिम्मेवारी स्वैच्छि करूपमा वहन गर्ने व्यक्तिलाई जनाउँदछ । | |



नेपाल रेडक्रस सोसाइटी * केन्द्रीय कार्यालय, काठमाडौं *

| परिच्छेद - १<br>**सामान्य व्यवस्था** | परिच्छेद - २<br>**स्थापना, मान्यता र कानुनी आधार** | |
|---|---|---|
| ०१. **स्थापना :**<br>नेपालमा २०२० साल भाद्र १९ गते तदनुसार ४ सेप्टेम्बर १९६३ का दिन "नेपाल रेडक्रस सोसाइटी" नामक विशुद्ध मानवीय संस्थाको स्थापना भई सन् १९४९ को जेनेभा महासन्धिहरूअनुरूप मानवीय कार्य क्षेत्रमा सरकारको सहयोगी (Auxiliary to the public authorities in the humanitarian field), *गैरनाफामूलक स्वयंसेवी सहायता संस्थाको रूपमा नेपाल राष्ट्रभरि कार्य गर्ने गरी नेपाल सरकारबाट मान्यता प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको एक मात्र राष्ट्रिय *रेडक्रस सोसाइटीको रूपमा रहनेछ । | ०३. **स्थापना :**<br>अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको अङ्गको रूपमा नेपाल राष्ट्रभरि मानवीय सेवाकार्य गर्ने गैरनाफामूलक एक मात्र नेपाल रेडक्रस सोसाइटीको स्थापना गरिएको छ ।<br><br>०४. **मान्यता :**<br>**क. राष्ट्रिय मान्यता :** वि.सं. २०२० भाद्र १९ गते स्थापना भई २०२१ साल साउन १६ गते शुक्रबार (सन् १९६४ जुलाई ३१) का दिन तत्कालीन श्री ५ को सरकारबाट जेनेभा महासन्धिअनुरूप मानवीय सेवाको क्षेत्रमा सरकारको सहयोगी निकाय (Auxiliary to the public authorities in the humanitarian field) को रूपमा अभियानका आधारभूत सिद्धान्तअनुरूप कार्य गर्ने गरी स्वायत्त, स्वयंसेवी सहायता संस्थाको रूपमा मान्यता प्राप्त छ । प्रारम्भमा २०२१ साल साउन २५ गते (सन् १९६४ अगस्ट ९) आइतबारका दिन संस्था रजिस्ट्रेशन ऐन २०१६ अनुसार तत्कालीन श्री मजिस्ट्रेट अफिस काठमाडौंमा दर्ता भई हाल संस्था दर्ता ऐन २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा नेपाल रेडक्रस सोसाइटी दर्ता रहेको छ ।<br><br>**(ख) अन्तर्राष्ट्रिय मान्यता :**<br>वि.सं. २०२० साल माघ २४ गते (सन् १९६४ फेब्रुअरी ७) नेपाल सरकार जेनेभा महासन्धिहरूको पक्ष राष्ट्र भएको र २०२१ साल असोज १६ गते (सन् १९६४ अक्टोबर १) रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसी आरसी) बाट मान्यता प्राप्त तथा २०२१ साल असोज १७ गते (सन् १९६४ अक्टोबर २) तत्कालीन लीग अफ रेडक्रस र रेडक्रिसेण्ट सोसाइटीज | संस्थाको मान्यता र कानुनी आधारलाई थप प्रष्ट पार्न |

| | | |
|---|---|---|
| | (हालको इन्टरनेशनल फेडेरेशन अफ रेडक्रस एण्ड रेडक्रिसेण्ट सोसाइटीज) को सदस्यता प्राप्त संस्था हो ।<br><br>**०५.कानुनी आधार :**<br><br>यस विधानका अतिरिक्त देहायका दस्तावेजहरू नेपाल रेडक्रस सोसाइटीका कानुनी आधार हुनेछन् :<br>(क) प्रचलित नेपाल कानुन,<br>(ख) सन् १९४९ को जेनेभा महासन्धिहरू र तिनका अतिरिक्त प्रलेखहरू,<br>(ग) अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको विधान,<br>(घ) महासङ्घको विधान,<br>(ङ) अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सम्मेलनद्वारा पारित प्रस्तावहरू,<br>(च) रेडक्रसको अन्तर्राष्ट्रिय समिति, महासङ्घ र राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरू सम्मिलित प्रतिनिधि परिषद्द्वारा पारित प्रस्तावहरू,<br>(छ) महासङ्घको महासभाद्वारा पारित प्रस्तावहरू,<br>(ज) महासङ्घको गभर्निंग वोर्ड र वैधानिक अङ्गहरूका सान्दर्भिक निर्णयहरू, र<br>(झ) नेपाल रेडक्रस सोसाइटीको आवद्धता, प्रतिवद्धता र सम्झौताहरू । | सस्थाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी आधार प्रष्ट पार्न |
| **०४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता :**<br>(१) नेपाल रेडक्रस सोसाइटी औपचारिक रूपमा जेनेभा महासन्धिका आधारहरूअनुसार युद्धपीडित सैनिक तथा सर्वसाधारण जनता र सैनिक सेवासँग सम्बन्धित चिकित्सा तथा अन्य आवश्यक सेवामा संलग्न रहेकाहरूको सहायताका साथै सङ्कटासन्न जनसमुदायका लागि मानवीय सेवा तथा विकासमूलक कार्य गर्ने एउटा स्वशासित संस्थाको रूपमा स्थापित, | **०६. सोसाइटी सङ्गठित संस्था हुने :**<br>(१) सोसाइटी अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुनेछ । यस संस्थाको अस्तित्वको अवधि असीमित रहने छ ।<br>(२) संस्थाको सबै काम कारवाहीको निमित्त प्रतीक चिन्ह र नामसहितको आफ्नो एउटा छुट्टै छाप हुनेछ । सो छाप | संस्था दर्ता ऐनको व्यवस्थासँग सादृश्य गरिएको |

| | | |
|---|---|---|
| नेपालको एक मात्र राष्ट्रिय सोसाइटी हो । २०२० साल माघ २४ गते (७ फेब्रुअरी १९६४) तत्कालीन श्री ५ को सरकारद्वारा जेनेभा महासन्धिहरूमा सम्मिलन (Accession) भएको र नेपाल सन्धि ऐनअनुसार उक्त महासन्धिहरू कानुनसरह लागू भएको सन्दर्भमा २०२१ साल साउन १६ गते (सन् १९६४ जुलाइ ३१) प्रचलित नेपाल कानुनअनुसार नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) बाट आधिकारिक मान्यता पाएको २०२१ साल श्रावण २५ गते स्थानीय प्रशासनमा दर्ता भएको, २०२१ साल असोज १६ गते (१ अक्टोबर, १९६४) रेडक्रसको अन्तर्राष्ट्रिय समितिबाट मान्यता प्राप्त तथा २०२१ साल असोज १७ गते (२ अक्टोबर, १९६४) तत्कालीन लीग अफ रेडक्रस र रेडक्रिसेण्ट सोसाइटीज (हालको इन्टरनेशनल फेडेरेशन अफ रेडक्रस एण्ड रेडक्रिसेण्ट सोसाइटीज) को सदस्यता प्राप्त संस्था हो । यस संस्थाको अस्तित्वको अवधि असीमित हुनेछ ।<br>(२) यस संस्थाले आफ्नो नामबाट व्यक्तिसरह सम्पत्ति आर्जन तथा भोगचलन, बेचबिखन गर्न, नालिश, उजूर गर्न सक्नेछ र यसउपर पनि सोही नामबाट नालिश, उजूर लाग्न सक्ने छ । संस्थाले आफ्नो अचल सम्पत्ति बिक्री वितरण तथा हक हस्तान्तरण गर्नुपूर्व स्थानीय अधिकारीको स्वीकृति लिएर मात्र त्यस्तो सम्पत्तिको विक्री वितरण तथा हक हस्तान्तरण हुनेछ ।<br>(३) संस्थाले कुनै पनि अरू सङ्घ-संस्थाहरू, सार्वजनिक निकायहरूसँग गरिएका सम्झौताहरू लिखित रूपमा हुनेछन् । त्यस्ता सम्झौताहरूमा जेसुकै लेखिएका भएता पनि रेडक्रस अभियानका आधारभूत सिद्धान्तहरू विरूद्ध काम गर्न, गराउन पाइनेछैन । | नेपाली र अङ्ग्रेजी दुवै भाषामा प्रयोग गर्न सकिने छ । छापको नमुना अनुसूची- १ बमोजिम हुनेछ ।<br>(३) यस संस्थाले आफ्नो नामबाट व्यक्तिसरह सम्पत्ति आर्जन तथा भोगचलन, बेचविखन गर्न, नालिश, उजुर गर्न सक्नेछ र यसउपर पनि सोही नामबाट नालिश, उजुर लाग्न सक्ने छ ।<br>(४) सोसाइटीले अन्य निकायहरूसँग प्रचलित नेपाल कानुन र रेडक्रस अभियानका आधारभूत सिद्धान्तहरूसँग नबाझिने गरी सम्झौता र कार्यसञ्चालन गर्नेछ । | |

| | | |
|---|---|---|
| **०५. केन्द्रीय कार्यालय :**<br>यस संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ । प्रत्येक जिल्लामा संस्थाको शाखा विस्तार गर्दा सम्बन्धित स्थानीय अधिकारीको पूर्व स्वीकृति लिएर मात्र गर्न सकिने छ । | **०७. सोसाइटीको कार्यालय :**<br>(१) सोसाइटीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने छ ।<br>(२) प्रदेश शाखाका कार्यालयहरू सामान्यतया सम्बन्धित प्रदेशको राजधानीमा वा सम्बन्धित कार्यसमितिले तोकेको स्थानमा रहने छन् ।<br>(३) जिल्ला, पालिका शाखा र उपशाखाका कार्यालयहरू सम्बन्धित सदरमुकाम/केन्द्रमा वा सम्बन्धित कार्यसमितिले तोकेको स्थानमा रहने छन् ।<br>(४) यस अतिरिक्त देशभित्र आवश्यकतानुसारका सेवा एकाइहरू खोल्न सकिने छ । | सङ्घीय संरचना अनुसार सोसाइटीका सबै तहमा कार्यालयहरू रहने व्यवस्था गर्न |
| **०६. चिह्न, झण्डा र छाप :**<br>(१) सेतो पृष्ठभूमिमा समभुजाकार पाँचवटा चतुर्भुजबाट बनेको रातो क्रस संस्थाको साङ्केतिक चिह्न हुनेछ । यसै चिह्नलाई संस्थाको झण्डा र छापको रूपमा प्रयोग गरिनेछ । यसको नमुना अनुसूची- १ मा दिइएको छ ।<br>(२) उपदफा (१) मा उल्लेख गरिएको चिह्नको प्रयोग राष्ट्रिय कानुन र जेनेभा महासन्धिहरू र रेडक्रस तथा रेडक्रिसेण्ट अभियानद्वारा प्रतिपादित चिह्नसम्बन्धी नियमावली सन् १९९१ द्वारा नियन्त्रित हुनेछ ।<br>(३) संस्थाले जेनेभा महासन्धिअनुरूप उपयुक्त नियम बनाउनेछ र राष्ट्रिय कानून तथा यस चिह्नको प्रयोगसम्बन्धी सन् १९९१ को अन्तर्राष्ट्रिय नियमहरूको व्यवस्था राष्ट्रिय सोसाइटीका लागि बाध्य हुनेछ । | **०८. चिह्न र झण्डा :**<br>(१) सेतो पृष्ठभूमिमा समभुजाकार पाँचवटा चतुर्भुजबाट बनेको रातो क्रस (रेडक्रस) चिह्न सोसाइटीको प्रतीक चिह्न हुनेछ । यो विशिष्ट चिह्न संस्थाको झण्डामा प्रयोग हुनेछ ।<br>(२) सोसाइटीले रेडक्रस चिह्नसम्बन्धी प्रचलित नेपाल कानुन, जेनेभा महासन्धिहरू र अभियानद्वारा प्रतिपादित चिह्नसम्बन्धी नियमावलीको अधिनमा रही रक्षात्मक र प्रतिकात्मक दुवै उद्देश्यका लागि प्रयोग गर्न सक्नेछ ।<br>(३) सोसाइटीसँग आवद्ध सदस्य, स्वयंसेवक र कर्मचारी हरूले प्रयोग गर्ने चिह्न, लोगो र नामको प्रयोग सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ । | रेडक्रस चिन्हको प्रयोगलाई थप प्रष्ट र व्यवस्थित गर्न |
| **परिच्छेद - २**<br>**दूरदृष्टि, दूरगामी लक्ष्य, उद्देश्य तथा कार्यहरू**<br>**०७. नेपाल रेडक्रस सोसाइटीका दूरदृष्टि, दूरगामी लक्ष्य, उद्देश्य तथा कार्यहरू देहायबमोजिम हुनेछन् :** | **परिच्छेद-३**<br>**दूरदृष्टि, दूरगामी लक्ष्य, उद्देश्य तथा कार्यहरू**<br>**०९. सोसाइटीका दूरदृष्टि, दूरगामी लक्ष्य, उद्देश्य तथा कार्यहरू देहायबमोजिम हुनेछन् :** | |

| | | |
|---|---|---|
| (१) **दूरदृष्टि (Vision) :**<br>नेपाल रेडक्रसको दूरदृष्टि यसप्रकार छ :<br>समुदाय, सरकारी र गैर सरकारी संगठनहरूसँग निकटतम सम्पर्कमा रही पारदर्शी, प्रजातान्त्रिक र सहभागितामूलक वातावरणमा रेडक्रसका आधारभूत सिद्धान्तअनुरूप जनस्तरसम्म स्थापित रेडक्रसकर्मीहरूको राष्ट्रव्यापी सन्जालको माध्यमबाट काम गर्ने नेपाल रेडक्रस सोसाइटी मानवीय पीडामा तत्काल राहत प्रदान गर्न र सङ्कटासन्नता कम गर्न प्रतिबद्ध रहने एउटा कुशल, आत्मनिर्भर र स्वाधीन मानवीय संगठनको रूपमा रहनेछ ।<br><br>(२) **दूरगामी लक्ष्य (Mission) :**<br>नेपाल रेडक्रसको दूरगामी लक्ष्य यसप्रकार छ :<br>संस्थाको संगठनात्मक ढाँचाको सुदृढीकरण तथा विस्तारद्वारा सरकारी एवं गैरसरकारी संगठनहरूसँग सम्पर्क स्थापनाका साथै सामुदायिक सहभागिता र स्वयंसेवकहरूको अधिकतम परिचालन गरी मानवीय पीडामा राहत प्रदान गर्ने र सङ्कटासन्नता कम गर्ने नेपाल रेडक्रस सोसाइटीको दूरगामी लक्ष्य हुनेछ ।<br><br>(३) **उद्देश्य तथा कार्यहरू :**<br>धर्म, वर्ण, लिङ्ग, वर्ग, जात, जाति, भाषा, राष्ट्रियता वा राजनीतिक आस्थाको आधारमा भेदभाव नगरी मानवीय विपत्तिलाई रोक्न वा कम गर्न प्रयास गर्ने आधारभूत उद्देश्यअनुरूप यस संस्थाका कार्यहरू देहायबमोजिम रहनेछन् :-<br>(क) सशस्त्र युद्धको समयमा युद्धपीडित जनसाधारण तथा सैनिक-दुवैको सेवा र शान्तिकालमा जेनेभा | (१) **दूरदृष्टि (Vision) :**<br>मानवीय पीडा कम गर्ने, तत्काल राहत प्रदान गर्ने, सङ्कटासन्नतालाई कम गर्ने र उत्थानशील समुदाय निर्माण गर्ने एक गतिशील मानवीय संस्थाको रूपमा नेपाल रेडक्रस सोसाइटी रहने छ ।<br><br>(२) **दूरगामी लक्ष्य (Mission) :**<br>राष्ट्रव्यापी सङ्गठन र स्वयंसेवकहरूको सन्जालको सुदृढीकरण, परिचालन, समुदायिक सहभागिता तथा बृहत्तर साझेदारीको माध्यमबाट पूर्वतयारीका साथै सङ्कट तथा आपत्कालीन परिस्थितिहरूमा मानवीय पीडा रोकथाम, निवारण र न्यूनीकरण गर्नु सोसाइटीको दूरगामी लक्ष्य हुने छ ।<br><br>(३) **उद्देश्य तथा कार्यहरू :**<br>१. **उद्देश्य** : धर्म, वर्ण, लिङ्ग वर्ग, जात, जाति, भाषा, राष्ट्रियता वा राजनीतिक आस्थाको आधारमा भेदभाव नगरी मानवीय विपत्तिलाई रोक्न वा कम गर्न प्रयास गर्ने आधारभूत उद्देश्य हुने छ ।<br>२. **कार्यहरू :**<br>(क) सशस्त्र युद्धको समयमा युद्धपीडित जनसाधारण तथा सैनिक दुवैको सेवा र शान्तिकालमा जेनेभा महासन्धिले निर्दिष्ट गरेको क्षेत्रमा काम गर्ने,<br>(ख) स्वास्थ्य प्रवर्धन एवं सुधार, रोगको रोकथाम तथा पीडा न्यूनीकरण गर्ने । यसका लागि रक्तसेवा, प्राथमिक उपचार, आँखा उपचार, सर्पदंश उपचार सेवा, एम्बुलेन्सलगायत पूर्वअस्पताल सेवा प्रदान गर्ने, महामारी र आकस्मिक अवस्थामा प्रतिकार्यमा सक्रिय रहने, र | समसामयिक अध्यावधिक गर्न, स्पष्ट गर्न |

| | | |
|---|---|---|
| महासन्धिले निर्दिष्ट गरेको खोज-खबर ( Tracing) लगायत सबै क्षेत्रमा काम गर्ने,<br>(ख) स्वास्थ्य प्रवर्द्धन एवं सुधार, रोगको रोकथाम तथा पीडा न्यूनीकरणका लागि योगदान गर्ने,<br>(ग) विपद् पीडितहरूका लागि आपत्कालीन राहत सेवाको व्यवस्था गर्ने,<br>(घ) विपद् न्यूनीकरण र पूर्वतयारी सम्बन्धमा भूमिका निर्वाह गर्नुका साथै जनचेतना अभिवृद्धि गर्ने,<br>(ङ) नेपाल रेडक्रस सोसाइटीको अभिन्न अङ्गको रूपमा जुनियर र युवा रेडक्रसको संगठन र सहभागिता प्रवर्द्धन गर्दै गतिविधिहरू सञ्चालन गर्ने,<br>(च) मानवीय आदर्शहरूको विकास गर्ने उद्देश्यले रेडक्रस अभियानका आधारभूत सिद्धान्तहरू र अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रवर्द्धन गर्ने,<br>(छ) अन्तर्राष्ट्रिय मानवीय कानूनको आदर र रेडक्रस चिह्नको संरक्षण सुनिश्चित गर्ने, र<br>(ज) सामुदायिक विकास तथा जनकल्याणसम्बन्धी अन्य काम गर्ने । | व्यक्तिगत स्वास्थ्यको हेरचाह, घरायसी एवं वातावरणीय सरसफाइ, खानेपानी तथा स्वच्छता, पोषण, खोप सेवा, मातृ तथा बाल स्वास्थ्य, प्रजनन् स्वास्थ्य, मानसिक स्वास्थ्य, सर्ने तथा नसर्ने रोगहरू इत्यादिका क्षेत्रमा प्रवर्धनात्मक कार्य गर्ने ।<br>(ग) विपद् तथा सङ्कटबाट प्रभावितहरूका लागि आपत्कालीन राहत सेवा र पारिवारिक सम्पर्क पुनःस्थापना सेवा प्रदान गर्ने । विपद् न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभका कार्यहरू गर्ने । विपत् पूर्वसूचना, पूर्वानुमानमा आधारित सेवा, जलवायु परिवर्तन र बसाइँसराइजन्य समस्या न्यूनीकरणका साथै जनचेतना अभिवृद्धि गर्ने,<br>(ङ) नेपाल रेडक्रस सोसाइटीको अभिन्न अङ्गको रूपमा जुनियर र युवा रेडक्रसको सङ्गठन, क्षमता विकास र सहभागिता प्रवर्द्धन गर्दै बाल/युवा लक्षित गतिविधिहरू सञ्चालन गर्ने,<br>(च) सङ्कटासन्न समुदाय तथा विशेष आवश्यकतामा रहेका व्यक्तिहरूको मावनीय मर्यादाको संरक्षण गर्ने,<br>(छ) रेडक्रस अभियानका आधारभूत सिद्धान्तहरू र अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचार प्रसार गर्ने, मानवीय आदर्शको सम्मान अभिवृद्धि गर्ने र रेडक्रस चिह्नको संरक्षण सुनिश्चित गर्ने,<br>(ज) संस्थागत क्षमता विकास गर्ने, प्रविधि रूपान्तरण तथा नवप्रवर्धनमा योगदान गर्ने, र<br>(झ) सामुदायिक विकास तथा जनकल्याणसम्बन्धी अन्य काम गर्ने । | कार्यहरूमा समसामयिक र सान्दर्भिक विषयहरू समेटन आवश्यक भएकाले प्रष्ट पारिएको |

नेपाल रेडक्रस सोसाइटी ★ केन्द्रीय कार्यालय, ★

| | | |
|---|---|---|
| **परिच्छेद - ३**<br>**प्रमुख संरक्षक/संरक्षक**<br>**०८. प्रमुख संरक्षक तथा संरक्षक :**<br>(१) कुनै विशिष्ट व्यक्तिलाई नेपाल रेडक्रस सोसाइटीले प्रमुख संरक्षक/संरक्षक बनाउन सक्नेछ ।<br>(२) केन्द्रीय कार्यसमितिको सिफारिशमा प्रमुख संरक्षक/संरक्षक प्रदान गर्ने अधिकार केन्द्रीय सभामा निहित रहनेछ । | **परिच्छेद - ४**<br>**संरक्षकत्व र सल्लाहकार समिति**<br>**१०. प्रमुख संरक्षक तथा संरक्षक** :<br>(१) कुनै विशिष्ट व्यक्तिलाई नेपाल रेडक्रस सोसाइटीले प्रमुख संरक्षक/संरक्षक बनाउन सक्नेछ ।<br>(२) केन्द्रीय कार्यसमितिको सिफारिसमा प्रमुख संरक्षक/संरक्षक प्रदान गर्ने अधिकार केन्द्रीय सभामा निहित रहने छ । | यथावत |
| | **११. सल्लाहकार समिति :**<br>**(१) गठन :** केन्द्रीय कार्यसमितिको सिफारिसमा केन्द्रीय सभाले रेडक्रससम्बन्धी विशेष ज्ञान र अनुभव भएका, सस्थागत विकासमा विशिष्ट योगदान पुऱ्याएका र सान्दर्भिक विषयमा विज्ञता हासिल गरेका सोसाइटीका सदस्यहरूमध्येबाट कम्तीमा एक जना महिलासहित ५ (पाँच) जनासम्मको सल्लाहकार समिति गठन गर्नेछ<br>**(२) काम कर्तव्य अधिकार :** सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहायबोजिम हुनेछ :<br>(क) रेडक्रसका आधारभूत सिद्धान्त, सत्यनिष्ठा, विधानको परिपालना, समसामयिक मानवीय सवाल, रणनीतिक र दीर्घकालीन योजना तथा संस्थागत विकासका लागि आवश्यक सल्लाह र सुझाव प्रदान गर्ने,<br>(ख) सोसाइटीको अचल सम्पत्तिको संरक्षण र सदुपयोग सम्बन्धमा परामर्श दिने,<br>(ग) केन्द्रीय कार्यसमितिले माग गरेको विषयमा राय सुझाव उपलब्ध गराउने, | केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र रहेको सल्लाहकार समिति गठन गर्ने पूर्ववत व्यवस्थालाई केन्द्रीय सभाबाट चयन गर्न र काम, कर्तव्य प्रष्ट पार्न |

नेपाल रेडक्रस सोसाइटी ★ केन्द्रीय कार्यालय, काठमाडौं

| | | |
|---|---|---|
| | (घ) कुनै कारणवस केन्द्रीय कार्यसमिति रिक्त हुन गएमा ६ महिनाभित्र निर्वाचन गराउने र केन्द्रीय कार्यसमितिले गर्ने कार्यहरू गर्ने,<br>(३) **प्रतिवेदन:** सल्लाहकार समितिले आफ्नो वार्षिक प्रतिवेदन केन्द्रीय कार्यसमितिको समन्वयमा केन्द्रीय सभामा पेश गर्ने छ ।<br>(४) **बैठक :** सल्लाहकार समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकको कार्यविधि समिति आफैले तय गर्ने छ ।<br>(५) **अवधि र अन्य व्यवस्था :** केन्द्रीय सभाले अर्को सल्लाहकार समिति गठन नगरेसम्म सल्लाहकार समितिको कार्यअवधि कायम रहने छ ।<br>सल्लाहकार समितिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | |
| **परिच्छेद - ४**<br>**सदस्यता**<br>०९. **सदस्यताको वर्गीकरण :**<br>जात, जाति, लिङ्ग, वर्ग, वर्ण, धार्मिक विश्वास, भाषा, राष्ट्रियता वा राजनीतिक आस्थाको आधारमा भेदभाव नगरी हरेक व्यक्तिलाई सदा खुला रहने नेपाल रेडक्रसको सदस्यता देहायबमोजिम हुनेछ :-<br>क) साधारण सदस्य<br>ख) आजीवन सदस्य<br>ग) विशिष्ट सदस्य<br>घ) यशस्कर सदस्य<br>ङ) संस्थागत सदस्य र<br>च) मानार्थ सदस्य | **परिच्छेद- ५**<br>**सदस्य तथा स्वयंसेवकको व्यवस्था**<br>१२. **सदस्यता, सदस्यता प्रदान गर्ने विधि र सदस्यता शुल्क देहायबमोजिम हुनेछ :**<br>नेपाल रेडक्रस सोसाइटीको सदस्यता धर्म, वर्ण, लिङ्ग, वर्ग, सामाजिक पृष्ठभूमि, जात, जातीय उत्पत्ति, उमेर, शारीरिक अवस्था, भाषा, भूगोल, राष्ट्रियता, राजनीतिक आस्था र यस्तै अन्य आधारमा भेदभाव बिना सदस्य बन्ने अवसर सबैका लागि सदा खुला रहने छ ।<br>(१) **सदस्यताको प्रकार :** सोसाइटीको सदस्यताका प्रकार देहायबमोजिम हुनेछ :<br>(क) साधारण सदस्य,<br>(ख) आजीवन सदस्य, | सबै वर्ग समेटन, सदस्यताबारे थप प्रष्ट र प्रचलित कानुनअनुरुप मिलान गर्न |

| | | |
|---|---|---|
| | (ग) विशिष्ट सदस्य,<br>(घ) यशस्कर सदस्य,<br>(ङ) संस्थागत सदस्य, र<br>(च) मानार्थ सदस्य ।<br><br>**(क) साधारण सदस्य** : तोकिएको योग्यता पुगेका व्यक्तिले तोकिएको आवेदन र शुल्क बुझाएमा एक पटकमा ५ (पाँच) वर्षको लागि साधारण सदस्यता प्रदान गरिने छ । साधारण सदस्यता पाँचौ वर्षको चैत्र मसान्तमा समाप्त हुनेछ । छैटौं वर्षको असार मसान्तभित्र नवीकरण गराउन सकिने छ ।<br><br>**(ख) आजीवन सदस्य** : तोकिएको योग्यता पुगेका व्यक्तिले आवेदन र शुल्क बुझाएमा आजीवन सदस्यता प्रदान गरिने छ । यो सदस्यता निजको जीवनभर कायम रहने छ ।<br><br>**(ग) विशिष्ट सदस्य** : तोकिएको योग्यता पुगेका व्यक्तिले तोकिएको ढाँचामा आवेदन र शुल्क वा दानस्वरूप सो मूल्य बराबरको जिन्सी वा अचल सम्पत्ति प्रदान गर्ने व्यक्तिलाई विशिष्ट सदस्यता प्रदान गरिने छ। यो सदस्यता आजीवन कायम रहने छ ।<br><br>**(घ) यशस्कर सदस्य** : तोकिएको योग्यता पुगेका व्यक्तिले तोकिएको ढाँचामा आवेदन र शुल्क वा दानस्वरूप सो मूल्य बराबरको जिन्सी वा अचल सम्पत्ति प्रदान गर्ने व्यक्तिलाई संस्थाको यशस्कर सदस्यता प्रदान गरिने छ । यो सदस्यता आजीवन कायम रहने छ ।<br><br>**(ङ) संस्थागत सदस्य** : सोसाइटीलाई तोकिएबमोजिमको वार्षिक शुल्क एकमुष्ट प्रदान गर्ने सङ्गठित निकायलाई संस्थागत सदस्यता प्रदान गर्न सकिने छ। त्यस्तो निकायले सम्बन्धित सभामा आफ्नो प्रतिनिधि द्वारा पर्यवेक्षकका | यथावत |
| १०. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि**<br>१) **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि देहायबमोजिम हुनेछ :**<br>संस्थाको सदस्य हुन चाहने १६ (सोह्र) वर्ष उमेर पुगेको व्यक्तिले अनुसूची- ३ मा तोकिएबमोजिमको शुल्कसहित तोकिएको ढाँचामा निवेदन-पत्र दिएमा केन्द्र, *प्रदेश, जिल्ला वा उपशाखाले निजलाई तोकिएबमोजिमको सदस्यता प्रदान गर्न सक्नेछ । तर विशिष्ट र यशस्कर *सदस्यता प्रदेश कार्यसमितिबाट तथा मानार्थ सदस्यता केन्द्रीय कार्यसमितिबाट मात्र प्रदान गर्न सकिनेछ<br><br>(क) **साधारण सदस्य** :संस्थालाई तोकिएबमोजिमको प्रवेश शुल्क र सदस्यता शुल्क बुझाउने व्यक्तिलाई ५ (पाँच) वर्षको साधारण सदस्यता प्रदान गरिनेछ ।<br>ख) **आजीवन सदस्य** : आजीवन सदस्य बन्ने उद्देश्यले संस्थालाई तोकिएबमोजिमको प्रवेश शुल्क र सदस्यता शुल्क प्रदान गर्ने व्यक्तिलाई आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।<br>ग) **विशिष्ट सदस्य** : संस्थालाई तोकिएबमोजिम विशेष दानस्वरूप एकमुष्ट नगद वा सो मूल्यबराबरको जिन्सी वा अचल सम्पत्ति प्रदान गर्ने व्यक्तिलाई *प्रदेश कार्यसमितिले विशिष्ट सदस्यता प्रदान गर्न सक्नेछ ।<br>घ) **यशस्कर सदस्य** : संस्थालाई तोकिएबमोजिम उल्लेखनीय रूपमा दानस्वरूप एकमुष्ट नगद वा सो मूल्यबराबरको जिन्सी वा अचल सम्पत्ति प्रदान गर्ने व्यक्तिलाई *प्रदेश कार्यसमितिले | | |

| | | |
|---|---|---|
| संस्थाको यशस्कर सदस्यता प्रदान गर्न सक्नेछ ।<br><br>ङ) **संस्थागत सदस्य** : संस्थालाई घटीमा वार्षिक तोकिएबमोजिमको एकमुष्ट रकम प्रदान गर्ने संगठित निकायलाई संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ । त्यस्तो निकायले सम्बन्धित सभामा आफ्नो प्रतिनिधिद्वारा पर्यवेक्षकका रूपमा भाग लिन सक्नेछ ।<br><br>च) **मानार्थ सदस्य** : रेडक्रसका आधारभूत सिद्धान्त र नेपाल रेडक्रस सोसाइटीको उद्देश्यअनुरूप तन, मन र बुद्धिले निरन्तर यस संस्थामा विशिष्ट सेवा वा योगदान गर्ने सदस्य वा व्यक्तिलाई निजको विशेष योगदानको कदरस्वरूप केन्द्रीय कार्यसमितिले संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।<br><br>* २) सदस्यता शुल्क केन्द्रीय कार्यसमितिले तोकेबमोजिम हुनेछ । केन्द्रीय कार्यसमितिले सदस्यता शुल्कमा समयसापेक्ष परिवर्तन गर्न सक्नेछ । | रूपमा भाग लिन पाउने छन् । संस्थागत सदस्यता एक वर्षभन्दा बढी अवधिको लागि पनि प्रदान गर्न सकिने छ ।<br><br>**(च) मानार्थ सदस्य** : रेडक्रसका आधारभूत सिद्धान्त र नेपाल रेडक्रस सोसाइटीको उद्देश्यअनुरूप तन, मन, बुद्धिले निरन्तर यस संस्थामा विशिष्ट सेवा वा योगदान गर्ने सदस्य वा व्यक्तिलाई निजको विशेष योगदानको कदरस्वरूप केन्द्रीय कार्यसमितिको सिफारिसमा सभाले संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।<br><br>(२) **सदस्यता प्रदान गर्ने विधि :**<br><br>(क) दफा १४ को उपदफा (३) बमोजिम अयोग्य नठहरिएको र १८ (अठार) वर्ष उमेर पुगेका कुनै पनि कुनै पनि व्यक्तिले संस्थाको सदस्य हुन चाहेमा अनुसूची- ३ मा तोकिएको ढाँचामा आवेदन गर्न सक्ने छ। यसरी आवेदन गरेको ३५ दिनभित्र सदस्यता प्रदान गर्नु पर्ने छ । सदस्यताको लागि दफा १३ (३) को योग्यता नपुगेको अवस्थामा आवेदकलाई जानकारी दिनुपर्ने छ ।<br><br>(ख) साधारण र आजीवन सदस्यता पालिका शाखाले प्रदान गर्ने छ । पालिका शाखाले उपशाखाको सहयोगमा सदस्यता अभियान सञ्चालन गर्न सक्नेछ । पालिका शाखाबाट सदस्यता प्राप्त हुन नसकेमा जिल्ला र प्रदेश शाखाबाट तोकिएका प्रकृया पूरा गरी सदस्यता प्राप्त गर्न सकिने छ ।<br><br>यसरी प्राप्त गरिएको सदस्यता, सदस्यले इच्छाएको पालिका शाखामा पञ्जीकरण तथा उपशाखामा आबद्ध गरिने छ ।<br><br>(ग) यशस्कर र विशिष्ट सदस्यता पालिका शाखा र जिल्ला शाखाको सिफारिसमा प्रदेश कार्यसमिति बाट प्रदान | १८ (अठार) वर्ष उमेर पुगेका व्यक्तिले सदस्यता पाउने व्यवस्था गर्न |

| | | |
|---|---|---|
| | गरिने छ। यशस्कर र विशिष्ट सदस्यता निजले इच्छाएको पालिका शाखामा पञ्जिकरण हुने छ ।<br>(घ). संस्थागत सदस्यता सोसाइटीको जुनसुकै साङ्गठनिक नियकाले प्रदान गर्न सक्ने छ र सोही निकायमा आबद्ध हुने छ ।<br>(ङ) मानार्थ सदस्यता केन्द्रीय कार्यसमितिबाट प्रदान गर्न सकिने छ ।<br>(३) **सदस्यता शुल्क :** सदस्यता शुल्क अनुसूची-४ मा उल्लेख भएबमोजिम हुने छ । | |
| ११. **सदस्यतासम्बन्धी अन्य व्यवस्था :**<br>सदस्यतासम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछ :<br>क) साधारण, आजीवन, विशिष्ट र यशस्कर सदस्यहरूले मात्र निर्वाचनमा मतदान गर्न र उम्मेदवार हुन सक्नेछन् । आजीवन, विशिष्ट र यशस्कर सदस्यहरूको अधिकार साधारण सदस्यसरह रहनेछ ।<br>ख) कुनै पनि आजीवन, विशिष्ट र यशस्कर सदस्यले आफ्नो सदस्यता स्थानान्तरण गर्न चाहेमा आफू पहिले सदस्य रहेको निकायले प्रदान गरेको प्रमाणसहित सम्बन्धित निकायलाई सूचना दिनुपर्नेछ । तर स्थानान्तरण भएको एक वर्ष नभएसम्म अर्को स्थानान्तरण गर्न पाइने छैन ।<br>ग) जुनसुकै स्तरको कार्यसमितिबाट प्रदान गरिने सदस्यता उपशाखाहरू गठन भएपछि सम्बन्धित सदस्यले इच्छाएको उपशाखामा पञ्जीकृत गराउनुपर्नेछ ।<br>घ) जुनसुकै महिना वा दिनमा साधारण वा संस्थागत सदस्य बनेमा वा सदस्यता नवीकरण गरे पनि निजले बुझाएको शुल्कको आधारमा साधारण सदस्यको हकमा पाचौं वर्षको चैत्र मसान्तसम्मका लागि मात्र सदस्यता | १३. **सदस्यता अध्यावधिक र अन्य व्यवस्था :**<br>(१) **सदस्यताको विवरण अध्यावधिक गर्ने :** सदस्यता पञ्जीकरण भएको निकायले अर्धवार्षिक र वार्षिक रूपमा सदस्यताको विवरण अध्यावधिक गरी सोको प्रतिवेदन माथिल्लो निकायमा दिनुपर्ने छ ।<br>(२) **सदस्यतासम्बन्धी अन्य व्यवस्था :**<br>(क) साधारण, आजीवन, विशिष्ट र यशस्कर सदस्यहरूले मात्र निर्वाचनमा मतदान गर्न र उम्मेदवार हुन सक्ने छन् । आजीवन, विशिष्ट र यशस्कर सदस्यहरू को अधिकार र कर्तव्य साधारण सदस्यसरह हुने छ ।<br>(ख) कुनै पनि आजीवन, विशिष्ट र यशस्कर सदस्यले आफ्नो सदस्यता स्थानान्तरण गर्न चाहेमा आफू पहिले सदस्य रहेको निकायले प्रदान गरेको प्रमाणसहित सम्बन्धित निकायलाई सूचना दिनुपर्ने छ । तर, सदस्य बनेको वा स्थानान्तरण भएको २ (दुई) वर्ष पूरा नभएसम्म स्थानान्तरण हुने छैन ।<br>(घ) साधारण सदस्यता नवीकरण गर्न सदस्य आफैं उपस्थित हुनु अनिवार्य हुनेछैन । | साधारण तथा आजीवन, सदस्यता, नवीकरण र अध्यवाधिक तथा शुल्क जम्मा गर्नेबारे थप प्रष्ट पार्न |

| | | |
|---|---|---|
| कायम रहनेछ र सोही चैत्र मसान्तभित्रै नवीकरण गरी सक्नुपर्नेछ । तर आजीवन, विशिष्ट र यशस्कर सदस्यता नवीकरण गर्नुपर्ने छैन । सदस्यता नवीकरण गर्न व्यक्ति आफैं उपस्थित हुनु आवश्यक हुनेछैन ।<br>ङ) सदस्यता र सोको नवीकरण शुल्क बापत प्राप्त भएको रकम १० दिनभित्र बैंकमा रहेको संस्थाको खातामा जम्मा गरिसक्नुपर्ने छ ।<br>च) उपशाखाद्वारा उठाइएको साधारण तथा आजीवन सदस्यता एवं नवीकरण शुल्कको २०% रकम जिल्ला शाखामा जम्मा गर्नुपर्नेछ । | (ङ) सदस्यता र सोको नवीकरण शुल्कवापत प्राप्त भएको रकम १५(पन्ध्र) दिनभित्र बैङ्कमा रहेको संस्थाको खातामा जम्मा गरी सक्नु पर्नेछ ।<br>(च) साधारण तथा आजीवन सदस्यता शुल्कको १० (दश) प्रतिशत प्रदेश शाखामा, २० (बीस) प्रतिशत जिल्ला शाखा र ७० (सत्तरी) प्रतिशत रकम पालिका तहमा जम्मा गर्नुपर्ने छ ।<br>(छ) कुनै व्यक्तिले एकभन्दा बढी प्रकारको सदस्यता लिएमा वा एकभन्दा बढी निकायबाट एकै प्रकारको सदस्यता लिएमा पछिल्लो पटकको सदस्यता मात्र कायम हुनेछ । | सदस्यता शुल्कको बाँडफाड प्रदेश, जिल्ला र पालिका शाखामा गरी आर्थिक दीगोपनालाई सहयोग गर्न |
| **१२. साधारण, आजीवन, विशिष्ट र यशस्कर सदस्यहरूको अधिकार, कर्तव्य, अयोग्यता र हट्ने व्यवस्था :**<br>**१) अधिकार :**<br>सदस्यहरूको अधिकार यस प्रकार हुनेछ :<br>(क) नियमानुसार सम्बन्धित कार्यसमितिको निर्वाचनमा मतदाता र उम्मेदवार हुने,<br>(ख) आफू सदस्य रहेको निकायको क्रियाकलापमा सहभागी हुने र उपल्लो निकायमा चुनिएमा सो तहमा पनि सोही अनुरूप सहभागी हुने, र<br>(ग) नेपाल रेडक्रसका क्रियाकलापबारे सम्बन्धित अधिकारीबाट जानकारी लिने तथा सुझाव दिने ।<br>**२) कर्तव्य :**<br>सदस्यहरूको कर्तव्य यस प्रकार हुने छ :<br>(क) रेडक्रसका आधारभूत सिद्धान्त, अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना एवं संस्थाको दूरगामी लक्ष्यको प्रचार-प्रसार गर्न सहयोग पुऱ्याउने, | **१४. सदस्यहरूको अधिकार, कर्तव्य, अयोग्यता, निलम्बन, हट्ने, उजुरी र पुनरावेदनको व्यवस्था:**<br>(१) **अधिकार :** सदस्यहरूको अधिकार यस प्रकार हुनेछ :<br>(क) आफू सदस्य रहेको निकायको क्रियाकलापमा सहभागी हुने ।<br>(ख) नेपाल रेडक्रसका क्रियाकलापबारे सम्बन्धित अधिकारी बाट जानकारी लिने तथा सुझाव दिने,<br>(ग) उपशाखा/पालिका शाखाको सभामा र निर्वाचनमा सहभागी हुने,<br>(घ) सान्दर्भिक बैठक तथा सभाको सूचना पाउने, र<br>(ङ) सम्बन्धित निकायको सभा र सान्दर्भिक बैठकमा आफ्नो विचार तथा प्रस्ताव राख्न पाउने ।<br>(२) **कर्तव्य :** सदस्यहरूको कर्तव्य देहयबमोजिम हुनेछ :<br>(क) रेडक्रसका आधारभूत सिद्धान्त, रेडक्रस चिह्नको प्रयोगसम्बन्धी नियमलगायत सान्दर्भिक नीति, नियम, कार्यविधि र निर्देशिका पालना गर्ने एवं मानवीय मूल्य र अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचार-प्रसार गर्न सहयोग पुऱ्याउने, | सदस्यहरूको अधिकार र कर्तव्य थप प्रष्ट पार्न |

| | | |
|---|---|---|
| (ख) नेपाल रेडक्रसका काममा सक्रियतापूर्वक सहभागी भई गतिविधिहरूलाई प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने, | (ख) नेपाल रेडक्रसका काममा सक्रियतापूर्वक सहभागी भई गतिविधिहरूलाई प्रवर्धन गर्न सहयोग पुऱ्याउने, | |
| (ग) नेपाल रेडक्रसको विधानको मान्यता र आदर गर्ने, | (ग) नेपाल रेडक्रसको विधानको मान्यता र आदर गर्ने, | |
| (घ) तोकिएबमोजिम वार्षिक सदस्यता शुल्क तिर्ने, | (घ) तोकिएबमोजिम सदस्यता नवीकरण गर्ने, | |
| (ङ) विपत्तिको सूचना सम्बन्धित निकायमा तुरून्त सम्प्रेषण गर्ने, उद्धारमा आफू संलग्न हुने र अरूलाई पनि प्रेरित गर्ने, | (ङ) विपद्को सूचना सम्बन्धित निकायमा तुरून्त सम्प्रेषण गर्ने, उद्धारमा आफू संलग्न हुने र अरूलाई पनि प्रेरित गर्ने, | |
| (च) नेपाल रेडक्रसले विशेष अवस्थामा सहयोग आह्वान गरेको खण्डमा सक्दो योगदान गर्ने, | (च) नेपाल रेडक्रसले विशेष अवस्थामा सहयोग आह्वान गरेको खण्डमा सक्दो योगदान गर्ने, | |
| (छ) स्वयंसेवकको आचार-संहितामा लिखित सहमति जनाई सोको पालना गर्ने । | (छ) आचार-संहितामा लिखित सहमति जनाई सोको पालना गर्ने, र | |
| | (ज) आफ्नो सदस्यता पञ्जीकरण भएको निकायको सम्पर्कमा रहने, | |
| ३) **अयोग्यता :**<br>देहायका व्यक्ति यस संस्थाको सदस्य हुनको लागि अयोग्य मानिने छन् : | **(३) अयोग्यता :** देहायका व्यक्ति यस संस्थाको सदस्य हुनको लागि अयोग्य मानिने छन् : | |
| (क) नैतिक पतन ठहरिने फौजदारी अभियोगमा सजाय पाएको कुनै पनि व्यक्ति, | (क) नैतिक पतन ठहरिने फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति, | |
| (ख) मगज बिग्रेको व्यक्ति, | (ख) मानसिक सन्तुलन गुमाएका व्यक्ति, | |
| (ग) संस्थाको हितविरूद्ध प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मुद्दामा संलग्न व्यक्ति, | (ग) संस्थाको हितविरूद्ध मुद्दामा संलग्न व्यक्ति, | |
| (घ) यस संस्थाको सम्पत्ति हिनामिना गरेको ठहर भएको व्यक्ति र | (घ) यस संस्थाको सम्पत्ति हिनामिना गरेको ठहर भएको व्यक्ति, | |
| (ङ) सामाजिक सङ्घ-संस्थाको धन *सम्पत्ति हिनामिना गरेबापत दण्ड-सजाय पाएको व्यक्ति | (ङ) सरकारी निकाय तथा सामाजिक सङ्घ-संस्थाको धन सम्पत्ति हिनामिना गरेबापत दण्ड-सजाय पाएको व्यक्ति, र | |
| | (छ) १८ वर्ष उमेर नपुगेको व्यक्ति । | |
| | **(४) हटाउने र निलम्बनको व्यवस्था :** कुनै पनि सदस्य देहायका अवस्थामा आफ्नो सदस्यताबाट हट्नेछ : | |

| | | |
|---|---|---|
| ४) **हट्ने व्यवस्था :**<br>कुनै पनि सदस्य देहायका अवस्थामा आफ्नो सदस्यताबाट हट्नेछ :-<br>(क) संस्थाको सम्बन्धित निकायसमक्ष दिएको राजीनामा स्वीकृत भएमा,<br>(ख) मृत्यु भएमा,<br>(ग) तोकिएबमोजिम सदस्यता नवीकरण नगरेमा,<br>(घ) संस्थाको हितविरूद्ध मुद्दामा प्रत्यक्ष र/वा अप्रत्यक्षरूपमा सरिक भएमा,<br>(ङ) संस्थालाई अहित हुने कुनै कार्य गरेमा, र<br>(च) यस संस्थाको सम्पत्ति हिनामिना गरेमा वा बाँकी राखेमा । | (क) संस्थाको सम्बन्धित निकायसमक्ष दिएको राजीनामा स्वीकृत भएमा,<br>(ख) मृत्यु भएमा,<br>(ग) सदस्यता नवीकरण नगरेमा,<br>(घ) संस्थाको हितविरूद्ध मुद्दामा सरिक भएमा,<br>(ङ) संस्थालाई अहित हुने कार्य गरेको ठहर भएमा,<br>(च) संस्थाको सम्पत्ति हिनामिना गरेमा वा बाँकी राखेमा, र<br>(छ) उपदफा ३ बमोजिम अयोग्य भएमा ।<br>(५) **सदस्यता निलम्बन :** देहायको अवस्थामा सदस्यता निलम्बन हुने छ :<br>उपदफा (४) को (घ) (ङ) र (च) को अवस्था सम्बन्धमा वा आचार-संहिताको गम्भीर उलंघन भएको प्रथम दृष्टिमै पर्याप्त आधार देखिएमा कुनै सदस्यलाई तत्काल निलम्बन गरी थप जाँचबुझ गर्न सकिने छ । निलम्बनको अवधि ४ महिनाभन्दा बढी हुने छैन ।<br>**(६) सदस्यतासम्बन्धी उजुरी, निर्णय र पुनरावेदन :**<br>(क) सदस्यता प्राप्ति, पञ्जिकरण र स्थानान्तरणका लागि रितपूर्वक निवेदन प्राप्त भएमा सम्बन्धित निकायले ३५ दिनभित्र निर्णय गर्ने छ । सो अवधिभित्र निर्णय नगरेमा वा निर्णय चित्त नबुझेमा सम्बन्धित व्यक्तिले माथिल्लो निकायमा गुनासो/उजुरी गर्न सक्ने छ । सो निकायले निवेदनउपर जाचबुझ गरी ३५ दिनभित्र आवश्यक निर्णय र निर्देशन दिनेछ ।<br>(ख) सदस्यताबाट निलम्बन वा हटाउने निर्णयपूर्व सम्बन्धित सदस्यलाई सफाइको मौका प्रदान गर्नुपर्ने छ ।<br>(ग) सदस्यता निलम्बन र खारेजीसम्बन्धी निर्णयउपर पुनरावेदन एक तहमाथिको निकायमा दिन सकिनेछ ।<br>(घ) सदस्यतासम्बन्धी गुनासो, उजुरी र पुनरावेदनका सम्बन्धमा केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुने छ । | सदस्यताबाट हटने व्यवस्था केही थप गरिएको<br><br>रेडक्रसको सदस्यता सबैको लागि खुला हुने सुनिश्चित गर्न |

| | | |
|---|---|---|
| | साथै केन्द्रीय कार्यसमितिले आफ्नै पहलमा जाँचबुझ गरी निर्णय गर्न वा निर्देशन दिन सक्नेछ । | |
| | **१५. स्वयंसेवा र परिचालनसम्बन्धी व्यवस्था :**<br>सोसाइटीले प्रदान गर्ने सेवाको लागि आवश्यकतानुसार स्वयंसेवकहरू चयन र परिचालन गर्न सक्ने छ । संस्थाको कुनै पनि निकायसँग आबद्ध भई रेडक्रसका आधारभूत सिद्धान्तअनुरूप मानवीय हितका लागि नियमित, आवधिक वा आवश्यक परेको बेलामा तोकिएको जिम्मेवारी वहन गर्न इच्छुक व्यक्तिलाई स्वयंसेवकको रूपमा संलग्न गराइने छ ।<br>स्वयंसेवक छनौट गर्दा धर्म, वर्ण, लिङ्ग, वर्ग, सामाजिक पृष्ठभूमि, जात, जातीय उत्पत्ति, उमेर, अपाङ्गता, भाषा, भूगोल, राष्ट्रियता, नागरिकता, राजनीतिक आस्था अथवा यस्तै अन्य कुनै पनि आधारमा भेदभाव गरिने छैन ।<br>स्वयंसेवक छनौटका विधि, समाप्ति, गुनासो सुनुवाइ र विवाद समाधानको व्यवस्था तोकिएबमोजिम हुनेछ ।<br>**१६. स्वयंसेवकको अधिकार, कर्तव्य, अयोग्यता र हटने व्यवस्था**<br>(१) **अधिकार :** स्वयंसेवकको अधिकार देहायबमोजिम हुने छ :<br>(क) स्वयंसेवासम्बन्धी तोकिएको कार्य गर्न रेडक्रस परिचय, रेडक्रसका आधारभूत सिद्धान्त र विषयसँग सम्बन्धित तालिम प्राप्त गर्नु,<br>(ख) स्वयंसेवामा संलग्न हुँदा संरक्षण, सुरक्षित वातावरण र कदर प्राप्त गर्नु,<br>(ग) स्वयंसेवामा खटिंदा लागेको न्यूनतम खर्चको शोध भर्ना प्राप्त गर्नु, र<br>(घ) स्वयंसेवा कार्यमा आवश्यक सहयोग, प्रोत्साहन र मार्गदर्शन प्राप्त गर्नु ।<br>(२) **कर्तव्य :** स्वयंसेवकको कर्तव्य देहायबमाजिम हुनेछ : | स्वयंसेवकको अधिकार, कर्तव्य, अयोग्यता र हटनेसम्बन्धी नयाँ व्यवस्था गरिएको |

| | | |
|---|---|---|
| | (क) सोसाइटीबाट प्रदत्त कार्यविवरणमा उल्लिखित जिम्मेवारी बहन गर्ने र प्रतिबद्ध रहने,<br>(ख) रेडक्रसका आधारभूत सिद्धान्त, रेडक्रस चिह्नसम्बन्धी नियम र आचार-संहिता पालना गर्ने,<br>(ग) सेवाको अभिलेख राख्ने र संस्थालाई समयमै उपलब्ध गराउने,<br>(घ) संस्थाको विधान तथा नियमावलीहरूको पालना गर्ने, ख्याती बढाउन प्रयत्नशील रहने, र<br>(ङ) स्थानीय संस्कृतिको सम्मान, सेवाग्राहीको विश्वास, गोपानियता, विचार तथा अधिकारको सम्मान गर्ने ।<br>**(३) अयोग्यता :** देहायका व्यक्ति यस संस्थाको स्वयंसेवक हुनको लागि अयोग्य मानिने छन् :<br>(क) नैतिक पतन ठहरिने फौजदारी अभियोगमा सजाय पाएको,<br>(ख) मानसिक सन्तुलन गुमाएको,<br>(ग) संस्थाको हितविरूद्ध प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मुद्दामा संलग्न भएको,<br>(घ) संस्थाको सम्पत्ति हिनामिना गरेको ठहर भएको, र<br>(ङ) सरकारी निकाय र सामाजिक सङ्घसंस्थाको धन सम्पत्ति हिनामिना गरेबापत दण्ड-सजाय पाएको,<br>**(४) हट्ने व्यवस्था :** कुनै पनि स्वयंसेवक देहायका अवस्थामा संस्थाको स्वयंसेवाबाट हट्ने छ :<br>(क) स्वयंसेवाको तोकिएको अवधि समाप्त भएमा,<br>(ख) आचार-संहिता उल्लङ्घन गरेमा,<br>(ग) संस्थाको हितविरूद्ध मुद्दामा सरिक भएमा,<br>(घ) सोसाइटीको उदेश्य, लक्ष्य र रेडक्रसका आधारभूत सिद्धान्तसँग मेल नखाने चरित्र र व्यवहार देखाएमा, | |

नेपाल रेडक्रस सोसाइटी ★ केन्द्रीय कार्यालय, काठमाडौं ★

| | | |
|---|---|---|
| | (ङ) सोसाइटीको प्रतिष्ठा वा गतिविधिहरूमा बाधा उत्पन्न गर्ने कार्यहरूमा संलग्न भएमा,<br>(च) संस्थाको सम्पत्ति हिनामिना गरेमा वा संस्थालाई अहित हुने कुनै कार्य गरेमा,<br>(छ) संस्थाको सम्बन्धित निकायसमक्ष दिएको राजीनामा स्वीकृत भएमा, र<br>(ज) मृत्यु भएमा । | |
| | **परिच्छेद- ६**<br>**सङ्गठन, सञ्चालन र व्यवस्थापन**<br>**१७. सोसाइटीको सङ्गठन संरचना, जुनियर तथा युवा रेडक्रस, सञ्चालन र व्यवस्थापनसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :**<br>**(१) सोसाइटीको सङ्गठन संरचना :**<br>(क) राष्ट्रको सङ्घीय संरचनासँग अनुकुलन हुने गरी केन्द्र, प्रदेश, जिल्ला र पालिका तहमा गरी सोसाइटीको चार तहको सङ्गठनात्मक संरचना रहने छ । सबै तहमा सभा र कार्यसमिति रहने छन् ।<br>(ख) पालिका शाखाअन्तर्गत आवश्यकताअनुसार पालिका तहका एक वा एकभन्दा बढी वडाहरू मिलाएर सेवा प्रवाहका लागि उपशाखा गठन गर्न सकिने छ । उपशाखाको वैधानिक दायित्व सम्बन्धित पालिका शाखामा रहने छ ।<br>**(२) जुनियर तथा युवा रेडक्रससम्बन्धी व्यवस्था :**<br>(क) सोसाइटीको अभिन्न अङ्गको रूपमा केन्द्रीयस्तरमा केन्द्रीय युवा रेडक्रस समिति, प्रदेशस्तरमा प्रदेश युवा रेडक्रस समिति, जिल्लास्तरमा जिल्ला युवा रेडक्रस | सुशासनको लागि संघीयताको मर्म बमोजिम सङ्गठन, सञ्चालन र व्यवस्थापन को नयाँ व्यवस्था गरिएको<br><br>जुनियर तथा युवा |

| | | |
|---|---|---|
| | समिति र पालिकास्तरमा पालिका युवा रेडक्रस समिति रहने छन् ।<br>युवा रेडक्रस समितिले युवा तथा जुनियर रेडक्रस सर्कलको क्षमता विकास, परिचालन र सेवाका लागि सम्बन्धित तहको सोसाइटीका कार्यसमितिसँग समन्वयमा कार्य गर्नेछ ।<br>युवा रेडक्रस समिति र जुनियर तथा युवा रेडक्रस सर्कलको गठन र अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।<br>(ख) विद्यालय तहमा जुनियर रेडक्रस सर्कल र विश्वविद्यालय, क्याम्पस र समुदायमा युवा रेडक्रस सर्कल गठन हुन सक्ने छन् । शैक्षिक संस्थाका प्राचार्य/प्रधानाध्यापक सम्बन्धित सर्कलको संरक्षकको रूपमा र कुनै एक शिक्षकले शिक्षकनायकको रूपमा सर्कललाई मार्गदर्शन गर्ने छन् ।<br>(ग) सामान्यतया १८ वर्षभन्दा कम उमेरका सदस्यहरू जुनियर रेडक्रस र १८ देखि ३० वर्ष उमेर समूहका सदस्यहरू युवा रेडक्रस सर्कलमा आवद्ध हुनेछन् ।<br>(घ) जुनियर/युवा रेडक्रस सदस्यले “म सेवागर्छु” भन्ने मुलमन्त्र लिई रेडक्रसका सात आधारभूत सिद्धान्तहरूको अधिनमा रही जीवन रक्षा एवम् स्वास्थ्य सुरक्षा, सेवा तथा ऐक्यवद्धता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मित्रता, समझदारी शान्तिका लागि शिक्षा, अन्तर्राष्ट्रिय मानवीय कानुन, मानवीय मूल्यको प्रवर्धन र रेडक्रसका सिद्धान्तहरूको प्रचार प्रसार, विपद् व्यवस्थापन, क्षमता अभिवृद्धि तथा सङ्गठन विकास र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका चासो तथा सवालहरूजस्तैः | सहभागिता विधानमा सुनिश्चित गर्नका लागि |

| | | |
|---|---|---|
| | बसाइँसराइ, जलवायु परिवर्तन, बढ्दो शहरीकरण, नवप्रवर्तन आदि क्षेत्रमा कार्य गर्ने छन् ।<br>(३) **सञ्चालन र व्यवस्थापनसम्बन्धी व्यवस्था :**<br>सोसाइटीको केन्द्र र प्रदेश तहमा सञ्चालन र व्यवस्थापन अलग हुनेछ । नीतिगत निर्णय र मार्गदर्शन सम्बन्धित तहको कार्यसमितिले गर्नेछ भने व्यवस्थापनको जिम्मेवारी प्रमुख कार्यकारीले वहन गर्ने छ। सञ्चालन र व्यवस्थापन छुट्याई जिम्मेवारी दिने कार्य आवश्यकता र क्षमताको आधारमा जिल्ला र पालिका तहमा पनि लागू गर्न सकिने छ । | सोसाइटीको केन्द्र र प्रदेश तहमा सञ्चालन र व्यवस्थापन अलग हुने व्यवस्था गर्न |
| | **१८. स्वार्थको द्वन्द्व**<br>सोसाइटीमा स्वार्थहरूको द्वन्द्वलाई सम्बोधन देहायबोजिम गरिने छ :<br>(क) **स्वार्थको द्वन्द्वको स्वघोषणा** : सञ्चालन तथा व्यवस्थापनका पदमा रहेका व्यक्तिहरूले आफनो पदीय जिम्मेवारीअन्तर्गत पर्ने विषयहरू आफ्नो वा आफ्नो परिवार वा आफन्तको व्यक्तिगत वा व्यावसायिक स्वार्थसँग जोडिन गएमा त्यस्तो स्वार्थको द्वन्द्व र सम्भावित स्वार्थको द्वन्द्वको बारेमा सम्बन्धित निकायसमक्ष स्वघोषणा गर्नुपर्ने छ ।<br>(ख) **भाग लिन नपाउने :** स्वार्थको द्वन्द्व भएको वा हुने अवस्थामा स्वघोषणा गर्ने अधिकारीले निजसँग स्वार्थ जोडिएका सवालमा हुने छलफल र निर्णय प्रकृयामा सहभागी हुन पाउने छैन । स्वघोषणा नगरेको अवस्थामा पनि निजको स्वार्थ जोडिएको ठोस आधार भएमा सम्बन्धित कार्यको प्रमुख जिम्मेवार अधिकारीले कारण उल्लेख गरी निजलाई छलफल र निर्णय प्रकृयाबाट अलग गर्ने छ । | स्वार्थको द्वन्द्वसम्बन्धी स्वघोषणा र अलग हुने र गराउने व्यवस्था गर्न |

| | | |
|---|---|---|
| | (ग) **अलग हुने :** स्वार्थको द्वन्द्व गम्भीर तथा स्थायी प्रकृतिको छ भने त्यस्तो स्वार्थ जोडिएका अधिकारीले सो कामको जिम्मेवारीबाट अलग हुनु पर्नेछ । | |
| **परिच्छेद - ५**<br>**केन्द्रीय सभा**<br>**१३. केन्द्रीय सभाको गठन**<br>* केन्द्रीय सभाको अङ्गको रूपमा महाधिवेशन र वार्षिक साधारण सभा रहनेछन् ।<br>* **१. केन्द्रीय सभाको महाधिवेशन :**<br>केन्द्रीय सभाको महाधिवेशन नेपाल रेडक्रस सोसाइटीको सर्वोच्च अङ्ग हुनेछ र यसमा देहायबमोजिम सभासद् रहनेछन् :-<br>(क) केन्द्रीय कार्यसमितिका सदस्यहरू,<br>*(ख) प्रत्येक प्रदेश कार्यसमितिका अध्यक्ष १ (एक) र प्रत्येक पटक प्रदेश कार्यसमितिले आफूमध्येबाट छनोट गरेका १ (एक) जना महिला सदस्य गरी २/२ (दुई/दुई) जना । तर अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा वा केन्द्रीय कार्यसमितिको सदस्य वा मनोनीत सभासद्को हैसियतमा स्वत: उपस्थित हुने अवस्थामा अध्यक्षको सट्टा प्रदेश कार्यसमितिले आफूमध्येबाट छनोट गरेको १ (एक) जना,<br>(ग) जिल्ला शाखाका सभापति र प्रत्येक *पटक जिल्ला कार्यसमितिको निर्णयद्वारा आफूमध्येबाट छनोट गरिएका दुई जना गरी जम्मा ३/३ ( तीन/तीन ) जना । तर सभापति उपस्थित हुन नसक्ने अवस्थामा | **परिच्छेद-७**<br>**केन्द्रीय सभा**<br>**१९. केन्द्रीय सभाको गठन :**<br>केन्द्रीय सभा सोसाइटीको सर्वोच्च अङ्ग हुनेछ । केन्द्रीय सभाको अङ्गको रूपमा महाधिवेशन र वार्षिक साधारण सभा रहनेछ । केन्द्रीय सभाको वार्षिक साधारण सभा वर्षको एक पटक र महाधिवेशन हरेक चार/चार वर्षमा बस्ने छ ।<br>**(१) केन्द्रीय सभाको महाधिवेशन :**<br>केन्द्रीय सभाको महाधिवेशनमा देहायबमोजिम सभासद् रहनेछन् :<br>(क) केन्द्रीय कार्यसमितिका सबै पदाधिकारी र सदस्यहरू,<br>(ख) प्रदेश कार्यसमितिका अध्यक्षहरू,<br>(ग) जिल्ला कार्यसमितिका सभापतिहरू,<br>तर, खण्ड (ख) र (ग) बमोजिम प्रदेश अध्यक्ष वा जिल्ला सभापति उपस्थित हुन नसक्ने अवस्थामा सम्बन्धित प्रदेश वा जिल्ला कार्यसमितिको निर्णयले आफूमध्येका छनोट गरेका १/१ (एक/एक) जना,<br>(घ) केन्द्रीय कार्यसमितिबाट कम्तीमा ३ (तीन) जना महिला सहित मनोनीत ९ (नौ) जना,<br>(ङ) प्रदेश सभाको अधिवेशनबाट जिल्ला र प्रदेश कार्य समितिमा नरहेका सभासद्मध्येबाट छनोट भएका कम्तीमा दुई (२) जना महिलासहित ५/५ (पाँच/पाँच) जना प्रतिनिधिहरू, | देशको सङ्घीय संरचना अनुसार अनुकुलन गर्न<br><br>सभामा समावेशी सहभागिता र संरचनाअनुसार को प्रतिनिधित्व सुनिश्चित गर्न |

वा केन्द्रीय कार्यसमितिको सदस्य वा मनोनीत सभासद्को हैसियतमा स्वतः उपस्थित हुने अवस्थामा *सभापतिको सट्टा आफूमध्येबाट छनोट भएका जिल्ला कार्यसमितिका १ (एक) जना,

*(घ) नेपाल सरकारका सान्दर्भिक मन्त्रालयहरू, निकाय वा समाज कल्याण परिषद्का प्रतिनिधिहरू गरी बढीमा ५ (पाँच) जना, र

(ङ) नेपाल रेडक्रसमा विशेष चाख राख्ने नेपाली नागरिक मध्येबाट केन्द्रीय कार्यसमितिको परामर्शमा अध्यक्षद्वारा मनोनीत कम्तीमा १ (एक) जना महिलासहित ५ (पाँच ) जना व्यक्ति सभासद् रहनेछन् ।

(च) अध्यक्षद्वारा **मनोनीत केन्द्रीय सदस्य तथा** सभासदहरूको पदावधि केन्द्रीय कार्यसमितिको आगामी निर्वाचनसम्म रहनेछ ।

*(छ) हरेक वर्ष केन्द्रीय जुनियर/युवा रेडक्रस समितिको निर्णयअनुसार २ (दुई) जना जुनियर, २ (दुई ) जना युवा, १ (एक) जना जुनियर/युवा रेडक्रस सर्कलका संरक्षक (प्रधानाध्यापक) र १ (एक) जना शिक्षकनायक गरी जम्मा ६ (छ) जना पर्यवेक्षकको रूपमा रहनेछन् ।

* २. **वार्षिक साधारण सभा** :

(१) केन्द्रीय वार्षिक साधारण सभामा देहायबमोजिमका सभासद् रहनेछन् :

(क) केन्द्रीय कार्यसमितिका सदस्यहरू,

(ख) प्रत्येक प्रदेश कार्यसमितिका अध्यक्ष १ (एक) र प्रत्येक पटक प्रदेश कार्यसमितिले आफूमध्येबाट

(च) प्रदेश कार्यसमितिले प्रत्येक पटक आफूमध्येबाट छनोट गरेका कम्तिमा १ (एक) जना महिलासहित २/२ ( दुई/दुई) जना प्रतिनिधिहरू,

(छ) जिल्ला कार्यसमितिको निर्णयद्वारा प्रत्येक पटक आफूमध्ये बाट छनौट गरेका कम्तिमा एक जना महिलासहित गरी गरी २/२ (दुई/दुई) जना प्रतिनिधिहरू,

(ज) केन्द्रीय युवा समितिले प्रत्येक पटक आफूमध्येबाट चयन गरेका कम्तिमा १ (एक) महिलासहित २ (दुई) जना प्रतिनिधिहरू,

(झ) नेपाल सरकार, गृह मन्त्रालयका प्रतिनिधि-१ (एक) जना,

(ञ) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रतिनिधि - एक जना,

(ट) नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रतिनिधि - १ (एक) जना, र

(ठ) नेपाल रेडक्रस कर्मचारी सङ्घका एक महिलासहित दुई जना कर्मचारी प्रतिनिधिले पर्यवेक्षकको रूपमा भाग लिने छन् ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम सभासद्हरूको मनोनयन केन्द्रीय समितिको निर्वाचन भएको मितिले एक वर्षभित्र गरी सक्नु पर्ने छ । निजहरूको पदावधि केन्द्रीय कार्यसमितिको कार्यावधिसम्म कायम रहने छ ।

(३) केन्द्रीय कार्यसमितिका अध्यक्षले सभाको अध्यक्षता गर्नेछ ।

(४) केन्द्रीय सभासम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**(२) केन्द्रीय सभाको वार्षिक साधारण सभा** :

केन्द्रीय सभाको वार्षिक साधारण सभामा देहायबमोजिमका सभासद् रहनेछन् :

(क) केन्द्रीय कार्यसमितिका सबै पदाधिकारी र सदस्यहरू,

| | | |
|---|---|---|
| छनोट गरेका १ (एक) जना महिला सदस्य गरी २/२ (दुई/दुई) जना । तर अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा वा केन्द्रीय कार्यसमितिको सदस्य वा मनोनीत सभासद्को हैसियतमा स्वत: उपस्थित हुने अवस्थामा अध्यक्षको सट्टा प्रदेश कार्यसमितिले आफूमध्येबाट छनोट गरेको १ (एक) जना,<br>(ग) जिल्ला शाखाका सभापतिहरू १/१ (एक-एक) जना । तर सभापति उपस्थित हुन नसक्ने अवस्थामा वा केन्द्रीय कार्यसमितिको सदस्य वा मनोनीत सभासद्को हैसियतमा स्वत: उपस्थित हुने अवस्थामा सभापतिको सट्टा जिल्ला कार्यसमितिले आफूमध्येबाट छनोट भएका १ (एक) जना,<br>(घ) नेपाल सरकारका सान्दर्भिक मन्त्रालय/निकायका प्रतिनिधि १ (एक) जना, र<br>(ङ) नेपाल रेडक्रसमा विशेष चाख राख्ने नेपाली नागरिक मध्येबाट केन्द्रीय कार्यसमितिको परामर्शमा अध्यक्षद्वारा मनोनीत कम्तीमा (एक) जना महिलासहित ५ (पाँच) जना व्यक्ति सभासद् रहनेछन् ।<br>(च) अध्यक्षद्वारा मनोनीत सदस्य तथा सभासदहरूको पदावधि केन्द्रीय कार्यसमितिको आगामी निर्वाचनसम्म रहनेछ ।<br>(छ) हरेक वर्ष केन्द्रीय जुनियर/युवा रेडक्रस समितिको निर्णयअनुसार २ (दुई) जना जुनियर, २ (दुई) जना युवा, १ (एक) जना जुनियर/युवा रेडक्रस सर्कलका संरक्षक (प्रधानाध्यापक) | (ख) प्रदेश कार्यसमितिका अध्यक्षहरू,<br>(ग) जिल्ला कार्यसमितिका सभापतिहरू,<br>तर, खण्ड (ख) र (ग) बमोजिम प्रदेश अध्यक्ष वा जिल्ला सभापति उपस्थित हुन नसक्ने अवस्थामा सम्बन्धित प्रदेश वा जिल्ला कार्यसमितिको निर्णयले आफूमध्येका छनोट गरेका १/१ (एक/एक) जना,<br>(घ) केन्द्रीय कार्यसमितिबाट कम्तीमा ३ (तीन) जना महिला सहित मनोनीत ९ (नौ) जना,<br>(ङ) प्रत्येक जिल्ला कार्यसमितिको निर्णयले छनोट गरेका १/१ (एक/एक) जना महिला प्रतिनिधि,<br>(ज) केन्द्रीय युवा समितिले प्रत्येक पटक आफूमध्येबाट चयन गरेका कम्तीमा २ (दुई) महिलासहित ४ (चार) जना प्रतिनिधिहरू,<br>(झ) नेपाल सरकार, गृह मन्त्रालयका प्रतिनिधि - १ (एक) जना,<br>(ञ) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रतिनिधि - १ (एक) जना,<br>(ट) नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रतिनिधि - १ (एक) जना,<br>(ठ) नेपाल रेडक्रस कर्मचारी सङ्घका एक महिलासहित २ (दुई) जना कर्मचारीका प्रतिनिधिले पर्यवेक्षकको रूपमा भाग लिनेछन् । | |

| | | |
|---|---|---|
| र १ (एक) जना शिक्षकनायक गरी जम्मा ६ (छ) जना पर्यवेक्षकको रूपमा रहनेछन् । | | |
| **१५. केन्द्रीय सभाको महाधिवेशन र वार्षिक साधारण सभाको आह्वान :**<br>(१) केन्द्रीय सभाको महाधिवेशन साधारणतया प्रत्येक २/२ (दुई/दुई) वर्षमा केन्द्रीय कार्यसमितिले तोकेको समय र स्थानमा हुनेछ ।<br>तर केन्द्रीय कार्यसमितिको आह्वानमा वा केन्द्रीय सभाका १ (एक) तृतीयांश सदस्यहरूले लिखित रूपमा माग गरेमा सोको ३५ (पैंतीस) दिनभित्र अध्यक्षको निर्देशानुसार विशेष केन्द्रीय सभाको महाधिवेशन आह्वान हुन सक्नेछ ।<br>(२) **केन्द्रीय वार्षिक साधारण सभा** प्रत्येक वर्षमा केन्द्रीय कार्यसमितिले तोकेको समय र स्थानमा हुनेछ । तर केन्द्रीय कार्यसमितिले आवश्यकतानुसार अगावै पनि केन्द्रीय साधारण सभा आह्वान गर्न सक्नेछ ।<br>(३) केन्द्रीय सभाको महाधिवेशन तथा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा २१ (एक्काईस) दिनअगावै केन्द्रीय कार्यसमितिले महाधिवेशन/वार्षिक साधारण सभा हुने स्थान र मितिको लिखित सूचना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, आगामी आार्थिक वर्षको प्रस्तावित कार्यक्रम तथा बजेट, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदनसहित अन्य आवश्यक कागजात सबै सभासद्हरूलाई पठाउनुपर्ने छ। यसरी पठाउनुपर्ने सूचना एवं प्रतिवेदनहरू प्रदेश र जिल्ला शाखाबाट आउने सभासद्हरूको लागि सम्बन्धित प्रदेश र जिल्ला शाखाको कार्यालयमा पठाइनेछ। तर विशेष महाधिवेशन/साधारण सभाको | **२०. महाधिवेशन र वार्षिक साधारण सभाको आह्वान**<br>(१) केन्दीय सभाको महाधिवेशन साधारणतया प्रत्येक ४/४(चार/चार) वर्षमा केन्द्रीय कार्यसमितिले तोकेको मिति, समय र स्थानमा हुनेछ ।<br>(२) आवश्यकतानुसार केन्द्रीय कार्यसमितिको आह्वानमा वा दफा १९ को (क) (ख) (ग) र (घ) बमोजिमका कम्तिमा ५१ प्रतिशत सभासद्हरूले लिखित समावेदन गरेमा अध्यक्षले ३५ दिनभित्र विशेष महाधिवेशन बोलाउनु पर्ने छ ।<br>(३) वार्षिक साधारण सभा प्रत्येक वर्ष केन्द्रीय कार्य समितिले तोकेको मिति, समय र स्थानमा हुनेछ । तर, केन्द्रीय कार्यसमितिले आवश्यकता महसुस गरेमा विशेष साधारण सभा वर्षमा एकभन्दा बढी पटक पनि आह्वान गर्न सक्ने छ ।<br>(४) केन्द्रीय सभाको महाधिवेशन तथा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा २१ (एक्काईस) दिन अगावै केन्द्रीय कार्यसमितिले महाधिवेशन/वार्षिक साधारण सभाको स्थान, मिति र कार्यसूचीसहितको लिखित सूचना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिकवर्षको लेखापरीक्षण प्रतिवेदन, आगामी आार्थिक वर्षको प्रस्तावित कार्यक्रम तथा बजेटसहित अन्य आवश्यक कागजात सबै सभासद्हरूलाई सम्बन्धित समितिको कार्यालय वा व्यक्तिगत ठेगानामा पठाउनु पर्नेछ । यस्तो सूचना र प्रतिवेदन विद्युतीय माध्यमबाट पनि पठाउन सकिने छ । तर, विशेष महाधिवेशन/ साधारण सभाको लागि १५ (पन्ध्र) दिन अगावै कार्यसूचीसहित लिखित सूचना दिइने छ । | रेडक्रसको विशेष महाधिवेशनको आव्हानको प्रावधान स्पष्ट गर्न<br><br>विद्युतीय माध्यमको सञ्चारलाई वैधानिकता दिन । |

| | | |
|---|---|---|
| लागि १५ (पन्ध्र) दिनअगावै कार्यसूचीसहित लिखित सूचना दिइनेछ । | | |
| **१४. केन्द्रीय महाधिवेशन र वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकार :**<br>**१. केन्द्रीय महाधिवेशनका काम, कर्तव्य र अधिकार :**<br>केन्द्रीय सभाको महाधिवेशनका काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछन् :-<br>(क) महाधिवेशनको कार्यसूची स्वीकृत गर्ने, कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने,<br>(ख) केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,<br>(ग) नेपाल रेडक्रसको बृहत्तर नीति निर्माण तथा दिशानिर्देश गर्ने, प्रस्तावहरू पारित गर्ने र कार्यान्वयनका लागि केन्द्रीय कार्यसमितिलाई निर्देशन दिने,<br>(घ) केन्द्रीय कार्यसमितिको गठनका लागि सभासद्हरू मध्येबाट अध्यक्ष १, महिला उपाध्यक्ष १, उपाध्यक्ष १, महामन्त्री १, कोषाध्यक्ष १, उपमहान्त्री १, उपकोषाध्यक्ष १ र कम्तीमा ३ (तीन) जना महिलासहित २६ ( छब्बीस) जना सदस्यहरूको निर्वाचन गर्ने ।<br>(ङ) आवश्यकताअनुसार विधान संशोधन गर्ने, र<br>(च) आवश्यकताअनुसार आयोग/समितिहरूको गठन गर्ने, गराउने । | **२१. महाधिवेशन र वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकार :**<br>**(१) महाधिवेशनका काम, कर्तव्य र अधिकार :** यस विधानमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकार का अतिरिक्त महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(क) महाधिवेशनको कार्यसूची स्वीकृत गर्ने, कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने,<br>(ख) सोसाइटीको वृहत्तर नीति निर्माण र दिशानिर्देश गर्ने,<br>(ग) केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,<br>(घ) केन्द्रीय लेखा समिति, केन्द्रीय अनुपालन तथा मध्यस्थता समिति, सल्लाहकार समिति र केन्द्रीय निर्वाचन समिति गठन गर्ने,<br>(ङ) विधान संशोधन गर्ने,<br>(च) केन्द्रीय कार्यसमितिको निर्वाचन गर्ने,<br>(छ) समितिहरूका प्रतिवेदनहरू उपर छलफल र निर्णय गर्ने,<br>(ज) सभा सञ्चालनसम्बन्धी कार्यविधि तय गर्ने/ स्वीकृत गर्ने,<br>(झ) संस्थाको हितमा अन्य निर्णय गर्ने ।<br>**(२) केन्द्रीय सभाको वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकार :** यस विधानमा अन्यत्र उल्लिखित काम, कर्तव्य र | नयाँ संरचना अनुसार अनुकुलन गर्न |

| | | |
|---|---|---|
| २. **केन्द्रीय वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकार :**<br>केन्द्रीय वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछन् :-<br>(क) वार्षिक साधारण सभाको कार्यसूची स्वीकृत गर्ने, कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने,<br>(ख) केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,<br>(ग) नेपाल रेडक्रसको बृहत्तर नीति निर्माण तथा दिशानिर्देश गर्ने, प्रस्तावहरू पारित गर्ने र कार्यान्वयनका लागि केन्द्रीय कार्यसमितिलाई निर्देशन दिने । | अधिकारका अतिरिक्त केन्द्रीय सभाको वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(क) सोसाइटीको बृहत्तर नीति निर्माण तथा दिशानिर्देश गर्ने,<br>(ख) केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,<br>(ग) केन्द्रीय लेखा समिति, केन्द्रीय अनुपालन तथा मध्यस्थता समिति, सल्लाहकार समिति र केन्द्रीय निर्वाचन समिति गठन गर्ने,<br>(घ) वैधानिक समितिहरूका प्रतिवेदनउपर आवश्यकता अनुसार छलफल र निर्णय गर्ने,<br>(ङ) सभा सञ्चालनसम्बन्धी कार्यविधि स्वीकृत गर्ने, र<br>(च) संस्थाको हितमा अन्य निर्णय गर्ने । | |
| **परिच्छेद - ६**<br>**केन्द्रीय कार्यसमिति**<br>१६. **गठन र अन्य व्यवस्था :**<br>*(१) संस्थाको नीति निर्माण तथा कार्य सञ्चालनको रेखदेखका लागि अध्यक्षसमेत ३५ (पैंतीस) जनासम्मको केन्द्रीय कार्यसमिति देहायबमोजिम रहनेछ :<br>**केन्द्रीय सभाको महाधिवेशनबाट निर्वाचित**<br>(क) अध्यक्ष - १ (एक) जना,<br>(ख) महिला उपाध्यक्ष - १ (एक) जना,<br>(ग) उपाध्यक्ष - १ (एक) जना,<br>(घ) महामन्त्री - १ (एक) जना, | **परिच्छेद - ८**<br>**केन्द्रीय कार्यसमितिको व्यवस्था**<br>२२. **केन्द्रीय कार्यसमितिको गठन :**<br>(१) सोसाइटीको नीति निर्माण तथा कार्य सञ्चालनको लागि २९ जना निर्वाचितसहित ३५ जनाको केन्द्रीय कार्यसमिति देहायबमोजिम गठन हुनेछ :<br>**केन्द्रीय सभाको महाधिवेशनबाट निर्वाचित**<br>(क) अध्यक्ष - १ जना<br>(ख) वरिष्ठ उपाध्यक्ष - १ जना<br>(ग) उपाध्यक्ष (एक महिला, एक खुला) - २ जना<br>(घ) महामन्त्री - १ जना<br>(ङ) कोषाध्यक्ष - १ जना | नयाँ संरचना अनुसार अनुकुलन र केन्द्रीय कार्यसमितिलाई समावेशी |

| | | |
|---|---|---|
| (ङ) कोषाध्यक्ष - १ (एक) जना,<br>(च) उपमहामन्त्री - १ (एक) जना,<br>(छ) उपकोषाध्यक्ष - १ (एक) जना,<br>(ज) महिला सदस्यहरू - ३ (तीन) जना,<br>(झ) खुला निर्वाचनबाट निर्वाचित सदस्यहरू - १६ (सोह्र) जना,<br>(ञ) प्रत्येक प्रदेशबाट १/१ (एक/एक) जनाको प्रतिनिधित्व हुने गरी निर्वाचित सदस्यहरू - ७ (सात) जना<br>उपरोक्त पदहरूको निर्वाचन केन्द्रीय महाधिवेशनका मतदाता सभासद्हरूको मतदानबाट हुनेछ ।<br>**अन्य सदस्यहरू** :<br>*(ट) सान्दर्भिक मन्त्रालय/ निकायका वा समाज कल्याण परिषद्का १ (एक) जना प्रतिनिधि सदस्य, र<br>(ठ) तत्काल निवृत्त अध्यक्ष - पदेन सदस्य ।<br>(२) केन्द्रीय कार्यसमितिको कार्यावधि दफा ५१ बमोजिम २ (दुई) वर्षको हुनेछ । तर कार्यावधि समाप्त हुनुभन्दा अगावै निर्वाचन भएमा कार्यावधि सिद्धिएको मानिनेछ ।<br>(३) केन्द्रीय कार्यसमिति केन्द्रीय सभाप्रति उत्तरदायी हुनेछ ।<br>(४) कार्यसमितिको कुनै पनि सदस्य मुनासिब कारणबेगर लगातार तीन पटक बैठकमा अनुपस्थित भएमा केन्द्रीय कार्यसमितिले निजलाई समितिको सदस्यबाट हटाउन सक्नेछ । | (च) उपमहामन्त्री - १ जना<br>(छ) उपकोषाध्यक्ष - १ जना<br>(ज) खुला सदस्य - ११ जना<br>(झ) खुला महिला सदस्य - १० जना<br>**अन्य :**<br>(ञ) तत्काल निवर्तमान अध्यक्ष - १ जना<br>(ट) कम्तीमा एक महिलासहित केन्द्रीय कार्यसमितिको परामर्शमा अध्यक्षद्वारा मनोनित सदस्यहरू - ३ जना<br>(ठ) अध्यक्ष, राष्ट्रिय युवा समिति - १ जना<br>(ड) समाज कल्याण परिषद्का प्रतिनिधि - १ जना<br>(३) केन्द्रीय कार्यसमिति केन्द्रीय सभाप्रति जवाफदेही हुनेछ<br>(४) केन्द्रीय कार्यसमितिको बैठकसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>(५) केन्द्रीय कार्यसमितिका कुनै पदाधिकारी/सदस्यले सचिवालयमा लिखित सूचना नदिई लगातार तीन पटक सम्म बैठकमा अनुपस्थित भएमा पद मुक्त हुने छ । | बनाउन । |
| *** १७. केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार :** | **२३ : केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार :** | |

| | | |
|---|---|---|
| केन्द्रीय सभाको निर्देशनको अधीनमा रही केन्द्रीय कार्यसमितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-<br>(क) प्रदेश तह र/वा प्रदेश कार्यसमिति, जिल्ला शाखा र/वा जिल्ला कार्यसमितिको गठन, सुपरिवेक्षण, मूल्याङ्कनका साथै आवश्यक परेमा प्रदेश तथा जिल्ला कार्यसमिति निलम्बन तथा विघटन सम्बन्धमा निर्णय गर्ने,<br>(ख) केन्द्रीय तहका समितिहरू, *आयोग तथा उपसमितिहरूको गठन गरी कार्य-क्षेत्र निर्धारण गर्ने र आवश्यकताअनुसार कुनै निकाय अथवा व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने,<br>(ग) संस्थाको उद्देश्यअनुरूप कुनै कार्यक्रम वा परियोजनाको नीति निर्माण गरी कार्यान्वयन गराउने र सोको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,<br>(घ) अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको वैधानिक सम्मेलन, बैठकमा प्रतिनिधि वा प्रतिनिधि-मण्डल पठाउने, निम्त्याउने,<br>(ङ) केन्द्रीय सभाको *महाधिवेशन र वार्षिक साधारण सभामा वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, आगामी वर्षको कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने, गराउने,<br>(च) कुनै निकाय वा व्यक्तिलाई मान, कदर वा पारितोषिक प्रदान गर्ने; साथै कुनै व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्ने,<br>(छ) चल-अचल सम्पत्ति खरीद गर्ने, गराउने वा कुनै प्रकारबाट हक छाडी दिने, लिने, | केन्द्रीय सभाको निर्देशनको अधीनमा रही केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(क) सोसाइटीको समष्टिगत नीतिगत ढाँचा तर्जुमा गर्ने, योजना बनाउने, जोखिम व्यवस्थापन गर्ने गराउने, संस्थाका कार्यसञ्चालन गर्न आवश्यक नियम, कार्यविधि तथा निर्देशिकाहरू बनाई लागू गर्ने, गराउने,<br>(ख) सोसाइटीको नीति, योजना, कार्यक्रम तथा बजेट केन्द्रीय सभासमक्ष निर्णयार्थ पेश गर्न स्वीकृति दिने, र सभाबाट पारित प्रस्तावहरूको कार्यान्वयन गर्ने, गराउने,<br>(ग) अभियानका आधारभूत सिद्धान्तहरूको पालना र चिह्नको सम्मान सुनिश्चित गर्ने गराउने तथा सोसाइटीको सत्यनिष्ठा (integrity) को प्रवर्धन गर्ने, गराउने,<br>(घ) अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको वैधानिक सभा, सम्मेलन, बैठकमा प्रतिनिधि वा प्रतिनिधि मण्डल पठाउने,<br>(ङ) रेडक्रसको अन्तर्राष्ट्रिय समिति, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ तथा अन्य राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने, गराउने,<br>(च) सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग सम्झौता गर्न स्वीकृति प्रदान गर्ने,<br>(छ) वैधानिक समितिहरूबाट प्राप्त वार्षिक प्रतिवेदनहरू केन्द्रीय सभामा पेश गर्ने, गराउने,<br>(ज) मातहतका निकाय वा व्यक्तिलाई मान, कदर वा पारितोषिक प्रदान गर्ने,<br>(झ) प्रमुख कार्यकारीको रूपमा केन्द्रमा महानिर्देशक र प्रदेशमा निर्देशकको सेवाका शर्त, सुविधा, छनोट, पदमुक्तिसहितका आधार तथा विधि तय गर्ने र नियुक्ति गर्ने, | सञ्चालन र व्यवस्थापनको कार्य छुट्याउन |

| | | |
|---|---|---|
| (ज) केन्द्रीय सभाको *महाधिवेशन र वार्षिक साधारण सभाद्वारा पारित प्रस्तावहरूको कार्यान्वयन गर्ने, गराउने,<br>*(झ) कुनै कारणवश अध्यक्ष पद रिक्त हुन गएमा उपाध्यक्षहरूमध्येबाट कार्यवाहक अध्यक्ष मनोनयन गर्ने र एक वर्षभन्दा बढी कार्यावधि बाँकी रहेको अवस्थामा विशेष महाधिवेशन आह्वान गरी बाँकी अवधिको लागि अध्यक्ष पदको निर्वाचन गराई पदपूर्ति गर्ने,<br>(ञ) कुनै कारणवश केन्द्रीय कार्यसमितिका सदस्यको पद रिक्त हुन गएमा केन्द्रीय सभासद्हरूमध्येबाट बाँकी अवधिको लागि मनोनयन गरी पदपूर्ति गर्ने,<br>(ट) विधानको उद्देश्यअनुरूप सङ्गठन तथा जुनियर/युवा रेडक्रस विकासका लागि आवश्यक कार्यहरू गर्ने,<br>(ठ) आवश्यकताअनुसार सल्लाहकार नियुक्त गर्ने,<br>(ड) लेखापरीक्षक नियुक्ति गर्ने,<br>(ढ) आवश्यकताअनुसार कर्मचारीहरूको दरबन्दी सृजना, नियुक्ति, खारेज आदि व्यवस्था गर्ने, गराउने,<br>(ण) *प्रदेश तथा जिल्ला शाखाहरूले प्रत्येक आर्थिक वर्ष अग्रिमरूपमा केन्द्रीय कार्यालयलाई बुझाउनु पर्ने वार्षिक शुल्क निर्धारण गर्ने,<br>(त) संस्थाका गतिविधिहरूको आवधिक समीक्षा गर्ने,<br>*(थ) केन्द्रीय पदाधिकारी तथा सदस्यहरूलाई आवश्यकताअनुसार साङ्गठनिक र/ वा भौगोलिक क्षेत्रको विशेष जिम्मेवारी दिने,<br>(द) यस विधानमा व्यवस्था भएबमोजिम आवश्यक अन्य कार्य गर्ने, गराउने, र<br>(ध) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने । | (ञ) केन्द्रीय सभाद्वारा पारित योजना तथा कार्यक्रम महानिर्देशकमार्फत् कार्यान्वयन गराउने,<br>(ट) प्रशासनिक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी नीति, नियम बनाउने, मापदण्डहरू निर्धारण गर्ने,<br>(ठ) कुनै व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न आवश्यक देखिएमा निर्णय गरी सभामा प्रस्ताव गर्ने,<br>(ड) अचल सम्पति प्राप्ति र संरक्षण गर्ने, बेच-बिखनको स्वीकृति दिने ।<br>(ढ) संस्थाको आय-व्यय विवरण दुरूस्त राख्न लगाउने र वार्षिक लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने, प्रतिवेदन केन्द्रीय सभामा पेश गर्न स्वीकृति दिने,<br>(ण) सोसाइटीको सबै तहका समितिका पदाधिकारी तथा सदस्यहरूले तोकिएको काम गरेवापत् सेवा तथा सुविधा सम्बन्धमा नीति तथा मापदण्ड तय गर्ने,<br>(त) सबै तहका कार्यसमितिका कार्यहरूको अनुगमन, मूल्याङ्कनका साथै आवश्यक निर्देशन दिने,<br>(थ) प्रदेश कार्यसमिति निलम्बन, विघटन र तदर्थ समिति गठन सम्बन्धमा निर्णय गर्ने,<br>(द) केन्द्रीय कार्यसमितिअन्तर्गत विषयगत तथा विशेष समिति गठन, कार्यक्षेत्र निर्धारण र आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्ने,<br>(ध) सोसाइटीद्वारा सञ्चालन गरिने परियोजनाहरूको स्वीकृति दिने,<br>(न) विशेष योगदान गरेका रेडक्रसका सदस्यहरूमध्येबाट समावेशी सिद्धान्तका आधारमा कम्तीमा ३ (तीन) जना महिलासहित ९ (नौ) सभासद् मनोनयन गर्ने,<br>(प) सोसाइटीको योजना र गतिविधिहरूको आवधिक समीक्षा गर्ने, | |

| | | |
|---|---|---|
| | (फ) प्रदेश, जिल्ला र पालिका शाखाहरूले प्रत्येक आर्थिक वर्षमा माथिल्लो निकायलाई बुझाउँनु पर्ने वार्षिक आबद्धता शुल्क निर्धारण गर्ने,<br>(ब) केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई आवश्यकतानुसार साङ्गठनिक र भौगोलिक क्षेत्रको विशेष जिम्मेवारी दिने,<br>(भ) स्रोत परिचालन र आय आर्जनका गतिविधिहरू समन्वय, सञ्चालन र नियन्त्रण गर्ने, गराउने,<br>(म) बजेट, लेखा, एकीकृत लेखापरीक्षण तथा आर्थिक अनुशासन सम्बन्धी कार्यविधिलगायत समष्टिगत रूपमा आर्थिक समन्वय, रेखदेख तथा जवाफदेहिता सुनिश्चित गर्ने, गराउने, संस्थाको समग्र लेखापरीक्षण सुनिश्चित गर्ने,<br>(य) संस्थाको समग्र सङ्गठन र गतिविधिहरूको विहङ्गम निरिक्षण (Oversight) गर्ने,<br>(र) कुनै निकाय, व्यक्ति वा समितिलाई कार्यसमितिमा निहित केही अधिकार प्रत्यायोजन गर्ने,<br>(ल) वैधानिक समितिका संयोजक र सदस्यहरूको मनोनयनका लागि केन्द्रीय सभामा पेश गर्ने प्रस्ताव स्वीकृत गर्ने,<br>(व) रेडक्रसमा विशेष योगदान गरेका व्यक्तिहरूमध्येबाट समावेशी सिद्धान्तका आधारमा कम्तीमा ३ (तीन) जना महिलासहित ९ (नौ) सभासद् मनोनयन गर्ने, र<br>(श) विधानले निर्दिष्ट गरेबमोजिम संस्थाको हितमा अन्य कार्य गर्ने, गराउने । | |
| **१८. केन्द्रीय कार्यसमितिको बैठक :**<br>(१) अध्यक्षको निर्देशानुसार साधारणतया ३ (तीन) महिनाभन्दा बढी अवधिको फरक नपर्ने गरी एक वर्षमा कम्तीमा ५ (पाँच) पटक केन्द्रीय कार्यसमितिको बैठक | **२४. केन्द्रीय कार्यसमितिको बैठक :**<br>(१) अध्यक्षको निर्देशानुसार महामन्त्रीले साधारणतया ३ ( तीन) महिनाभन्दा बढी अवधिको फरक नपर्ने गरी केन्द्रीय कार्यसमितिको बैठक बोलाउने छ । यस्तो बैठकको सूचना | क्रमवद्धता मिलाउन समितिको |

| | | |
|---|---|---|
| बस्नेछ । यस्तो बैठकको सूचना साधारणतया १५ ( पन्ध्र) दिनअगाडि पठाउनु पर्ने छ । तर आकस्मिक बैठक जहिलेसुकै पनि बस्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम बैठक नबसेमा उपाध्यक्षको निर्देशानुसार सो महिनाको अर्को महिनाभित्र बैठक बस्ने छ ।<br>(३) उपदफा (२) बमोजिम बैठक नबोलाएमा केन्द्रीय कार्यसमितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा बैठक बोलाइने छ । | साधारणतया कम्तीमा १५ (पन्ध्र) दिनअगाडि पठाउनु पर्नेछ । विशेष बैठक ७ (सात) दिन अगाडि सूचना दिएर बस्न सक्नेछ । तर, आकस्मिक बैठक २४ घण्टा अघि सूचना दिएर जहिलेसुकै बस्न सक्ने छ ।<br>केन्द्रीय कार्यसमितिको बैठक स्वयं उपस्थितिमा बस्नेछ । विशेष र आकस्मिक बैठक विद्युतीय माध्यमबाट पनि हुन सक्नेछ ।<br>(२) चार महिनासम्म पनि बैठक नबसेमा बरिष्ठ उपाध्यक्षको निर्देशानुसार महामन्त्रीले बैठक बोलाउने छ ।<br>(३) उपदफा (२) बमोजिम बैठक नबोलाइएमा केन्द्रीय कार्यसमितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा बैठक बस्नेछ । बैठकको सूचना महामन्त्री वा महानिर्देशकले गर्ने छ ।<br>(४) बैठकको निर्णय अध्यक्ष र महामन्त्रीको हस्ताक्षरबाट प्रमाणित हुनेछ । | बैठकलाई अगाडि राखिएको, बैठकको सुनिश्चित गर्न प्रावधान थप गरिएको । |
| **१९. पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार :**<br>केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-<br>(१) **अध्यक्षको काम, कर्तव्य तथा अधिकार :**<br>अध्यक्ष नेपाल रेडक्रसका सर्वोच्च पदाधिकारी हुनेछन् । अध्यक्ष केन्द्रीय सभा र केन्द्रीय कार्यसमितिप्रति उत्तरदायी रहनेछन् । निजले विधानद्वारा परिभाषित सिद्धान्त तथा उद्देश्यअनुरूप कार्यहरू गर्ने, गराउनेछन् एवं केन्द्रीय सभा र केन्द्रीय कार्यसमितिको नीति निर्देशन तथा निर्णयअनुरूप संस्थाका कार्यहरूलाई सुसम्पन्न गर्नेछन् । सोअनुसार अध्यक्षका कार्यहरू यस प्रकार हुनेछन् : | **२५. पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार :**<br>केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(१) **अध्यक्षको काम, कर्तव्य तथा अधिकार :**<br>अध्यक्ष सोसाइटीको प्रमुख पदाधिकारी हुनेछ । केन्द्रीय सभा र केन्द्रीय कार्यसमितिप्रति उत्तरदायी रहने गरी अध्यक्ष्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(क) सोसाइटीको तर्फबाट नेपाल सरकार, अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियान र अन्य सङ्घ संस्थाहरूसँग समन्वय र प्रतिनिधित्व गर्ने, गराउने,<br>(ख) केन्द्रीय सभामा समग्र समीक्षात्मक सम्बोधन गर्ने, | **नयाँ थप गरिएको बरिष्ठ** |

| | | |
|---|---|---|
| (क) नेपाल सरकार, अन्तर्राष्ट्रिय रेडक्रस, अदालत र अन्य व्यक्ति वा संस्थासँगको सम्बन्धमा अन्तर्राष्ट्रिय एवं राष्ट्रियरूपमा संस्थाको प्रतिनिधित्व गर्ने, गराउने,<br>(ख) केन्द्रीय सभामा संस्थाको समीक्षात्मक सम्बोधन गर्ने,<br>(ग) केन्द्रीय सभा तथा केन्द्रीय कार्यसमितिद्वारा गरिएका निर्णयहरू कार्यान्वयन, रेखदेख, अनुगमन, निरीक्षण र नियन्त्रण गर्ने, गराउने,<br>(घ) कुनै व्यक्ति, संस्था वा सरकारसँग संस्थाको हितमा सम्झौता गर्ने, गराउने,<br>(ङ) संस्थाका विभिन्न अङ्गका कामहरूको समन्वय गर्ने, साथै केन्द्रीय सभा तथा केन्द्रीय कार्यसमितिद्वारा प्रत्यायोजित सबै कामहरू गर्ने, गराउने,<br>(च) विपद् परेको समयमा अत्यावश्यक सङ्कटकालीन उद्धार कार्य गर्न अन्तर्राष्ट्रिय रेडक्रसका सिद्धान्तबमोजिम सहयोगका लागि अपिल तथा अन्य आवश्यक सबै व्यवस्था गर्ने, गराउने,<br>(छ) केन्द्रीय कार्यसमितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा सो कार्य गरी आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने, गराउने,<br>(ज) संस्थाको सम्पूर्ण सम्पत्तिको संरक्षण, सम्बर्द्धन, रेखदेख र नियन्त्रण गर्ने, गराउने, | (ग) केन्द्रीय सभा तथा केन्द्रीय कार्यसमितिद्वारा गरिएका निर्णयहरूको कार्यान्वयनको रेखदेख, अनुगमन, निरीक्षण र नियन्त्रण गराउने,<br>(घ) सोसाइटीका विभिन्न निकायका कामहरूको समन्वय गर्ने, साथै केन्द्रीय सभा तथा केन्द्रीय कार्यसमितिद्वारा प्रत्यायोजित काम गर्ने, गराउने,<br>(ङ) सबै तहका कार्यसमितिका पदाधिकारी, सदस्यहरूलाई अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, भ्रमण, बैठक तथा सम्मेलनहरूमा सोसाइटीको तर्फबाट सहभागिताका लागि स्वीकृति दिने,<br>(च) केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्यहरूलाई राष्ट्रिय तालिम, गोष्ठी, भ्रमण, बैठक तथा सभा सम्मेलनहरूमा सोसाइटीको तर्फबाट सहभागिताका लागि स्वीकृति दिने,<br>(छ) कुनै पनि अदालत वा अर्धन्यायिक निकायमा सोसाइटीको तर्फबाट नालिस, उजुर गर्ने र सोसाइटी विरूद्ध परेका मुद्दा तथा उजुरका सम्बन्धमा संस्थाको प्रतिनिधित्व गर्ने गराउने तथा संस्थाको पक्षमा कानुनी प्रतिरक्षा गर्ने गराउने, कानुन व्यवसायी नियुक्ति गर्ने वा सो कार्यका लागि कुनै व्यक्तिलाई अख्तियारी दिने,<br>(ज) केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्यहरू, केन्द्रीय विषयगत समिति, प्रदेश र जिल्ला कार्यसमितिहरू र महानिर्देशकको कार्यको अनुगमन गर्ने, गराउने र आवश्यकताअनुसार निर्देशन दिने,<br>(झ) केन्द्रीय कार्यसमितिको परामर्शमा राष्ट्रियस्तरमा विशिष्ट योगदान पुऱ्याएका रेडक्रसकर्मीहरूमध्येबाट कम्तीमा १ (एक) महिलासहित समावेशी सिद्धान्तको आधारमा ३ (तीन) जना व्यक्तिलाई केन्द्रीय कार्यसमितिमा सदस्य मनोनित गर्ने, | **उपाध्यक्ष पदको काम, कर्तव्य अधिकारलाई स्पष्ट गर्न,** |

| | | |
|---|---|---|
| (झ) यस विधानमा स्पष्ट व्यवस्था भएकोमा बाहेक कुनै पदाधिकारी र सदस्यहरूमा कामको बाँडफाँड, **हेरफेर, पुनर्गठन** गर्ने र निर्देशन दिने,<br>(ञ) दफा १७ (घ) वमोजिम केन्द्रीय कार्यसमितिको क्षेत्राधिकारभित्र पर्ने अवस्थामा बाहेक अन्य अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, बैठक, सम्मेलनहरूमा संस्थाकोतर्फबाट सहभागी पठाउन स्वीकृति दिने, र<br>(ट) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।<br><br>**(२) उपाध्यक्षका काम, कर्तव्य र अधिकार :**<br>अध्यक्ष र केन्द्रीय कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपाध्यक्षका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) अध्यक्षका कार्यहरूमध्ये निजबाट तोकिएबमोजिमका कार्य गर्ने,<br>(ख) अध्यक्षको अनुपस्थितिमा निजबाट तोकिएको उपाध्यक्षले अध्यक्षको काम गर्ने,<br>(ग) कुनै कारणवश अध्यक्ष पद रिक्त हुन आएमा केन्द्रीय कार्यसमितिले मनोनयन गरेको उपाध्यक्षले आगामी महाधिवेशनसम्म कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने,<br>(घ) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने । | (ञ) सोसाइटीको कुनै निकाय, समिति, पदाधिकारी र महानिर्देशकले गरेका निर्णयहरूका सम्बन्धमा पुनरावेदन सुन्ने र निर्णय दिने, आवश्यकताअनुसार अनुपालन तथा मध्यस्थ समितिको राय लिने,<br>(ट) केन्द्रीय कार्यसमिति र कार्यसम्पादन समितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न अत्यावश्यक देखिएमा सो कार्य गरी आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने, र<br>(ठ) सोसाइटीको हितको लागि आवश्यक अन्य कार्य गर्ने गराउने ।<br><br>**(२) बरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**<br>केन्द्रीय कार्यसमिति र अध्यक्षप्रति उत्तरदायी हुने गरी वरिष्ठ उपाध्यक्षका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) अध्यक्षका कामहरूमध्ये निजबाट प्रत्यायोजित र तोकिएका कार्य गर्ने,<br>(ख) केन्द्रीय कार्यसमितिद्वारा तोकिएका कार्य गर्ने, गराउने<br>(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने,<br>(घ) कारणवश अध्यक्ष पद रिक्त हुन आएमा कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने,<br><br>**(३) उपाध्यक्षका काम, कर्तव्य र अधिकार :**<br>केन्द्रीय कार्यसमिति र अध्यक्षप्रति उत्तरदायी हुने गरी उपाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(क) अध्यक्षका कामहरूमध्ये निजबाट प्रत्यायोजित र तोकिएका कार्य गर्ने,<br>(ख) कारणवश अध्यक्ष र वरिष्ठ उपाध्यक्ष पद रिक्त भएमा केन्द्रीय कार्यसमितिले निर्णय गरी तोकेको उपाध्यक्षले | |

| | | |
|---|---|---|
| **(३) महामन्त्रीका काम, कर्तव्य र अधिकार :**<br>अध्यक्ष र केन्द्रीय कार्यसमितिप्रति उत्तरदायी हुने गरी केन्द्रीय कार्यालयको व्यवस्थापन गर्न महामन्त्रीका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) अध्यक्षको निर्देशानुसार केन्द्रीय कार्यसमितिको बैठक र केन्द्रीय कार्यसमितिको निर्णयानुसार केन्द्रीय सभाको महाधिवेशन बोलाउने,<br>(ख) कार्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालन, रेखदेख र नियन्त्रण गर्ने, निर्देशन दिने, केन्द्रीय कार्यसमितिबाट स्वीकृत कार्यक्रम वा परियोजनाका नीति-नियमअनुरूप कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने,<br>(ग) केन्द्रीय सभा र केन्द्रीय कार्यसमितिको बैठकको कार्यसूची तयार पार्ने, बैठकको निर्णय अभिलेखन गर्ने, सोको पुस्तिका सुरक्षित राख्ने, राख्न लगाउने र आवश्यकतानुसार पत्राचार तथा सूचना प्रकाशन गर्ने,<br>(घ) केन्द्रीय कार्यसमितिका तर्फबाट केन्द्रीय सभामा केन्द्रीय कार्यसमितिको वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम निर्णयार्थ पेश गर्ने,<br>(ङ) केन्द्रीय कार्यालयको आधिकारिक प्रतिनिधिको रूपमा आवश्यक कागजात प्रमाणित गर्ने, गराउने, | आगामी निर्वाचनसम्म कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने, र<br>(ग) तोकिएका प्रदेश शाखाहरूको संस्थागत कार्यहरूको समन्वय र अनुगमन गरी केन्द्रीय कार्यसमितिमा प्रतिवेदन पेश गर्ने,<br>(घ) सोसाइटीको हितमा अन्य आवश्यक कार्य गर्ने, गराउने,<br><br>**(४) महामन्त्रीको काम, कर्तव्य र अधिकार :**<br>केन्द्रीय कार्यसमिति र अध्यक्षप्रति उत्तरदायी हुने गरी महामन्त्रीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ<br>(क) केन्द्रीय कार्यसमितिको निर्णयअनुसार केन्द्रीय सभा आह्वानको सूचना प्रेषण गर्ने, कार्यसूची तयार पार्ने, निर्णय अभिलेखन गर्ने, प्रतिवेदन तयार पार्ने, र आवश्यक पत्राचार गर्ने,<br>(ख) अध्यक्षको निर्देशनानुसार केन्द्रीय कार्यसमितिको बैठकको कार्यसूची तयार पार्ने, बैठक बोलाउने, बैठकको निर्णय अभिलेखन गर्ने, निर्णय पुस्तिका सुरक्षित राख्न लगाउने, आवश्यकतानुसार पत्राचार र सूचना गर्ने, गराउने,<br>(ग) केन्द्रीय कार्यसमितिद्वारा स्वीकृत नीति तथा कार्यक्रम, वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको प्रस्तावित कार्यक्रम केन्द्रीय सभामा पेश गर्ने,<br>(घ) विपद् परेको समयमा अध्यक्षको निर्देशानुसार अत्यावश्यक सङ्कटकालीन उद्धार कार्य गर्न सहयोगका लागि अपिल गर्ने, गराउने,<br>(ङ) सोसाइटीका वैधानिक तथा कानुनी दायित्वहरूको परिपालना सुनिश्चित गर्न साङ्गठनिक निकायहरू सँग समन्वय गर्ने, गराउने, | |

(च) केन्द्रीय सभा तथा केन्द्रीय कार्यसमितिको निर्णयबमोजिम र अध्यक्षबाट प्रदत्त जिम्मेवारीअनुरूप कार्यसम्पादन गर्ने, गराउने,

(छ) अध्यक्षलाई आफ्ना नियमित कार्यसम्पादनलगायत विशेष परिस्थितिसम्बन्धमा आवश्यक जानकारी गराउने र निर्देशन लिई उपयुक्त उपायहरू अवलम्बन गर्ने ।

**(४) कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

अध्यक्ष र केन्द्रीय कार्यसमितिप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) केन्द्रीय कार्यसमितिकोतर्फबाट केन्द्रीय सभामा केन्द्रीय कार्यसमितिको वार्षिक आर्थिक प्रतिवेदनलगायत लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको आय-व्ययको विवरण (बजेट) पेश गर्ने,

(ख) केन्द्रीय कार्यसमितिले निर्धारण गरेबमोजिम संस्थाको हिसाब-किताब राख्ने, राख्न लगाउने,

(ग) संस्थाको आर्थिक व्यवस्थापनसम्बन्धी सबै विषयहरूको जिम्मेवारी लिने,

(घ) आर्थिक व्यवस्थापनको अनुगमन, निरीक्षण, निर्देशन र नियन्त्रण गर्ने गराउने र

(च) कार्यसमितिले तोकेबमोजिम सोसाइटीको तर्फबाट सरकारी, गैरसरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था र व्यक्तिहरूसँग सम्झौता गर्ने, गराउने,

(छ) केन्द्रीय कार्यसमितिको तर्फबाट संस्थागत विषयमा महानिर्देशकलाई सुझाव तथा मार्गदर्शन गर्ने, केन्द्रीय कार्यसमितिमा पेश गरिने विषयहरूका सम्बन्धमा सचिवालयसँगको सम्पर्क अधिकारीको रूपमा कार्य गर्ने,

(ज) केन्द्रीय कार्यालयको समन्वयमा सञ्चालन गरिने साङ्गठनिक गतिविधिहरूमा प्रदेश, जिल्ला, पालिका समितिका पदाधिकारी, सदस्य र स्वयंसेवकहरूलाई परिचालन गर्न स्वीकृत दिने,

(झ) महानिर्देशकको मुलुकभित्रको भ्रमणको स्वीकृत गर्ने, र अन्तर्राष्ट्रिय भ्रमणको लागि अध्यक्षसमक्ष सिफारिस गर्ने,

(ञ) सोसाइटीको नीति, नियम र निर्देशिकाले तोकेका अन्य कार्यहरू गर्ने, र

(ट) केन्द्रीय कार्यसमिति र अध्यक्षद्वारा तोकिएका कार्यहरू गर्ने, गराउने ।

**(५) कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

केन्द्रीय कार्यसमिति र अध्यक्षप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) केन्द्रीय कार्यसमितिको तर्फबाट केन्द्रीय सभामा वार्षिक आर्थिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र आगामी वर्षको अनुमानित आय-व्ययको विवरण (बजेट) पेश गर्ने,

(ख) सोसाइटीको आर्थिक तथा स्रोत परिचालनको अवस्था र नीतिगत विश्लेषण केन्द्रीय कार्यसमिति मा जानकारी गराउने,

| | | |
|---|---|---|
| (ङ) आर्थिक स्रोत व्यवस्थापनसम्बन्धी अल्पकालीन र दीर्घकालीन कार्यक्रमको विकास गर्ने, गराउने ।<br><br>(५) **उप-महामन्त्रीका काम, कर्तव्य र अधिकार :**<br>अध्यक्ष र केन्द्रीय कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपमहामन्त्रीका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) महामन्त्रीको अनुपस्थितिमा निजको काम गर्ने,<br>(ख) महामन्त्रीको काममा सहयोग र सहायता गर्ने,<br>(ग) अध्यक्षले तोकेका अन्य काम गर्ने ।<br><br>(६) **उप-कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**<br>अध्यक्ष र केन्द्रीय कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) कोषाध्यक्षको अनुपस्थितिमा निजको काम गर्ने,<br>(ख) कोषाध्यक्षको काममा सहयोग र सहायता गर्ने, र<br>(ग) अध्यक्षले तोकेको अन्य कुनै काम गर्ने ।<br><br>(७) **सदस्यहरूका काम, कर्तव्य र अधिकार :**<br>सदस्यहरूका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) केन्द्रीय कार्यसमितिद्वारा निर्धारित *भौगोलिक क्षेत्रका साङ्गठनिक निकायसँग नियमित सम्पर्क, रेखदेख, समन्वय र रेडक्रस ज्ञानको प्रचार-प्रसार गर्ने, गराउने,<br>(ख) तोकिएका सबै *भौगोलिक क्षेत्रहरूमा आफ्नो कार्यकालमा घटीमा दुई पटक भ्रमण गर्ने, | (ग) संस्थाको आर्थिक गतिविधिहरूको जानकारी लिने, अनुगमन, मूल्याङ्कन गर्ने र आवश्यक सुधारको लागि केन्द्रीय कार्यसमितिमा सिफारिस गर्ने,<br>(घ) संस्थाको सम्पत्तिको अभिलेख, संरक्षण, परिचालनका सम्बन्धमा अध्ययन, विश्लेषण र नीतिगत सुधारका कार्य गर्ने, गराउने,<br>(ङ) आर्थिक विषयका सम्बन्धमा महानिर्देशकलाई सुझाव तथा मार्गदर्शन गर्ने,<br>(च) केन्द्रीय कार्यसमितिले तोकेको अन्य कार्य गर्ने ।<br><br>(६) **उपमहामन्त्रीको काम, कर्तव्य र अधिकार :**<br>केन्द्रीय कार्यसमिति र अध्यक्षप्रति उत्तरदायी हुनेगरी उपमहामन्त्रीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) महामन्त्रीको अनुपस्थिति वा महामन्त्रीको पद रिक्त हुन गएमा कार्यवाहक महामन्त्रीको रुपमा कार्य गर्ने,<br>(ख) महामन्त्रीको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित कार्य गर्ने, र<br>(ग) सोसाइटीका नीति, नियम, निर्देशिकाको समीक्षा गर्ने र आवश्यकताअनुसार परिमार्जनका लागि केन्द्रीय कार्यसमितिमा सुझाव दिने,<br>(घ) अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने, र<br>(ङ) संस्थाको नीति, नियम र निर्देशिकाले तोकेका कार्यहरू गर्ने<br><br>(७) **उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**<br>केन्द्रीय कार्यसमिति र अध्यक्षप्रति उत्तरदायी हुने गरी उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् : | |

| | | |
|---|---|---|
| (ग) आफूलाई तोकिएका *साङ्गठनिक निकायहरूको सभा तथा अधिवेशनमा स्वयं वा अन्य केन्द्रीय प्रतिनिधि उपस्थित गराउने प्रयास गर्ने,<br>(घ) सम्बन्धित *साङ्गठनिक निकायका कार्यक्रमहरूका सम्बन्धमा सहयोग र रेखदेख पुऱ्याउने,<br>(ङ) आफूलाई निर्धारित *साङ्गठनिक निकायमा आचार-संहिताको पालना सुनिश्चित गर्ने, गराउने, र<br>(च) केन्द्रीय कार्यसमितिले निर्धारण गरेका र अध्यक्षले निर्देशन गरेबमोजिम अन्य कार्य गर्ने,<br>(छ) तोकिएको विषयगत समितिमा रही कार्य गर्ने । | (क) कोषाध्यक्षको अनुपस्थिति वा कोषाध्यक्षको पद रिक्त हुन गएमा कोषाध्यक्षले गर्ने कार्य गर्ने,<br>(ख) कोषाध्यक्षको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित कार्य गर्ने, र<br>(ग) अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने<br>(घ) संस्थाको भौतिक सम्पत्तिको अवस्थाको जानकारी लिने, समीक्षा गर्ने, उचित परिचालनको लागि संयोजन गर्ने र सुधारका लागि केन्द्रीय कार्यसमितिमा सुझाव दिने,<br>(घ) संस्थाको नीति, नियम र निर्देशिकाले तोकेका कार्यहरू गर्ने<br><br>**(८) सदस्यहरूको काम, कर्तव्य र अधिकार :**<br>केन्द्रीय कार्यसमिति र अध्यक्षप्रति उत्तरदायी हुने गरी सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) केन्द्रीय कार्यसमितिको बैठकमा सहभागी हुने, कार्यसूचीमा सुझाव दिने, विषयवस्तुमा छलफल गर्ने र राय दिने,<br>(ख) केन्द्रीय कार्यसमितिद्वारा निर्धारित भौगोलिक क्षेत्र को साङ्गठनिक निकायसँग नियमित सम्पर्क, रेखदेख, विकास र विस्तारमा समन्वय गर्ने, गराउने, आवश्यकताअनुसार स्थलगत अनुगमन गर्ने,<br>(ग) आफूलाई तोकिएका साङ्गठनिक निकायहरूको सभा तथा अधिवेशनमा स्वयं वा अन्य प्रतिनिधि उपस्थित गराउन प्रयास गर्ने,<br>(घ) सोसाइटीको विधान, आधारभूत सिद्धान्तहरू र आचार-संहिताको प्रवर्धन गर्ने,<br>(ङ) तोकिएको विषयगत समितिमा रही कार्य गर्ने,<br>(च) केन्द्रीय कार्यसमिति र अध्यक्षले तोकेका कार्य गर्ने, र | केन्द्रीय कार्यसमितिको बैठक नबसेको |

| | | |
|---|---|---|
| | (छ) सोसाइटीको हितमा अन्य कार्य गर्ने ।<br><br>**२६. कार्यसम्पादन समिति**<br><br>**(क) गठन** : केन्द्रीयस्तरमा अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू, महामन्त्री, कोषाध्यक्ष, उपमहामन्त्री र उपकोषाध्यक्ष र केन्द्रीय कार्यसमितिको सदस्यहरू मध्येबाट तोकिएको तीनजना सदस्य रहेको **कार्यसम्पादन** समिति रहनेछ । बैठकको कार्यविधि तोकिए बमोजिम हुनेछ ।<br><br>**(ख) निर्णय र अनुमोदन :** केन्द्रीय कार्यसमितिको बैठक नबसेको अवस्थामा तत्काल कुनै कार्य गर्न आवश्यक देखिएमा कार्यसम्पादन समितिले आवश्यक निर्णय गरी कार्य गर्न सक्नेछ । सो निर्णय आगामी केन्द्रीय कार्यसमितिको बैठकमा अनुमोदनका लागि पेश गरिने छ ।<br><br>(ग) समितिको सचिवको रुपमा महानिर्देशकले कार्य गर्ने छ । | अवस्था र तत्काल कुनै आकस्मिक कार्य गर्ने व्यवस्थाको लागि |
| | **परिच्छेद - ९**<br>**प्रशासनिक संरचना र व्यवस्थापन**<br><br>**२७. प्रशासनिक संरचनाको व्यवस्था :**<br><br>(१) केन्द्रीय कार्यसमितिले स्वीकृत गरेको प्रशासनिक संरचनाअनुरूप केन्द्रीय कार्यालयमा विभाग, शाखा, एकाइहरू रहने छन् । सोहीअनुरूप केन्द्रीयस्तरमा महानिर्देशक र प्रदेश शाखामा निर्देशकलगायतका कर्मचारीहरू व्यवस्थापन गरिने छ । यस अतिरिक्त प्रदेश, जिल्ला र पालिका शाखामा सम्वन्धित कार्यसमितिद्वारा स्वीकृत कर्मचारी संरचना रहने छ । | सञ्चालन र व्यस्थापन अलग हुने नयाँ व्यवस्था |

| | | |
|---|---|---|
| | (२) सोसाइटीको आवश्यकता, क्षमता र प्रचलित नेपाल कानुनसमेतलाई आधारमानी सोसाइटीमा कर्मचारीहरू को सेवाको सर्त तथा सुविधा निर्धारण गरिने छ ।<br>(३) कर्मचारीहरूको नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, अवकाशसम्बन्धी र अन्य व्यवस्थापन तोकिएबमोजिम हुनेछ ।<br>(४) जिल्ला र पालिका तहमा सम्बन्धित समितिले स्वीकृत गरेबमोजिम प्रशासनिक संरचना र कर्मचारी रहने छन् ।<br>(५) सोसाइटीमा उचित श्रम अभ्यास र प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षाको व्यवस्था हुनेछ ।<br><br>**२८. कार्यकारी प्रमुखसम्बन्धी व्यवस्था :**<br>केन्द्रीय कार्यालयको व्यवस्थापन/कार्यकारी प्रमुखको रूपमा महानिर्देशक र प्रदेश कार्यालयको प्रमुख कार्यकारी को रूपमा निर्देशक रहनेछ ।<br>महानिर्देशक र निर्देशकको नियुक्ति केन्द्रीय कार्यसमितिले गर्नेछ । महानिर्देशक र निर्देशकको छनौटको आधार, सेवाको सर्त र सुविधा तोकिएबमोजिम हुनेछ ।<br>जिल्ला र पालिका शाखामा सम्बन्धित कार्यसमितिले प्रमुख कार्यकारी अधिकृतको पद सिर्जना गरी नियुक्ति गर्न सक्नेछ । जिल्ला र पालिका शाखामा आंशिक कर्मचारी वा स्वयंसेवकलाई पनि प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी दिन सकिनेछ । जिल्ला र पालिका शाखाको प्रमुख कार्यकारी अधिकृतको योग्यता, छनौटको आधार, सेवाको सर्त र सुविधा तोकिएबमोजिम हुनेछ ।<br><br>**(१) महानिर्देशक पदका लागि देहायको न्यूनतम योग्यता आवश्यक हुनेछ :** | सुशासन र जवाफदेहिता अभिवृद्धि गर्न व्यवस्थापन र प्रशासनीक व्यवस्था थप गरिएको |

| | | |
|---|---|---|
| | क. मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरी कम्तीमा १५ वर्ष सरकारी वा सामाजिक वा मानवीय सेवा क्षेत्रमा कार्य गरेको,<br>ख. नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>ग. ४० वर्ष उमेर पुगेको, र<br>घ. उच्च नैतिक चरित्र भएको नेपाली नागरिक ।<br><br>(२) **महानिर्देशकको काम, कर्तव्य र अधिकार :**<br>केन्द्रीय कार्यसमिति र महामन्त्रीप्रति उत्तरदायी हुनेगरी कार्यकारी प्रमुखका रूपमा महानिर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) केन्द्रीय सभा तथा केन्द्रीय कार्यसमितिको बैठकको व्यवस्थापनमा सहयोग गर्ने र उपस्थित हुने । केन्द्रीय सभा र कार्यसमितिको बैठकका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,<br>(ख) कुनै व्यक्ति, सङ्घ-संस्था वा स्थानीय सरकारसँग सोसाइटीको हितमा कार्यक्रम, परियोजना र आपसी सहकार्यका लागि समन्वय गर्ने, गराउने,<br>(ग) कार्यालयको दैनिक प्रशासनिक कार्यसञ्चालन, रेखदेख, निरीक्षण, समन्वय र नियन्त्रण गर्ने, गराउने,<br>(घ) स्वीकृत कार्यक्रम, बजेट र परियोजना कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने,<br>(ङ) आफ्नो कार्यसम्पादन लगायत विशेष परिस्थितिका सम्बन्धमा अध्यक्ष र महामन्त्रीलाई जानकारी गराउने,<br>(च) केन्द्रीय कार्यालयबाट नियुक्त कर्मचारी र कार्यक्रम स्वयंसेवकको व्यवस्थापन गर्ने, | |

| | | |
|---|---|---|
| | (छ) सोसाइटीको नीति, योजना, कार्यक्रम तथा बजेट तयार गर्न सहयोग गर्ने,<br>(ज) कर्मचारी दरबन्दी सिर्जना र खारेजको लागि केन्द्रीय कार्यसमितिमा प्रस्ताव पेश गर्ने,<br>(झ) सोसाइटीको लेखा राख्ने, लेखापरीक्षक नियुक्तिका लागि सहयोग गर्ने, लेखापरीक्षण गराउने,<br>(ञ) सोसाइटीको सम्पत्ति संरक्षण, आर्थिक स्रोत परिचालन गर्ने, कोष सञ्चालनमा तोकिएका आर्थिक जिम्मेवारी वहन गर्ने, गराउने, र<br>(ट) सोसाइटीले पालना गर्नु पर्ने कानुनी दायित्व पूरा गर्ने, गराउने, संस्थागत वैधानिक दायित्व पालना गर्न सहयोग गर्ने,<br>(ठ) रेडक्रस अभियानका अङ्ग र अन्तर्राष्ट्रिय सङ्घ संस्थासँगको सम्बन्ध र सहकार्यमा सहयोग गर्ने,<br>(ड) सोसाइटीको साङ्गठनिक विकास, आवधिक योजना र नीति निर्माणमा सहयोग गर्ने,<br>(ढ) सोसाइटीको उद्देश्यबमोजिम स्वीकृत नीति तथा कार्यक्रमको परिधिभित्र रही विपद् व्यवस्थापन र सेवा कार्य सञ्चालन गर्ने, गराउने,<br>(ण) प्रदेश तथा जिल्ला शाखाहरूबाट सञ्चालन हुने कार्यक्रम तथा सेवा कार्यहरूमा समन्वय तथा सहयोग गर्ने,<br>(त) केन्द्रीयस्तरका वैधानिक समिति, विषयगत समिति, विशेष समिति तथा कार्यदललाई तोकिएको कार्य सम्पादन गर्न सचिवालय सहयोग गर्ने, गराउने,<br>(थ) केन्द्रीय कार्यसमिति र महामन्त्रीले तोकेका अन्य कार्यहरू गर्ने । | |
| **परिच्छेद - ७**<br>*** प्रदेश सभा** | **परिच्छेद-१०**<br>**प्रदेश सभा**<br>**२९. प्रदेश सभाको गठन :** | |

| | | |
|---|---|---|
| *** २०. प्रदेश सभाको गठन :**<br>प्रदेश सभाको अङ्गको रूपमा अधिवेशन र वार्षिक साधारण सभा रहनेछन् ।<br><br>**१. प्रदेश सभाको अधिवेशनमा देहायबमोजिम सभासद्हरू रहनेछन् :**<br>(क) प्रदेश कार्यसमितिका सदस्यहरू,<br>(ख) प्रदेशभित्रका जिल्ला शाखाका सभापतिहरू १/१ ( एक/एक) जना र प्रत्येक पटक जिल्ला कार्यसमितिले आफूमध्येबाट छनोट गरेका २ (दुई) जना गरी ३/३ ( तीन/तीन) जना । तर सभापति उपस्थित हुन नसक्ने अवस्थामा वा प्रदेश कार्यसमितिको सदस्य वा मनोनीत सभासद्को हैसियतमा स्वत: उपस्थित हुने अवस्थामा सभापतिको सट्टा जिल्ला कार्यसमितिले आफूमध्येबाट छनोट गरेको १ (एक) जना,<br>(ग) केन्द्रीय कार्यसमितिमा रहेका सम्बन्धित प्रदेशका सबै सदस्यहरू,<br>(घ) प्रदेश सरकारको सान्दर्भिक मन्त्रालयका प्रतिनिधि २ (दुई) जना,<br>(ङ) रेडक्रसमा विशेष चाख राख्ने नेपाली नागरिकमध्येबाट कार्यसमितिको परामर्शमा कम्तीमा १ (एक) जना महिलासहित प्रदेश अध्यक्षद्वारा मनोनीत ३ (तीन) जना ।<br>(च) प्रथम अधिवेशनको हकमा मात्र पहिलो पटक गठित प्रदेश तदर्थ समितिका सदस्यहरू, | सोसाइटीको प्रदेश सभा प्रदेशको प्रमुख वैधानिक अङ्ग हुनेछ । प्रदेश सभाको अङ्गको रूपमा अधिवेशन र वार्षिक साधारण सभा रहनेछन् । प्रदेश सभाको वार्षिक साधारण सभा वर्षको एक पटक र अधिवेशन हरेक चार वर्षमा बस्नेछ । आवश्यकतानुसार विशेष सभा आह्वान गर्न पनि सकिनेछ ।<br><br>**(१) प्रदेश सभाको अधिवेशन :**<br>प्रदेश सभाको अधिवेशनमा देहायबमोजिम सभासद्हरू रहनेछन् :<br>(क) प्रदेश कार्यसमितिका सबै पदाधिकारी र सदस्यहरू,<br>(ख) प्रदेशभित्रका जिल्ला कार्यसमितिका सभापतिहरू,<br>तर, जिल्ला सभापति उपस्थित हुन नसक्ने अवस्थामा सभापतिको सट्टा सम्बन्धित जिल्ला कार्यसमितिको निर्णयले आफूमध्येका छनोट गरेका १ (एक) जना,<br>(ग) प्रदेशभित्रका प्रत्येक जिल्ला कार्यसमितिको निर्णय अनुसार आफूमध्येबाट कम्तीमा २ (दुई) जना महिलासहित छनोट गरेका ४/४ (चार/चार) जना प्रतिनिधि ।<br>(घ) प्रदेशभित्रका हरेक जिल्ला सभाको अधिवेशनबाट छनोट भएका देहायबमोजिमका प्रतिनिधिहरू:<br>१. दश (१०) वटाभन्दा कम पालिका भएका जिल्लाबाट कम्तीमा एक महिलासहित ३ (तीन) जना,<br>२. ११ देखि १५ वटासम्म पालिका भएका जिल्लाबाट कम्तीमा २ (दुई महिलासहित ४ जना<br>३. १६ देखिमाथि पालिका भएका जिल्लाबाट कम्तीमा २ (दुई ) महिलासहित ५ जना<br>(ङ) सम्बन्धित प्रदेशमा सदस्यता रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, | यथावत<br><br>जनसंख्याको आधारमा प्रतिनिधित्व गराउन |

| | | |
|---|---|---|
| (छ) प्रदेश अध्यक्षद्वारा मनोनीत **प्रदेश सदस्य** र सभासद्हरूको पदावधि प्रदेश कार्यसमितिको आगामी निर्वाचनसम्म रहनेछ ,<br>(ज) प्रदेश जुनियर/युवा रेडक्रस समितिको निर्णयअनुसार जुनियर एक (१) जना, युवा एक (१) जना, जुनियर युवा रेडक्रस सर्कलका संरक्षक (प्रधानाध्यापक) एक (१) जना र शिक्षकनायक एक (१) जना गरी जम्मा ४ (चार) जना पर्यवेक्षकको रूपमा रहनेछन् ।<br><br>* २. **प्रदेश वार्षिक साधारण सभाको गठन**<br><br>**प्रदेश सभाको वार्षिक साधारण सभामा देहायबमोजिम सभासद्हरू रहनेछन् :**<br><br>(क) प्रदेश कार्यसमितिका सदस्यहरू,<br>(ख) प्रदेशभित्र रहेका जिल्ला शाखाका सभापतिहरू एक-एक (१/१) जना । तर सभापति उपस्थित हुन नसक्ने अवस्थामा वा प्रदेश कार्यसमितिको सदस्य वा मनोनीत सभासद्को हैसियतमा स्वत: उपस्थित हुने अवस्थामा सभापतिको सट्टा जिल्ला कार्यसमितिले आफूमध्येबाट छनोट गरेको एक (१) जना,<br>(ग) केन्द्रीय कार्यसमितिमा रहेका सम्बन्धित प्रदेशका सबै सदस्यहरू,<br>(घ) प्रदेश सरकारको सान्दर्भिक मन्त्रालयका प्रतिनिधि २ (दुई) जना,<br>(ङ) रेडक्रसमा विशेष चाख राख्ने नेपाली नागरिकमध्येबाट कार्यसमितिको परामर्शमा प्रदेश अध्यक्षद्वारा कम्तिमा १ (एक) जना महिलासहित मनोनीत ३ (तीन) जना ।<br>(च) प्रदेश अध्यक्षद्वारा मनोनीत सदस्यको पदावधि प्रदेश कार्यसमितिको आगामी निर्वाचनसम्म रहनेछ, र | (च) रेडक्रसको सदस्यहरुमध्ये प्रदेश कार्यसमितिले कम्तीमा २ (दुई) जना महिलासहित मनोनीत- ५ (पाँच) जना प्रदेश सभासद्,<br>(छ) प्रदेश सरकारको विपद् र सामाजिक विषय हेर्ने सम्बन्धित मन्त्रालयका १/१ (एक/एक) जना प्रतिनिधि, र<br>(ज) प्रदेश युवा समितिले आफूमध्येबाट छनोट गरेका एक महिलासहित-२ (दुई) जना प्रतिनिधि ।<br><br>(२) **प्रदेश सभाको वार्षिक साधारण सभा :**<br>**प्रदेश सभाको वार्षिक साधारण सभाको गठन देहायबमोजिम सभासद्हरू रहनेछन् :**<br><br>(क) प्रदेश कार्यसमितिका सबै पदाधिकारी र सदस्यहरू,<br>(ख) प्रदेशभित्रका जिल्ला कार्यसमितिका सभापतिहरू,<br>तर, जिल्ला सभापति उपस्थित हुन नसक्ने अवस्थामा सभापतिको सट्टा सम्बन्धित जिल्ला कार्यसमितिको निर्णयले आफूमध्येका छनोट गरेका १ (एक) जना,<br>(ग) प्रदेशभित्रका प्रत्येक जिल्ला कार्यसमितिको निर्णयले आफूमध्येबाट छनोट गरेका महिला प्रतिनिधि १ (एक) जना,<br>(घ) सम्बन्धित प्रदेशमा रेडक्रसको सदस्यता रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू प्रतिनिधि,<br>(ङ) प्रदेश कार्यसमितिबाट कम्तीमा २ (दुई) जना महिलासहित मनोनीत- ५ (पाँच) जना प्रदेश सभासद्,<br>(च) प्रदेश सरकारको विपद् र सामाजिक विषय हेर्ने सम्बन्धित मन्त्रालयका १/१ (एक/एक) जना प्रतिनिधि,<br>(छ) प्रदेश युवा समितिले आफूमध्येबाट छनोट गरेका एक महिलासहित-२ (दुई) जना प्रतिनिधि र जुनियर युवा | |

| | | |
|---|---|---|
| (छ) प्रदेश जुनियर/युवा रेडक्रस समितिको निर्णयअनुसार जुनियर १ (एक) जना, युवा १ (एक) जना, जुनियर युवा रेडक्रस सर्कलका संरक्षक (प्रधानाध्यापक) १ (एक) जना र शिक्षकनायक १ (एक) जना गरी जम्मा ४ (चार) जना पर्यवेक्षकको रूपमा रहनेछन् । | रेडक्रस सर्कल सदस्य १ छात्र १ छात्रा गरी २ (दुई) जना पर्यवेक्षक, र<br>(झ) प्रदेशभित्रका जुनियर/युवा रेडक्रस सर्कलमध्येबाट फरक-फरक भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी प्रदेश समितिले मनोनीत गरेका शिक्षकनायक र संरक्षक २ (दुई) जना पर्यवेक्षक । | |
| *** २१. प्रदेश सभाका काम कर्तव्य र अधिकार**<br>**१. प्रदेश सभाको अधिवेशनको काम कर्तव्य र अधिकार**<br>प्रदेश सभाको अधिवेशनको काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछन् :-<br>(क) प्रदेश सभाको अधिवेशनको कार्यसूची स्वीकृत गर्ने, कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने,<br>(ख) प्रदेश कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय ( बजेट) स्वीकृत गर्ने,<br>(ग) प्रदेशस्तरमा नीति निर्माण तथा मार्गनिर्देश गर्ने, प्रस्तावहरू पारित गर्ने र कार्यान्वयनका लागि प्रदेश कार्यसमितिलाई निर्देशन दिने,<br>(घ) सभासदहरूमध्येबाट अध्यक्ष १ (एक) जना, महिला उपाध्यक्ष १ (एक), महासचिव १ (एक), कोषाध्यक्ष १ ( एक), उपमहासचिव १ (एक), उपकोषाध्यक्ष १ (एक) र कम्तीमा २ (दुई) जना महिलासहित ६ (छ) जना सदस्यहरू गरी १२ (बाह्र) जनाको निर्वाचन गर्ने,<br>(ङ) आवश्यकताअनुसार आयोग/समितिहरूको गठन गर्ने, गराउने, र<br>(च) यस विधानमा लेखिएका अन्य आवश्यक कार्य गर्ने । | **३०. प्रदेश सभाका काम कर्तव्य र अधिकार**<br>**१. प्रदेश सभाको अधिवेशनको काम, कर्तव्य र अधिकार:**<br>यस विधानमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेश सभाको अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(क) प्रदेशभित्र रेडक्रसको गतिविधिका लागि नीति निर्माण तथा दिशानिर्देश गर्ने,<br>(ख) प्रदेश कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय ( बजेट) स्वीकृत गर्ने,<br>(ग) प्रदेश **शाखा** सञ्चालनको लागि आवश्यक नीति तथा निर्देशिका स्वीकृत गर्ने,<br>(घ) प्रदेश कार्यसमितिको निर्वाचन गर्ने,<br>(ङ) प्रदेश लेखा समिति र प्रदेश सल्लाहकार समिति गठन गर्ने,<br>(च) प्रदेश सभा सञ्चालनसम्बन्धी कार्यविधि स्वीकृत गर्ने, र<br>(छ) प्रदेशभित्र संस्थाको हितमा अन्य निर्णय गर्ने ।<br>**२. प्रदेश सभाको वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार :**<br>प्रदेश सभाको वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछ : | यथावत |

| | | |
|---|---|---|
| *** २. प्रदेश वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार**<br>प्रदेश वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछन् :-<br>(क) प्रदेश सभाको अधिवेशनको कार्यसूची स्वीकृत गर्ने, कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने,<br>(ख) प्रदेश कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,<br>(ग) प्रदेशस्तरमा नीति निर्माण तथा मार्गनिर्देश गर्ने, प्रस्तावहरू पारित गर्ने र कार्यान्वयनका लागि प्रदेश कार्यसमितिलाई निर्देशन दिने,<br>(घ) आवश्यकताअनुसार आयोग/समितिहरूको गठन गर्ने, गराउने र<br>(ङ) यस विधानमा लेखिएका अन्य आवश्यक कार्य गर्ने । | (क) प्रदेश शाखाका लागि नीति निर्माण तथा दिशानिर्देश गर्ने,<br>(ख) प्रदेश कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय ( बजेट) स्वीकृत गर्ने,<br>(ग) प्रदेश शाखा सञ्चालनको लागि आवश्यक नीति तथा निर्देशिका स्वीकृत गर्ने,<br>(घ) प्रदेश सभा सञ्चालनसम्बन्धी कार्यविधि स्वीकृत गर्ने, र<br>(ङ) संस्थाको हितमा अन्य निर्णय गर्ने । | |
| *** २२. प्रदेश सभाको अधिवेशन र वार्षिक साधारण सभाको आह्वान**<br>(१) प्रदेश सभाको अधिवेशन साधारणतया प्रत्येक २/२ ( दुई/दुई) वर्षमा प्रदेश कार्यसमितिले तोकेको समय र स्थानमा हुनेछ ।<br>तर प्रदेश कार्यसमितिको आह्वानमा वा प्रदेश सभाका एक-तृतीयांश सदस्यहरूले लिखित रूपमा माग गरेमा सोको ३५(पैंतीस) दिनभित्र प्रदेश सभाको विशेष अधिवेशन प्रदेश अध्यक्षको निर्देशानुसार जहिलेसुकै पनि हुन सक्नेछ ।<br>(२) प्रदेश वार्षिक साधारण सभा प्रत्येक वर्षमा प्रदेश कार्यसमितिले तोकेको समय र स्थानमा हुनेछ तर प्रदेश | **३१. प्रदेश सभाको अधिवेशन र वार्षिक साधारण सभाको आह्वान**<br>(१) **क. प्रदेश सभाको अधिवेशन :** साधारणतया प्रत्येक ४/४ (चार/चार) वर्षमा प्रदेश कार्यसमितिले तोकेको मिति, समय र स्थानमा हुनेछ । तर, आवश्यकतानुसार प्रदेश कार्यसमितिको आह्वानमा वा दफा २९ को (क) (ख) र (च) बमोजिमका कम्तिमा ५१ प्रतिशत सभासद्हरूले लिखित समावेदन गरेमा प्रदेश अध्यक्षले ३५ दिनभित्र विशेष अधिवेशन बोलाउनु पर्ने छ ।<br>(२) **वार्षिक साधारण सभा** : प्रत्येक वर्ष प्रदेश कार्यसमितिले तोकेको मिति, समय र स्थानमा हुनेछ। तर, प्रदेश समितिले आवश्यकता महसुस गरेमा वर्षमा एकभन्दा बढी पटक पनि आह्वान गर्नसक्ने छ । | |

<table>
<tr>
<td>कार्यसमितिको आह्वानमा वा प्रदेश वार्षिक साधारण सभाका एक-तृतीयांश सदस्यहरूले लिखित रूपमा माग गरेमा सोको ३५(पैंतीस) दिनभित्र प्रदेश वार्षिक साधारण सभा प्रदेश अध्यक्षको निर्देशानुसार जहिलेसुकै पनि हुन सक्नेछ ।<br><br>(३) प्रदेश सभाको अधिवेशन तथा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा २१ (एक्काईस) दिनअगावै प्रदेश कार्यसमितिले अधिवेशन/वार्षिक साधारण सभा हुने स्थान र मितिको लिखित सूचना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, आगामी आर्थिक वर्षको प्रस्तावित कार्यक्रम तथा बजेटसहित गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन सबै सदस्यहरूलाई पठाउनुपर्नेछ । यसरी पठाउनुपर्ने सूचना एवं प्रतिवेदनहरू जिल्ला शाखाबाट आउने सभासद्हरूको लागि सम्बन्धित जिल्ला शाखाको कार्यालयमा पठाइने छ। विशेष अधिवेशनका लागि भने १५(पन्ध्र) दिनअगावै मात्र कार्यसूचीसहित लिखित सूचना दिइने छ ।</td>
<td>(३) सभाको आह्वान :<br>प्रदेश सभाको अधिवेशन तथा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा १५ (पन्ध्र) दिनअगावै प्रदेश कार्यसमितिले अधिवेशन/वार्षिक साधारण सभाको स्थान, मिति र कार्यसूचीसहितको लिखित सूचना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, आगामी आर्थिक वर्षको प्रस्तावित कार्यक्रम तथा बजेट, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदनसहित अन्य आवश्यक कागजात सबै सभासद्हरूलाई पठाउनुपर्ने छ। यस्तो सूचना र प्रतिवेदन विद्युतीय माध्यमबाट पनि पठाउन सकिने छ । यसरी पठाउनुपर्ने सूचना एवं प्रतिवेदनहरू सबै सभासद्हरूको लागि सम्बन्धित समितिको कार्यालय वा व्यक्तिगत विद्युतीय ठेगानामा पठाइने छ । तर, विशेष अधिवेशन/साधारण सभाको लागि १० (दस) दिनअगावै कार्यसूचीसहित लिखित सूचना दिइने छ ।</td>
<td></td>
</tr>
<tr>
<td>परिच्छेद - ८<br>* प्रदेश कार्यसमिति<br><br>* २३. गठन तथा अन्य व्यवस्था :<br>(१) प्रदेशमा नीति निर्माण तथा कार्य सञ्चालनको रेखदेखका लागि अध्यक्षसमेत १५ (पन्ध्र) जनाको देहायबमोजिम प्रदेश कार्यसमिति रहनेछ :<br>प्रदेश सभाको अधिवेशनबाट निर्वाचित<br>(क) प्रदेश अध्यक्ष - १ (एक) जना,<br>(ख) महिला प्रदेश उपाध्यक्ष - १ (एक) जना,<br>(ग) महासचिव - १ (एक) जना,<br>(घ) कोषाध्यक्ष - १ (एक) जना,</td>
<td>परिच्छेद -११<br>प्रदेश कार्यसमिति<br>३२. प्रदेश कार्यसमितिको गठन :<br>(१) प्रदेश शाखाको नीति निर्माण तथा कार्यसञ्चालनका लागि प्रदेश सभाप्रति जवाफदेही हुने गरी देहायबमोजिम १३ जना निर्वाचितसहित १९ सदस्यीय प्रदेश कार्यसमितिको गठन हुनेछ :<br>(क) अध्यक्ष - १ जना<br>(ख) वरिष्ठ उपाध्यक्ष - १ जना<br>(ग) उपाध्यक्ष महिला - १ जना<br>(घ) महासचिव - १ जना<br>(ङ) कोषाध्यक्ष - १ जना</td>
<td>प्रदेश समितिमा समावेशी सिद्धान्त अनुसार निर्वाचित हुने पदाधिकारी र सदस्यहरूको</td>
</tr>
</table>

| | | |
|---|---|---|
| (ङ) उपमहासचिव - १ (एक) जना,<br>(च) उपकोषाध्यक्ष - १ (एक) जना,<br>(छ) महिला निर्वाचित सदस्यहरू - २ (दुई) जना,<br>(ज) खुला निर्वाचित सदस्यहरू - ४(चार) जना,<br>अन्य पदेन सदस्यहरू :<br>(झ) सम्बन्धित प्रदेशबाट केन्द्रीय सदस्यमा निर्वाचित केन्द्रीय सदस्य -१ (एक) जना,<br>(ञ) प्रदेश सरकारको सान्दर्भिक मन्त्रालय/निकायका प्रतिनिधि -१ (एक) जना,<br>(छ) तत्काल निवृत्त प्रदेश अध्यक्ष - पदेन सदस्य ।<br>(२) प्रदेश कार्यसमितिको कार्यावधि दफा ५१ बमोजिम २ (दुई) वर्षको हुनेछ तर कार्यावधि समाप्त हुनुभन्दा अगावै निर्वाचन भएमा कार्यावधि सकिएको मानिनेछ ।<br>(३) प्रदेश कार्यसमिति प्रदेश सभाप्रति उत्तरदायी हुनेछ ।<br>(४) कार्यसमितिको कुनै पनि सदस्य मुनासिब कारणबेगर लगातार ३ (तीन) पटक बैठकमा अनुपस्थित भएमा प्रदेश कार्यसमितिले निजलाई कार्यसमितिको सदस्यबाट हटाउन सक्नेछ । | (च) उपमहासचिव - १ जना<br>(छ) सदस्य खुला - ३ जना<br>(ज) सदस्य महिला - ४ जना<br>अन्य<br>(झ) तत्काल निवृत्त प्रदेश अध्यक्ष - १ जना<br>(ञ) युवा समितिका अध्यक्ष र उपाध्यक्ष (महिला) - २ जना<br>(ट) प्रदेश कार्यसमितिबाट मनोनित कम्तीमा १ (एक) जना महिला सहित - २ जना<br>(ठ) प्रदेश सरकार विपद् व्यवस्थापन हेर्ने मन्त्रालयका प्रतिनिधि सदस्य - १ जना<br>(२) सम्बन्धित प्रदेशबाट केन्द्रीय कार्यसमितिमा निर्वाचित केन्द्रीय सदस्य बैठकको स्थायी आमन्त्रित हुनेछ । साथै सम्बन्धित प्रदेशमा सदस्यता रहेका अन्य केन्द्रीय पदाधिकारी वा सदस्यलाई आमन्त्रण गर्न सकिने छ ।<br>(३) प्रदेश कार्यसमितिका कुनै पदाधिकारी सदस्यले सचिवालयमा लिखित सूचना नदिई लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा स्वत: पद मुक्त हुने छ ।<br>(४) प्रदेश कार्यसमितिको बैठकसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | व्यवस्था सुनिश्चित गर्न । |
| *** २४. प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार :**<br>प्रदेश सभाको निर्देशनको अधीनमा रही प्रदेश कार्यसमितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-<br>(क) प्रदेशभित्र संस्थाको उद्देश्यअनुरूप कार्यक्रम तथा परियोजना तर्जुमा गर्ने, केन्द्रीय नीतिसँग नबाझिने गरी नियमावलीहरू निर्माण गरी कार्यान्वयन गर्ने, गराउने र सोको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने, | **३३. प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार :**<br>(१) प्रदेश सभाको निर्देशनको अधीनमा रही प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(क) प्रदेशस्तरमा सोसाइटीको समष्टिगत योजना बनाउने, जोखिम व्यवस्थापन गर्ने गराउने, प्रदेश शाखाको कार्यसञ्चालन गर्न आवश्यक कार्यविधि तथा निर्देशिकाहरू बनाई लागू गर्ने, गराउने, | |

| | | |
|---|---|---|
| (ख) केन्द्रीय महाधिवेशन तथा वार्षिक साधारण सभा लगायतका सभा, सम्मेलन, कार्यक्रममा प्रदेशको प्रतिनिधित्व गर्ने गराउने,<br>(ग) प्रदेश अधिवेशन तथा वार्षिक साधारण सभामा वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, आगामी वर्षको कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने, गराउने,<br>(घ) प्रदेशभित्रका कुनै व्यक्तिलाई विशिष्ट तथा यशस्कर सदस्यता प्रदान गर्ने र मानार्थ सदस्यताको लागि केन्द्रीय कार्यसमितिमा सिफारिस गर्ने,<br>(ङ) चल-अचल सम्पत्ति खरिद गर्ने, गराउने र प्रदेशको नाममा रहेको अचल सम्पत्ति केन्द्रीय कार्यसमितिको सहमतिमा हक छाडी दिने,<br>(च) प्रदेश सभाद्वारा पारित प्रस्तावहरूको कार्यान्वयन गर्ने, गराउने,<br>(छ) आर्थिक स्रोत अभिबृद्धि, परिचालन तथा व्यवस्थापन गर्ने,<br>(ज) कुनै कारणवश प्रदेश अध्यक्ष पद १ (एक) वर्षभन्दा बढी कार्यावधि बाँकी रहँदै रिक्त हुन गएको अवस्थामा विशेष अधिवेशन आह्वान गरी बाँकी अवधिको लागि अध्यक्ष पदको निर्वाचन गराई पदपूर्ति गर्ने,<br>(झ) कुनै कारणवश प्रदेश कार्यसमितिका सदस्यको पद रिक्त हुन गएमा प्रदेश सभासद्हरूमध्येबाट बाँकी अवधिको लागि प्रदेश कार्यसमितिले मनोनयन गरी पदपूर्ति गर्ने,<br>(ञ) विधानको उद्देश्यअनुरूप प्रदेशभित्र सङ्गठनात्मक क्षमता अभिवृद्धि, जुनियर/युवा रेडक्रसको सङ्गठन तथा विकासका लागि आवश्यक कार्यहरू गर्ने,<br>(ट) आवश्यकताअनुसार सल्लाहकार नियुक्त गर्ने,<br>(ठ) लेखापरीक्षक नियुक्ति गर्ने, वार्षिक लेखापरीक्षण गराउने र केन्द्रीय कार्यालयमा प्रतिवेदन पेश गर्ने, | (ख) प्रदेश शाखाको योजना, कार्यक्रम तथा बजेट प्रदेश सभासमक्ष निर्णयार्थ पेश गर्न स्वीकृति दिने, र सभाबाट पारित प्रस्तावहरूको कार्यान्वयन निर्देशक मार्फत् गर्ने, गराउने,<br>(ग) अभियानका आधारभूत सिद्धान्तहरूको पालना र चिह्नको सम्मान सुनिश्चित गर्ने गराउने तथा सोसाइटीको सत्यनिष्ठाको प्रवर्धन गर्ने, गराउने,<br>(घ) सोसाइटीको केन्द्रीय सभा, सम्मेलनमा प्रतिनिधि पठाउने,<br>(ङ) प्रदेशस्तरका सरकारी निकाय र सङ्घसंस्थाहरूसँग सम्झौता गर्न स्वीकृति दिने,<br>(च) वैधानिक समितिहरूबाट प्राप्त वार्षिक प्रतिवेदनहरू प्रदेश सभामा पेश गर्ने, गराउने,<br>(छ) मातहतका निकाय वा व्यक्तिलाई मान, कदर वा पारितोषिक प्रदान गर्ने,<br>(ज) प्रदेश शाखाको प्रशासनिक ढाँचा, दरबन्दी तथा मापदण्ड स्वीकृत गर्ने,<br>(झ) कुनै व्यक्तिलाई सोसाइटीको विशिष्ट र यशस्कर सदस्यता प्रदान गर्ने,<br>(ञ) अचल सम्पति प्राप्ति र संरक्षण गर्ने, स्रोत परिचालन र आय आर्जनका गतिविधिहरूको समन्वय, सञ्चालन र नियन्त्रण गर्ने, गराउने,<br>(ट) प्रदेश शाखको आय-व्यय विवरण दुरूस्त राख्न लगाउने र वार्षिक लेखापरीक्षण गराई प्रतिवेदन प्रदेश सभामा पेश गर्न स्वीकृति दिने,<br>(ठ) सोसाइटीको नीतिको अधीनमा रही प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूले तोकिएको काम गरेवापत् सेवा तथा सुविधा सम्बन्धमा मापदण्ड तय गर्ने,<br>(ड) प्रदेशभित्रका जिल्ला कार्यसमितिका कार्यहरूको अनुगमन, मूल्याङ्कनका साथै आवश्यक निर्देशन दिने, जिल्ला | |

| | | |
|---|---|---|
| (ड) आवश्यकताअनुसार प्रदेश कार्यालयका लागि कर्मचारीहरूको दरबन्दी सृजना, नियुक्ति, खारेजी गर्ने<br>(ढ) प्रदेशभित्र संस्थाका गतिविधिहरूको आवधिक समीक्षा गर्ने र सोको जानकारी केन्द्रमा दिने,<br>(ण) प्रदेश कार्यसमितिका सदस्यहरूलाई जिल्ला शाखाहरूको अनुगमनको जिम्मेवारी दिने र प्रतिवेदन लिने,<br>(त) केन्द्रीय कार्यालयले तोकेबमोजिम वार्षिक शुल्क बुझाउने,<br>(थ) यस विधानमा व्यवस्था भएबमोजिम प्रदेशभित्र संस्थाको हितका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने । | कार्यसमितिको निलम्बन, विघटन र तदर्थ समिति गठनको निर्णय गर्ने,<br>(ढ) प्रदेश कार्यसमितिअन्तर्गत विषयगत तथा विशेष समिति गठन, कार्यक्षेत्र निर्धारण र आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्ने,<br>(ण) प्रदेश शाखाको स्रोतबाट सञ्चालन गरिने परियोजनाहरूको स्वीकृति दिने,<br>(त) प्रदेश अध्यक्षको प्रस्तावमा रेडक्रसकर्मीहरू मध्येबाट कम्तीमा एक महिलासहित प्रदेश कार्यसमितिमा २ जना सदस्यहरू मनोनयन गर्ने,<br>(थ) रेडक्रसकर्मीहरूमध्येबाट समावेशी सिद्धान्तका आधारमा कम्तीमा २ (दुई) जना महिलासहित ५ (पाच) प्रदेश सभासद् मनोनयन गर्ने,<br>(द) कुनै कारणवश प्रदेश कार्यसमिति सदस्य पद रिक्त हुन गएमा बाँकी अवधिको लागि सो कार्यसमितिको निर्वाचन गरेको प्रदेश अधिवेशनका सभासद्मध्येबाट मनोनयन गर्ने,<br>(ध) प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई आवश्यकतानुसार प्रदेशभित्रका साङ्गठनिक र भौगोलिक क्षेत्रको जिम्मेवारी दिने,<br>(न) प्रदेश शाखाको आर्थिक समन्वय, रेखदेख तथा जवाफदेहिता सुनिश्चित गर्ने, गराउने, प्रदेशभित्र रहेका सोसाइटीका निकायहरूको समग्र लेखा परीक्षण सुनिश्चित गर्ने,<br>(प) कुनै निकाय, व्यक्ति वा समितिलाई कार्यसमितिमा निहित केही अधिकार प्रत्यायोजन गर्ने,<br>(फ) वैधानिक समितिका संयोजक र सदस्यहरूको मनोनयनका लागि प्रदेश सभामा पेश गर्ने प्रस्ताव स्वीकृत गर्ने,<br>(ब) प्रदेश शाखाका गतिविधिहरूको आवधिक समीक्षा गर्ने, | |

| | | |
|---|---|---|
| | (भ) माथिल्लो साङ्गठनिक निकायबाट स्वीकृत नीति, नियम र निर्णयहरू पालना गर्ने,<br>(म) प्रदेश सरकार र सरोकारवाला निकायका अधिकारीहरूसँग सम्पर्क र समन्वय गर्ने, गराउने,<br>(य) सेवाप्रवाहमा एकरूपता सुनिश्चित गर्न समन्वय गर्ने, गराउने, र<br>(र) विधानले निर्दिष्ट गरेबमोजिम संस्थाको हितमा अन्य कार्य गर्ने, गराउने । | |
| *** २५. प्रदेश कार्यसमितिको बैठक :**<br>(१) प्रदेश अध्यक्षको निर्देशानुसार ४ (चार) महिनाभन्दा बढी अवधिको फरक नपर्ने गरी एक वर्षमा कम्तीमा ३ (तीन) पटक कार्यसमितिको बैठक बस्नेछ । यस्तो बैठकको सूचना साधारणतया १० (दश) दिनअगाडि पठाउनुपर्नेछ। तर आकस्मिक बैठक जहिलेसुकै पनि बस्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम बैठक नबसेमा उपाध्यक्षको निर्देशानुसार अर्को महिनाभित्र बैठक बस्नेछ ।<br>(३) उपदफा (२) बमोजिम बैठक नबोलाएमा प्रदेश कार्यसमितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा बैठक बोलाइनेछ । | **३४. प्रदेश कार्यसमितिको बैठक :**<br>(१) अध्यक्षको निर्देशानुसार साधारणतया ३ (तीन) महिना भन्दा बढी अवधिको फरक नपर्ने गरी प्रदेश समितिको बैठक बस्नेछ। यस्तो बैठकको सूचना साधारणतया १५ ( पन्ध्र) दिन अगाडि पठाउनु पर्ने छ। विशेष बैठक ७ दिन अगाडि सूचना दिएर बस्न सक्ने छ । तर, आकस्मिक बैठक २४ घण्टा अगाडि सूचना दिएर जहिलेसुकै पनि बस्न सक्ने छ ।<br><br>प्रदेश कार्यसमितिको बैठक स्वयं उपस्थितिमा बस्ने छ । विशेष बैठक र आकस्मिक बैठक विद्युतीय माध्यमबाटसमेत हुने सक्नेछ ।<br>(२) तीन (३) महिनासम्म पनि बैंठक नबसेमा बरिष्ठ उपाध्यक्षको निर्देशानुसार महासचिवले अर्को महिनाभित्र बैठक बोलाउने छ ।<br>(३) उपदफा (२) बमोजिम बैठक नबोलाएमा प्रदेश समितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा बैठक बस्ने छ । बैठकको सूचना महासचिव वा निर्देशकले गर्ने छ । | विशेष बैठक र आकस्मिक बैठकको प्रावधान स्पष्ट पार्न |

| | | |
|---|---|---|
| *** २६. प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार :**<br>प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br><br>**(१) प्रदेश अध्यक्षको काम, कर्तव्य तथा अधिकार**<br>प्रदेश अध्यक्ष नेपाल रेडक्रसको प्रादेशिक एकाइका प्रमुख पदाधिकारी हुनेछन् । अध्यक्ष प्रदेश सभा र प्रदेश कार्यसमितिप्रति उत्तरदायी रहनेछन् । निजले विधानद्वारा परिभाषित सिद्धान्त तथा उद्देश्यअनुरूप कार्यहरू गर्ने, गराउने एवं प्रदेश सभा र प्रदेश कार्यसमितिको नीति निर्देशन तथा निर्णयअनुरूप संस्थाका कार्यहरूलाई सुसम्पन्न गर्नेछन् । तदनुसार अध्यक्षका कार्यहरू यस प्रकार हुनेछन् :<br>(क) प्रदेश सरकार, अदालत र अन्य संस्था वा व्यक्तिसँगको सम्बन्धमा प्रादेशिकरूपमा संस्थाको प्रतिनिधित्व गर्ने, गराउने,<br>(ख) प्रदेश सभामा समीक्षात्मक सम्बोधन गर्ने,<br>(ग) प्रदेश सभा तथा प्रदेश कार्यसमितिद्वारा गरिएका निर्णयहरू कार्यान्वयन, रेखदेख, अनुगमन, निरीक्षण र नियन्त्रण गर्ने, गराउने,<br>(घ) कुनै संस्था, व्यक्ति र प्रदेश सरकारसँग संस्थाको हितमा सम्झौता गर्ने, गराउने,<br>(ङ) प्रदेश मातहतका निकायहरूको कामहरूको समन्वय गर्ने, साथै प्रदेश सभा तथा प्रदेश कार्यसमितिद्वारा प्रत्यायोजित सबै कामहरू गर्ने, गराउने,<br>(च) प्रदेशभित्र विपद् परेको समयमा अत्यावश्यक सङ्कटकालीन उद्धार कार्य गर्ने, आवश्यकताअनुसार | **३५. प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार :**<br>प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br><br>**(१) प्रदेश अध्यक्षको काम, कर्तव्य तथा अधिकार**<br>अध्यक्ष प्रदेश सभा र प्रदेश कार्यसमितिप्रति उत्तरदायी रहनेछन् । अध्यक्षका काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :<br>(क) प्रदेश शाखाको तर्फबाट प्रदेश र स्थानीय तहका सरकार र अन्य सङ्घ संस्थाहरूसँग समन्वय र प्रतिनिधित्व गर्ने, गराउने,<br>(ख) प्रदेश सभामा प्रदेशस्तरीय रेडक्रस गतिविधिहरूको समग्र समीक्षात्मक सम्बोधन गर्ने,<br>(ग) प्रदेश सभा तथा प्रदेश कार्यसमितिद्वारा गरिएका निर्णयहरूको कार्यान्वयनको रेखदेख, अनुगमन, निरीक्षण र नियन्त्रण गराउने,<br>(घ) कुनै व्यक्ति, संस्था वा सरकारसँग संस्थाको हितमा रणनीतिक सम्झौता गर्ने, गराउने,<br>(ङ) प्रदेशभित्रका सोसाइटीका निकायहरूका कामहरूको समन्वय गर्ने,<br>(च) प्रदेश सभा तथा प्रदेश कार्यसमितिद्वारा प्रत्यायोजित काम गर्ने, गराउने,<br>(छ) विपद्को समयमा अत्यावश्यक सहायता गर्न केन्द्रीय कार्यालयको समन्वयमा सहयोगका लागि अपिल तथा अन्य आवश्यक व्यवस्था गर्ने, गराउने,<br>(ज) प्रदेश कार्यसमितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा पदाधिकारीहरूँगको परामर्शमा सो कार्य गरी आगामी बैठकमा अनुमोदन का लागि पेश गर्ने, गराउने, | |

सहयोगका लागि प्रदेशभित्र अपिल तथा अन्य आवश्यक सबै व्यवस्था गर्ने, गराउने

(छ) प्रदेश कार्यसमितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा सोकार्य गरी आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने, गराउने ।

(ज) प्रदेशस्तरमा संस्थाको सम्पूर्ण सम्पत्तिको संरक्षण, सम्वर्द्धन, रेखदेख र नियन्त्रण गर्ने, गराउने,

(झ) यस विधानमा स्पष्ट व्यवस्था भएकोमा बाहेक कुनै प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्यहरूमा कामको **बाँडफाँड, हेरफेर, पुनर्गठन** गर्ने र निर्देशन दिने ।

(ञ) प्रदेशस्तरमा संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

(ट) केन्द्रीय सभाको महाधिवेशन र वार्षिक साधारण सभामा सहभागी भई प्रदेश कार्यसमितिको प्रतिनिधित्व गर्ने ।

**(२). प्रदेश उपाध्यक्षका काम, कर्तव्य र अधिकार :**

प्रदेश अध्यक्ष र कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपाध्यक्षका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) प्रदेश अध्यक्षका कार्यहरूमध्ये निजबाट तोकिएबमोजिमका कार्य गर्ने,

(ख) प्रदेश अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने र कुनै कारणवश अध्यक्षको पद रिक्त हुन आएमा आगामी प्रदेश अधिवेशनसम्म कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने,

(ग) प्रदेशस्तरमा संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

(झ) प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू र निर्देशकलाई तालिम, गोष्ठी, बैठक, सम्मेलनमा सहभागी हुन र भ्रमणका लागि स्वीकृति दिने,

(ञ) प्रदेश कार्यसमितिका पदाधिकारी, सदस्यहरू, विषयगत समिति र निर्देशकको कार्यको अनुगमन गर्ने, गराउने र आवश्यकताअनुसार निर्देशन दिने,

(ट) केन्द्रीय सभा र केन्द्रीय कार्यसमितिबाट प्राप्त निर्णय र निर्देशनको पालना गर्ने, गराउने,

(ठ) प्रदेश कार्यसमिति र कार्यसम्पादन समितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न अत्यावश्यक देखिएमा सो कार्य गरी प्रदेश कार्यसमितिको आगामी बैठकमा पेश गर्ने, र

(ड) प्रदेशस्तरमा संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

**(२) बरिष्ठ प्रदेश उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

प्रदेश कार्यसमिति र अध्यक्षप्रति उत्तरदायी हुने गरी वरिष्ठ उपाध्यक्षका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) अध्यक्षका कामहरूमध्ये निजवाट प्रत्यायोजित र तोकिएका कार्य गर्ने,

(ख) प्रदेश कार्यसमितिद्वारा तोकिएका कार्य गर्ने, गराउने

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने,

(घ) कारणवश अध्यक्ष पद रिक्त हुन आएमा कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने,

**(३) प्रदेश उपाध्यक्षका काम, कर्तव्य र अधिकार :**

प्रदेश कार्यसमिति र प्रदेश अध्यक्षप्रति उत्तरदायी हुने गरी उपाध्यक्षका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) अध्यक्षका कामहरूमध्ये निजवाट प्रत्यायोजित र तोकिएका कार्य गर्ने,

(ख) प्रदेश कार्यसमितिद्वारा तोकिएका कार्य गर्ने, गराउने

| | | |
|---|---|---|
| (३) **महासचिवका काम, कर्तव्य र अधिकार :**<br>प्रदेश अध्यक्ष र कार्यसमितिप्रति उत्तरदायी हुने गरी प्रदेश कार्यालयको व्यवस्थापन गर्न महासचिवका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) प्रदेश अध्यक्षको निर्देशानुसार प्रदेश कार्यसमितिको बैठक र कार्यसमितिको निर्णयानुसार प्रदेश सभा बोलाउने,<br>(ख) कार्यालयको दैनिक प्रशासनिक कार्यसञ्चालन, रेखदेख र नियन्त्रण गर्ने, निर्देशन दिने, कार्यसमितिबाट स्वीकृत कार्यक्रम वा परियोजनाका नीति-नियमअनुरूप कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने,<br>(ग) प्रदेश सभा र कार्यसमितिको बैठकको कार्यसूची तयार पार्ने, बैठकको निर्णय अभिलेखन गर्ने, सोको पुस्तिका सुरक्षित राख्ने, राख्न लगाउने र आवश्यकताअनुसार पत्राचार तथा सूचना प्रकाशन गर्ने,<br>(घ) प्रदेश कार्यसमितिका तर्फबाट सभामा कार्यसमितिको वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम निर्णयार्थ पेश गर्ने,<br>(ङ) कार्यालयको आधिकारिक प्रतिनिधिको रूपमा आवश्यक कागजात प्रमाणित गर्ने, गराउने,<br>(च) प्रदेश सभा तथा कार्यसमितिको निर्णयबमोजिम र अध्यक्षबाट प्रदत्त जिम्मेवारीअनुरूप कार्यसम्पादन गर्ने, गराउने, | (ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने,<br>(घ) कारणवश अध्यक्ष तथा बरिष्ठ उपाध्यक्ष पद रिक्त हुन आएमा कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्ने,<br>(४) **प्रदेश महासचिवको काम, कर्तव्य र अधिकार :**<br>प्रदेश कार्यसमितिप्रति उत्तरदायी हुनेगरी प्रदेश महासचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(क) प्रदेश कार्यसमितिको निर्णयअनुसार प्रदेश सभा आह्वानको सूचना प्रेषण गर्ने, कार्यसूची तयार पार्ने, निर्णय अभिलेखन गर्ने, प्रतिवेदन तयार पार्ने, र आवश्यक पत्राचार गर्ने,<br>(ख) अध्यक्षको निर्देशनानुसार प्रदेश कार्यसमितिको बैठकको कार्यसूची तयार पार्ने, बैठक बोलाउने, बैठकको निर्णय अभिलेखन गर्ने, निर्णय पुस्तिका सुरक्षित राख्न लगाउने, आवश्यकतानुसार पत्राचार र सूचना गर्ने, गराउने,<br>(ग) प्रदेश कार्यसमितिद्वारा स्वीकृत नीति तथा कार्यक्रम, वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको प्रस्तावित कार्यक्रम प्रदेश सभामा पेश गर्ने,<br>(घ) प्रदेशभित्र सोसाइटीका वैधानिक तथा कानुनी दायित्वहरूको परिपालना सुनिश्चित गर्न साङ्गठनिक निकायहरूसँग समन्वय गर्ने, गराउने,<br>(ङ) प्रदेश कार्यसमितिले तोकेबमोजिम सरकारी, गैरसरकारी निकाय, सङ्घसंस्था र व्यक्तिहरूसँग सम्झौता गर्ने, गराउने,<br>(च) प्रदेश कार्यसमितिको तर्फबाट संस्थागत विषयमा निर्देशकलाई सुझाव तथा मार्गदर्शन गर्ने, प्रदेश कार्यसमितिमा पेश गरिने विषयहरूका सम्बन्धमा सचिवालयसँगको सम्पर्क अधिकारीको रूपमा कार्य गर्ने, | |

(छ) प्रदेश अध्यक्षलाई आफ्ना नियमित कार्यसम्पादनलगायत विशेष परिस्थितिसम्बन्धमा आवश्यक जानकारी गराउने र निर्देशन लिई उपयुक्त उपायहरू अवलम्बन गर्ने ।

**(४) प्रदेश कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

प्रदेश अध्यक्ष र कार्यसमितिप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) कार्यसमितिको तर्फबाट प्रदेश सभामा कार्यसमितिको वार्षिक आर्थिक प्रतिवेदनलगायत लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको आय-व्ययको विवरण (बजेट) पेश गर्ने,

(ख) प्रदेश कार्यसमितिले निर्धारण गरेबमोजिम संस्थाको हिसाब-किताब राख्ने, राख्न लगाउने,

(ग) कार्यालयको आर्थिक व्यवस्थापनसम्बन्धी सबै विषयहरूको जिम्मेवारी लिने,

(घ) कार्यालयको आर्थिक व्यवस्थापनको अनुगमन, निरीक्षण, निर्देशन र नियन्त्रण गर्ने गराउने र

(ङ) प्रदेशस्तरका लागि आर्थिक स्रोत व्यवस्थापनसम्बन्धी अल्पकालीन र दीर्घकालीन कार्यक्रमको विकास गर्ने, गराउने ।

**(५) प्रदेश उपमहासचिवका काम, कर्तव्य र अधिकार :**

प्रदेश अध्यक्ष र कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपमहासचिवका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) प्रदेश महासचिवको अनुपस्थितिमा निजको काम गर्ने,

(ख) प्रदेश महासचिवको काममा सहयोग गर्ने, र

(छ) सोसाइटीको नीति, नियम र निर्देशिकाले तोकेका अन्य कार्यहरू गर्ने,

(ज) प्रदेश कार्यसमिति र अध्यक्षद्वारा तोकिएका कार्यहरू गर्ने, गराउने ।

**(५) कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

प्रदेश कार्यसमिति र अध्यक्षप्रति उत्तरदायी हुनेगरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रदेश कार्यसमितिको तर्फबाट प्रदेश सभामा वार्षिक आर्थिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र आगामी वर्षको अनुमानित आय-व्ययको विवरण (बजेट) पेश गर्ने,

(ख) प्रदेश शाखाको आर्थिक तथा स्रोत परिचालनको अवस्था र नीतिगत विश्लेषण प्रदेश कार्यसमितिमा जानकारी गराउने,

(ग) प्रदेश शाखाको आर्थिक गतिविधिहरूको जानकारी लिने, अनुगमन, मूल्याङ्कन गर्ने र आवश्यक सुधारको लागि प्रदेश कार्यसमितिमा सिफारिस गर्ने,

(घ) सम्पत्तिको अभिलेख, संरक्षण, परिचालनका सम्बन्धमा अध्ययन, विश्लेषण र नीतिगत सुधारका कार्य गर्ने, गराउने,

(ङ) आर्थिक विषयका सम्बन्धमा निर्देशकलाई सुझाव तथा मार्गदर्शन गर्ने,

(च) संस्थाको नीति, नियम र निर्देशिकाले तोकेका कार्यहरू गर्ने,

(छ) संस्थाको भौतिक सम्पत्तिको अवस्थाको जानकारी लिने, समीक्षा गर्ने, उचित परिचालनको लागि संयोजन गर्ने र सुधारका लागि प्रदेश कार्यसमितिमा सुझाव दिने,

(ग) प्रदेश अध्यक्षले तोकेका अन्य काम गर्ने ।

**(६) प्रदेश उप-कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

प्रदेश अध्यक्ष र प्रदेश कार्यसमितिप्रति उत्तरदायी हुने गरी प्रदेश उप-कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) प्रदेश कोषाध्यक्षको अनुपस्थितिमा निजको काम गर्ने,
(ख) प्रदेश कोषाध्यक्षको काममा सहयोग गर्ने, र
(ग) प्रदेश अध्यक्षले तोकेको अन्य काम गर्ने ।

**(७) प्रदेश कार्यसमितिका सदस्यहरूका काम, कर्तव्य र अधिकार :**

प्रदेश कार्यसमितिका सदस्यहरूका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) प्रदेश कार्यसमितिद्वारा निर्धारित जिल्ला शाखासँग नियमित सम्पर्क, रेखदेख, समन्वय र रेडक्रस ज्ञानको प्रचार-प्रसार गर्ने, गराउने,
(ख) तोकिएका सबै शाखाहरूको आवश्यकताअनुसार भ्रमण गर्ने,
(ग) सम्बन्धित जिल्लाका कार्यक्रमहरूका सम्बन्धमा सहयोग र रेखदेख पुऱ्याउने,
(घ) आफूलाई तोकिएको जिल्लामा आचार-संहिताको पालना सुनिश्चित गर्ने, गराउने, र
(ङ) कार्यसमितिले निर्धारण गरेका र अध्यक्षले निर्देशन गरेबमोजिम अन्य कार्य गर्ने,
(च) प्रदेश तहका तोकिएको विषयगत समितिमा रही कार्य गर्ने,

(ज) संस्थाको नीति, नियम र निर्देशिकाले तोकेका कार्यहरू गर्ने,

(झ) प्रदेश कार्यसमिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने

**(६) उपमहासचिवका काम, कर्तव्य र अधिकार :**

प्रदेश अध्यक्ष र कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपमहासचिवका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) महासचिवको अनुपस्थितिमा निजको काम गर्ने,
(ख) महासचिवको काममा सहयोग गर्ने,
(ग) प्रदेश शाखाका नीति, नियम, निर्देशिकाको समीक्षा गर्ने र आवश्यकताअनुसार परिमार्जनका लागि प्रदेश कार्यसमितिमा सुझाव दिने, र
(घ) अध्यक्षले तोकेका अन्य काम गर्ने ।

**(८) प्रदेश सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

प्रदेश कार्यसमिति र अध्यक्षप्रति उत्तरदायी हुनेगरी सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रदेश कार्यसमितिको बैठकमा सहभागी हुने, कार्यसूचीमा सुझाव दिने, विषयवस्तुमा छलफल गर्ने र राय दिने,
(ख) प्रदेश कार्यसमितिद्वारा निर्धारित गरेको साङ्गठनिक निकायसँग नियमित सम्पर्क, रेखदेख, विकास र विस्तारमा समन्वय गर्ने, गराउने, आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने,
(ग) आफूलाई तोकिएका साङ्गठनिक निकायहरूको सभा तथा अधिवेशनमा स्वयं वा अन्य प्रतिनिधि उपस्थित गराउन प्रयास गर्ने,

| | | |
|---|---|---|
| | (घ) सोसाइटीको विधान, आधारभूत सिद्धान्तहरू र आचार-संहिताको प्रवर्धन गर्ने,<br>(ङ) तोकिएको विषयगत समितिमा रही कार्य गर्ने,<br>(च) प्रदेश कार्यसमिति र अध्यक्षले तोकेका कार्य गर्ने, र<br>(छ) सोसाइटीको हितमा अन्य कार्य गर्ने ।<br><br>**३६. प्रदेश कार्यसम्पादन समिति**<br>(क) **गठन** : प्रदेशस्तरमा अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, उपमहासचिव र सदस्यहरूमध्ये बाट एक जना गरी सात सदस्यीय प्रदेश कार्यसम्पादन समिति रहनेछ । समितिको बैठकको कार्यविधि तोकिए बमोजिम हुनेछ ।<br>(ख) **निर्णय र अनुमोदन :** प्रदेश कार्यसमितिको बैठक नबसेको अवस्थामा तत्काल कुनै कार्य गर्न आवश्यक देखिएमा कार्यसम्पादन समितिले आवश्यक निर्णय गरी कार्य गर्न सक्नेछ । सो निर्णय आगामी प्रदेश कार्यसमितिको बैठकमा अनुमोदनका लागि पेश गरिने छ ।<br>(ग) समितिको सचिवको रूपमा निर्देशकले कार्य गर्नेछ । | |
| **२७. प्रदेश तदर्थ समितिको व्यवस्था :**<br>(१) कुनै कारणवश विधिवत् प्रदेश कार्यसमिति गठन हुन नसक्ने स्थिति भएमा केन्द्रीय कार्यसमितिले १५ (पन्ध्र) जनासम्मको प्रदेश तदर्थ समिति गठन गर्न सक्ने छ ।<br>(२) प्रदेश तदर्थ समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-<br>(क) विधानअनुसार विधिवत्‌रूपमा प्रदेश तह सञ्चालन र प्रदेश कार्यसमितिको निर्वाचन गर्न आवश्यक व्यवस्था गर्ने, | **३७. प्रदेश तदर्थ समितिको व्यवस्था :**<br>(१) कुनै कारणवश विधिवत् प्रदेश समिति गठन हुन नसक्ने स्थिति भएमा केन्द्रीय कार्यसमितिले एक तृतीयांश महिलसहित १५ (पन्ध्र) जनासम्मको प्रदेश तदर्थ समिति गठन गर्न सक्नेछ ।<br>प्रदेश तदर्थ समितिमा संयोजक, उपसंयोजक महिला, सचिव र कोषाध्यक्ष पदको जिम्मेवारीसमेत तोकिने छ ।<br>(२) प्रदेश तदर्थ समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् : | यथावत |

| | | |
|---|---|---|
| (ख) विधानअनुसार प्रदेश तहले गर्नुपर्ने अन्य कार्य गर्ने, र<br>(ग) यस्तो समितिका एक जना प्रतिनिधिले केन्द्रीय महाधिवेशन र केन्द्रीय वार्षिक साधारण सभामा पर्यवेक्षकको रूपमा भाग लिने । यस्ता प्रतिनिधिहरूले मतदान गर्न र निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।<br>(३) पहिलो पटक गठन हुने प्रदेश तदर्थ समितिका सदस्यहरू पहिलो प्रदेश अधिवेशनका स्वतः सभासद् हुनेछन्<br>(४) प्रदेश तदर्थ समितिको कार्यावधि बढीमा एक वर्षको हुनेछ । | (क) विधानअनुसार विधिवत्रूपमा प्रदेश तह सञ्चालन र प्रदेश समितिको निर्वाचनका लागि आवश्यक व्यवस्था गर्ने,<br>(ख) विधानअनुसार प्रदेश तहले गर्नुपर्ने अन्य कार्य गर्ने,<br>(ग) केन्द्रीय सभाको महाधिवेशन, वार्षिक साधारण सभामा पर्यवेक्षकको रूपमा सहभागी हुने, र<br>(घ) समितिका सदस्यहरूमध्येबाट सचिव र कोषाध्यक्षको जिम्मेवारी तोक्ने ।<br>(३) प्रदेश तदर्थ समितिको कार्यअवधि छ महिनाको हुनेछ । आवश्यक भएमा छ महिनासम्मको अवधि थप हुन सक्ने छ । | |
| | **३८. निर्देशकको काम, कर्तव्य र अधिकार :**<br>प्रदेश कार्यसमिति र महासचिवप्रति उत्तरदायी हुनेगरी प्रदेश शाखामा कार्यकारी प्रमुखका रूपमा निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) प्रदेश सभा तथा प्रदेश कार्यसमितिको बैठकको व्यवस्थापनमा सहयोग गर्ने र उपस्थित हुने । प्रदेश सभा तथा प्रदेश कार्यसमितिको बैठकका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,<br>(ख) प्रदेशभित्रका कुनै व्यक्ति, सङ्घ-संस्था वा स्थानीय सरकारसँग सोसाइटीको हितमा कार्यक्रम, परियोजना र आपसी सहकार्यका लागि समन्वय गर्ने, गराउने,<br>(ग) प्रदेश शाखा कार्यालयको दैनिक प्रशासनिक कार्यसञ्चालन, रेखदेख, निरीक्षण र नियन्त्रण गर्ने, गराउने, | निर्देशकको काम, कर्तव्य र अधिकार स्पष्ट पार्ने |

| | | |
|---|---|---|
| | (घ) प्रदेश सभा र प्रदेश कार्यसमितिबाट स्वीकृत कार्यक्रम, बजेट र परियोजना कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने,<br>(ङ) आफ्नो कार्यसम्पादन लगायत विशेष परिस्थितिका सम्बन्धमा प्रदेश अध्यक्ष, महासचिव र महानिर्देशकलाई जानकारी गराउने,<br>(च) प्रदेश कार्यालयबाट नियुक्त भएका र केन्द्रीय कार्यालयबाट प्रदेशका लागि खटाइएका कर्मचारी र कार्यक्रम स्वयंसेवकको व्यवस्थापन गर्ने,<br>(छ) प्रदेश शाखाको नीति, योजना, कार्यक्रम तथा बजेट तयार गर्न सहयोग गर्ने,<br>(ज) प्रदेश शाखाको कर्मचारी दरबन्दी सिर्जना र खारेजको लागि प्रदेश कार्यसमितिमा प्रस्ताव पेश गर्ने,<br>(झ) प्रदेश शाखाको लेखा राख्ने, लेखापरीक्षक नियुक्तिका लागि सहयोग गर्ने, लेखापरीक्षण गराउने,<br>(ञ) प्रदेशभित्र रहेका सोसाइटीको सम्पत्ति संरक्षण, आर्थिक स्रोत परिचालन गर्ने, कोष सञ्चालनमा तोकिएका आर्थिक जिम्मेवारी वहन गर्ने, गराउने, र<br>(ट) प्रदेश शाखाको आयआर्जन नीति, योजना र कार्यक्रम बनाउन कोषाध्यक्षलाई सहयोग गर्ने, तथा कार्यान्वयन गर्ने,<br>(ठ) प्रदेश शाखाले पालना गर्नु पर्ने कानुनी दायित्व पूरा गर्ने, गराउने, प्रदेशभित्रका जिल्ला शाखाहरूलाई वैधानिक र संस्थागत दायित्व पालना गर्न समन्वय र सहयोग गर्ने,<br>(ड) केन्द्रीय कार्यालय र जिल्ला शाखाहरूसँको सम्पर्क, समन्वय, प्रतिवेदन र अन्य सहयोगका लागि सहजीकरण गर्ने,<br>(ढ) प्रदेश शाखाको साङ्गठनिक विकास, आवधिक योजना र नीति निर्माणमा सहयोग गर्ने, | |

| | | |
|---|---|---|
| | (ण) प्रदेश शाखाको स्वीकृत नीति तथा कार्यक्रमको परिधिभित्र रही विपद् व्यवस्थापन र सेवा कार्य सञ्चालन गर्ने, गराउने,<br>(त) प्रदेश तथा जिल्ला शाखाहरूबाट सञ्चालन हुने कार्यक्रम तथा सेवा कार्यहरूमा समन्वय तथा सहयोग गर्ने,<br>(थ) प्रदेश सभा र प्रदेश सभाबाट गठित वैधानिक समिति, विषयगत समिति, विशेष समिति तथा कार्यदललाई तोकिएको कार्य सम्पादन गर्न सचिवालय सहयोग गर्ने, गराउने,<br>(द) प्रदेश कार्यसमिति र अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने । | |
| **परिच्छेद - ९**<br>**जिल्ला सभा**<br><br>* **२८. जिल्ला सभा गठनका लागि पूर्वाधार :**<br>जिल्लामा देहायबमोजिम उपशाखाका न्यूनतम सङ्ख्या पूरा भएपछि जिल्ला सभाको गठन हुनेछ :<br>क. दश वा सोभन्दा बढी स्थानीय तह भएका जिल्लाहरूको हकमा प्रत्येक स्थानीय तहमा न्यूनतम एक/एक उपशाखा गठन भएपश्चात्,<br>ख. दशभन्दा कम स्थानीय तह भएका तोकिएका उच्च पहाडी तथा हिमाली जिल्लाहरूको हकमा स्थानीय तहको सङ्ख्या बराबर नै उपशाखाको न्यूनतम सङ्ख्या भएपश्चात्,<br>ग. दशभन्दा कम स्थानीय तह भएका अन्य जिल्लाहरूको हकमा न्यूनतम १० (दश) वटा उपशाखा गठन भएपश्चात् जिल्ला सभाको गठन यस प्रकार हुनेछ :<br><br>* **२९. जिल्ला सभाको गठन** | **परिच्छेद-१२**<br>**जिल्ला सभा**<br><br>**३९. जिल्ला सभाको गठन :**<br>जिल्ला सभा जिल्ला तहको प्रमुख वैधानिक अङ्ग हुनेछ । जिल्ला सभाको अङ्गको रूपमा अधिवेशन र वार्षिक साधारण सभा रहनेछन् । सामान्यतया वार्षिक साधारण सभा वर्षको एक पटक र अधिवेशन हरेक चार वर्षमा बस्नेछ ।<br><br>**(१) जिल्ला सभाको अधिवेशन:**<br>जिल्ला सभाको अधिवेशनमा देहायबमोजिम सभासद्हरू रहनेछन् :<br>(क) जिल्ला कार्यसमितिका सबै पदाधिकारी र सदस्यहरू,<br>(ख) पालिका कार्यसमितिका अध्यक्षहरू,<br>(ग) उपशाखा कार्यसमितिका सभापतिहरू,<br>(घ) पालिका शाखाहरूको सङ्ख्याको आधारमा सम्बन्धित पालिका कार्यसमितिको निर्णयानुसार आफूमध्येबाट चयन भएका देहायबमोजिमका थप प्रतिनिधिहरू :<br><br>**(१) पाँच वटासम्म पालिका शाखा भएका जिल्लामा :** | यथावत<br><br><br><br><br><br><br><br><br><br>सङ्घीय संरचना |

| | | |
|---|---|---|
| जिल्ला सभाको अंङ्गको रूपमा जिल्ला सभाको अधिवेशन र वार्षिक साधारण सभा रहनेछन् :<br><br>**१. जिल्ला सभाको अधिवेशन**<br>जिल्ला सभाको अधिवेशनमा देहायबमाजिम सभासद्हरू रहनेछन् :-<br>(क) जिल्ला कार्यसमितिका सदस्यहरू,<br>(ख) प्रत्येक उपशाखाका सभापति १ (एक) जना र प्रत्येक पटक कार्यसमितिले आफूमध्येबाट छनोट गरेका चार जना गरी जम्मा ५ (पाँच) जना । तर सभापति उपस्थित हुन नसक्ने अवस्थामा वा जिल्ला कार्यसमितिको सदस्य वा मनोनीत सभासद्को हैसियतमा स्वतः उपस्थित हुने अवस्थामा सभापतिका सट्टामा उपशाखा कार्यसमितिले आफूमध्येबाट छनोट गरेका प्रतिनिधि १ (एक) जना,<br>(ग) जिल्ला कार्यसमितिको परामर्शमा विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी सभापतिद्वारा कम्तीमा १ (एक) जना महिलासहित मनोनीत जिल्ला सभासद् ५ (पाँच) जना,<br>*(घ) थप भएका नयाँ जिल्लाहरूको प्रथम अधिवेशनको हकमा मात्र पहिलो जिल्ला तदर्थ समितिका सदस्यहरू, र<br>(ङ) यशस्कर तथा विशिष्ट सदस्यहरू सदस्यता लिएपश्चात् हुने जिल्ला सभामा एक पटकको लागि पर्यवेक्षकको रूपमा रहने छन् ।<br>(२) सभापतिद्वारा मनोनीत सदस्य र *जिल्ला सभासदहरूको पदावधि जिल्ला कार्यसमितिको आगामी निर्वाचनसम्म कायम रहनेछ । | पालिका कार्यसमितिका सबै पदाधिकारी तथा सदस्यहरू,<br>**(२) छ देखि दश वटासम्म पालिका शाखा भएका जिल्लामा :**<br>प्रत्येक पटक पालिका कार्यसमितिले कम्तीमा दुई (२) जना महिलासहित आफूमध्येबाट छनोट गरेका ६/६ (छ/छ) जना प्रतिनिधिहरू ।<br>**(३) एघारदेखि पन्ध्र वटासम्म पालिका शाखा भएका जिल्लामा :**<br>प्रत्येक पटक पालिका कार्यसमितिले कम्तीमा दुई (२) जना महिलासहित आफूमध्येबाट छनोट गरेका ५/५ (पाँच/पाँच) जना प्रतिनिधिहरू ।<br>**(४) सोह्र वा सोभन्दा बढी पालिका शाखा भएका जिल्लामा**<br>प्रत्येक पटक पालिका कार्यसमितिले कम्तीमा दुई जना महिलासहित आफूमध्येबाट छनोट गरेका ४/४ (चार/चार) जना प्रतिनिधिहरू ।<br>(ङ) प्रत्येक पटक उपशाखा कार्यसमितिले आफूमध्येबाट छनोट गरेका १ (एक) महिला प्रतिनिधि,<br>(च) समावेशी सिद्धान्तअनुसार कम्तीमा २ (दुई) महिलासहित जिल्ला कार्यसमितिद्वारा मनोनित सभासद् - ५ (पाँच) जना,<br>(छ) सम्बन्धित जिल्लामा सदस्यता पञ्जीकरण भएका प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू,<br>(ज) जिल्ला युवा रेडक्रस समितिले आफूमध्येबाट छनोट गरेका कम्तीमा एक महिलासहित २ (दुई) जना प्रतिनिधिहरू, | अनुसार पालिका शाखा गठनको व्यवस्था थप भए बमोजिम जिल्ला सभाको अधिवेशनमा सोहीअनुसार प्रतिनिधित्व को व्यवस्था गर्न । |

*** २. जिल्ला वार्षिक साधारण सभा**

जिल्ला वार्षिक साधारण सभामा देहायबमोजिम सभासद्हरू रहने छन् :-

(क) जिल्ला कार्यसमितिका सदस्यहरू,

*(ख) प्रत्येक उपशाखाका सभापति १ (एक) जना र प्रत्येक वर्ष कार्यसमितिले आफूमध्येबाट छनोट गरेका २ (दुई) जना गरी जम्मा ३ (तीन) जना। तर सभापति उपस्थित हुन नसक्ने अवस्थामा वा जिल्ला कार्यसमितिको सदस्य वा मनोनीत सभासद्को हैसियतमा स्वत: उपस्थित हुने अवस्थामा * सभापतिका सट्टामा उपशाखा कार्यसमितिले आफूमध्येबाट छनोट गरेका प्रतिनिधि १ (एक) जना, र

(ग) जिल्ला कार्यसमितिको परामर्शमा विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी सभापतिद्वारा कम्तीमा १ (एक) जना महिलासहित मनोनीत जिल्ला सभासद् ५ (पाँच) जना,

(घ) यशस्कर तथा विशिष्ट सदस्यहरू सदस्यता लिएपश्चात् हुने जिल्ला सभामा एक पटकको लागि पर्यवेक्षकको रूपमा रहने छन्।

(ङ) सभापतिद्वारा मनोनीत सदस्य तथा *जिल्ला सभासदहरूको पदावधि जिल्ला कार्यसमितिको आगामी निर्वाचनसम्म कायम रहनेछ।

**(२) जिल्ला सभाको वार्षिक साधारण सभा :**

जिल्ला वार्षिक साधारण सभामा देहायबमोजिम सभासद्हरू रहने छन् :

(क) जिल्ला कार्यसमितिका सबै पदाधिकारी र सदस्यहरू,

(ख) पालिका कार्यसमितिका अध्यक्षहरू,

(ग) उपशाखा कार्यसमितिका सभापतिहरू,

(घ) पालिका शाखाहरूको सङ्ख्याको आधारमा सम्बन्धित पालिका कार्यसमितिको निर्णयानुसार आफूमध्येबाट चयन भएका देहायबमोजिमका थप प्रतिनिधिहरू :

**(१) पाँच वटासम्म पालिका शाखा भएका जिल्लामा :**

प्रत्येक पटक पालिका कार्यसमितिले कम्तीमा दुई जना महिलासहित आफूमध्येबाट छनोट गरेका ५/५ (पाँच/पाँच) जना प्रतिनिधिहरू।

**(२) छ देखि दश वटासम्म पालिका शाखा भएका जिल्लामा :**

प्रत्येक पटक पालिका कार्यसमितिले कम्तीमा दुई (२) जना महिलासहित आफूमध्येबाट छनोट गरेका ४/४ (चार/चार) जना प्रतिनिधिहरू।

**(३) एघारदेखि पन्ध्र वटासम्म पालिका शाखा भएका जिल्लामा :**

प्रत्येक पटक पालिका कार्यसमितिले कम्तीमा एक (१) जना महिलासहित आफूमध्येबाट छनोट गरेका ३/३ (तीन/तीन) जना प्रतिनिधिहरू।

**(४) सोह्र वा सोभन्दा बढी पालिका शाखा भएका जिल्लामा**

प्रत्येक पटक पालिका कार्यसमितिले १ (एक) जना महिलासहित आफूमध्येबाट छनोट गरेका २/२ (दुई/दुई) जना प्रतिनिधिहरू।

| | | |
|---|---|---|
| | (ङ) समावेशी सिद्धान्तअनुसार कम्तिमा दुई महिला सहित जिल्ला कार्यसमितिद्वारा मनोनित सभासद् - ५ (पाँच) जना,<br>(च) सम्बन्धित जिल्लामा सदस्यता पञ्जीकरण भएका प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू,<br>(छ) जिल्ला युवा रेडक्रस समितिले आफूमध्येबाट छनोट गरेका कम्तीमा एक महिलासहित २ (दुई) जना प्रतिनिधिहरू,<br>(ज) जिल्लाभित्रका जुनियर तथा युवा रेडक्रस सर्कलमध्ये फरक सर्कलबाट जिल्ला समितिले छनोट गरेका एक जना शिक्षकनायक र एक जना संरक्षक गरी- २ (दुई) जना पर्यवेक्षक, र | |
| *** ३०. जिल्ला सभाको आह्वान :**<br>* (१) जिल्ला कार्यसमितिले कार्यसूचीसहित २१(एक्काईस) दिन अगावै सम्बन्धित जिल्ला सभाका सभासद्हरूलाई अधिवेशन वा वार्षिक साधारण सभा हुने स्थान र मितिको लिखित सूचना दिई वर्षको एक पटक जिल्ला वार्षिक साधारण सभा र २/२ (दुई/दुई) वर्षमा अधिवेशन बोलाउनुपर्नेछ । यसरी पठाउनुपर्ने सूचना उपशाखाबाट आउने सभासद्हरूका लागि सम्बन्धित उपशाखा कार्यालयमा पठाइनेछ ।<br>(२) जिल्ला कार्यसमितिको आह्वानमा वा जिल्ला सभाका एक-तृतीयांश सदस्यले मुनासिब कारण देखाई अधिवेशन वा वार्षिक साधारण सभाको माग गरेमा सोको १५(पन्ध्र) दिनभित्र जिल्ला सभाको विशेष अधिवेशन/साधारण सभा सात दिनको लिखित सूचना दिई बोलाउनुपर्नेछ । | ४०. **जिल्ला सभाको अधिवेशन र वार्षिक साधारण सभाको आह्वान :**<br>(१) जिल्ला सभाको अधिवेशन साधारणतया हरेक ४ (चार) वर्षमा जिल्ला कार्यसमितिले तोकेको समय र स्थानमा हुनेछ । तर, आवश्यकतानुसार जिल्ला कार्यसमितिको आह्वानमा वा दफा ३९ (१) को (क) (ख) (ग) र (च) बमोजिमका सभासद्मध्ये कम्तीमा ५१ प्रतिशतले लिखित समावेदन गरेमा सभापतिले ३५ (पैतीस) दिनभित्र विशेष महाधिवेशन बोलाउनु पर्नेछ ।<br>(२) वार्षिक साधारण सभा प्रत्येक वर्ष जिल्ला कार्यसमिति ले तोकेको समय र स्थानमा हुनेछ । तर, जिल्ला समितिले आवश्यकता महसुस गरेमा वर्षमा एकभन्दा बढी पटक पनि आह्वान गर्न सक्नेछ ।<br>(३) जिल्ला सभाको अधिवेशन तथा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा १५ (पन्ध्र) दिनअगावै जिल्ला जिल्ला समितिले अधिवेशन/वार्षिक साधारण सभाको मिति, स्थान | यथावत |

| | | |
|---|---|---|
| | र कार्यसूचीसहितको लिखित सूचना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, आगामी आर्थिक वर्षको प्रस्तावित कार्यक्रम तथा बजेट, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदनसहित अन्य आवश्यक कागजात सबै सभासद्हरूलाई पठाउनुपर्ने छ । यस्तो सूचना र प्रतिवेदन विद्युतीय माध्यमबाट पनि पठाउन सकिने छ । यसरी पठाउनुपर्ने सूचना एवं प्रतिवेदनहरू सबै सभासद्हरूको लागि सम्बन्धित पालिका शाखाको कार्यालय वा व्यक्तिगत विद्युतीय ठेगानामा पठाइने छ । तर, विशेष अधिवेशन/साधारण सभाको लागि ७ (सात) दिनअगावै कार्यसूचीसहित लिखित सूचना दिइने छ । | |
| * ३१. **जिल्ला सभाको अधिवेशनका काम, कर्तव्य र अधिकार :**<br>१. **जिल्ला सभाको अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-**<br>(क) जिल्ला सभाको अधिवेशनको कार्यसूची स्वीकृत गर्ने र कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने,<br>(ख) जिल्ला कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखा परीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,<br>(ग) जिल्ला शाखाको वृहत्तर नीति निर्माण तथा दिशानिर्देश गर्ने, प्रस्तावहरू पारित गर्ने र कार्यान्वयनका लागि जिल्ला कार्यसमितिलाई निर्देशन दिने,<br>*(घ) सभासद्हरूमध्येबाट सभापति १ (एक) जना, महिला उपसभापति १ (एक) जना, उपसभापति १ (एक) जना, मन्त्री १ (एक) जना, कोषाध्यक्ष १ (एक) जना, उपमन्त्री १ (एक) जना, उपकोषाध्यक्ष १ (एक) जना र कम्तीमा | ४१. **जिल्ला सभाको अधिवेशन तथा वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार**<br>(१) **जिल्ला सभाको अधिवेशन काम, कर्तव्य र अधिकार :**<br>जिल्ला सभाको अधिवेशनका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(क) जिल्ला शाखाको लागि आवश्यक नीति तथा निर्देशिका स्वीकृत गर्ने,<br>(ख) जिल्ला कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,<br>(ग) जिल्लामा गठित समितिहरूका प्रतिवेदनउपर अवश्यकतानुसार छलफल र निर्णय गर्ने,<br>(घ) जिल्ला कार्यसमितिको निर्वाचन गर्ने,<br>(ङ) आवश्यकतानुसार विषयगत, विशेष र अन्य समिति गठन गर्ने, | यथावत |

| | | |
|---|---|---|
| ३ (तीन ) जना महिलासहित १० (दश) जना सदस्य गरी जम्मा १७ (सत्र) जनाको निर्वाचन गर्ने,<br>(ङ) आवश्यकताअनुसार समिति, उपसमिति र आयोगहरू गठन गर्ने, गराउने,<br>(च) जिल्लामा रेडक्रस सिद्धान्तको सार्वजनिकरूपमा व्यापक प्रचार–प्रसार गर्ने, गराउने र<br>(छ) जिल्लामा रेडक्रस आचार-संहिताको पालना सुनिश्चित गर्ने, गराउने ।<br><br>*** २. जिल्ला वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार :**<br>जिल्ला वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-<br>(क) जिल्ला वार्षिक साधारण सभाको कार्यसूची स्वीकृत गर्ने र कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने,<br>(ख) जिल्ला कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,<br>(ग) जिल्ला शाखाको बृहत्तर नीति निर्माण तथा दिशानिर्देश गर्ने, प्रस्तावहरू पारित गर्ने र कार्यान्वयनका लागि जिल्ला कार्यसमितिलाई निर्देशन दिने,<br>(घ) आवश्यकताअनुसार समिति, उपसमिति र आयोगहरू गठन गर्ने, गराउने,<br>(ङ) जिल्लामा रेडक्रस सिद्धान्तको सार्वजनिकरूपमा व्यापक प्रचार–प्रसार गर्ने, गराउने र<br>(च) जिल्लामा रेडक्रस आचार-संहिताको पालना सुनिश्चित गर्ने, गराउने | (च) जिल्ला सभा सञ्चालनसम्बन्धी कार्यविधि र कार्यसूची स्वीकृत गर्ने,<br>(छ) संस्थाको हितमा अन्य निर्णय गर्ने ।<br><br>**२. जिल्ला वार्षिक साधारण सभा काम, कर्तव्य र अधिकार :**<br>जिल्लाको वार्षिक साधारण सभाका काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछ :<br>(क) जिल्ला शाखाको लागि आवश्यक नीति तथा निर्देशिका स्वीकृत गर्ने<br>(ख) जिल्ला कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय ( बजेट) स्वीकृत गर्ने,<br>(ग) जिल्लामा गठित समितिहरूका प्रतिवेदनउपर अवश्यकतानुसार छलफल र निर्णय गर्ने,<br>(घ) जिल्ला सभा सञ्चालनसम्बन्धी कार्यविधि र कार्यसूची स्वीकृत गर्ने, र<br>(ङ) संस्थाको हितमा अन्य निर्णय गर्ने । | |

| | | |
|---|---|---|
| **परिच्छेद - १०**<br>**जिल्ला कार्यसमिति**<br><br>*** ३२. गठन र अन्य व्यवस्था :**<br>(१) जिल्ला शाखाको नीति निर्माण तथा कार्य सञ्चालनको रेखदेखका लागि सभापतिलगायत सामान्यतया २० (बीस) जनाको एक कार्यसमिति रहनेछ । यस अतिरिक्त उपदफा (३) (ङ) अनुसार केन्द्रीय कार्यसमिति तथा प्रदेश कार्यसमितिका सदस्यहरूसमेत कार्यसमितिमा रहनेछन् ।<br><br>जिल्ला सभाको अधिवेशनबाट निर्वाचित:<br>(क) सभापति - १ (एक) जना<br>(ख) महिला उपसभापति - १ (एक) जना<br>(ग) उपसभापति - १ (एक) जना<br>(घ) मन्त्री - १ (एक) जना<br>(ङ) कोषाध्यक्ष - १ (एक) जना<br>(च) उपमन्त्री - १ (एक) जना<br>(छ) उपकोषाध्यक्ष - १ (एक) जना<br>(ज) महिला सदस्य - ३ (तीन) जना<br>(झ) सदस्यहरू - ७ (सात) जना<br>अन्य सदस्यहरू:<br>(ञ) तत्काल निवृत्त सभापति पदेन सदस्य - १ (एक) जना<br>(ट) जिल्ला समन्वय समितिका प्रतिनिधि - १ (एक) जना,<br>(ठ) नेपाल सरकार जिल्ला प्रशासन कार्यालयको अधिकृत स्तरको प्रतिनिधि - १ (एक) जना | **परिच्छेद-१३**<br>**जिल्ला समिति**<br><br>**४२. जिल्ला कार्यसमितिको गठन र अन्य व्यवस्था :**<br>(१) जिल्ला शाखाका गतिविधिहरूको सञ्चालन, समन्वय र रेखदेखका लागि जिल्ला सभाप्रति जवाफदेही हुने गरी १५जना निर्वाचितसहित २१ सदस्यीय जिल्ला कार्यसमिति को गठन हुनेछ :<br>**निर्वाचन हुने :**<br>(क) सभापति - १ जना<br>(ख) बरिष्ठ उपसभापति - १ जना<br>(ख) उपसभापति महिला - १ जना<br>(ग) मन्त्री - १ जना<br>(घ) कोषाध्यक्ष - १ जना<br>(ङ) उपमन्त्री - १ जना<br>(छ) खुला सदस्य - ५ जना<br>(ज) महिला सदस्य - ४ जना<br>**अन्य**<br>(झ) तत्काल निवृत्त सभापति - १ जना<br>(ञ) जिल्ला युवा रेडक्रस समितिको अध्यक्ष र उपाध्यक्ष - २ जना<br>(ट) जिल्ला कार्यसमितिले मनोनित कम्तीमा १ (एक) महिलासहित - २ जना<br>(ठ) जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि - १ जना,<br>(२) सम्बन्धित जिल्लामा सदस्यता पञ्जीकरण भएका केन्द्रीय र प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्यहलाई जिल्ला कार्यसमितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । | जिल्ला कार्यसमिति मा समावेशी सिद्धान्त अनुसार निर्वाचित हुने पदाधिकारी र सदस्यहरूको व्यवस्था सुनिश्चित गर्न |

| | | |
|---|---|---|
| (ङ) सम्बन्धित जिल्लामा सदस्य रहेका केन्द्रीय सदस्य/प्रदेश सदस्य पदेन सदस्य - २ (दुई) जना ।<br><br>(२) जिल्ला कार्यसमितिको कार्यावधि दफा ५१ बमोजिम २ (दुई) वर्षको हुनेछ । सदस्यहरूको पदावधि कार्यसमितिको आगामी निर्वाचनसम्म रहने छ । कुनै कारणवश कार्यावधि समाप्त हुनुभन्दा अगावै निर्वाचन भएमा पूर्व कार्यसमितिको कार्यावधि सिद्धिएको मानिनेछ ।<br><br>(३) जिल्ला कार्यसमिति जिल्ला सभाप्रति उत्तरदायी हुनेछ<br><br>(४) सभापतिको निर्देशानुसार मन्त्रीले जिल्ला कार्यसमितिको बैठक साधारणतया २ (दुई) महिनामा एक पटक बोलाउनेछ। बैठक बोलाउने सूचना सबै सदस्यहरूलाई विशेष बैठकबाहेक १० (दश) दिनअगावै लिखित रूपमा दिनुपर्नेछ ।<br><br>(५) सभापतिले नबोलाएमा उप-सभापतिले, उपसभापतिले पनि नबोलाएमा कार्यसमितिका एक-तृतीयांश सदस्यको आग्रहमा बैठक बोलाइनेछ ।<br><br>(६) कुनै पनि सदस्य मुनासिब कारणविना लगातार तीन पटक बैठकमा अनुपस्थित भएमा जिल्ला कार्यसमितिले त्यस्ता व्यक्तिलाई जिल्ला कार्यसमितिको सदस्यबाट हटाउन सक्नेछ । | (३) जिल्ला कार्यसमितिका कुनै पदाधिकारी वा सदस्यले सचिवालयमा लिखित सूचना नदिई लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा पद मुक्त हुने छ ।<br><br>**४३. जिल्ला कार्यसमितिको बैठक :**<br>(१)सभापतिको निर्देशानुसार साधारणतया २ (दुई) महिना भन्दा बढी अवधिको फरक नपर्ने गरी जिल्ला कार्यसमितिको बैठक बस्नेछ। यस्तो बैठकको सूचना साधारणतया १० (दश) दिन अगाडि पठाउनु पर्ने छ। विशेष बैठक ५ दिन अगाडि सूचना दिएर बस्न सक्ने छ । तर, आकस्मिक बैठक २४ घण्टा अगाडि सूचना दिएर जहिलेसुकै पनि बस्न सक्ने छ। जिल्ला कार्यसमितिको बैठक स्वयं उपस्थितिमा बस्ने छ । विशेष बैठक र आकस्मिक बैठक विद्युतीय माध्यमबाटसमेत हुने सक्नेछ ।<br><br>(२) तीन (३) महिनासम्म पनि बैठक नबसेमा वरिष्ठ उपसभापतिको निर्देशानुसार मन्त्रीले अर्को महिनाभित्र बैठक बोलाउने छ ।<br><br>(३) उपदफा (२) बमोजिम बैठक नबोलाएमा जिल्ला कार्यसमितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा बैठक बस्ने छ । बैठकको सूचना मन्त्री वा कार्यालय प्रमुखले गर्ने छ ।<br><br>(४) जिल्ला कार्यकार्यसमितिको बैठकसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ । | |
| ३३. **जिल्ला कार्यसमितिका काम, कर्तव्य र अधिकार :**<br>जिल्ला सभाको निर्देशनको अधीनमा रही जिल्ला कार्यसमितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :- | **४४. जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार :**<br>जिल्ला सभाको अधीनमा रही जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br><br>(क) जिल्लाको नीति, योजना, कार्यक्रम तथा बजेट तयार गरी जिल्ला सभासमक्ष निर्णयार्थ पेश गर्ने, | यथावत |

| | | |
|---|---|---|
| (क) जिल्ला सभामा वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, आगामी वर्षको कार्यक्रम, लेखापरीक्षणको प्रतिवेदन र आय-व्ययको अनुमान (बजेट) निर्णयार्थ पेश गर्ने,<br>(ख) केन्द्रीय सभा, केन्द्रीय कार्यसमिति, *प्रदेश सभा र प्रदेश कार्यसमितिबाट प्रतिपादित नीति, निर्देशनको पालना गर्ने,<br>(ग) जिल्लामा रेडक्रसका सिद्धान्तअनुरूप कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,<br>(घ) जिल्ला सभाद्वारा दिइएका निर्देशन पालन गर्ने र जिल्ला शाखाका अनिवार्य दायित्वहरू पूरा गर्ने, गराउने<br>(ङ) केन्द्रीय र *प्रदेश कार्यालयमा नियमित सम्पर्क गर्ने र त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन पठाउने,<br>(च) कुनै राष्ट्रिय, अन्तर्राष्ट्रिय वा सरकारी निकाय/नियोगको सहयोगमा सञ्चालित कार्यक्रम/परियोजना भएमा केन्द्र र *प्रदेशलाई आवधिक प्रतिवेदन पठाउने,<br>(छ) जिल्लामा सङ्गठन तथा जुनियर/युवा रेडक्रससम्बन्धी कार्य, उपशाखा क्षेत्र निर्धारण एवं गठन, मूल्याङ्कन तथा आवश्यकताअनुसार निलम्बन र विघटन गर्ने,<br>(ज) आवश्यकताअनुसार समिति, उपसमितिको गठन गरी कार्यक्षेत्र निर्धारण तथा कुनै निकाय वा व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने,<br>(झ) चल-अचल सम्पत्ति खरीद गर्ने र अन्य कुनै किसिमसँग हक छोडाई लिने । तर अचल सम्पत्ति बिक्री गर्नुपरेमा वा हक छाडी दिनुपरेमा *केन्द्रीय कार्यसमितिको पूर्व-स्वीकृति लिई मात्र गर्ने, | (ख) जिल्ला सभाद्वारा पारित योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,<br>(ग) आवश्यक कर्मचारीहरूको दरवन्दी सिर्जना र खारेज गर्ने,<br>(घ) सम्पतिको खरिद, प्राप्ति, उपभोग, संरक्षण, परिचालन गर्ने, गराउने । तर, अचल सम्पत्ति बिक्री गर्नु परेमा वा हक छाडी दिनुपरेमा प्रदेश समितिको सिफारिसमा केन्द्रीय समितिको स्वीकृति लिई गर्ने<br>(ङ) जिल्लास्तरमा सरकारी, गैरसरकारी, साझेदार र दातृ निकायहरूसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,<br>(च) जिल्ला कार्यसमिति र पालिका शाखाहरूको आय व्यय दुरूस्त राख्न लगाउने र वार्षिक लेखापरीक्षण प्रतिवेदन जिल्ला सभामा पेश गर्ने, पारित लेखापरीक्षण प्रतिवेदन प्रदेश र केन्द्रीय कार्यालयमा पठाउने,<br>(छ) केन्द्र र प्रदेशको नीति नियमसँग नबाझिने गरी जिल्ला शाखाको लागि आवश्यक नियम तथा निर्देशिकाहरू बनाई कार्यान्वयन गर्ने, गराउने,<br>(ज) जिल्ला कार्यसमितिअन्तर्गत विषयगत समिति गठन, कार्यक्षेत्र निर्धारण र अधिकार प्रत्यायोजन गर्ने,<br>(झ) संस्थाको उद्देश्यअनुरूप कुनै कार्यक्रम वा परियोजना को कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,<br>(ञ) सभा तथा बैठकमा प्रतिनिधि वा प्रतिनिधि मण्डल पठाउने, आमन्त्रण गर्ने,<br>(ट) जिल्लास्तरमा लेखा, लेखापरीक्षण तथा आर्थिक अनुशासनलगायत समष्टिगत आर्थिक समन्वय, रेखदेख तथा जवाफदेहिता सुनिश्चित गर्ने, गराउन<br>(ठ) सम्पत्ति संरक्षण, स्रोतको सदुपयोग र सेवाप्रवाहमा एकरूपता सुनिश्चित गर्ने, गराउने,<br>(ड) जिल्ला शाखाका गतिविधिहरूको आवधिक समीक्षा गर्ने, | |

| | | |
|---|---|---|
| (ञ) कुनै स्वदेशी संस्था/निकाय वा व्यक्तिसँग प्रचलित कानुनबमोजिम सम्झौता गर्ने, गराउने,<br>(ट) प्रत्येक आर्थिक वर्षमा तोकिएबमोजिमको वार्षिक शुल्क अग्रिम रूपमा केन्द्रीय कार्यालयलाई बुझाउने,<br>*(ठ साधारण, आजीवन तथा संस्थागत सदस्यता प्रदान गर्ने साथै विशिष्ट, यशस्कर, सदस्यता प्रदान गर्न प्रदेश कार्यसमितिलाई सिफारिस गर्ने र मानार्थ सदस्यता प्रदान गर्न केन्द्रलाई सिफारिस गर्ने,<br>*(ड) कुनै कारणवश सभापति पद रिक्त हुन गएमा उपसभापतिहरूमध्येबाट कार्यवाहक सभापति मनोनयन गर्ने र १ (एक) वर्षभन्दा बढी कार्यावधि बाँकी रहेको अवस्थामा विशेष अधिवेशन आह्वान गरी बाँकी अवधिको लागि सभापति पदको निर्वाचन गराई पदपूर्ति गर्ने,<br>(ढ) कुनै कारणवश जिल्ला कार्यसमितिको कुनै सदस्य पद रिक्त भएमा जिल्ला सभासद्मध्येबाट बाँकी अवधिको लागि मनोनयन गरी पदपूर्ति गर्ने,<br>(ण) आवश्यकताअनुसार कर्मचारीको दरबन्दी सृजना, नियुक्ति र खारेज आदि व्यवस्था गर्ने, गराउने र<br>(त) लेखापरीक्षक नियुक्ति गर्ने,<br>(थ) आवश्यकताअनुसार सल्लाहकार नियुक्ति गर्ने,<br>(द) यस विधानमा व्यवस्था भएबमोजिम आवश्यक अन्य कार्य गर्ने, गराउने<br>* (ध) आवश्यकताअनुसार स्थानीय तहमा उपशाखा समन्वय समिति गठन गर्न सक्नेछ ।<br>(न) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने | (ढ) जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू लाई आवश्यकताअनुसार भौगोलिक क्षेत्र वा पालिका शाखाहरूको समन्वयको जिम्मेवारी दिने,<br>(ण) स्थानीय तहमा पालिका शाखा गठन र सुदृढीकरणका लागि सहजीकरण गर्ने,<br>(त) जिल्ला शाखा र पालिका शाखाहरूको लेखापरीक्षण गराउने,<br>(थ) आवश्यक भएमा प्रमुख व्यवस्थापको छनौट, नियुक्ति र पदमुक्ति सहितका आधार तथा विधि तयार गरी लागू गर्ने,<br>(द) माथिल्ला साङ्गठनिक निकायहरूबाट स्वीकृत नीति, नियम र निर्णयहरू पालना गर्ने,<br>(ध) अभियानका आधारभूत सिद्धान्तहरूको पालना र चिह्नको सम्मान सुनिश्चित गर्ने तथा सोसाइटीको सत्यनिष्ठा (integrity) को संरक्षण गर्ने, गराउने,<br>(न) जिल्लास्तरका सरकारी निकाय तथा सरोकारवाला हरूसँग सम्पर्क, समन्वय र सहयोग गर्ने, गराउने, र<br>(प) संस्थाको हितको लागि आवश्यक अन्य कार्य गर्ने, गराउने | |

| | | |
|---|---|---|
| | **४५. जिल्ला कार्यसमितिको बैठक :**<br>(१) सभापतिको निर्देशानुसार साधारणतया २ (दुई) महिना भन्दा बढी अवधिको फरक नपर्ने गरी जिल्ला कार्यसमितिको बैठक बस्ने छ । यस्तो बैठकको सूचना कम्तीमा १० (दश) दिनअगाडि पठाउनु पर्नेछ । तर, आकस्मिक बैठक जहिलेसुकै पनि बस्न सक्नेछ । बैठक स्वयं उपस्थिति वा विद्युतीय माध्यमबाट हुन सक्ने छ ।<br>(२) उपदफा (१) बमोजिम बैठक नबसेमा उपसापतिले बैठक बोलाउने छ ।<br>(३) उपदफा (२) बमोजिम बैठक नबोलाएमा जिल्ला कार्यसमितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा १० (दश) दिनभित्र मन्त्रीले बैठक बोलाउने छ । | दफाहरूको शीर्षक र क्रम मिलाउन यस दफामा राखिएको |
| **३४. पदाधिकारीहरूका काम, कर्तव्य र अधिकार :**<br>(१) **सभापतिका काम, कर्तव्य र अधिकार :-**<br>जिल्ला सभा र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी सभापतिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) जिल्ला सभा र जिल्ला कार्यसमितिद्वारा दिइएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,<br>(ख) केन्द्रीय कार्यसमितिद्वारा दिइएका निर्देशन पालन गर्ने, गराउने,<br>(ग) आफ्नो शाखाको सम्पत्तिको जिम्मा लिने, रेखदेख र नियन्त्रण गर्ने, गराउने,<br>(घ) विधानमा तोकिएबमोजिम बाहेक आवश्यकतानुसार पदाधिकारी तथा | **४६. जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार :**<br>जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:<br>(१) **सभापतिको काम, कर्तव्य तथा अधिकार :**<br>जिल्ला सभा र जिल्ला कार्यसमिति प्रति उत्तरदायी गरी सभापतिका काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :<br>(क) जिल्ला कार्यसमितिको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने,<br>(ख) जिल्ला सभामा जिल्ला कार्यसमितिको तर्फबाट समीक्षात्मक सम्वोधन गर्ने,<br>(ग) जिल्ला सभा तथा जिल्ला कार्यसमितिद्वारा गरिएका निर्णयहरूको कार्यान्वयनको रेखदेख, अनुगमन, निरीक्षण र नियन्त्रण गर्ने, गराउने, | यथावत |

सदस्यहरूलाई कामको बाँडफाँड, हेरफेर, पुनर्गठन गर्ने तथा निर्देशन दिने ।

(ङ) कुनै कारणवश सभापतिबाहेक कुनै पदाधिकारीको पद रिक्त भएमा बाँकी अवधिका लागि कार्यसमितिको परामर्श लिई समितिका सदस्यहरूमध्येबाट मनोनयन गरी पदपूर्ति गर्ने,

(च) देशभित्रका कुनै व्यक्ति, संस्था वा सरकारी निकायसँग संस्थाको हितमा सम्झौता गरी सोको कार्यान्वयन गर्ने, गराउने र

(छ) जिल्ला कार्यसमितिको बैठक नबसेको अवस्थामा जिल्लामा रेडक्रससम्बन्धी कुनै काम गर्न आवश्यक भएमा सो काम गरी जिल्ला कार्यसमितिको आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने ।

(ज) केन्द्रीय सभामा उपस्थित भई जिल्ला शाखाको प्रतिनिधित्व गर्ने ।

**(२) उपसभापतिका काम, कर्तव्य र अधिकार :-**

सभापति र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपसभापतिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) सभापतिका कार्यहरूमध्ये निजबाट तोकिएका कार्य गर्ने,

(ख) सभापतिको अनुपस्थितिमा निजले तोकेको उपसभापतिले सभापतिको काम गर्ने र कुनै कारणवश सभापतिको पद रिक्त हुन गएमा

(घ) कुनै व्यक्ति, संस्था वा सरकारसँग संस्थाको हितमा सम्झौता गर्ने, गराउने,

(ङ) जिल्लाभित्रका संस्थाका विभिन्न अङ्गका कामहरूको समन्वय गर्ने, साथै जिल्ला सभा तथा जिल्ला समितिद्वारा प्रत्यायोजित सबै कामहरू गर्ने, गराउने,

(च) जिल्लामा विपद् परेको समयमा अत्यावश्यक सङ्कटकालीन उद्धार कार्य गर्न रेडक्रसका सिद्धान्तबमोजिम सहयोगका लागि अपिल तथा अन्य आवश्यक सबै व्यवस्था गर्ने, गराउने,

(छ) जिल्ला कार्यसमितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा सो कार्य गरी आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने, गराउने,

(ज) जिल्ला कार्यसमितिका पदाधिकारी, सदस्यहरूलाई तालिम, गोष्ठी, बैठक, सम्मेलनहरूमा पठाउन स्वीकृति दिने, र

(झ) संस्थाको हितमा आवश्यक अन्य कार्य गर्ने, गराउने

(ञ) जिल्ला कार्यसमितिको परामर्शमा कम्तीमा १ (एक) जना महिलासहित २(दुई) जनालाई जिल्ला कार्यसमितिको सदस्यमा मनोनयन गर्ने,

**(२) बरिष्ठ उपसभापतिको काम, कर्तव्य र अधिकार :**

जिल्ला कार्यसमिति र सभापतिप्रति उत्तरदायी हुने गरी वरिष्ठ उपसभापतिका काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सभापतिका कामहरूमध्ये निजबाट प्रत्यायोजित र तोकिएका कार्य गर्ने,

(ख) जिल्ला कार्यसमितिद्वारा तोकिएका कार्य गर्ने, गराउने

(ग) सभापतिको अनुपस्थितिमा सभापतिको काम गर्ने,

(घ) कारणवश सभापति पद रिक्त हुन आएमा कार्यवाहक सभापतिको रूपमा कार्य गर्ने,

जिल्ला कार्यसमितिले मनोनयन गरेको उपसभापतिले आगामी अधिवेशनमा सो पदका लागि हुने निर्वाचनसम्म कार्यवाहक सभापतिको रूपमा काम गर्ने र

(ग) संस्थाको हितसम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

**(३) मन्त्रीका काम, कर्तव्य र अधिकार :-**

सभापति र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी जिल्ला शाखाको व्यवस्थापन गर्न मन्त्रीका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) सभापतिको निर्देशानुसार जिल्ला कार्यसमितिको बैठक र जिल्ला कार्यसमितिको निर्णयानुसार जिल्ला सभाको अधिवेशन बोलाउने,

(ख) जिल्ला शाखा कार्यालयको दैनिक प्रशासन हेर्ने, रेखदेख र नियन्त्रण गर्ने, कार्यक्रम तथा परियोजनाको कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने र

(ग) जिल्ला सभा तथा जिल्ला कार्यसमितिको बैठकको कार्यसूची तयार पार्ने, निर्णय अभिलेखन गर्ने, सुरक्षित राख्ने, राख्न लगाउने र आवश्यकतानुसार पत्राचार तथा सूचना प्रकाशन गर्ने,

(घ) जिल्ला कार्यसमितिको तर्फबाट जिल्ला सभामा जिल्ला कार्यसमितिको वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम निर्णयार्थ पेश गर्ने,

**(३) उपसभापतिका काम, कर्तव्य र अधिकार :**

सभापति र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपसभापतिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सभापतिका कार्यहरूमध्ये निजबाट प्रत्यायोजित र तोकिएका कार्य गर्ने,

(ख) सभापतिको अनुपस्थितिमा जिल्ला कार्यसमितिको बैठकको अध्यक्षता गर्ने,

(ग) कुनै कारणले सभापति, बरिष्ठ उपसभापति पद रिक्त भएमा सो पदको निर्वाचन नभएसम्म कार्यवाहक सभापतिको रुपमा कार्य गर्ने, र

(घ) संस्थाको हितमा आवश्यक अन्य कार्य गर्ने, गराउने

**(४) मन्त्रीको काम, कर्तव्य र अधिकार :**

सभापति र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुनेगरी मन्त्रीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) जिल्ला कार्यसमितिको निर्णयअनुसार जिल्ला सभा को अधिवेशन र वार्षिक साधारण सभा बोलाउने,

(ख) जिल्ला कार्यसमितिको निर्णयअनुसार जिल्ला सभा र सभापतिको निर्देशानुसार जिल्ला कार्यसमितिको बैठकको कार्यसूची तयार पार्ने, बैठकको निर्णय पुस्तिका राख्ने र राख्न लगाउने र आवश्यकता अनुसार पत्राचार तथा सूचना प्रकाशन गर्ने, गराउने,

(घ) सभापतिको निर्देशानुसार जिल्ला कार्यसमितिको बैठकको कार्यसूची तयार गर्ने, बैठक बोलाउने, निर्णय अभिलेखन र प्रेषित गर्ने,

(ङ) जिल्ला कार्यसमितिको तर्फबाट जिल्ला सभाको अधिवेवशन र वार्षिक साधारण सभामा वार्षिक प्रगति

| | | |
|---|---|---|
| (ङ) जिल्ला सभा एवं जिल्ला कार्यसमितिको बैठकको निर्णयबमोजिम र सभापतिबाट प्रदत्त जिम्मेवारी अनुरूप कार्यसम्पादन गर्ने, गराउने,<br>(च) जिल्ला सभाद्वारा पारित बजेट, वार्षिक प्रगति प्रतिवेदन तथा लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम केन्द्रीय कार्यसमितिमा पठाउने,<br>(छ) जिल्ला शाखा कार्यालयको आधिकारिक प्रतिनिधिको रूपमा आवश्यक कागजातहरू प्रमाणित गर्ने, गराउने र<br>(ज) सभापतिलाई आफ्ना नियमित कार्यसम्पादन लगायत विशेष परिस्थितिका सम्बन्धमा आवश्यक जानकारी गराउने र निर्देशन लिई उपयुक्त उपायहरू अवलम्बन गर्ने ।<br>**(४) कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :-**<br>सभापति र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) जिल्ला कार्यसमितिका तर्फबाट जिल्ला सभामा शाखाको वार्षिक आर्थिक प्रतिवेदनलगायत लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको प्रस्तावित आय-व्ययको विवरण (बजेट) पेश गर्ने,<br>(ख) जिल्ला कार्यसमितिले निर्धारण गरेबमोजिम शाखाको हिसाब-किताब राख्ने, राख्न लगाउने, | प्रतिवेदन र आगामी वर्षको लागि प्रस्तावित कार्यक्रम पेश गर्ने,<br>(च) जिल्ला कार्यसमितिका बैठकका निर्णयहरूको कार्यान्वयन र अनुगमन गर्ने, गराउने,<br>(छ) जिल्ला कार्यसमिति र सभापतिद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।<br>(ज) जिल्ला शाखा कार्यालयको दैनिक प्रशासन हेर्ने, रेखदेख र नियन्त्रण गर्ने, कार्यक्रम तथा परियोजनाको कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने र<br>(झ) जिल्ला सभा एवं जिल्ला कार्यसमितिको बैठकको निर्णयबमोजिम र सभापतिबाट प्रदत्त जिम्मेवारी अनुरूप कार्यसम्पादन गर्ने, गराउने,<br>(ञ) जिल्ला सभाद्वारा पारित बजेट, वार्षिक प्रगति प्रतिवेदन तथा लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम प्रदेश र केन्द्रीय कार्यालयमा पठाउने,<br>(ट) जिल्ला शाखा कार्यालयको आधिकारिक प्रतिनिधिको रूपमा आवश्यक कागजातहरू प्रमाणित गर्ने, गराउने र<br>(ठ) सभापतिलाई आफ्ना नियमित कार्यसम्पादन लगायत विशेष परिस्थितिका सम्बन्धमा आवश्यक जानकारी गराउने र निर्देशन लिई उपयुक्त उपायहरू अवलम्बन गर्ने<br>**(५) कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**<br>सभापति र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ : | यथावत |

| | | |
|---|---|---|
| (ग) शाखाको आर्थिक व्यवस्थापनसम्बन्धी सबै विषयहरूको जिम्मेवारी लिने,<br><br>(घ) आर्थिक व्यवस्थापनको अनुगमन, निरीक्षण, निर्देशन र नियन्त्रण गर्ने गराउने, र<br><br>(ङ) आर्थिक स्रोत व्यवस्थापनसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमको विकास गर्ने, गराउने ।<br><br>**(५) उपमन्त्रीका काम, कर्तव्य र अधिकार :-**<br><br>सभापति र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपमन्त्रीका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br><br>(क) मन्त्रीको अनुपस्थितिमा निजको काम गर्ने र<br><br>(ख) सभापतिद्वारा निर्देशित वा मन्त्रीबाट प्रत्यायोजित कामहरू गर्ने ।<br><br>**(६) उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार :-**<br><br>सभापति र जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br><br>(क) कोषाध्यक्षको अनुपस्थितिमा निजको काम गर्ने र<br><br>(ख) सभापतिद्वारा निर्देशित वा कोषाध्यक्षबाट प्रत्यायोजित कामहरू गर्ने । | (क) लेखा, लेखापरीक्षण, आर्थिक र श्रोत परिचालनका सबै विषयहरूमा अनुगमन निरीक्षण गर्ने र जिल्ला समिति र अध्यक्षलाई सल्लाह सुझाव दिने,<br>(ख) जिल्ला सभा र अधिवेशनमा जिल्ला कार्यसमितिको तर्फबाट आर्थिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन र प्रस्तावित आय व्यय विवरण प्रस्तुत गर्ने,<br>(ग) तोकिएको आर्थिक जिम्मेवारी वहन गर्ने, र<br>(घ) कार्यसमिति र सभापतिद्वारा तोकिएका अन्य कार्यहरू गर्ने गराउने,<br>(ङ) जिल्ला शाखाको आर्थिक तथा स्रोत परिचालनको अवस्था, नीतिगत विश्लेषण गरी कार्यसमितिमा जानकारी गराउने,<br>(च) जिल्ला शाखाको आर्थिक गतिविधिहरूको जानकारी लिने, अनुगमन, मूल्याङ्कन गर्ने र आवश्यक सुधारको लागि जिल्ला कार्यसमितिमा सिफारिस गर्ने,<br>(छ) जिल्ला शाखाको स्वामित्वमा रहेको सम्पत्तिको अभिलेख, संरक्षण, परिचालनका सम्बन्धमा अध्ययन, विश्लेषण र सुधारका कार्य गर्ने, गराउने,<br>(ज) जिल्ला शाखाको भौतिक सम्पत्तिको संरक्षण र परिचालनको गर्ने, गराउने<br>(झ) संस्थाको नीति, नियम र निर्देशिकाले तोकेका आर्थिक विषयका कार्यहरू गर्ने, गराउने,<br>(ञ) जिल्ला कार्यसमिति र सभापतिद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने<br><br>**(६) उपमन्त्रीको काम, कर्तव्य र अधिकार :**<br><br>जिल्ला कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br><br>(क) मन्त्रीको अनुपस्थितिमा मन्त्रीले गर्ने कार्य गर्ने, | |

| | | |
|---|---|---|
| | (ख) मन्त्रीको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित अन्य कार्य गर्ने, र<br>(ग) कार्यसमिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने । | |
| (७) **सदस्यहरूका काम, कर्तव्य र अधिकार :-**<br>सदस्यहरूका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) जिल्ला कार्यसमितिद्वारा निर्धारित उपशाखासँग नियमित सम्पर्क, रेखदेख, समन्वय र रेडक्रस ज्ञानको प्रचार-प्रसार गर्ने, गराउने,<br>(ख) तोकिएका सबै उपशाखाहरूको आफ्नो कार्यकालमा वर्षको कम्तीमा १(एक) पटक भ्रमण गर्ने,<br>(ग) आफूलाई तोकिएका उपशाखा सभाको अधिवेशनमा स्वयं वा अन्य जिल्लास्तरीय प्रतिनिधि उपस्थित गराउने प्रयास गर्ने,<br>(घ) सम्बन्धित उपशाखाका कार्यक्रमहरूका सम्बन्धमा सहयोग र रेखदेख पुर्‍याउने,<br>(ङ) आफूलाई निर्धारित उपशाखामा आचार-संहिताको पालना सुनिश्चित गर्ने, गराउने र<br>(च) जिल्ला कार्यसमितिले निर्धारण गरेका र सभापतिले निर्देशन गरेबमोजिम अन्य कार्य गर्ने ।<br>(छ) तोकिएको विषयगत समितिमा रही काम गर्ने । | (७) **सदस्यहरूको काम, कर्तव्य र अधिकार :**<br>सदस्यहरूका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) जिल्ला कार्यसमितिको बैठकमा सहभागी हुने, प्रस्ताव राख्ने, विषयवस्तुमा छलफल गर्ने र राय दिने,<br>(ख) जिल्ला कार्यसमितिद्वारा निर्धारित पालिका शाखा लगायतका साङ्गठनिक निकायसँग नियमित सम्पर्क, रेखदेख, विकास र विस्तारमा समन्वय र सहयोग गर्ने, गराउने,<br>(ग) निर्धारित साङ्गठनिक निकायमा विधान, आधारभूत सिद्धान्तहरू र आचार-संहिताको पालना गर्ने, गराउने, र<br>(घ) जिल्लाभित्रका निकायहरूको समन्वय, रेखदेख गर्ने,<br>(ङ) जिल्ला कार्यसमितिले निर्धारण गरेका र सभापतिले निर्देशन गरेबमोजिम अन्य कार्य गर्ने । | |
| **३५. जिल्ला तदर्थ समितिको व्यवस्था :** | **४७. जिल्ला तदर्थ समितिको व्यवस्था** | |

| | | |
|---|---|---|
| (१) कुनै पनि जिल्लामा स्थानीय अपरिहार्य कारणवश विधिवत् जिल्ला कार्यसमिति गठन हुन सक्ने स्थिति नभएमा केन्द्रीय कार्यसमितिले १५(पन्ध्र) जनासम्मको जिल्ला तदर्थ समिति गठन गर्न सक्नेछ ।<br>(२) जिल्ला तदर्थ समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-<br>(क) विधानअनुसार विधिवत् शाखा सञ्चालन र जिल्ला कार्यसमितिको निर्वाचन गर्न आवश्यक व्यवस्था गर्ने,<br>(ख) विधानअनुसार जिल्ला शाखाले गर्नुपर्ने अन्य काम-काज गर्ने र<br>*(ग) यस्तो समितिका २ (दुई) जना प्रतिनिधिले केन्द्रीय महाधिवेशनमा र १ (एक) जनाले केन्द्रीय वार्षिक साधारण सभामा पर्यवेक्षकको रूपमा भाग लिने र प्रतिवेदन पेश गर्ने । तर उक्त प्रतिनिधिहरूले मतदान गर्न र निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।<br>*(३) कानुनबमोजिम थप भएका नयाँ जिल्लाहरूको हकमा पहिलो पटक गठन हुने जिल्ला तदर्थ समितिका सदस्यहरू जिल्ला सभाको पहिलो अधिवेशनमा स्वतः सभासद् हुनेछन्<br>(४) जिल्ला तदर्थ समितिको कार्यावधि बढीमा एक वर्षको हुनेछ । | (१) कुनै कारणवश विधिवत् जिल्ला कार्यसमिति गठन हुन नसक्ने स्थिति भएमा प्रदेश कार्यसमितिले एक तृतीयंश महिलासहित १५(पन्ध्र) जनासम्मको जिल्ला तदर्थ समिति गठन गर्नसक्ने छ । जिल्ला तदर्थ समितिमा संयोजक, उपसंयोजक महिला, सचिव र कोषाध्यक्षको पदको जिम्मेवारी तोकिने छ ।<br>(२) जिल्ला तदर्थ समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(क) विधानअनुसार विधिवत्रूपमा जिल्ला तहको कार्य सञ्चालन र जिल्ला समितिको निर्वाचन गर्न आवश्यक व्यवस्था गर्ने,<br>(ख) विधानअनुसार जिल्ला कार्यसमितिले गर्नुपर्ने अन्य कार्य गर्ने, र<br>(ग) प्रदेश सभा र केन्द्रीय सभाको महाधिवेशन र वार्षिक साधारण सभामा पर्यवेक्षकको रूपमा भाग लिने ।<br>(३) जिल्ला तदर्थ समितिको कार्यअवधि छ महिनाको हुनेछ । आवश्यकतानुसार छ महिनासम्मको अवधि थप हुन सक्ने छ । | जिल्ला तदर्थ समितिको गठन गर्ने अधिकार प्रदेश समितिलाई हुने गरी व्यवस्था गर्न |

| | | |
|---|---|---|
| | परिच्छेद-१४<br>पालिका सभा<br>४८. पालिका सभाको गठन : | |

| | | |
|---|---|---|
| | जिल्लाभित्र सबै पालिकामा सोसाइटीको पालिका शाखा रहने छ । पालिका सभा पालिका शाखाको प्रमुख वैधानिक अङ्ग हुनेछ । पालिका सभा प्रत्येक वर्ष बस्ने छ ।<br><br>**(१) पालिका सभा :**<br>**पालिका सभामा देहायबमोजिम सभासद्हरू रहनेछन् :**<br>(क) कुनै पनि उपशाखा नभएका पालिकामा सम्बन्धित पालिका शाखामा पञ्जीकृत सबै सदस्यहरू पालिका सभाको सदस्य हुनेछन् । यस्तो पालिका सभा गठन गर्नका लागि गाउँपालिकामा न्यूनतम् १०१ जना, नगरपालिकामा न्यूनतम १५१ जना, उपमहानगरपालिकामा न्यूनतम २०१ जना र महानगरपालिकामा न्यूनतम २५१ जना सदस्य आवश्यक हुनेछ ।<br>**(ख) उपशाखा भएका पालिका सभाको हकमा देहायबमोजिम सभासद्हरू रहनेछन् :**<br>१. पालिका कार्यसमितिका सबै पदाधिकारी तथा सदस्यहरू,<br>२. पालिका सभामा उपशाखा कार्यसमितिबाट आफूमध्येबाट छनोट भएका देहाबोजिम प्रतिनिधि रहनेछन् :<br>**(क) पाँच (५) वटासम्म उपशाखा भएमा** : पालिकाभित्र गठित उपशाखा कार्यसमितिका सबै पदाधिकारी र सदस्यहरू,<br>**(ख) छ देखी दश (६ देखि १०) वटासम्म उपशाखा भएमा :** पालिकाभित्र गठित उपशाखा कार्यसमितिले आफूमध्ये चयन गरेका कम्तीमा ३ महिलासहित ७/७ (सात/सात) जना प्रतिनिधिहरू,<br>**(ग) एघार (११) वा सोभन्दा बढी उपशाखा भएका :** पालिकाभित्र गठित उपशाखा कार्यसमितिबाट कम्तीमा २ जना महिलासहित आफूमध्ये चयन भएका ५/५ (पाँच/पाँच) जना प्रतिनिधिहरू,<br><br>**३. उपदफा (ख.२) का अतिरिक्त पालिका सभामा देहायबमोजिमका व्यक्तिहरू पदेन रहने छन् :**<br>(क) सम्बन्धित पालिकामा सदस्यताको पञ्जीकृत भएका केन्द्र, प्रदेश र जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू,<br>(ख) पालिका युवा रेडक्रस समितिका अध्यक्ष र उपाध्यक्ष गरी - २ (दुई) जना,<br>(ग) पालिकाभित्रका जुनियर तथा युवा रेडक्रस सर्कलका संरक्षकमध्येबाट १ (एक) जना र शिक्षकनायक/ सहशिक्षकनायक मध्येबाट १ (एक) जना गरी पालिका समितिद्वारा मनोनित जम्मा २ (दुई) जना, र | सङ्घीयता अनुकूल पालिका तहमा संस्थाको साङ्गठनिक एकाई गठन हुने व्यवस्था गरी पालिका सभा र पालिका समितिको व्यवस्था भएकाले यो परिच्छेद थप गरिएको |

**४९. पालिका सभाको आह्वान :**

(१) पालिका समितिले कार्यसूचीसहित १५ (पन्ध्र) दिनअगावै सम्बन्धित पालिका सभाका सदस्यहरू र उपशाखाहरूलाई जानकारी दिई कम्तीमा वर्षको एक पटक सभा बोलाउनु पर्नेछ ।

(२) पालिका समितिको आह्वानमा वा पालिका सभाका दफा ४६ (ख) १ र २ बमोजिमका एक-तृतीयांश सदस्यहरूले मुनासिब कारण देखाई सभाको माग गरेमा सोको ७ (सात) दिनभित्र र विशेष सभाको हकमा पनि सात दिनको सूचना दिई बोलाउनु पर्नेछ ।

**५०. पालिका सभाका काम, कर्तव्य तथा अधिकार :**

पालिका सभाका काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :

(क) पालिका सभाको कार्यसूची स्वीकृत गर्ने र कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने,

(ख) पालिका समितिको तर्फबाट सचिवद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,

(ग) पालिका शाखाको बृहत्तर नीति निर्माण तथा दिशानिर्देश गर्ने, प्रस्तावहरू पारित गर्ने र कार्यान्वयनका लागि पालिका समितिलाई निर्देशन दिने,

(घ) चार/चार वर्षमा पालिका समितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने,

(ङ) आवश्यकताअनुसार समिति, उपसमिति तथा कार्यदल गठन गर्ने, गराउने,

(च) पालिका शाखाको कार्यक्षेत्रमा रेडक्रसका मूल्य, मान्यता र आधारभूत सिद्धान्तको सार्वजनिक रूपमा प्रचार-प्रसार गर्ने, गराउने,

(छ) सोसाइटीको आचार-संहिताको पालना सुनिश्चित गर्ने, गराउने, र

(झ) संस्थागत हित र स्थानीय सरोकारका विषयमा निर्णय गर्ने ।

## परिच्छेद - १५
## पालिका कार्यसमिति

**५१. पालिका कार्यसमिति गठन र अन्य व्यवस्था :**

**(१) गठन :** पालिका शाखाको नीति निर्माण तथा कार्यसञ्चालनको रेखदेखका लागि अध्यक्षलगायत सामान्यतया गाउँपालिकामा १५ (पन्ध्र) र नगरपालिकामा १७ (सत्र) जना र उपमहानगरपालिका तथा महानगरपालिकामा १९ (उन्नाइस) जनाको एक पालिका शाखा कार्यसमिति रहनेछ ।

**(क) पालिका शाखा कार्यसमिति :** पालिका सभाबाट निर्वाचित निम्नानुसार पदाधिकारी तथा सदस्यहरू पालिका शाखा कार्यसमितिमा रहनेछन् :

| क्रस | पद | गाउँपालिका कार्यसमिति | नगरपालिका कार्यसमिति | उप/महानगरपालिका कार्यसमिति |
|---|---|---|---|---|
| १ | अध्यक्ष | १ जना | १ जना | १ जना |
| २ | उपाध्यक्ष (महिला ) | १ जना | १ जना | १ जना |
| ३ | सचिव | १ जना | १ जना | १ जना |
| ४ | उपसचिव | १ जना | १ जना | १ जान |
| ५ | कोषाध्यक्ष | १ जना | १ जना | १ जना |
| ६ | खुला सदस्य | २ जना | ३ जना | ४ जना |
| ७ | महिला सदस्य | २ जना | ३ जना | ४ जना |
| | **जम्मा निर्वाचित** | **९ जना** | **११ जना** | **१३ जना** |

**(ख) देहायबमोजिम पदेन तथा प्रतिनिधि सदस्यहरू रहने छन् :**

(१) तत्काल निवृत्त अध्यक्ष - १ (एक) जना

(२) युवा समितिका अध्यक्ष र उपाध्यक्ष (महिला) - २ (दुई) जना

(३) पालिका समितिबाट मनोनित कम्तीमा एक महिलासहित - २ (दुई) जना

(४) स्थानीय तहका जनप्रतिनिधि - १ (एक) जन

(५) सम्वन्धित पालिका शाखावाट जिल्ला कार्यसमितिमा रहेका पदाधिकारी तथा सदस्यहरू पालिका कार्यसमितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा रहने छन् ।

(ग) निर्वाचित, मनोनित तथा पदेन सदस्यहरूको पदावधि समितिको कार्य अवधिसम्म रहने छ । कुनै कारणवश कार्यावधि समाप्त हुनुभन्दा अगावै पालिका समितिको निर्वाचन भएमा पनि कार्यावधि समाप्त भएको मानिने छ ।

(घ) पालिका शाखा कार्यसमिति पालिका सभाप्रति उत्तरदायी हुनेछ ।

**५२. पालिका समितिको बैठक**

(१) अध्यक्षको निर्देशानुसार साधारणतया २ (दुई) महिनाभन्दा बढी अवधिको फरक नपर्ने गरी पालिका समितिको बैठक बस्नेछ। यस्तो बैठकको सूचना साधारणतया ७ (सात) दिनअगाडि पठाउनु पर्नेछ। तर, आकस्मिक बैठक जहिलेसुकै पनि बस्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बैठक नबसेमा उपाध्यक्षको निर्देशानुसार ३० दिनभित्र बैठक बस्ने छ।

(३) उपदफा (२) बमोजिम बैठक नबोलाएमा पालिका समितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा ७ ( सात) दिनभित्र कुनै पनि पदाधिकारी वा जेष्ठ सदस्यले बैठक बोलाउने सक्ने छ।

(४) कुनै पनि पदाधिकारी तथा सदस्य मुनासिब कारणविना लिखित सूचना बिना ३ (तीन) पटक बैठकमा अनुपस्थित भएमा त्यस्ता पदाधिकारी र सदस्य पद मुक्त हुनेछन्।

**५३. पालिका कार्यसमितिका काम, कर्तव्य र अधिकार :**

पालिका सभाको निर्देशनको अधीनमा रही पालिका कार्यसमितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) पालिका सभामा वार्षिक प्रगति प्रतिवेदन, प्रत्येक आर्थिक वर्षमा पालिका शाखाअर्न्तगतका सबै उपशाखाका आर्थिक कारोवारसमेत समेटी नियमित रूपले एकीकृत लेखापरीक्षण गरी लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (वजेट) निर्णयार्थ पेश गर्ने,

(ख) पालिकाका एक वा एकभन्दा बढी वडाहरू मिलाएर आवश्यकतानुसार उपशाखा गठन गर्ने,

(ग) आफ्नो क्षेत्रमा रेडक्रसका सिद्धान्तअनुरूप कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,

(घ) पालिका सभाद्वारा पारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने र अनिवार्य दायित्वहरू पूरा गर्ने, गराउने,

(ङ) केन्द्रीय, प्रदेश र जिल्ला कार्यसमितिहरूबाट दिइएका निर्देशन पालन गर्ने, गराउने,

(च) जिल्ला शाखासँग नियमित सम्पर्क गर्ने र त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन पठाउने,

(छ) आवश्यकताअनुसार समिति, उपसमिति, जुनियर तथा युवा रेडक्रस सर्कलको गठन गरी कार्यक्षेत्र निर्धारण तथा कुनै निकाय वा व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने,

(ज) चल-अचल सम्पत्ति खरीद गर्ने र अन्य कुनै किसिमसँग हक छोडाई लिने, तर अचल सम्पत्ति बिक्री गर्नुपरेमा जिल्ला समितिको सिफारिसमा केन्द्रीय कार्यसमितिको पूर्व स्वीकृति लिई गर्ने,

(झ) कुनै व्यक्ति वा निकायसँग सोसाइटीको हितमा सम्झौता गर्ने,

(ञ) प्रत्येक आर्थिक वर्ष केन्द्रीय समितिद्वारा निर्धारित वार्षिक आवद्धता शुल्क जिल्ला शाखामा र जिल्ला शाखामार्फत प्रदेश कार्यालय र दफा १३ (२) (च) बमोजिमको सदस्यता शुल्कवापत् तोकिएको रकम सम्बन्धित समितिलाई बुझाउने,

(ट) कुनै व्यक्तिलाई साधारण, आजीवन तथा सङ्गठित निकायलाई संस्थागत सदस्यता प्रदान गर्ने । साथै, विशिष्ट र यशस्कर सदस्यताका लागि जिल्ला शाखामार्फत प्रदेश कार्यसमितिमा सिफारिस गर्ने,

(ठ) आवश्यकताअनुसार सल्लाहकार नियुक्ति गर्ने,

(ड) स्थानीयस्तरमा संस्थाको हितमा आवश्यक कार्य गर्ने, गराउने,

(ढ) प्रशासनिक संरचना, कर्मचारी दरबन्दी सिर्जना, खारेजी, कर्मचारी छनौटका आधार, नियुक्ति र पदमुक्ति सहितका आधार, नियमावली तयार गरी लागू गर्ने ।

(ण) माथिल्ला साङ्गठनिक निकायबाट स्वीकृत नीति, नियम र निर्णयहरूको पालना गर्ने,

(त) अभियानका आधारभूत सिद्धान्तहरूको पालना र चिह्नको सम्मान सुनिश्चित गर्ने तथा सोसाइटीको सत्यनिष्ठा (integrity) को संरक्षण गर्ने, गराउने,

(थ) स्थानीय सरकार र सरोकारवाला निकायहरूसँग सम्पर्क र समन्वय गर्ने, गराउने,

(द) स्रोतको सदुपयोग र सेवाप्रवाहमा एकरूपता सुनिश्चित गर्न समन्वय गर्ने, गराउने,

(ध) लेखा, लेखापरीक्षण, आर्थिक अनुशासन र समन्वय, रेखदेख तथा जवाफदेहिता सुनिश्चित गर्ने, गराउने, र

(न) स्थानीय विपद् जोखिम न्यूनीकरण र प्रतिकार्य, स्वास्थ्य सेवा, रक्तसञ्चार सेवा, पूर्व अस्पताल सेवा, संस्थागत विकास, जुनियर युवा रेडकसको प्रवर्धनका साथै जनकल्याणका कार्य गर्ने गराउने

(प) संस्थाको हितमा अन्य कार्य गर्ने, गराउने ।

**५४ पदाधिकारीहरूका काम, कर्तव्य र अधिकार :**

**(१) अध्यक्षका काम, कर्तव्य र अधिकार :**

पालिका सभा र पालिका समितिप्रति उत्तरदायी हुने गरी अध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) पालिका सभा र पालिका कार्यसमितिका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ख) माथिल्लो निकाय वा समितिद्वारा दिइएका निर्देशन पालन गर्ने, गराउने,

(ग) पालिका शाखाको सम्पत्तिको संरक्षण, रेखदेख र परिचालन गर्ने, गराउने,

(घ) पालिका शाखा क्षेत्रभित्रका कुनै व्यक्ति, संस्था वा सरकारी निकायसँग रणनीतिक सम्झौता गर्ने, गराउने,र

(ङ) पालिका कार्यसमितिको बैठक नबसेको अवस्थामा कुनै काम गर्न आवश्यक भएमा सो काम गरी समितिको आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने, र

(च) संस्था र पालिका शाखाको हितमा अन्य कार्य गर्ने, गराउने ।

(२) **उपाध्यक्षका काम, कर्तव्य र अधिकार :**

अध्यक्ष र पालिका कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) अध्यक्षका कार्यहरूमध्ये निजबाट तोकिएका कार्य गर्ने,
(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने,
(ग) कुनै कारणवस अध्यक्ष पद रिक्त भएमा कार्यवाहक अध्यक्षको रुपमा कार्य गर्ने,
(घ) संस्थाको हितमा आवश्यक अन्य कार्य गर्ने ।

(३) **सचिवको काम, कर्तव्य र अधिकार :**

अध्यक्ष र पालिका कार्यसमितिप्रति उत्तरदायी हुने गरी सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) पालिका कार्यसमितिको निर्णयअनुसार पालिका सभा बोलाउने,
(ख) अध्यक्षको निर्देशानुसार पालिका कार्यसमितिको बैठकको कार्यसूची तयार पार्ने, बैठक बोलाउने र निर्णय अभिलेखन गर्ने, गराउने, अभिलेखहरू सुरक्षित राख्ने,
(ग) पालिका कार्यसमितिका तर्फबाट पालिका सभामा वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम पेश गर्ने,
(घ) पालिका कार्यसमितिको बैठकका निर्णयहरू कार्यान्वयन तथा अनुगमन गर्ने, गराउने,
(ङ) कार्यसमिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

(४) **कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :**

अध्यक्ष र पालिका कार्यसमितिप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) लेखा, लेखापरीक्षण, आर्थिक र श्रोत परिचालनका सबै विषयहरूमा अनुगमन, निरीक्षण गर्ने र पालिका कार्यसमिति र अध्यक्षलाई सल्लाह सुझाव दिने,
(ख) पालिका कार्यसमितिको तर्फबाट पालिका सभामा आर्थिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन र प्रस्तावित आय-व्यय (बजेट) विवरण प्रस्तुत गर्ने,
(ग) पालिका शाखाको आर्थिक तथा स्रोत परिचालनको अवस्था, नीतिगत विश्लेषण गरी कार्यसमितिमा जानकारी गराउने,

(घ) पालिका शाखाको आर्थिक गतिविधिहरूको जानकारी लिने, अनुगमन, मूल्याङ्कन गर्ने र आवश्यक सुधारको लागि पालिका कार्यसमितिमा सिफारिस गर्ने,

(ङ) पालिका शाखाको स्वामित्वमा रहेको सम्पत्तिको अभिलेख, संरक्षण, परिचालनका सम्बन्धमा अध्ययन, विश्लेषण र सुधारका कार्य गर्ने, गराउने,

(च) पालिका शाखाको भौतिक सम्पत्तिको संरक्षण र परिचालनको गर्ने, गराउने,

(छ) संस्थाको नीति, नियम र निर्देशिकाले तोकेका आर्थिक विषयका कार्यहरू गर्ने, गराउने, र

(ज) पालिका कार्यसमिति र अध्यक्षप्रतिद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

**(५) उपसचिवको काम, कर्तव्य र अधिकार :**

अध्यक्ष र पालिका कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्य गर्ने,

(ख) सचिवको काममा सहयोग गर्ने र निजबाट प्रत्यायोजित अन्य कार्य गर्ने, र

(ग) कार्यसमिति र अध्यक्षद्वारा तोकिएका अन्य कार्यहरू गर्ने, गराउने

**(६) सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

पालिका कार्यसमिति र अध्यक्षप्रति उत्तरदायी हुने गरी सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) पालिका कार्यसमितिको वैठकमा सहभागी हुने, प्रस्ताव राख्ने, विषयवस्तुमा छलफल गर्ने र राय दिने,

(ख) पालिका कार्यसमितिद्वारा निर्धारित क्षेत्रमा नियमित सम्पर्क, रेखदेख, समन्वय र रेडक्रस ज्ञानको प्रचार-प्रसार गर्ने, गराउने,

(ग) तोकिएका वडा तथा उपशाखाहरूमा आवश्यकतानुसार सुपरिवेक्षण, अनुगमन गर्ने,

(घ) तोकिएका कार्यक्रममा सहयोग र रेखदेख पुऱ्याउने,

(ङ) रेडक्रसका सदस्य र स्वयंसेवकको आचार-संहिता पालना सुनिश्चित गर्ने, गराउने,

(च) तोकिएको विषयगत समितिमा रही काम गर्ने, र

(छ) पालिका कार्यसमितिले निर्धारण गरेका अन्य कार्य गर्ने,

**५५. पालिका तदर्थ समितिको व्यवस्था**

| | | |
|---|---|---|
| | (१) यसअघि रेडक्रसमा आवद्ध भई कार्यअनुभव भएका वा रेडक्रसको सदस्यता भएका व्यक्तिहरू संलग्न गरी जिल्ला कार्यसमितिले संयोजकसहित ९ (नौ) सदस्यीय गाँउ/नगर/उपमहानगर/महानगरपालिका शाखा तदर्थ समिति गठन गर्न सक्ने छ ।<br><br>(२) विधिवत पालिका कार्यसमिति गठन भई पदावधि पूरा भएको वा अन्य कुनै कारणवश विधिवत रुपमा सञ्चालन हुन नसकेमा नियमित कार्यसञ्चालन र निर्वाचन गराउने प्रयोजनको लागि जिल्ला कार्यसमितिले ९ (नौ) सदस्यीय गाँउ/नगर/उपमहानगर/महानगरपालिका शाखा तदर्थ समिति गठन गर्न सक्ने छ । तदर्थ समितिमा संयोजक, उपसंयोजक महिला, सचिव र कोषाध्यक्षको जिम्मेवारी तोकिने छ ।<br><br>(३) पालिका तदर्थ समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>(क) विधिवत् रूपमा पालिका शाखा कार्यसमितिको निर्वाचन गर्न आवश्यक व्यवस्था गर्ने,<br>(ख) विधानअनुसार पालिका शाखा कार्यसमितिले गर्नुपर्ने कार्य गर्ने, र<br>(ग) जिल्ला सभा र जिल्ला सभामार्फत प्रदेश सभाको अधिवेशन र वार्षिक साधारण सभामा पर्यवेक्षकको रूपमा भाग लिने ।<br><br>(४) पालिका तदर्थ समितिको कार्यअवधि छ (६) महिनाको हुनेछ । आवश्यकतानुसार अर्को छ (६) महिनासम्मको अवधि थप हुन सक्ने छ । | |

| | | |
|---|---|---|
| **परिच्छेद - ११**<br>**उपशाखा सभा**<br><br>*** ३६. उपशाखा सभाको गठन**<br>(१) कुनै पनि स्थानीय तहभित्र एक वा एकभन्दा बढी वडाहरू मिलाएर जिल्ला कार्यसमितिद्वारा निर्धारित क्षेत्रमा उपशाखा गठन गर्न सकिनेछ । निर्धारित क्षेत्रभित्र कम्तीमा एक तिहाइ महिलासहित न्यूनतम ५० (पचास) जना सदस्य (संस्थागत र मानार्थवाहेक) भएमा सो क्षेत्रमा जिल्ला कार्यसमितिले उपशाखा सभा गठन गर्न सक्नेछ ।<br><br>(२) कुनै पनि स्थानीय तहको एउटै वडामा एकभन्दा बढी उपशाखा गठन गर्न सकिने छैन । यसै गरी एकभन्दा | **परिच्छेद - १६**<br>**उपशाखासम्बन्धी व्यवस्था**<br><br>**५६. उपशाखा गठनको व्यवस्था :**<br>पालिका समितिले न्यूनतम् ५१ (एकाउन्न) जना सदस्य भएका एक वा एकभन्दा बढी वडाहरू मिलाएर उपशाखा गठन गर्न सक्नेछ ।<br><br>**(१) उपशाखा सभा र समितिको गठन :**<br>उपशाखा सभामा आवद्ध सबै सदस्यहरू उपशाखा सभाको सदस्य हुनेछन् । वार्षिक रूपमा उपशाखा सभा बस्नेछ । सभाले देहायवमोजिमको उपशाखा कार्यसमिति गठन गर्नेछ : | |

बढी (फरक फरक) स्थानीय तहका वडाहरू मिलाएर पनि उपशाखा गठन हुनेछैन ।

(३) उपशाखामा पञ्जीकृत भएका सबै सदस्यहरू उपशाखा सभाका सभासद् हुनेछन् ।

(४) सदस्यता प्राप्त गरेको अवधि १ (एक) वर्ष पूरा नभएका सभासद्हरूले उपशाखा कार्यसमितिको निर्वाचनमा भाग लिन (मतदाता र उम्मेदवार हुन) पाउने छैनन् । तर पहिलो पटक गठन हुने वा तदर्थ समितिबाट काम भइरहेका उपशाखाहरूको निर्वाचनको हकमा ३० (तीस) दिनअगावै सदस्य भएका सभासद्हरूले निर्वाचनमा भाग लिन पाउने छन् ।

(५) उपशाखा जुनियर/युवा रेडक्रस समितिको निर्णयानुसार उपशाखा क्षेत्रभित्रका जुनियर/युवा सर्कल मध्येबाट छनोट भएका कम्तीमा ४ (चार) जना जुनियर युवा रेडक्रस सदस्यहरूलाई (२ जना छात्रा र २ जना छात्र) पर्यवेक्षकको रूपमा आमन्त्रण गरिनेछ ।

(६) उपशाखाको नाम उपशाखा सभाले साझा पहिचानको आधारमा राख्न सक्नेछ ।

**३७. उपशाखा सभाको अधिवेशन :**

(१) उपशाखा कार्यसमितिले कार्यसूचीसहित २१ (एक्काईस) दिनअगावै सम्वन्धित उपशाखा सभाका सदस्यहरूलाई सार्वजनिक सूचना दिई कम्तीमा वर्षको एक पटक सभा बोलाउनु पर्नेछ ।

(२) उपशाखा कार्यसमितिको आह्वानमा वा उपशाखा सभाका एक-तृतीयांश सदस्यहरूले मुनासिब कारण देखाई अधिवेशनको माग गरेमा सोको १५(पन्ध्र)

(२) उपशाखाको नीति निर्माण तथा कार्य सञ्चालनको रेखदेखका लागि सभापतिलगायत सामान्यतया १३ (तेन्ह) जनाको एक कार्यसमिति रहनेछ । उपशाखा कार्य समितिको अवधि ४(चार) वर्षको हुनेछ :

**निर्वाचित हुने पदहरू :**

(क) सभापति - १ जना

(ख) उपसभापति महिला - १ जना

(ग) सचिव - १ जना

(घ) कोषाध्यक्ष - १ जना

(ङ) सदस्य खुला - २ जना

(च) सदस्य महिला - ३ जना

अन्य

(छ) तत्काल निवृत्त सभापति - १ जना

(ज) **प्रतिनिधि सदस्य** : (उपशाखाको कार्यालय रहेको वडाका अध्यक्ष वा निजले तोकेका जनप्रतिनिधि) - १ जना

(झ) सम्बन्धित उपशाखाबाट पालिका समितिमा निर्वाचित/मनोनित सदस्य उपशाखा कार्यसमितिमा आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।

**(२) उपशाखाको काम, कर्तव्य र अधिकार :**

(क) सोसाइटीको तर्फबाट वडा तहका सरकारी र गैरसरकारी निकायहरूसँग प्रतिनिधित्व, समन्वय र सहकार्य गर्ने,

(ख) पालिका शाखासँग समन्वय गरी वडास्तरीय परियोजना तथा सेवाकार्यहरू सञ्चालन गर्ने, गराउने,

(ग) आफैले वा पालिका शाखाले आह्वान गरेको अवस्थामा वडास्तरमा विपद् व्यवस्थापन तथा अन्य मानवीय कार्यका लागि स्रोत व्यवस्थापन र परिचालन गर्ने, गराउने,

दिनभित्र उपशाखा सभाको विशेष अधिवेशन सात दिनको सूचना दिई बोलाउनु पर्नेछ ।

**३८. उपशाखा सभाका काम, कर्तव्य तथा अधिकार :**

**उपशाखा सभाका काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछन्**

(क) उपशाखा सभाको अधिवेशनको कार्यसूची स्वीकृत गर्ने र कार्यसूचीका सबै विषयमा छलफल तथा निर्णय गर्ने,

(ख) उपशाखा कार्यसमितिद्वारा प्रस्तुत योजना, वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) स्वीकृत गर्ने,

(ग) उपशाखाको बृहत्तर नीति निर्माण तथा दिशानिर्देश गर्ने, प्रस्तावहरू पारित गर्ने र कार्यान्वयनका लागि उपशाखा कार्यसमितिलाई निर्देशन दिने,

*(घ) सामान्यतया हरेक २/२ (दुई/दुई ) वर्षमा सभासद्हरू मध्येबाट सभापति १ (एक) जना, महिला उपसभापति १ (एक) जना, सचिव १ (एक) जना, कोषाध्यक्ष १ (एक) जना, उपसचिव १ (एक) जना, उपकोषाध्यक्ष १ (एक) जना र कम्तीमा एक महिलासहित ५ जना सदस्य गरी जम्मा ११ (एघार) जनाको निर्वाचन गर्ने,

(ङ) आवश्यकताअनुसार समिति, *उपसमिति तथा कार्यदल गठन गर्ने, गराउने,

(च) उपशाखाको कार्यक्षेत्रमा रेडक्रस सिद्धान्तको सार्वजनिक रूपमा व्यापक प्रचार-प्रसार गर्ने, गराउने,

(छ) उपशाखाको *क्षेत्रभित्र आचार-संहिताको पालना सुनिश्चित गर्ने, गराउने, र

(ज) संस्थाको *सरोकारका स्थानीय विषयमा निर्णय गर्ने ।

(घ) रेडक्रसका आधारभूत सिद्धान्त र मानवीय मूल्यको प्रचार प्रसार गर्ने,

(ङ) सोसाइटीको नीति र पालिका शाखाको आर्थिक ढाँचाभित्र रही कारोवार गर्ने, आय व्ययको विवरण राख्ने,

(च) पालिका शाखामा प्रगति तथा आर्थिक प्रतिवेदन र विवरण पठाउने,

(छ) पालिका शाखाबाट उपशाखाहरूको लेखापरीक्षण गराउने कार्यमा सहयोग गर्ने,

(ज) आवश्यकतानुसार स्वयंसेवा प्रवर्द्धन र स्वयंसेवक परिचालन गर्ने,

(झ) माथिल्ला साङ्गठनिक निकायहरूबाट स्वीकृत नीति, नियम र निर्णयहरू पालना गर्ने,

(ञ) अभियानका चिह्नको सम्मान सुनिश्चित गर्ने तथा सोसाइटीको सत्यनिष्ठा (integrity) को संरक्षण गर्ने, गराउने,

(ट) वडास्तरका सरकारी तथा अन्य सरोकारवाला निकायहरूसँग सम्पर्क र समन्वय गर्ने, गराउने, र

(ठ) उपशाखा सभा र पालिका कार्यसमितिबाट तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।

(३) **कार्यालय :** सोसाइटीको उपशाखाको कार्यालय समितिले तोकेको स्थानमा रहनेछ ।

(४) **बैठक** : समितिको बैठक आवश्यकताअनुसार बस्ने छ । बैठकमा सभापतिले आवश्यकताअनुसार पालिका समितिका पदाधिकारी र सदस्यहरूलाई आमन्त्रण गर्न सक्नेछन् ।

(५) पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार लगायत उपशाखासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| **परिच्छेद - १२**<br>**उपशाखा कार्यसमिति**<br>**३९. गठन र अन्य व्यवस्था :**<br>(१) उपशाखाको नीति निर्माण तथा कार्य सञ्चालनको रेखदेखका लागि सभापतिलगायत सामान्यतया १३ (तेन्ह) जनाको एक कार्यसमिति रहनेछ। यस अतिरिक्त सम्बन्धित उपशाखामा सदस्यता रहेका जिल्ला कार्यसमितिका सदस्यहरू पदेन सदस्यको रूपमा रहने छन् :<br>उपशाखा सभाको अधिवेशनबाट निर्वाचित :<br>(क) सभापति - १ (एक) जना<br>(ख) महिला उपसभापति - १ (एक) जना<br>(ग) सचिव - १ (एक) जना<br>(घ) कोषाध्यक्ष - १ (एक) जना<br>(ङ) उपसचिव - १ (एक) जना<br>(च) उपकोषाध्यक्ष - १ (एक) जना<br>(छ) महिला सदस्य - १ (एक) जना<br>(ज) सदस्यहरू - ४ (चार) जना<br>**अन्य पदेन सदस्यहरू :**<br>(झ) तत्काल निवृत्त सभापति पदेन सदस्य - १ (एक) जना,<br>(ञ) जिल्ला कार्यसमितिका सदस्यहरू आफू सदस्य रहेको उपशाखाको कार्यसमितिमा - पदेन सदस्य<br>(ट) स्थानीय तहका प्रतिनिधि - १ (एक) जना ।<br>(२) उपशाखा कार्यसमितिको कार्यावधि दफा ५१ बमोजिम २ (दुई) वर्षको हुनेछ । मनोनीत तथा निर्वाचित सदस्यहरूको पदावधि कार्यसमितिको आगामी निर्वाचनसम्म रहनेछ । कुनै कारणवश कार्यावधि समाप्त हुनुभन्दा अगावै निर्वाचन भएमा पनि कार्यावधि सिद्धिएको मानिनेछ ।<br>(३) उपशाखा कार्यसमिति उपशाखा सभाप्रति उत्तरदायी हुनेछ । | | उपशाखा लाई सेवा एकाईको रुपमा विकास गर्न |

| | | |
|---|---|---|
| (४) सभापतिको निर्देशानुसार सचिवले उपशाखा कार्यसमितिको बैठक साधारणतया १ (एक) महिनामा एक पटक बोलाउनेछ। बैठक बोलाउने सूचना सबै सदस्यहरूलाई विशेष बैठकबाहेक ७ (सात) दिनअगावै लिखित रूपमा दिनुपर्नेछ । सोबमोजिम बैठक नबसेमा उपसभापतिको निर्देशानुसार तेस्रो महिनाभित्र बैठक बस्नेछ। उपसभापतिद्वारा पनि बैठक नबोलाइएमा उपशाखा कार्यसमितिका एक-तृतीयांश सदस्यहरूको आग्रहमा बैठक बोलाइनेछ ।<br>(५) कुनै पनि सदस्य मुनासिब कारणविना लगातार ३ (तीन) पटक बैठकमा अनुपस्थित भएमा उपशाखा कार्यसमितिले त्यस्ता व्यक्तिलाई उपशाखा कार्यसमितिको सदस्यबाट हटाउन सक्नेछ । | | |
| **४०. उपशाखा कार्यसमितिका काम, कर्तव्य र अधिकार :**<br>उपशाखा सभाको निर्देशनको अधीनमा रही उपशाखा कार्यसमितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :-<br>(क) उपशाखा सभामा गत आर्थिक वर्षको प्रगति प्रतिवेदन, लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम तथा आय-व्यय (बजेट) निर्णयार्थ पेश गर्ने,<br>(ख) लेखापरीक्षक नियुक्ति गर्ने,<br>(ग) आफ्नो क्षेत्रमा रेडक्रसका सिद्धान्तअनुरूप कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,<br>(घ) जिल्ला कार्यसमिति तथा उपशाखा सभाद्वारा दिइएका निर्देशन पालन गर्ने र उपशाखाका अनिवार्य दायित्वहरू पूरा गर्ने, गराउने,<br>(ङ) जिल्ला शाखासँग नियमित सम्पर्क गर्ने र त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन पठाउने,<br>(च) आवश्यकताअनुसार समिति, उपसमिति, जुनियर तथा युवा रेडक्रस सर्कलको गठन गरी कार्यक्षेत्र निर्धारण तथा कुनै निकाय वा व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने,<br>(छ) चल-अचल सम्पत्ति खरीद गर्ने र अन्य कुनै किसिमसँग हक छोडाई लिने, तर अचल सम्पत्ति बिक्री गर्नुपरेमा जिल्ला शाखाको सिफारिसमा *प्रदेश कार्यसमितिको पूर्व-स्वीकृति लिई मात्र गर्ने,<br>(ज) कुनै स्वदेशी व्यक्ति वा निकायसँग प्रचलित कानुनबमोजिम सम्झौता गर्ने,<br>(झ) प्रत्येक आर्थिक वर्ष जिल्ला कार्यसमितिद्वारा निर्धारित वार्षिक शुल्क अग्रिमरूपमा र दफा ११ (च) बमोजिमको रकम जिल्ला शाखालाई बुझाउने, | | |

| | | |
|---|---|---|
| *(ञ) साधारण, आजीवन तथा सङ्गठित निकायलाई संस्थागत सदस्यता प्रदान गर्ने । साथै विशिष्ट र यशस्कर सदस्यताका लागि प्रदेश कार्यसमितिमा र मानार्थ सदस्यताका लागि केन्द्रमा जिल्ला कार्यसमितिमार्फत् सिफारिस गर्ने,<br>(ट) कुनै कारणवश सभापतिको पद रिक्त हुन गएमा उपशाखा सभाको आगामी अधिवेशनबाट बाँकी अवधिका लागि सभापतिको निर्वाचन गराई पदपूर्ति गर्ने,<br>(ठ) कुनै कारणवश उपशाखा कार्यसमितिको कुनै सदस्यको पद रिक्त भएमा उपशाखा सभासद्मध्येबाट बाँकी अवधिको लागि मनोनयन गरी पदपूर्ति गर्ने,<br>(ड) आवश्यकताअनुसार कर्मचारीको दरबन्दी सृजना, नियुक्ति, खारेज आदि व्यवस्था गर्ने, गराउने,<br>(ढ) आवश्यकताअनुसार सल्लाहकार नियुक्ति गर्ने,<br>(ण) रेडक्रसकर्मीहरूको आचार-संहिता पालना गराउने र<br>*(त) स्थानीयस्तरमा संस्थाको हितमा आवश्यक कार्य गर्ने, गराउने र<br>*(थ) यस विधानबमोजिम अन्य कार्य गर्ने, गराउने । | | |
| **४१. पदाधिकारीहरूका काम, कर्तव्य र अधिकार :**<br>(१) **सभापतिका काम, कर्तव्य र अधिकार :-**<br>उपशाखा सभा र कार्यसमितिप्रति उत्तरदायी हुने गरी सभापतिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(क) उपशाखा सभा र उपशाखा कार्यसमितिद्वारा दिइएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,<br>(ख) जिल्ला कार्यसमितिद्वारा दिइएका निर्देशन पालन गर्ने, गराउने,<br>(ग) आफ्नो उपशाखाको सम्पत्तिको जिम्मा लिने, रेखदेख र नियन्त्रण गर्ने,<br>(घ) पदाधिकारी, सदस्य वा कर्मचारीमा कामको बाँडफाँड, हेरफेर, पुनर्गठन गर्ने तथा निर्देशन दिने ।<br>(ङ) कुनै कारणवश सभापतिबाहेक कुनै पदाधिकारीको पद रिक्त भएमा बाँकी अवधिका लागि कार्यसमितिको परामर्श लिई समितिका सदस्यहरूमध्येबाट पदपूर्ति गर्ने, | | |

(च) उपशाखा क्षेत्रभित्रका कुनै व्यक्ति, संस्था वा सरकारी निकायसँग संस्थाको हितमा सम्झौता गर्ने, गराउने र

(छ) उपशाखा कार्यसमितिको बैठक नबसेको अवस्थामा उपशाखासम्बन्धी कुनै काम गर्न आवश्यक भएमा सो काम गरी उपशाखा कार्यसमितिको आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने ।

(ज) जिल्ला सभामा उपस्थित भई उपशाखाको प्रतिनिधित्व गर्ने ।

(२) **उपसभापतिका काम, कर्तव्य र अधिकार :-**

सभापति र कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपसभापतिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) सभापतिका कार्यहरूमध्ये निजबाट तोकिएका कार्य गर्ने,

(ख) सभापतिको अनुपस्थितिमा उपसभापतिले सभापतिको काम गर्ने र कुनै कारणवश सभापतिको पद रिक्त हुन गएमा उपसभापतिले आगामी अधिवेशनमा हुने सो पदको निर्वाचनसम्म कार्यवाहक सभापतिको रूपमा काम गर्ने, र

(ग) संस्थाको हितसम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

(३) **सचिवका काम, कर्तव्य र अधिकार :-**

सभापति र कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपशाखाको व्यवस्थापन गर्न सचिवका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) सभापतिको निर्देशानुसार उपशाखा कार्यसमितिको बैठक र उपशाखा कार्य समितिको निर्णयानुसार उपशाखा सभाको अधिवेशन बोलाउने,

(ख) उपशाखा सभा तथा उपशाखा कार्यसमितिको बैठकको कार्यसूची तयार पार्ने, निर्णय पुस्तिका अभिलेखन गर्ने, सुरक्षित राख्ने र आवश्यकता अनुसार पत्राचार तथा सूचना प्रकाशन गर्ने,

(ग) उपशाखा कार्यालयको दैनिक प्रशासन हेर्ने, रेखदेख र नियन्त्रण गर्ने, कार्यक्रम तथा परियोजनाको कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने, गराउने,

(घ) उपशाखा सभा एवं उपशाखा कार्यसमितिको बैठकको निर्णयबमोजिम र सभापतिद्वारा प्रदत्त जिम्मेवारीअनुरूप कार्यसम्पादन गर्ने, गराउने,

(ङ) उपशाखा सभाद्वारा पारित बजेट, वार्षिक प्रगति प्रतिवेदन तथा लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको कार्यक्रम जिल्ला कार्यसमितिमा पठाउने,

(च) उपशाखा कार्यसमितिको तर्फबाट उपशाखा सभामा उपशाखा कार्यसमितिको गत वर्षको प्रगति प्रतिवेदन र आगामी वर्षको कार्यक्रम निर्णयार्थ पेश गर्ने,

(छ) उपशाखा कार्यालयको आधिकारिक प्रतिनिधिको रूपमा आवश्यक कागजातहरू प्रमाणित गर्ने, गराउने,

(ज) सभापतिलाई आफ्ना नियमित कार्यसम्पादन लगायत विशेष परिस्थितिसम्बन्धमा आवश्यक जानकारी गराउने र निर्देशन लिई उपयुक्त उपायहरू अवलम्बन गर्ने ।

(४) **कोषाध्यक्षका काम, कर्तव्य र अधिकार :-** सभापति र कार्यसमितिप्रति उत्तरदायी हुने गरी कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) उपशाखा कार्यसमिति तथा उपशाखा सभामा शाखाको वार्षिक आर्थिक प्रतिवेदन लगायत लेखापरीक्षणको प्रतिवेदन र आगामी वर्षको प्रस्तावित आय-व्ययको विवरण (वजेट) पेश गर्ने,

(ख) उपशाखा कार्यसमितिले निर्धारण गरेबमोजिम उपशाखाको हिसाबकिताब राख्ने, राख्न लगाउने,

(ग) उपशाखाको आर्थिक व्यवस्थापनसम्वन्धी सबै विषयहरूको जिम्मेवारी लिने,

(घ) आर्थिक व्यवस्थापनको अनुगमन, निरीक्षण, निर्देशन र नियन्त्रण गर्ने गराउने, र

(ङ) आर्थिक स्रोत व्यवस्थापनसम्वन्धी कार्यक्रमको विकास गर्ने, गराउने ।

(५) **उपसचिवका काम, कर्तव्य र अधिकार :-**

सभापति र कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपसचिवका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) सचिवको अनुपस्थितिमा निजको काम गर्ने र

(ख) सभापतिबाट निर्देशित वा सचिवद्वारा प्रत्यायोजित कामहरू गर्ने ।

**(६) उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार :-**

सभापति र कार्यसमितिप्रति उत्तरदायी हुने गरी उपकोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) कोषाध्यक्षको अनुपस्थितिमा निजको काम गर्ने र

(ख) सभापतिद्वारा निर्देशित वा कोषाध्यक्षबाट प्रत्यायोजित कामहरू गर्ने ।

**(७) सदस्यहरूका काम, कर्तव्य र अधिकार :-**

सदस्यहरूका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

(क) उपशाखा कार्यसमितिद्वारा निर्धारित क्षेत्रमा नियमित सम्पर्क, रेखदेख, समन्वय र रेडक्रस ज्ञानको प्रचार-प्रसार गर्ने, गराउने,

(ख) तोकिएका क्षेत्रमा आफ्नो कार्यकालमा वर्षको कम्तीमा दुई पटक भ्रमण गर्ने,

(ग) सम्वन्धित क्षेत्रका कार्यक्रमहरूका सम्बन्धमा सहयोग र रेखदेख पुऱ्याउने,

(घ) आफूलाई निर्धारित क्षेत्रमा रेडक्रसकर्मीहरूद्वारा आचार-संहिताको पालना सुनिश्चित गर्ने, गराउने,

(ङ) उपशाखा कार्यसमितिले निर्धारण गरेका अन्य कार्य गर्ने, र

(च) तोकिएको विषयगत समितिमा रही काम गर्ने ।

***४२. उपशाखा समन्वय समिति**

**१. गठन व्यवस्था :**

जिल्लाको कुनै स्थानीय तहभित्र एकभन्दा बढी उपशाखाहरू भएमा सम्बन्धित क्षेत्रका उपशाखाहरू मध्येबाट जिल्ला कार्यसमितिले आवश्यकताअनुसार उपशाखा समन्वय समिति गठन गर्न सक्नेछ ।

**२. काम, कर्तव्य र अधिकार :**

क. नेपाल रेडक्रस सोसाइटीको तर्फबाट स्थानीय तहका सरकारी र गैरसरकारी निकायहरूसँग सहकार्य, समन्वय गर्ने

ख. गाउँ/नगरपालिका तहमा संस्थाका तर्फबाट गर्नुपर्ने प्रतिनिधित्व गर्ने ।

ग. आबद्ध उपशाखाहरूसँग समन्वय गरी गाउँ/नगरपालिकास्तरीय परियोजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने

घ. गाउँ/नगरपालिका स्तरमा आर्थिक स्रोतको व्यवस्थापन, परिचालन र अभिवृद्धिका लागि कार्य गर्ने

३. **संयोजन तथा कार्यालय व्यवस्थापन :**

जिल्ला कार्यसमितिले समन्वय समितिमा १ (एक) जना संयोजक तोक्नेछ । समितिको कार्यालय समितिले तोकेको स्थानमा रहनेछ । समितिले गरेका कार्यको प्रतिवेदन जिल्ला शाखा र आवद्ध उपशाखाहरूलाई दिनेछ ।

४. **बैठक**

समितिको वैठक आवश्यकताअनुसार वस्ने छ । वैठकमा संयोजकले सान्दर्भिकताअनुसार जिल्ला तथा उपशाखाका अन्य पदाधिकारी र सदस्यहरूलाई आमन्त्रण गर्न सक्नेछन् ।

<table>
<tr>
<td>४३. उपशाखा तदर्थ समितिको व्यवस्था :<br>
(१) उपशाखा गठन गर्ने सम्पूर्ण पूर्वाधार तयार हुन सक्ने देखिएको तर कुनै स्थानीय अपरिहार्य कारणवश विधिवत् उपशाखा गठन हुन सक्ने स्थिति नभएमा जिल्ला कार्यसमितिले ९ (नौ) जनासम्मको नेपाल रेडक्रस उपशाखा तदर्थ समिति गठन गर्न सक्नेछ :<br>
(२) उपशाखा तदर्थ समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>
(क) विधानअनुसार विधिवत् उपशाखा सञ्चालन तथा निर्वाचन गर्न आवश्यक व्यवस्था गर्ने<br>
(ख) विधानअनुसार उपशाखाले गर्नुपर्ने अन्य काम-काज गर्ने, र<br>
(ग) यस्तो समितिका एक जना प्रतिनिधिले जिल्ला सभामा पर्यवेक्षकको रूपमा भाग लिई प्रतिवेदन पेश गर्ने । तर उक्त प्रतिनिधिले मतदान गर्न र निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।</td>
<td></td>
<td></td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td>परिच्छेद-१७<br>
समिति गठनसम्बन्धी व्यवस्था<br>
.५७. समितिसम्बन्धी व्यवस्था :<br>
सोसाइटीको सु-सञ्चालनका लागि देहायबमोजिमका समितिहरू गठन हुनेछन् :<br>
(१) केन्द्रीय निर्वाचन समिति :<br>
(क) समिति गठन :<br>
सोसाइटीको केन्द्रीय कार्यसमिति र प्रदेश कार्यसमितिको निर्वाचन प्रयोजनका लागि केन्द्रीय कार्यसमितिको प्रस्तावमा केन्द्रीय सभाबाट कम्तीमा १ जना महिला र विज्ञसहित ५ सदस्य रहेको केन्द्रीय निर्वाचन समिति गठन हुनेछ । समितिमा संयोजक तोकिने छ ।<br>
(ख) केन्द्रीय निर्वाचन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>
(१) यस विधान र निर्वाचन नियमावलीको अधिनमा रही केन्द्रीय र प्रदेश कार्यसमितिकाको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,<br>
(२) आफ्नो काम कर्तव्य र अधिकारमध्ये कुनै अधिकार पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्ने,</td>
<td>नियन्त्रण र सन्तुलनको लागि सभा र कार्यसमिति बाट समितिहरू गठन हुने नयाँ व्यवस्था गरिएकाले</td>
</tr>
</table>

(३) केन्द्रीय र प्रदेश कार्यसमितिबाट प्राप्त मतादाता नामावली रुजू र प्रमाणित गरी निर्वाचन अधिकारीलाई उपलब्ध गराउने,

(४) निर्वाचन अधिकारी नियुक्त गर्ने,

(५) निर्वाचन नियमावली संशोधनको लागि सुझाव उपलब्ध गराउने, र

(६) आफ्नो वार्षिक प्रतिवेदन केन्द्रीय कार्यसमितिको समन्वयमा केन्द्रीय सभामा पेश गर्ने,

**(ग) समिति सचिवालय र सहयोग :**

समितिलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउनु सोसाइटीका सम्बन्धित कार्यसमिति र कार्यालयको कर्तव्य हुनेछ। समितिलाई आवश्यक कर्मचारी अन्य सहयोग केन्द्रीय कार्यालयले उपलब्ध गराउने छ । प्रदेश कार्यसमितिको निर्वाचनका लागि प्रदेश कार्यालयले आवश्यक सहयोग गर्ने छ।

**(घ) पदावधि :** समितिका सदस्यहरूको कार्यअवधि पाँच वर्षको हुनेछ। कुनै कारणले समितिको कुनै पद रिक्त हुन गएमा आगामी सभाबाट पूर्ति हुने छ।

**(२) अनुपालन तथा मध्यस्थता समिति :**

**(क) गठन**

सोसाइटीमा सत्य निष्ठा, विधान र प्रचलित कानुनको पालना तथा विवाद समाधानका लागि केन्द्रीय कार्यसमितिलाई परामर्श दिन एक अनुपालन तथा मध्यस्थता समिति रहने छ। अनुपालन तथा मध्यस्थता समितिमा कम्तीमा एक विज्ञ र महिलासहित ५ जना रहने छन्।

**(ख) समितिको क्षेत्राधिकार**

केन्द्रीय कार्यसमिति वा अध्यक्षद्वारा प्रेषित गुनासो, उजुरी, विवाद र राय माग गरेको विषय समितिको कार्यक्षेत्रमा पर्ने छ। यस अतिरिक्त सोसाइटीका प्रदेश, जिल्ला र पालिका कार्यसमितिहरूवाट गुनासो, उजुरी र विवाद प्राप्त भएमा समितिले केन्द्रीय कार्यसमितिको सहमति लिइ अध्ययन अनुसन्धान गरी समाधानका लागि मध्यस्थता वा राय प्रदान गर्ने छ।

सोसाइटीका कुनै निकाय वा अधिकारीका कार्यहरूवाट संस्थाको सार्वजनिक छवी र विश्वास, सुशासन, सत्यनिष्ठामा गम्भीर असर पर्ने देखिएमा वा सो सम्वन्धमा कुनै गुनासो, उजुरी प्राप्त भएमा सम्वन्धित निकाय वा व्यक्तिलाई सुझाव दिन सक्ने छ।

**(ग) अनुपालन तथा मध्यस्थता समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(१) संस्थाभित्र सत्य निष्ठा र आचार-संहिता प्रवर्द्धन गर्ने, परिपालनाको अनुगमन गर्ने,
(२) संस्थाभित्र सदस्य, स्वयंसेवक र व्यवस्थापनसम्बन्धी प्राप्त गुनासो, उजुरीका सम्बन्धमा आवश्यक छानवीन, सुनुवाई, मध्यस्थता र समाधानको लागि सिफारिस गर्ने,
(३) संस्थाको विधान, नियमावली, आचार-संहिता, आधारभूत सिद्धान्त र निष्ठा, आर्थिक अनुशासन परिपालना र उलंघनको रोकथामका लागि उपायहरू अवलम्बन गर्न सम्बन्धित समिति र अधिकारीलाई सुझाव दिने,
(४) सत्य निष्ठा प्रवर्द्धन, परिपालना र उलङ्घन रोकथामका उपायहरू केन्द्रीय अध्यक्षसक्ष सिफारिस गर्ने,
(६) वार्षिक प्रतिवेदन केन्द्रीय कार्यसमितिको समन्वयमा केन्द्रीय सभामा पेश गर्ने,

(घ) **विज्ञको सहयोग :** समितिले आवश्यकताअनुसार विषय विज्ञको सहयोग लिन सक्ने छ

(ङ) **कार्यविधि :** समितिको कार्यविधि तयार गरी स्वीकृतिको लागि केन्द्रीय कार्यसमितिमा पेश गर्ने छ। समितिले उजुरी र उजुरीकर्ताको गोपनीयता संरक्षण गर्नेछ।

(च) **समितिलाई सहयोग गर्नुपर्ने :** समितिलाई सहयोग गर्नु सोसाइटीका सबै समिति, निकाय, सदस्य, स्वयम्सेवक, पदाधिकारी र कर्मचारीहरूको कर्तव्य हुनेछ।

(छ) **पदावधि :** समितिका सदस्यहरूको कार्यअवधि पाँच वर्षको हुनेछ। कुनै कारणले समितिको कुनै पद रिक्त हुन गएमा आगामी सभाबाट पूर्ति हुने छ।

**(३) लेखा समिति :**

(क) गठन : सोसाइटीको केन्द्र, प्रदेश, जिल्ला र पालिका समितिको सिफारिसमा सम्वन्धित सभाले कार्यसमितिभन्दा वाहिरवाट समावेशी सिद्धान्तअनुसार संयोजकसहित वढीमा ५ (पाँच) जनासम्मको लेखा समिति गठन हुनेछ।

(ख) **लेखा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

१. सम्बन्धित तहमा लेखा, लेखासम्बन्धी कार्य, आर्थिक अनुशासन, लेखापरीक्षकको प्रतिवेदन, भौतिकपरीक्षण प्रतिवेदन र सम्पत्तिको अभिलेख आदिको अध्ययन विश्लेषण गरी सम्बन्धित कार्यसमितिलाई राय, सुझाव दिने,
२. समितिको वार्षिक प्रतिवेदन सम्बन्धित सभामा पेश गर्ने,
३. आवश्यकतानुसार लेखा, लेखापरीक्षण तथा आर्थिक प्रणालीसम्बन्धी नीति, नियम संशोधनका लागि केन्द्रीय कार्यसमितिमा सुझाव दिने,

(ग) **सचिवालय :** केन्द्रीय तहको लेखा समितिलाई सचिवालय सहयोग, आन्तरिक लेखापरीक्षण शाखाबाट उपलब्ध हुने छ।

(घ) **पदावधि :** लेखा समितिको पदावधि तीन वर्षको हुने छ।

**(४) पदपूर्ति समिति :**

(क) **समितिको गठन :** सोसाइटीमा कर्मचारीहरूको नियुक्ति र वढुवाका लागि देहायबमोजिम ५ सदस्यीय पदपूर्ति समिति गठन हुनेछ :

१. केन्द्रीय कार्यसमितिद्वारा तोकिएको पदाधिकारी वा सदस्य एक जना - संयोजक
२. महामन्त्री - सदस्य
३. केन्द्रीय कार्यसमितिद्वारा आफूमध्येबाट तोकिएको एक महिलासहित - दुई जना
४. महानिर्देशक - सदस्य सचिव

**(ख) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(१) सोसाइटीको केन्द्रीय कार्यालय र सोअन्तर्गत सञ्चालित निकायमा स्थायी सेवा र परियोजनाको हकमा एक वर्षभन्दा बढी अवधिको लागि कर्मचारी छनौट, वढुवाका लागि परीक्षा सञ्चालन गर्ने र नियुक्तिका लागि सिफारिस गर्ने,
(२) कर्मचारी सेवा नियमावलीमा पदपूर्तिसम्बन्धी नियम संशोधनका लागि केन्द्रीय कार्यसमितिमा सुझाव दिने,
(३) आवश्यकताअनुसार विज्ञको सहयोग लिने, र
(४) समितिको वार्षिक प्रतिवेदन केन्द्रीय कार्यसमितिमा पेश गर्ने।

**(ग) पदावधि :** समितिको पदावधि केन्द्रीय कार्यसमितिले तोकेबमोजिम हुने छ । कुनै कारणले समितिको कुनै पद रिक्त हुन गएमा केन्द्रीय कार्यसमितिले पूर्ति गर्ने छ ।

**(५) युवा रेडक्रस समिति गठन :**

(१) सोसाइटीको सबै तहमा युवाहरूको संलग्नता, क्षमता, भूमिका र नेतृत्व अभिवृद्धि गर्न अध्यक्ष १ जना, उपाध्यक्ष १ जना र सदस्य ७ जना गरी ९ जनाको युवा रेडक्रस समिति गठन हुनेछ । अध्यक्ष वा उपाध्यक्षमध्ये कम्तीमा एक जना महिला हुनेछन् । समिति भौगोलिक र समावेशीको सिद्धान्तअनुसार गठन हुनेछ ।

(२) समितिमा १८ वर्षदेखि ३० वर्षसम्मका युवाहरू रहनेछन् ।

**(क) गठन विधि :**

(१) सबै प्रदेश र जिल्लाका युवा रेडक्रस समितिका अध्यक्ष र उपाध्यक्षको मतदानबाट राष्ट्रियस्तरमा युवा समिति गठन हुनेछ ।

(२) सबै जिल्ला र पालिकास्तरका युवा रेडक्रस समितिका अध्यक्ष र उपाध्यक्षको मतदानबाट प्रदेशस्तरमा युवा समिति गठन हुनेछ ।

(३) सबै पालिका शाखाका युवा रेडक्रस समितिका अध्यक्ष र उपाध्यक्षको मतदानबाट जिल्लास्तरमा युवा समिति गठन हुनेछ ।

(४) पालिकाभित्र रहेका युवा रेडक्रस सर्कलका सबै पदाधिकारी तथा सदस्यहरूको मतदानबाट पालिकास्तरमा युवा समिति गठन हुनेछ ।

(५) उपशाखास्तरमा जुनियर तथा युवा रेडक्रस समितिको गठन, काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**(ख) निर्वाचन :**

केन्द्रीय, प्रदेश र जिल्लास्तरको युवा रेडक्रस समितिको निर्वाचन सामान्यतया विद्युतीय माध्यमबाट हुन सक्ने छ । निर्वाचनसम्बन्धी कार्यविधि तोकेबमोजिम हुनेछ ।

**(ग) युवा रेडक्रस समितिको काम, कर्तव्य र अधिकार :**

| | | |
|---|---|---|
| | सम्बन्धित तहका कार्यसमितिप्रति उत्तरदायी हुने गरी युवा रेडक्रस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :<br>(१) युवा रेडक्रससम्बन्धी नीति, कार्यक्रम तथा गतिविधिहरूमा सम्बन्धित कार्यसमितिलाई परामर्श दिने,<br>(२) सम्बन्धित सभा र कार्यसमितिबाट युवा रेडक्रससम्बन्धी भएका निर्णय कार्यान्वयनका लागि सहयोग तथा अनुगमन गर्ने,<br>(३) सोसाइटीको अन्य कार्यक्रम तथा गतिविधिहरूमा युवाहरूको सहभागिता तथा भूमिका अभिवृद्धि गर्ने र नीतिगत पक्षमा आवश्यकतानुसार सुझाव दिने,<br>(४) सम्बन्धित कार्यसमितिसँग समन्वय गरी युवा लक्षित कार्यक्रमहरूको विकास र कार्यान्वयन गर्ने, र<br>(५) सम्बन्धित कार्यसमितिमार्फत् सभामा युवा रेडक्रस समितिको वार्षिक प्रतिवेदन पेश गर्ने ।<br>**(घ) कार्यावधि :** युवा समितिको कार्यावधि पदावधि दुई वर्षको हुनेछ । | |

| | | |
|---|---|---|
| **परिच्छेद - १३**<br>**आर्थिक व्यवस्था**<br>**४४. आर्थिक स्रोतहरू :**<br>यस संस्थाका आर्थिक स्रोतहरू देहायबमोजिम हुनेछन् :-<br>(क) सदस्यता तथा वार्षिक शुल्क,<br>(ख) चल-अचल सम्पत्तिबाट हुने आम्दानी,<br>(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतबाट प्राप्त वस्तुगत वा नगद आर्थिक सहयोग, दान, उपहार संस्थाको आर्थिक स्रोतहरू हुनेछ। यसरी संस्थाले विदेशी सहयोग प्राप्त गर्नु पूर्व नेपाल सरकार अर्थ मन्त्रालय वा समाज कल्याण परिषद्को स्वीकृति लिनु पर्नेछ ।<br>(घ) नेपाल सरकार वा अन्य स्रोतबाट प्राप्त अनुदान, | **परिच्छेद–१८**<br>**आर्थिक व्यवस्था**<br>**५८. आर्थिक स्रोतहरू :**<br>(१) सोसाइटीका आर्थिक स्रोतहरू देहायवमोजिम हुनेछन् :<br>(क) नेपाल सरकार र प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,<br>(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घसंस्था, वा व्यक्तिबाट प्राप्त रकम,<br>(ग) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम,<br>(घ) सदस्यता शुल्क तथा वार्षिक शुल्कबाट प्राप्त रकम, | व्यवस्थापनको जिम्मेवारी महानिर्देशक लाई दिइएकाले सोही बमोजिम खाता सञ्चालनको व्यवस्था अनुकूलन गरिएको |

| | | |
|---|---|---|
| (ङ) निश्चित उद्देश्य र कार्यको निम्ति अक्षय कोषको रूपमा प्राप्त रकमहरू,<br>(च) संस्थाले लगानी गरेको पूँजी र बढेबढाएको अन्य पूँजी,<br>(छ) परियोजना तथा विशेष कार्यक्रमका लागि प्राप्त रकमहरू,<br>(ज) सेवा शुल्क वा सञ्चालन शुल्कबाट प्राप्त आय,<br>(झ) दातव्य कोष (Endowment) का लागि प्राप्त रकम/चल अचल सम्पत्ति र<br>(ञ) विविध रकमहरू । | (ङ) सोसाइटीले लगानी गरेको पूँजी र लगानीले बढेबढाएको रकम,<br>(च) सम्पत्ति र जायजेथाबाट प्राप्त भएको र बढेबढाएको रकम,<br>(छ) परियोजना तथा विशेष कार्यक्रमका लागि प्राप्त रकम,<br>(ज) सेवा शुल्क वा सञ्चालन शुल्कबाट प्राप्त आय,<br>(झ) दान-दातव्य स्वरूप प्राप्त रकम/चल अचल सम्पत्ति,<br>(ञ) निश्चित उद्देश्य र कार्यको निम्ति अक्षय कोषको रूपमा प्राप्त रकमहरू,<br>(ट) सोसाइटीले सञ्चालन गरेको आयमूलक कार्यक्रम र गतिविधिबाट प्राप्त हुने रकमहरू, र<br>(ठ) अन्य कुनै स्रोतबाट प्राप्त विविध रकमहरू । | |
| ***४५. कोष सञ्चालन :**<br>(१) दफा ४४ मा उल्लेख भएका स्रोतहरूबाट प्राप्त रकम संस्थाको नाममा कोष खडा गरी नेपालको कुनै बैंक *वा वित्तीय संस्थामा जम्मा गरिनेछ ।<br>(२) संस्थाको बैंक खाता अध्यक्ष/सभापति र कोषाध्यक्षको ( अनिवार्य) संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियमअनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिने छ ।<br>(३) प्रदेश, जिल्ला शाखा र उपशाखाको हकमा अध्यक्ष/सभापति र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट कोष सञ्चालन हुनेछ । | **५९. कोष तथा बैङ्क खाता सञ्चालन :**<br>(१) **कोष** : दफा ५६ मा उल्लेख भएका स्रोतहरूबाट प्राप्त रकम संस्थाको नाममा कोष खडा गरी बैङ्क वा वित्तीय संस्थाहरूमा जम्मा गरिनेछ ।<br>**(२) बैङ्क खाता सञ्चालन**<br>**१. केन्द्रीय कार्यालयको खाता सञ्चालन :**<br>(क) केन्द्रीय कार्यालयको अक्षय कोष र मुद्दती खाताहरू केन्द्रीय अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।<br>(ख) सोसाइटीको केन्द्रीय कार्यालयका कार्य सञ्चालनस्तरका बैङ्क खाताहरू महानिर्देशक | व्यवस्थापनको जिम्मेवारी महानिर्देशक लाई दिइएकाले सोही बमोजिम खाता सञ्चालनको व्यवस्था अनुकूलन गरिएको |

| | | |
|---|---|---|
| (४) विशेष परिस्थितिमा अध्यक्ष/सभापति र कोषाध्यक्षले खाता सञ्चालन गर्ने अधिकार अध्यक्ष/सभापतिको सिफारिसमा सम्बन्धित कार्यसमितिले तोकेको पदाधिकारी तथा कर्मचारीहरूलाई प्रत्यायोजन गर्न सक्नेछ । त्यस्तो प्रत्यायोजित अधिकारबमोजिम भए गरेको खाता सञ्चालनसम्बन्धी कार्य तथा सोसम्बन्धी सम्पूर्ण आर्थिक काम कारबाहीको दायित्व र जवाफदेहितासमेत सो प्रत्यायोजित अधिकार प्रयोगकर्ताको नै हुनेछ । | र लेखा / आर्थिक विभागका प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।<br>**२. प्रदेश शाखाको खाता सञ्चालन :**<br>क. प्रदेश शाखाको अक्षय कोष र मुद्दती खाताहरू प्रदेश अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।<br>ख. प्रदेश शाखाका कार्यसञ्चालन स्तरका बैङ्क खाताहरू निर्देशक र लेखा/आर्थिक प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।<br>**३. जिल्ला शाखाको खाता सञ्चालन :**<br>क. जिल्ला शाखाका खाताहरू सभापति र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछन् । तर सञ्चालन र व्यवस्थापन अलग हुने जिल्ला कार्यसमितिले निर्णय गरेको खण्डमा जिल्ला शाखाको कार्यसञ्चालन स्तरका बैङ्क खाताहरू कोषाध्यक्ष र कर्मचारी प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।<br>**४. पालिका शाखाको खाता सञ्चालन :**<br>क. पालिका शाखाका खाताहरू अध्यक्ष र कोषाध्यक्ष संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।<br>ख. सञ्चालन र व्यवस्थापन अलग हुने पालिका कार्यसमितिले निर्णय गरेको खण्डमा पालिका शाखाको कार्यसञ्चालनस्तरको बैङ्क खाता कोषाध्यक्ष र कर्मचारी/सचिवालय प्रमुखको संयुक्त हस्ताक्षरबाट बैङ्क खाता सञ्चालन हुनेछ ।<br>(५) उपशाखाको हकमा पालिका कार्यसमितिले तोके बमोजिम हुने छ । | |

| | | |
|---|---|---|
| | (६) सोसाइटीअन्तर्गत सञ्चालित विशेष निकाय, सेवा केन्द्र र कार्यक्रमहरूको हकमा सम्बन्धित संयोजक र प्रमुख कर्मचारीको संयुक्त दस्तखत बाट हुनेछ । तर स्वायत्त रुपमा सञ्चालित निकायको हकमा सो निकाय सञ्चालनको लागि केन्द्रीय कार्यसमितिबाट स्वीकृत नियमावली बमोजिम बैङ्क खाता सञ्चालन हुने छ ।<br>(७) खाता सञ्चालनको जिम्मेवारी वहन गरेका अधिकारीले खाता सञ्चालन गर्ने अधिकार निकटस्थ पदको अधिकारी वा कर्मचारीहरूलाई प्रत्यायोजन गर्न सक्ने छ ।<br>(८) बैङ्क खाता सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोमिज हुने छ । | |
| ४६. **आर्थिक विवरण र लेखा समितिः**<br>**(क) आर्थिक विवरण :**<br>(१) लेखापरीक्षण भएको गत बर्षको वासलात र लेखापरीक्षणको प्रतिवेदन केन्द्रीय, *प्रदेश, जिल्ला र उपशाखा सभाको महाधिवेशन/अधिवेशन * र वार्षिक साधारण सभामा सम्बन्धित कार्यसमितिले कोषाध्यक्षमार्फत् पेश गर्नुपर्नेछ ।<br>*(२) प्रदेश, जिल्ला र उपशाखा कार्यसमितिले आ-आफ्नो आर्थिक प्रतिवेदन तथा लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित सभामा पारित भएपछि उपशाखाले जिल्ला शाखामा, जिल्ला शाखाले प्रदेश तथा केन्द्रमा र प्रदेशले केन्द्रमा पठाउनुपर्नेछ ।<br>(३) श्रावण १ गतेदेखि आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष मानिनेछ ।<br>**(ख) लेखा समिति :** | ६०. **आर्थिक वर्ष, लेखा प्रणाली र लेखापरीक्षण :**<br>**(१) आर्थिक वर्ष :** नेपाल सरकारले तोकेबमोजिम श्रावण १ गतेदेखि आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष मानिने छ । सोहीबमोजिम आर्थिक कारोवारको वार्षिक विवरण राख्ने र लेखापरीक्षण गरिने छ । तर परियोजनाहरूको हकमा सम्झौतामा उल्लेख भएबमोजिम थप लेखापरीक्षण गर्न सकिने छ,<br>**(२) लेखा प्रणाली :** सोसाइटीको आय-व्ययको विवरण र लेखा प्रणाली प्रचलित कानुनबमोजिम राखिने छ<br>**(३) लेखापरीक्षण र भौतिकपरीक्षण :** सोसाइटीको लेखापरीक्षण र भौतिकपरीक्षण वार्षिक रूपमा हुनेछ<br>**(४) लेखापरीक्षकको नियुक्ति :** सोसाइटीको सबै तहको लेखापरीक्षण सम्बन्धित कार्यसमितिद्वारा नियुक्त | यथावत |

| | | |
|---|---|---|
| प्रत्येक तहको लेखासम्बन्धी सुपरिवेक्षणका लागि सम्बन्धित कार्यसमितिको सिफारिशमा सम्बन्धित सभाबाट अनुमोदन गर्ने गरी कार्यसमितिभन्दा बाहिरका विशेषज्ञसहित बढीमा ५ (पाँच) जनासम्मको लेखा समिति गठन हुनेछ। दुई वर्षको कार्यावधि हुने सो समितिको गठन सम्बन्धित कार्यसमितिको निर्वाचन वर्षमा नपर्ने गरी मिलाइने छ । सो समितिको काम, कर्तव्य र अधिकारलगायत अन्य व्यवस्था सम्बन्धित कार्यसमितिबाट तर्जुमा गरिएको नियमावलीअनुरूप हुनेछ। | रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ । केन्द्रीय कार्यालयको लेखापरीक्षण अन्तर्राष्ट्रिय आबद्धता प्राप्त लेखापरीक्षकबाट हुनेछ।<br><br>**(५) लेखापरीक्षण प्रतिवेदनको ढाँचा :** सोसाइटीको सबै तहले केन्द्रीय कार्यालबाट तोकिएको ढाँचामा लेखापरीक्षण प्रतिवेदन तयार गरी देहायबमोजिम समयभित्र पठाउनु पर्ने छ :<br><br>क स / पठाउने निकाय / प्राप्त गर्ने निकाय / समय सीमा<br>१ / पालिका शाखा / जिल्ला शाखा / साउन मसान्तभित्र<br>२ / जिल्ला शाखा (पालिकासहित एकीकृत) / प्रदेश शाखा र केन्द्रीय कार्यालय / भदौ १५ गतेभित्र<br>३ / प्रदेश शाखा / केन्द्रीय कार्यालय / भदौ १५ गतेभित्र<br>४ / केन्द्रीय कार्यालय (एकीकृत प्रतिवेदन) / नियामक निकाय / असोज मसान्त<br><br>**(६) एकीकृत लेखापरीक्षण प्रतिवेदन :**<br>(क) जिल्ला शाखाले सम्बन्धित पालिका शाखाहरूको लेखापरीक्षण गरिएको विवरण समेत समावेश गरी एकीकृत प्रतिवेदन पठाउनु पर्नेछ।<br>(ख) सबै साङगठनिक तहको लेखापरीक्षण प्रतिवेदन सङ्कलन गरी केन्द्रीय कार्यालयले एकीकृत प्रतिवेदन तयार गर्नेछ।<br><br>**(७) आन्तरिक लेखापरीक्षण :**<br>(१) सोसाइटीमा आन्तरिक लेखापरीक्षण प्रणाली हुनेछ। आन्तरिक लेखापरीक्षकले नियमित प्रतिवेदन अध्यक्ष, महामन्त्री र कोषाध्यक्षलाई दिनेछ। | सबै साङगठनिक तहको लेखापरीक्षण प्रतिवेदन सङ्कलन गरी केन्द्रीय कार्यालयले एकीकृत प्रतिवेदन तयार गर्ने व्यवस्थाका लागि। |

| | | |
|---|---|---|
| | (२) आन्तरिक लेखापरीक्षकबाट प्राप्त प्रतिवेदन समेतको आधारमा कोषाध्यक्षले सम्बन्धित कार्यसमितिमा आफ्नो नियमित प्रतिवेदन दिने वा जानकारी गराउने कार्य गर्ने छ ।<br>(३) आन्तरिक लेखापरीक्षणबाट प्राप्त प्रतिवेदनका आधारमा सम्बन्धित कार्यसमितिबाट आवश्यक निर्णय, सुधारका कार्य हुनेछ ।<br>(४) केन्द्रीय कार्यालयले कुनै पनि तहको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण वा जाँचबुझ गर्न सक्ने छ । यसका लागि आवश्यक सहयोग गर्नु र आन्तरिक लेखापरीक्षण र जाँचबुझपश्चात दिइएको सुझाव पालना गर्नु सम्बन्धित समिति, पदाधिकारी, सदस्य र कर्मचारीहरूको कर्तब्य हुने छ । | |
| **परिच्छेद - १४**<br>**अन्तर्राष्ट्रिय सम्बन्ध**<br>**४७. अन्तर्राष्ट्रिय सम्बन्ध :**<br>(१) अन्तर्राष्ट्रिय रेडक्रस अभियानको अङ्गको रूपमा नेपाल रेडक्रस सोसाइटीले अभियानका सबै निकायसँग अनवरत सम्पर्क राख्नेछ ।<br>(२) यो संस्थाले रेडक्रसका अतिरिक्त संयुक्त राष्ट्र सङ्घीय एवं अन्य अन्तर्राष्ट्रिय सङ्गठनहरू तथा अन्य निकायहरूसँग पनि सक्रिय सम्पर्क राख्नेछ ।<br>(३) अन्तर्राष्ट्रिय रेडक्रस अभियानको सदस्यको हैसियतले उक्त निकायको नियम कानुनबाट प्रदत्त तथा इन्टरनेशनल फेडेरेशन अफ रेडक्रस एण्ड रेडक्रिसेन्ट सोसाइटीजको सदस्यको हैसियतले उक्त निकायको विधानबाट प्रदत्त अधिकार तथा कर्तव्यको यस सोसाइटीले उपभोग तथा पालन गर्नेछ । | **परिच्छेद-१९**<br>**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध**<br>**६१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग र सहकार्य :**<br>(१) सोसाइटीबाट केन्द्रीय, प्रदेश र स्थानीय तहका सरकार र निकायहरूसंग मानवीय सेवाका क्षेत्रमा पुरक र आवश्यकताअनुसार प्रदत्त जिम्मेवारीसमेत निर्वाह गर्न विशेष सहकार्य हुनेछ ।<br>(२) सोसाइटीले अभियानको एक अङ्ग र महासङ्घको सदस्यको हैसियतमा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र सहकार्य गर्नेछ । यस्तो सम्पर्क र प्रतिनिधित्व केन्द्रीय कार्यालयबाट हुनेछ । | संस्थाको आधारभूत सिद्धान्त बमोजिम एकरुपता र स्वायत्तता कायम राख्न |

| | | |
|---|---|---|
| *(४) अन्तर्राष्ट्रिय सम्बन्धका सबै निर्णय तथा कार्यहरू केन्द्रमार्फत् मात्र हुनेछन् । **संस्थाले अन्तर्राष्ट्रिय सम्बन्ध राख्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने छ ।** | साथै सोसाइटीका अन्य तहले केन्द्रीय कार्यालय मार्फत राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्पर्क, समन्वय र सहकार्य गर्न सक्नेछन् ।<br>(३) सोसाइटीले मानवीय कार्यको लागि अन्तर्राष्ट्रिय सहयोग लिन सक्ने छ । | |
| **परिच्छेद - १५**<br>**विधान संशोधन**<br>४८. **विधान संशोधनसम्बन्धी व्यवस्था :**<br>(१) विधान संशोधनसम्बन्धी प्रस्ताव कुनै *प्रदेश, जिल्ला शाखा कार्यसमिति वा मनोनीत केन्द्रीय सभासद् वा प्रतिनिधिले पेश गर्न चाहेमा *महाधिवेशन हुने वर्षको पौष मसान्तसम्ममा केन्द्रीय कार्यालयमा पुऱ्याइसक्नुपर्ने छ । केन्द्रीय कार्यसमितिले आफ्नो रायसाथ उक्त प्रस्ताव केन्द्रीय *सभाको महाधिवेशनमा पेश गर्नेछ ।<br>(२) केन्द्रीय कार्यसमितिले पेश गर्ने विधान संशोधनसम्बन्धी प्रस्तावको प्रतिलिपि छलफल हुने समयभन्दा कम्तीमा २१ ( एक्काईस) दिन अगावै *प्रदेश, जिल्ला शाखाहरू *तथा केन्द्रीय सभासद्हरूलाई पठाउनुपर्नेछ ।<br>(३) केन्द्रीय सभाको कूल सदस्य सङ्ख्याको दुई तिहाइ सदस्यहरूले अनुमोदन गरेपश्चात् मात्र संस्थाको विधानको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्ने छ । स्थानीय अधिकारीबाट स्वीकृत भएपश्चात् मात्र संस्थाको विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ । | **परिच्छेद - २०**<br>**विधान संशोधन**<br>६२. **विधान संशोधनसम्बन्धी व्यवस्था :**<br>**(१) केन्द्रीय कार्यसमितिको प्रस्ताव :**<br>केन्द्रीय कार्यसमितिबाट स्वीकृत विधान संशोधन प्रस्ताव केन्द्रीय सभाको महाधिवेशन हुने मितिभन्दा कम्तीमा २१ (एक्काईस) दिन अगावै सभासद्हरूलाई सम्बन्धित निकाय मार्फत् पठाइने छ ।<br>यस्तो प्रस्ताव विद्युतीय माध्यमबाट पनि पठाउन सकिने छ ।<br>**(२) अन्य निकाय वा सभासद्को प्रस्ताव :**<br>कुनै प्रदेश, जिल्ला कार्यसमिति वा मनोनित सभासद्ले विधान संशोधनसम्बन्धी प्रस्ताव पेश गर्न चाहेमा महाधिवेशन हुने वर्षको जेठ मसान्तसम्ममा केन्द्रीय कार्यालयमा पेश गर्नुपर्ने छ । केन्द्रीय समितिले आफ्नो रायसाथ उक्त प्रस्ताव केन्द्रीय सभाको महाधिवेशनमा पेश गर्नेछ ।<br>(३) केन्द्रीय सभाको महाधिवेशनमा मस्यौदा विधान प्रस्तुत गर्नुपूर्व रेडक्रसको अन्तर्राष्ट्रिय समिति र अन्तर्राष्ट्रिय महासङ्घको राष्ट्रिय सोसाइटी | रेडक्रसको अन्तर्राट्रिय अभ्यास अनुसार विधान संशोधनमा सुझाव लिने प्रावधान समावेश गरिएको |

| | | |
|---|---|---|
| | हरूको विधानसम्बन्धी संयुक्त आयोगसमक्ष सुझावका लागि पेश गरिने छ । संयुक्त आयोगबाट प्राप्त सुझावहरूउपर केन्द्रीय समितिमा छलफल गरी उपयुक्त निर्णय गरिने छ ।<br>(४) केन्द्रीय सभाको महाधिवेशनको कूल सदस्य सङ्ख्याको दुई तिहाइ सदस्यहरूले पारित गरेपश्चात् मात्र विधानको कुनै दफा संशोधन वा खारेज हुनेछ ।<br>(५) संशोधित विधानको जानकारी राष्ट्रिय नियामक निकाय र रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटी हरूको अन्तर्राष्ट्रिय महासङ्घलाई जानकारी गराइने छ, र<br>(६) विधानको प्रचार-प्रसार गर्नुको साथै साङ्गठनिक निकाय, सदस्य र स्वयंसेवकहरूले माग गरेको वखत विधान उपलब्ध हुने व्यवस्था गरिनेछ । | |
| **परिच्छेद - १६**<br>**निर्वाचन व्यवस्था**<br>**४९. निर्वाचन कार्यविधि :**<br>(१) सबै स्तरको निर्वाचन गोप्य मतदानद्वारा हुनेछ ।<br>(२) केन्द्रीय कार्यसमिति, *प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिको निर्वाचनको निम्ति निर्वाचन अधिकारी केन्द्रीय कार्यसमितिद्वारा र उपशाखा कार्यसमितिको निर्वाचनको निम्ति जिल्ला कार्यसमितिद्वारा निर्धारण गरिनेछ ।<br>(३) सबै तहका कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूले निर्वाचन पूर्व उम्मेदवारीको समयमा वा मनोनयनद्वारा | **परिच्छेद-२१**<br>**निर्वाचन र कार्याविधिसम्बन्धी व्यवस्था**<br>**६३. निर्वाचन कार्यविधि :**<br>(१) सबै स्तरको कार्यसमितिको निर्वाचन गोप्य मतदान द्वारा हुनेछ ।<br>(२) सोसाइटीको सदस्यता लिई पञ्जीकरण भएको मितिले ३० (तीस) दिन पूरा भएका सदस्यले | |

| | | |
|---|---|---|
| प्रतिनिधित्वको लगत्तै रेडक्रसका सिद्धान्त र आदर्शप्रति प्रतिबद्धताको लिखित सहमति जनाउनुपर्नेछ । (प्रतिबद्धताको नमूना फाराम अनुसूची - २ मा तोकिएबमोजिम हुनेछ । )<br>(४) कार्यसमितिको निर्वाचनमा पदाधिकारी तथा सदस्यका लागि उम्मेदवार हुने व्यक्तिले निर्वाचन हुनुभन्दा अगावै तोकिएबमोजिम आफ्नो विस्तृत परिचयात्मक विवरण लिखित रूपमा तोकिएको स्थान र समयमा बुझाउनुपर्नेछ ।<br>(५) निर्वाचन अधिकारीले निर्वाचनसम्बन्धी विषयमा गरेको निर्णय अन्तिम हुनेछ । | पहिलो पटक गठन हुने उपशाखा तथा पालिका समितिको निर्वाचनमा भाग लिन पाउने छन् ।<br>तर, अन्य सबै निर्वाचनहरूमा भाग लिन सदस्यता प्राप्त गरेको १ वर्ष (१२ महिना) पूरा भएको हुनु पर्नेछ ।<br>(३) सोसाइटीबाहेक अन्य निकायबाट प्रतिनिधित्व गरेका प्रतिनिधिहरू तथा युवा रेडक्रसका प्रतिनिधिहरूले निर्वाचनमा भाग लिन पाउने छैनन् ।<br>(४) निर्वाचन समितिले कार्यविधि बनाई विद्युतीय निर्वाचनको व्यवस्था गर्न सक्नेछ ।<br>(५) निर्वाचनसम्बन्धमा अन्य व्यवस्था तोकिएबमोजिम हुने छ । | |
| **५०. निर्वाचनको लागि बन्देज :**<br>(१) निर्वाचन अधिकृत, विदेशी नागरिक तथा अन्य निकायका प्रतिनिधि सदस्यले मतदान गर्न एवं उम्मेदवार हुन र रेडक्रसको कुनै पनि निकायमा नियुक्त वैतनिक कर्मचारी कुनैस्तरमा उम्मेदवार हुन,<br>(२) कुनै निकायको निर्वाचनमा भाग लिएको मितिले १२ (बाह्र) महिनासम्म अर्को निकायको समान स्तरको निर्वाचनमा भाग लिन,<br>(३) निर्वाचन हुनुभन्दा कम्तीमा विगत १ (एक) वर्षदेखि नै नेपाल रेडक्रसको साधारण, आजीवन, विशिष्ट वा यशस्कर सदस्य नभएको व्यक्ति मतदाता र उम्मेदवार हुन,<br>तर, पहिलो पटक गठन हुने वा तदर्थ समितिबाट काम भइरहेको शाखा वा उपशाखाको निर्वाचनको हकमा कम्तीमा ३० (तीस) दिनअगावै सदस्य भएमा यो बन्देज लागू हुनेछैन,<br>*(४) केन्द्रीय कार्यसमतिको पदाधिकारी तथा सदस्य पदमा उम्मेदवार हुन संस्थाको सदस्यता प्राप्त गरेको कम्तीमा ४ (चार) वर्ष पूरा गरेको हुनुपर्नेछ। साथै प्रदेश कार्यसमितिको पदाधिकारी तथा सदस्य पदमा उम्मेदवार हुन संस्थाको सदस्यता प्राप्त गरेको कम्तीमा ३ (तीन ) वर्ष पूरा गरेको र जिल्ला कार्यसमितिको पदाधिकारी तथा सदस्य | **६४. निर्वाचनको लागि बन्देज :**<br>(१) निर्वाचन समितिका पदाधिकारी र सदस्यहरू, निर्वाचन अधिकारी, विदेशी नागरिक तथा अन्य निकायका प्रतिनिधि सदस्यहरू र रेडक्रस अभियानका निकायका वैतनिक कर्मचारी उम्मेदवार हुन,<br>(२) विधानको अठारौं संशोधन लागू भएपश्चात दुई कार्यकाल एउटै पदमा निर्वाचित भई पदाधिकारीको जिम्मेवारी वहन गरेका व्यक्ति पुनः सोही पदमा उम्मेदवार हुन ।<br>(३) नेपाल रेडक्रसको कुनै निकायको निर्वाचनमा भाग लिएको मितिले १२ (बाह्र) महिनासम्म सोसाइटीको समानस्तरको अर्को निकायको निर्वाचनमा भाग लिन,<br>(४) विधानको १८औं संशोधन लागू भएपछि कुनै पनि आरक्षित पदमा दुई पटक निर्वाचित भई सकेको व्यक्ति | नेतृत्वको कार्यअवधि सीमा तय गर्न |

| | | |
|---|---|---|
| पदमा उम्मेदवार हुन संस्थाको सदस्यता प्राप्त गरेको कम्तीमा २ (दुई) वर्ष पूरा गरेको हुनुपर्नेछ ।<br><br>तर, पहिलो पटक गठन हुने वा तदर्थ समितिबाट काम भइरहेको उपशाखाको निर्वाचनको हकमा कम्तीमा ३० (तीस) दिनअगावै सदस्य भएमा यो बन्देज लागू हुनेछैन । | पुनः सोही तहको कार्यसमितिको आरक्षित पदमा उम्मेदवार हुन,<br><br>(५) कुनै पनि तहको कार्यसमितिमा एक कार्यअवधि कार्य नगरेको व्यक्ति केन्द्रीय कार्यसमितिको पदाधिकारी वा सदस्य पदको उम्मेदवार हुन । | |
| **५१. केन्द्र, *प्रदेश, शाखा तथा उपशाखा कार्यसमितिको कार्यावधिसम्बन्धी विशेष व्यवस्था:**<br>केन्द्र, ***प्रदेश,** जिल्ला तथा उपशाखा कार्यसमितिको कार्यावधिसम्बन्धमा यस विधानमा अन्यत्र जेसुकै लेखिएको भए तापनि जुनसुकै महिनामा निर्वाचन भए पनि उपशाखा, जिल्ला, *प्रदेश र केन्द्रीय कार्यसमितिहरूको कार्यावधि चौथो वर्षको क्रमशः *पौष, माघ, फागुन र चैत महिनामा समाप्त भएको मानिनेछ । | **६५. निर्वाचन अधिकारी र अन्य व्यवस्था :**<br>(१) केन्द्रीय र प्रदेश कार्यसमितिको निर्वाचनको निर्वाचन अधिकारीको नियुक्ति तथा निर्वाचनको रेखदेख र नियन्त्रण केन्द्रीय निर्वाचन समितिले गर्नेछ ।<br><br>(२) जिल्ला कार्यसमितिको निर्वाचनका लागि सम्बन्धित प्रदेश कार्यसमितिद्वारा र पालिका कार्यसमितिको लागि सम्बन्धित जिल्ला कार्यसमितिबाट निर्वाचन अधिकारी नियुक्त गरिनेछ । उपशाखा कार्यसमितिको निर्वाचनको लागि सम्बन्धित पालिका कार्यसमितिले निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।<br>(३) सबै तहका कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूले निर्वाचन पूर्व उम्मेदवारीको समयमा वा मनोनयनद्वारा प्रतिनिधित्वको लगत्तै अनुसूची-२ बमोजिम रेडक्रसका सिद्धान्त र आदर्शप्रति प्रतिबद्धताको लिखित सहमति जनाउनु पर्नेछ ( प्रतिबद्धताको नमुना फाराम अनुसूचीमा छ ।)<br><br>(४) सबै तहको कार्यसमितिको निर्वाचनमा पदाधिकारी तथा सदस्यका लागि उम्मेदवार हुने व्यक्तिले मनोनयन पत्रसँगै तोकिएबमोजिम आफ्नो परिचयात्मक विवरण बुझाउनु पर्नेछ ।<br><br>(५) निर्वाचन अधिकारीले निर्वाचनसम्बन्धी विषयमा गरेको निर्णय अन्तिम हुनेछ । | निर्वाचन प्रणालीमा समसामयिक सुधान गरिएको |

| | | |
|---|---|---|
| | **६६. कार्यावधि र रिक्त पदको पूर्तिसम्बन्धी व्यवस्था :**<br>(क) सबै तहका कार्यसमितिको कार्यअवधि चार वर्ष अर्थात् निर्वाचन परिणाम घोषणा भएको महिनालाई पहिलो महिना मानी ४८ महिनाको हुनेछ । तर सम्बन्धित कार्यसमितिको निर्णयले चारवर्ष पूरा हुनुअगावै निर्वाचन गर्न बाधा पर्नेछैन ।<br>नयाँ निर्वाचन भएपछि अघिल्लो कार्यसमितिको कार्यअवधि स्वतः समाप्त भएको मानिने छ ।<br>(ख) कुनै कारणवश एक वर्षभन्दा बढी कार्यावधि बाँकी रहेको अवस्थामा कुनै पनि तहको अध्यक्ष/सभापति पद रिक्त हुन गएमा बाँकी अवधिको लागि सम्बन्धित कार्यसमितिले निर्वाचनमार्फत् पदपूर्तिको व्यवस्था गर्नेछ ।<br>(ग) कुनै कारणवश कुनै पनि तहको कार्यसमितिका अध्यक्ष/सभापतिबाहेकका पदाधिकारीको पद रिक्त हुन गएमा सम्बन्धित कार्यसमितिले निकटस्थ पदाधिकारीलाई कार्यवाहक तोकि बाँकी अवधिको लागि जिम्मेवारी प्रदान गर्ने छ ।<br>(घ) कुनै कारणवश कुनै पनि तहको एक वर्षभन्दा बढी कार्यावधि बाँकी रहदैं उपाध्यक्ष/उपसभापति, उपमहामन्त्री/उपमहासचिव / उपमन्त्री/ उपसचिव र उपकोषाध्यक्षको पद रिक्त हुन गएमा सम्बन्धित कार्यसमितिका सदस्यमध्येबाट कार्यसमितिको निर्णयले बाँकी अवधिको लागि मनोनयन हुने छ ।<br>(ङ) कुनै कारणवस कुनै पनि तहको कार्यसमितिको सदस्य पद रिक्त हुन गएमा बाँकी अवधिको लागि सो कार्यसमिति निर्वाचन गरेको महाधिवेशन / अधिवेशनका सभासद्हरूमध्येबाट कार्यसमितिको | सबै तहमा **सभाको कार्यतालिका तय गर्न** |

| | | |
|---|---|---|
| | परामर्शमा अध्यक्ष/सभापतिबाट मनोनयन गरी पद पूर्ति हुनेछ । | |
| | **६७. सभाको कार्यतालिका**<br>सोसाइटीको सबै साङ्गठनिक तहको महाधिवेशन वा अधिवेशन र वार्षिक साधारण सभा सामान्यतया आर्थिक वर्ष समाप्त भएको तीन महिना अर्थात असोज मसान्त सम्ममा सम्पन्न गरी सक्नु पर्नेछ ।<br>सो सभामा गत आर्थिक वर्षको आर्थिक तथा प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र प्रस्तावित बजेट तथा कार्यक्रम पारित गरी माथिल्लो निकायमा जानकारी पठाउनु पर्ने छ । | सबै तहका सभा र अधिवेशनको समय तालिका व्यवस्थित गर्न |
| **परिच्छेद- १७**<br>**विविध**<br>**५२. गणपूरक सङ्ख्या, निर्णय र जवाफदेहिता :**<br>*(१) सबै तहका सभाको महाधिवेशन र वार्षिक साधारण सभाको लागि कूल सदस्य सङ्ख्याको एकाउन्न (५१%) प्रतिशत सभासद्हरूको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिने छ ।<br>(२) सबैस्तरका कार्यसमिति, अन्य समिति, उपसमिति वा आयोगको बैठकको लागि कम्तीमा एकाउन्न (५१%) प्रतिशत सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ ।<br>(३) यस विधानमा विशेष मतबाट निर्णय गर्नुपर्ने व्यवस्था भएकोमा बाहेक अरू बैठकमा उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट निर्णय हुनेछ ।<br>(४) कुनै पनि विषयको निर्णय भएकोमा सो निर्णयमा सहभागी, सिफारिसकर्ता र समर्थनकर्ताको समेत जवाफदेहिता रहने छ । | **परिच्छेद-२२**<br>**विविध**<br>**६८ गणपूरक सङ्ख्या :**<br>(१) सबै तहका सभाको अधिवेशन र वार्षिक साधारण सभाको लागि कूल सदस्य सङ्ख्याको एकाउन्न (५१%) प्रतिशत सभासद्हरूको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिने छ ।<br>तर, सबै सदस्य सभासद् रहने पालिका शाखाको वार्षिक साधारण सभा बोलाइएको दिन (५१%) प्रतिशत उपस्थित नभई गणपूरक सङ्ख्या नपुगेमा दोस्रो पटक ३३% प्रतिशत (एक तिहाई) उपस्थित सङ्ख्यालाई गणपूरक सङ्ख्या मानेर सभा सञ्चालन हुनेछ । दोस्रो पटक पनि गणपूरक सङ्ख्या नपुगेमा त्यसपछि हुने सभामा २५% सङ्ख्यालाई नै गणपूरक सङ्ख्या मानी सभा सञ्चालन हुनेछ । | सबै सदस्य उपस्थित हुने उपशाखा र पालिका शाखाको सभामा गणपुरक सङ्ख्याको वैकल्पिक व्यवस्था गर्न |

| | | |
|---|---|---|
| | गणपुरक सङ्ख्या नपुगेको कारणले पुनः सभा आह्वान गर्नु पर्दा कम्तीमा ७ दिनको सूचना दिनु पर्नेछ ।<br>(२) उपदफा (१) बाहेक अन्य सबैस्तरका कार्यसमिति, समिति, उपसमिति, कार्यदल, कार्यसमूह र आयोगको बैठकको लागि कम्तीमा एकाउन्न (५१%) प्रतिशत सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ ।<br>(३) यस विधानमा विशेष मतबाट निर्णय गर्नुपर्ने व्यवस्था भएकोमा बाहेक अरू बैठकमा उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट निर्णय हुनेछ ।<br>(४) सोसाइटीको नाममा रहेको घर जग्गा बिक्री वा हक हस्तान्तरणको निर्णय गर्नु पर्दा केन्द्रीय कार्यसमितिको कूल सदस्य सङ्ख्याको दुई तिहाई मतले निर्णय गर्नु आवश्यक हुनेछ । | |
| ***५३. प्रदेश, जिल्ला र उपशाखाका अनिवार्य दायित्वहरू :**<br>*** १. प्रदेश तहका अनिवार्य दायित्वहरू निम्नानुसार हुनेछन् :**<br>(क) प्रत्येक आर्थिक वर्षमा तोकिएबमोजिमको वार्षिक शुल्क अग्रिम रूपमा केन्द्रीय कार्यालयमा बुझाउनुपर्ने,<br>(ख) प्रत्येक २/२ (दुई/दुई ) वर्षमा प्रदेश सभाको अधिवेशन र हरेक वर्ष वार्षिक साधारण सभा नियमित रूपमा गर्नुपर्ने,<br>(ग) प्रत्येक आर्थिक वर्षमा नियमितरूपले लेखापरीक्षण गराउनुपर्ने र सोको एक प्रति केन्द्रीय कार्यालयमा बुझाउनुपर्ने,<br>(घ) निश्चित स्थानमा कार्यालय राखी निश्चित समयमा सञ्चालन र नियमित बैठक गर्नुपर्ने, | **६९ प्रदेश, जिल्ला र पालिका शाखाका अनिवार्य दायित्वहरू :**<br>**(१) प्रदेश समितिको अनिवार्य दायित्वहरू निम्नानुसार हुनेछन् :**<br>(क) प्रत्येक आर्थिक वर्षमा तोकिएबमोजिमको वार्षिक आवद्धता शुल्क केन्द्रीय कार्यालयमा बुझाउनुपर्ने,<br>(ख) विधानबमोजिम प्रदेश सभाको अधिवेशन र वार्षिक साधारण सभा नियमितरूपमा गर्नुपर्ने,<br>(ग) प्रत्येक आर्थिक वर्षमा नियमितरूपले लेखापरीक्षण गराउनुपर्ने र सोको एक प्रति केन्द्रीय कार्यालयमा बुझाउनुपर्ने, | यथावत |

| | | |
|---|---|---|
| (ङ) आवश्यकता र क्षमताअनुसार सेवा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,<br>(च) केन्द्रीय सभामा भाग लिनुपर्ने,<br>(छ) केन्द्रीय कार्यालयमा त्रैमासिक तथा वार्षिक प्रतिवेदन पठाउनुपर्ने, र<br>(ज) केन्द्रीय सभा तथा केन्द्रीय कार्यसमितिको नीति-निर्देशन पालना गर्नुपर्ने ।<br><br>**२. जिल्ला शाखाका अनिवार्य दायित्वहरू निम्नानुसार हुनेछन् :**<br>(क) प्रत्येक आर्थिक वर्षको वार्षिक शुल्क अग्रिम रूपमा केन्द्रीय कार्यालयमा बुझाउनुपर्ने,<br>*(ख) प्रत्येक २/२ (दुई/दुई ) वर्षमा जिल्ला सभाको अधिवेशन र हरेक वर्ष वार्षिक साधारण सभा नियमित रूपमा गर्नुपर्ने,<br>(ग) प्रत्येक आर्थिक वर्षमा नियमित रूपले लेखापरीक्षण गराउनुपर्ने र सोको एक/एक प्रति *प्रदेश र केन्द्रीय कार्यालयमा बुझाउनुपर्ने,<br>(घ) निश्चित स्थानमा कार्यालय राखी निश्चित समयमा सञ्चालन र नियमित बैठक गर्नुपर्ने,<br>*(ङ) न्यूनतम उपशाखा सङ्ख्या निरन्तर कायम राख्नुपर्ने,<br>(च) स्थानीय आवश्यकता र आफ्नो क्षमताअनुसार सेवा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,<br>*(छ) प्रदेश र केन्द्रीय सभामा भाग लिनुपर्ने,<br>(ज) *प्रदेश र केन्द्रीय कार्यालयमा त्रैमासिक तथा वार्षिक प्रतिवेदन पठाउनुपर्ने,<br>*(झ) प्रदेश र केन्द्रीय सभा तथा कार्यसमितिको नीति-निर्देशन पालना गर्नुपर्ने । | (घ) निश्चित स्थानमा कार्यालय राखी निश्चित समयमा सञ्चालन र नियमित बैठक गर्नुपर्ने,<br>(ङ) केन्द्रीय सभामा सहभागी हुने,<br>(च) आवश्यकता र क्षमताअनुसार प्रदेशका भौगोलिक क्षेत्रमा तोकिएका न्यूनतम सेवा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,<br>(छ) केन्द्रीय कार्यालयमा त्रैमासिक तथा वार्षिक प्रतिवेदन पठाउनुपर्ने,<br>(ज) केन्द्रीय सभा तथा केन्द्रीय कार्यसमिति र प्रदेश सभाद्वारा पारित नीति-निर्देशन पालना गर्नुपर्ने, र<br>(झ) माथिल्लो साङ्गठनिक निकायहरूबाट स्वीकृत नीति, नियम र निर्णयहरू पालना गर्ने ।<br><br>**(२) जिल्ला कार्यसमितिका अनिवार्य दायित्वहरू निम्नानुसार हुनेछन् :**<br>(क) प्रत्येक आर्थिक वर्षको वार्षिक आबद्धता शुल्क र पालिका शाखाबाट प्राप्त साधारण र आजीवन सदस्यता शुल्कको १० प्रतिशत रकम प्रदेश कार्यालयमा बुझाउनुपर्ने,<br>(ख) विधानअनुसार जिल्ला सभाको अधिवेशन र वार्षिक साधारण सभा नियमितरूपमा आयोजना गर्नुपर्ने,<br>(ग) तोकिएको समयभित्र जिल्ला र पालिका शाखाले गरेका आर्थिका कारोवारको लेखापरीक्षण गराउनुपर्ने र सोको एक/एक प्रति प्रदेश र केन्द्रीय कार्यालयमा बुझाउनुपर्ने,<br>(घ) निश्चित स्थानमा कार्यालय राखी निश्चित समयमा सञ्चालन र नियमित बैठक गर्नुपर्ने,<br>(च) प्रदेश र केन्द्रीयसभामा सहभागी हुने,<br>(ङ) स्थानीय आवश्यकता र आफ्नो क्षमताअनुसार आफ्नो सबै भौगोलिक क्षेत्रमा तोकिएका न्यूनतम सेवा | |

<table>
<tr>
<td>३. उपशाखाका अनिवार्य दायित्वहरू:<br>(क) अग्रिम रूपमा बुझाउनुपर्ने प्रत्येक आर्थिक वर्षको वार्षिक शुल्क र दफा ११ (च) बमोजिमको रकम जिल्ला शाखामा बुझाउनुपर्ने,</td>
<td>कार्यक्रमहरू र साङ्गठनिक गतिविधि सञ्चालन गर्नुपर्ने,<br>(छ) प्रदेश शाखा र केन्द्रीय कार्यालयमा त्रैमासिक तथा वार्षिक प्रतिवेदन पठाउनुपर्ने,<br>(झ) माथिल्ला साङ्गठनिक निकायहरूबाट स्वीकृत नीति, नियम र निर्णयहरू पालना गर्ने ।<br>(३) पालिका शाखाका अनिवार्य दायित्वहरू :<br>(क) प्रत्येक आर्थिक वर्षको आबद्धता शुल्क र साधारण तथा आजीवन सदस्यता शुल्कको ३० प्रतिशत रकम जिल्ला शाखा कार्यालयमा बुझाउनु पर्ने,<br>(ख) विधानमा तोकिएबमोजिम पालिका सभाको अधिवेशन र वार्षिक साधारण सभा नियमित रूपमा गर्नुपर्ने,<br>(ग) प्रत्येक आर्थिक वर्षमा पालिका शाखाअन्तर्गतका सबै उपशाखाका आर्थिक कारोवारसमेत समेटी नियमित रूपले एकीकृत लेखापरीक्षण गर्ने,<br>(घ) न्यूनतम् सदस्य सङ्ख्या नियमितरूपमा कायम राख्ने,<br>(ङ) निश्चित स्थानमा कार्यालय राखी निश्चित समयमा सञ्चालन र नियमित बैठक गर्नुपर्ने,<br>(च) स्थानीय आवश्यकता र आफ्नो क्षमताअनुसार आफ्नो सबै भौगोलिक क्षेत्रमा तोकिएका न्यूनतम सेवा कार्यक्रमहरू र साङ्गठनिक गतिविधि सञ्चालन गर्नुपर्ने,<br>(छ) माथिल्लो साङ्गठनिक निकायको सभामा सहभागी हुने,<br>(ज) जिल्ला शाखा कार्यालयमा त्रैमासिक तथा वार्षिक प्रतिवेदन पठाउनुपर्ने, र<br>(झ) माथिल्ला साङ्गठनिक निकायहरूबाट स्वीकृत नीति, नियम र निर्णयहरू पालना गर्ने ।</td>
<td>पालिका शाखाका अनिवार्य दायित्वहरू थप गरिएको</td>
</tr>
</table>

| | | |
|---|---|---|
| (ख) प्रत्येक आर्थिक वर्षमा नियमित रूपले उपशाखा सभा गर्नुपर्ने,<br>(ग) प्रत्येक आर्थिक वर्षमा नियमित रूपले लेखापरीक्षण गराउनुपर्ने र सोको एक प्रति जिल्ला शाखामा बुझाउनुपर्ने,<br>(घ) निश्चित स्थानमा कार्यालय राखी निश्चित समयमा सञ्चालन र नियमित बैठक गर्नुपर्ने,<br>(ङ) न्यूनतम सदस्य सङ्ख्या नियमित रूपमा कायम राख्ने,<br>(च) स्थानीय आवश्यकता र आफ्नो क्षमताअनुसार सेवा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,<br>(छ) जिल्ला सभामा भाग लिनुपर्ने,<br>(ज) जिल्ला शाखा कार्यालयमा त्रैमासिक तथा वार्षिक प्रतिवेदन पठाउनुपर्ने ।<br>(झ) जिल्ला सभा र जिल्ला कार्यसमितिको नीति, निर्देशन पालना गर्नुपर्ने ।<br>*४. उपदफा (१), (२) वा (३) बमोजिम कुनै वा सबै दायित्व निर्वाह नगरेमा प्रदेश र जिल्लाको हकमा केन्द्रीय कार्यसमितिबाट र उपशाखाको हकमा जिल्ला कार्यसमितिबाट निर्धारित प्रक्रियाअनुसार देहायबमोजिम कार्यवाही हुन सक्नेछ । तर सम्बन्धित कार्यसमितिलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन :-<br>(क) महाधिवेशन/अधिवेशन र *वार्षिक साधारण सभामा हुने मतदानमा भाग लिनबाट वञ्चित गर्ने र/वा<br>(ख) महाधिवेशन/ अधिवेशनमा र *वार्षिक साधारण सभामा भाग लिनबाट वञ्चित गर्ने र/वा<br>(ग) *प्रदेश/जिल्ला/उपशाखा कार्यसमितिलाई निलम्बन गर्ने र/वा<br>(घ) *प्रदेश/जिल्ला /उपशाखा कार्यसमिति विघटन गर्ने । | (ञ) केन्द्रीय, प्रदेश र जिल्ला कार्यसमितिको नीति, निर्देशन पालना गर्नुपर्ने, र<br>**(४) कारवाही :** उपदफा (१), (२) र (३) बमोजिम कुनै वा सबै दायित्व निर्वाह नगरेमा प्रदेश कार्यसमितिको हकमा केन्द्रीय समितिबाट, जिल्ला कार्यसमितिको हकमा प्रदेश कार्यसमितिबाट र पालिका कार्यसमितिको हकमा जिल्ला कार्यसमितिबाट र उपशाखाको हकमा पालिका कार्यसमितिबाट देहायबमोजिम कारवाही हुन सक्नेछ । तर सम्बन्धित समितिलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन :<br>(क) महाधिवेशन/अधिवेशन र वार्षिक साधारण सभामा हुने मतदानमा भाग लिनबाट वञ्चित गर्ने र/वा<br>(ख) महाधिवेशन/अधिवेशनमा र वार्षिक साधारण सभामा भाग लिनबाट वञ्चित गर्ने र/वा<br>(ग) माथिल्लो तहबाट प्रदान गरिने अनुदान/सहयोग रोक्का गर्ने,<br>(घ) प्रदेश कार्यसमितिलाई केन्द्रीय कार्यसमितिले, जिल्ला कार्यसमितिलाई प्रदेश समितिले र पालिका कार्यसमितिलाई जिल्ला कार्यसमितिले निलम्बन वा विघटन गर्ने, र<br>(ङ) उपशाखा कार्यसमितिको हकमा तोकिए बमोजिमको कारवाही हुने छ । | |
| **५४. कार्यावधि थपको व्यवस्था :**<br>(१) कुनै * प्रदेश र जिल्ला शाखामा मुनासिब कारण परी निर्वाचन हुन नसकेमा केन्द्रीय कार्यसमितिले र उपशाखाको निर्वाचन हुन | **७०. कार्यअवधि थपको व्यवस्था :**<br>(१) कुनै मुनासिब कारणले तोकिएको समयमा निर्वाचन वा नयाँ कार्यसमितिको गठन हुन नसकेमा प्रदेश | पदावधि र तदर्थ समिति |

| | | |
|---|---|---|
| नसकेमा सो जिल्ला शाखाको कार्यसमितिले अर्को निर्वाचन नभएसम्मको लागि सम्बन्धित कार्यसमितिलाई यथावत् काम कारबाही चालु राख्न आदेश दिन सक्नेछ र यस्तो आदेश एक वर्षपछि स्वतः निष्क्रिय हुनेछ ।<br>*(२) कुनै असाधारण परिस्थिति उत्पन्न भएको कारणले केन्द्रीय कार्यसमितिको निर्वाचन तोकिएको समयमा हुन नसकेमा केन्द्रीय कार्यसमितिले बढीमा एक वर्षसम्मको कार्यावधि थप गर्न सक्नेछ ।<br>*(३) उपदफा (२) बमोजिम अवधि थप भएपछि पनि कुनै असाधारण परिस्थिति उत्पन्न भई केन्द्रीय कार्यसमितिको निर्वाचन हुन नसकेमा केन्द्रीय कार्यसमितिले ३ (तीन) महिनाभित्र निर्वाचन हुने गरी अर्को मिति तोक्नेछ । सो मितिसम्म केन्द्रीय कार्यसमितिबाट भए गरेको काम यही विधानबमोजिम भएगरेको मानिनेछ । | कार्यसमितिको हकमा केन्द्रीय कार्यसमितिले, जिल्ला कार्यसमितिको हकमा प्रदेश कार्यसमितिले र पालिका कार्यसमितिको हकमा जिल्ला कार्यसमितिले अर्को निर्वाचन नभएसम्मको लागि सम्बन्धित कार्यसमितिलाई यथावत् काम कारबाही चालु राख्न कार्यावधि थप गर्ने स्वीकृति दिन सक्नेछ र यस्तो स्वीकृति एक वर्षपछि स्वतः निष्क्रिय हुनेछ ।<br>(२) कुनै विशेष परिस्थिति उत्पन्न भएको कारणले केन्द्रीय कार्यसमितिको निर्वाचन तोकिएको समयमा हुन नसकेमा केन्द्रीय कार्यसमितिको निर्णयले बढीमा एक वर्षसम्मको कार्यअवधि थप गर्न सक्नेछ ।<br>(३) उपदफा (२) बमोजिम अवधि थप भएपछि पनि कुनै असाधारण परिस्थिति उत्पन्न भई केन्द्रीय कार्यसमितिको निर्वाचन हुन नसकेमा केन्द्रीय कार्यसमितिले ३ (तीन) महिनाभित्र निर्वाचन हुने गरी अर्को मिति तोक्नेछ । सो मितिसम्म केन्द्रीय कार्यसमितिबाट भए गरेको काम यही विधान बमोजिम भए गरेको मानिनेछ । | गठन सम्बन्धी व्यवस्था प्रष्ट पार्न |
| **५५. अविश्वासको प्रस्ताव र पदबाट हट्ने व्यवस्था :**<br>**(क) अविश्वासको प्रस्ताव:**<br>(१) सबै तहका कार्यसमिति वा सो समितिको कुनै पदाधिकारी वा सदस्यमाथि *देहायका प्रक्रिया पूरा गरी अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछ :<br>*(क) एक-तृतीयांश सदस्यहरूको हस्ताक्षरसहित अविश्वासको कारण खोली अविश्वासको प्रस्ताव सम्बन्धित तहको कार्यालयमा दर्ता गराएको हुनुपर्दछ । | **७१. अविश्वासको प्रस्ताव र पदबाट हटने व्यवस्था :**<br>**१ वा क. अविश्वासको प्रस्ताव :** सबै तहका कार्यसमिति वा सो कार्यसमितिको कुनै पदाधिकारी वा सदस्यमाथि देहायको प्रक्रिया पूरा गरी अविश्वासको प्रस्ताव पेश गर्न सकिने छ :<br>(१) सम्बन्धित सभाका देहायबमोजिमका सभासद् हरूको हस्ताक्षरसहित कारण खोली अविश्वासको प्रस्ताव सम्बन्धित तहको कार्यालयमा दर्ता हुन सक्नेछ : | अविश्वासको प्रस्तावक को हुने प्रष्ट गर्न |

*(ख) सम्बन्धित तहका कार्यसमितिद्वारा तोकिएका व्यक्तिहरूले प्रस्तावका हस्ताक्षरकर्ताहरूलाई सनाखतको लागि बोलाई रूजू गर्नेछन् । हस्ताक्षर रूजू गर्दा प्रस्तावमा अविश्वास गरिएको व्यक्तिसमेतलाई स्वयं उपस्थितिका लागि जानकारी गराइनेछ तर निज अनुपस्थित भएमा पनि प्रक्रिया रोकिने छैन ।

*(ग) अविश्वासको आरोप लागेको पदाधिकारी/सदस्यलाई सो आरोपको सम्बन्धमा कम्तीमा ३० (तीस) दिनको अग्रिम सूचना दिई निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिइनेछ । सो सफाइबाट प्रस्ताव प्रस्तुतकर्ता सन्तुष्ट भएमा सात दिनभित्र प्रस्ताव फिर्ता लिन सक्नेछन् ।

(घ) उपस्थित सदस्यसङ्ख्याको दुई-तृतीयांश मत प्राप्त नभएमा अविश्वासको प्रस्ताव पारित भएको मानिने छैन ।

*(ङ.) एक पटक अविश्वास प्रस्ताव अस्वीकृत भएपछि २ (दुई) वर्षसम्म सोही कार्यसमिति, पदाधिकारी र सदस्यहरूउपर अर्को अविश्वासको प्रस्ताव दर्ता गर्न पाइने छैन ।

*(च) कुनै तहका कार्यसमिति, पदाधिकारी वा सदस्यहरूउपर अविश्वासको प्रस्ताव दर्ता भएको अवस्थामा सम्बन्धित कार्यसमितिले ३ (तीन) महिनाभित्र विशेष महाधिवेशन/अधिवेशन बोलाई सो प्रस्ताव पेश गर्नेछ ।

(२) अविश्वासको प्रस्ताव पारित भएपछि सो कार्यसमिति वा पदाधिकारी वा सदस्य स्वतः पदमा नरहेको मानिनेछ ।

(३) अध्यक्ष वा सभापतिको विरूद्ध पेश गरिएको अविश्वासको प्रस्तावमाथि छलफल हुँदा उपाध्यक्ष वा उपसभापतिले बैठकको सभापतित्व गर्नेछ ।

(४) पूरै कार्यसमितिविरूद्ध अविश्वासको प्रस्ताव प्रस्तुत भएमा सभा सञ्चालनसम्बन्धी आवश्यक व्यवस्था सम्बन्धित सभाले नै गर्नेछ ।

**(ख) पदबाट हट्ने व्यवस्था :**

**क. केन्द्रीय कार्यसमितिको हकमा** : दफा १९ (१) (क) (ख) (ग) र (घ) बमोजिमका कम्तीमा ५१ प्रतिशत सभासद्हरू,

**ख. प्रदेश कार्यसमितिको हकमा** : दफा २९ (१) (क) (ख) र (च) बमोजिमका कम्तीमा ५१ प्रतिशत सभासद्हरू,

**ग. जिल्ला कार्यसमितिको हकमा** : दफा ३८(१) (क) (ख) (ग) र (छ) बमोजिमका कम्तीमा ५१ प्रतिशत सभासद्हरू, र

**घ. पालिका कार्यसमितिको हकमा** : दफा ४८ (१) (क) वा (ख) बमोजिमका कम्तिमा ५१ प्रतिशत सभासद्हरूले

ङ. खण्ड (क) (ख) (ग) र (घ) बमोजिम अविश्वास प्रस्तावको लिखित समावेदन प्राप्त भएपछि सम्बन्धित कार्यसमितिका अध्यक्ष/सभापतिले ३५ दिनभित्र प्रकृया सुरु गर्नुपर्ने छ ।

(२) सम्बन्धित तहका कार्यसमितिद्वारा तोकिएको अधिकारीले प्रस्तावका हस्ताक्षरकर्ताहरूलाई सनाखतको लागि बोलाई रूजू गर्न सक्ने छ । हस्ताक्षर रूजू गर्दा प्रस्तावमा अविश्वास गरिएको व्यक्तिसमेतलाई उपस्थितिका लागि जानकारी गराइने छ । तर निज अनुपस्थित भएमा पनि प्रक्रिया रोकिने छैन । कुनै पनि तहको कार्यसमितिप्रति अविश्वासको प्रस्ताव परेमा सम्बन्धित कार्यालयको प्रमुख कार्यकारी वा प्रमुख कर्मचारीले प्रकृया अगाडि बढाउने छ ।

(३) अविश्वासको आरोप लागेको पदाधिकारी/ सदस्यलाई सो आरोपको सम्बन्धमा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना दिई सफाइ पेश गर्ने मौका दिइनेछ । सो सफाइबाट प्रस्ताव प्रस्तुतकर्ता सन्तुष्ट भएमा सात दिनभित्र प्रस्ताव फिर्ता लिन सक्नेछ ।

| | | |
|---|---|---|
| यस विधानमा अन्यत्र व्यवस्था गरिएबाहेक कुनै पनि तहको कार्यसमिति वा समितिका पदाधिकारी वा सदस्यहरु देहायका अवस्थामा आफ्नो पदबाट हट्नेछन्:<br>(१) अध्यक्ष/सभापति वा संयोजकले सम्बन्धित कार्यसमितिसमक्ष र सोबाहेक अरुले सम्बन्धित अध्यक्ष/ सभापति वा संयोजकसमक्ष दिएको राजीनामा स्वीकृत भएमा,<br>(२) विधानको दफा १२ उपदफा ४ बमोजिम नेपाल रेडक्रसको सदस्य नरहेमा र<br>(३) संस्थासम्बन्धी ठेक्का-पट्टा वा व्यवसायमा हिस्सा लिएमा । | (४) एक पटक अविश्वास प्रस्ताव अस्वीकृत भएपछि २ (दुई) वर्षसम्म सोही कार्यसमिति, पदाधिकारी र सदस्यहरूउपर अर्को अविश्वासको प्रस्ताव दर्ता गर्न पाइने छैन ।<br>(५) कुनै तहका कार्यसमिति, पदाधिकारी वा सदस्यहरूउपर अविश्वासको प्रस्ताव दर्ता भएको अवस्थामा सम्बन्धित कार्यसमितिले ३ (तीन) महिनाभित्र विशेष महाधिवेशन/अधिवेशन बोलाई सो प्रस्ताव पेश गर्नेछ । उपस्थित सभासद् सङ्ख्याको दुई-तृतीयांश मत प्राप्त नभएमा अविश्वासको प्रस्ताव पारित भएको मानिने छैन ।<br>(क) अविश्वासको प्रस्ताव पारित भएपछि सो कार्यसमिति वा पदाधिकारी वा सदस्य स्वत: पदमा नरहेको मानिने छ ।<br>(ख) अध्यक्ष/सभापतिविरूद्ध पेश गरिएको अविश्वासको प्रस्तावमाथि छलफल हुँदा निजको निकटस्थ पदाधिकारीले बैठकको अध्यक्षता गर्नेछ ।<br>(ग) पूरै कार्यसमितिविरूद्ध अविश्वास प्रस्ताव प्रस्तुत भएमा सभा सञ्चालनसम्बन्धी आवश्यक व्यवस्था सम्बन्धित सभाले नै गर्नेछ ।<br>**(ख) पदबाट हट्ने अन्य व्यवस्था :**<br>यस विधानमा अन्यत्र व्यवस्था गरिएबाहेक कुनै पनि तहको कार्यसमिति वा समितिका पदाधिकारी वा सदस्यहरू देहायका अवस्थामा आफ्नो पदबाट हट्ने छन<br>(१) अध्यक्ष/सभापतिले सम्बन्धित कार्यसमितिसमक्ष र सोबाहेक अरूले सम्बन्धित अध्यक्ष वा सभापतिसमक्ष दिएको राजीनामा स्वीकृत भएमा,<br>(२) सोसाइटीको सदस्य नरहेमा, | |

| | | |
|---|---|---|
| | (३) संस्थासँग सम्बन्धित ठेक्का-पट्टा वा व्यवसायमा हिस्सा लिएमा,<br>(४) आचार-संहिता वा निष्ठाको गम्भीर उलंघन गरेको अवस्थामा,<br>(५) प्रचलित नेपाल कानुनअनुसार निलम्बन वा पदमुक्त भएमा, र<br>(६) मृत्यु भएमा । | |
| **५६. बैठकको सभापतित्व :**<br>(१) केन्द्र, *प्रदेश, जिल्ला वा उपशाखाहरूको सभा, कार्यसमिति, आयोग तथा समिति, समन्वय समिति वा अन्य उपसमितिको बैठकको सभापतित्व सम्बन्धित अध्यक्ष/सभापति/संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा निजले तोकेको उपाध्यक्ष, उपसभापति वा सदस्यले बैठकको सभापतित्व गर्नेछ ।<br>(२) बैठकमा सभापतित्व गर्ने पदाधिकारीले साधारणतया मत दिनेछैन तर मत बराबर भएमा निजले निर्णायक मत दिन पाउनेछ । | **७२ बैठकको अध्यक्षता :**<br>(१) केन्द्रीय, प्रदेश, जिल्ला र पालिकातहको सभा, समिति तथा उपसमिति बैठकको अध्यक्षता सम्बन्धित कार्यसमितिका अध्यक्ष/सभापतिले गर्ने छ । निजको अनुपस्थितिमा बरिष्ठतम् पदाधिकारी ले बैठकको अध्यक्षता गर्नेछ ।<br>(२) बैठकमा अध्यक्षता गर्ने व्यक्तिले साधारणतया मत दिनेछैन । तर मत बराबर भएमा निजले निर्णायक मत दिन पाउने छ । | बैठकको अध्यक्षता सम्बन्धी व्यवस्था थप प्रष्ट पार्न |
| **५७. अख्तियार प्रत्यायोजन :**<br>(१) अख्तियार प्रत्यायोजनसम्बन्धमा यस विधानमा व्यवस्था गरिएकोमा सोही अनुसार हुनेछ ।<br>(२) आफ्नो भौगोलिक कार्यक्षेत्र बाहिर जाँदा र अनुपस्थितिमा सबै तहका पदाधिकारीले सम्बन्धित सहयोगी पदाधिकारीलाई सूचित गर्नुपर्नेछ र निजको पनि अनुपस्थितिमा कार्यसमितिले आफूले चाहेको कुनै पनि सदस्यलाई अख्तियार प्रत्यायोजन गर्न सक्नेछ । | **७३. अख्तियार प्रत्यायोजन :**<br>(१) अख्तियार प्रत्यायोजन सम्बन्धमा यस विधानमा व्यवस्था गरिएको अवस्थामा सोहीअनुसार हुनेछ ।<br>(२) कुनै कार्यसमिति, अध्यक्ष । सभापति वा अन्य पदाधिकारीले आफ्नो अनुपस्थितिमा वा अन्य कारणले जिम्मेवारी वहन गर्न नसक्ने अवस्थामा सम्बन्धित निकटस्थ कार्यसमिति, पदाधिकारी वा समूहलाई सूचित गरी आफ्नो पूर्ण वा आंशिक अधिकार प्रत्यायोजन गर्न सक्नेछ । निकटस्थ | यथावत |

| | | |
|---|---|---|
| | पदाधिकारीको पनि अनुपस्थितिमा कुनै सान्दर्भिक समूह वा सदस्यलाई अख्तियार प्रत्यायोजन गर्न सक्नेछ । | |
| **५८. उजुर सुन्ने व्यवस्था र विवादको निर्णय गर्ने अधिकार :**<br>(१) कुनै व्यक्तिलाई उपशाखा वा जिल्ला शाखाले सदस्यता प्रदान गर्न अस्वीकार गरेमा वा सदस्यताका लागि अयोग्य ठहऱ्याएमा वा सदस्यताबाट हटाएमा उपशाखाको निर्णयको हकमा जिल्ला कार्यसमितिसमक्ष र जिल्ला शाखा र *प्रदेश कार्यसमितिको हकमा केन्द्रीय कार्यसमितिसमक्ष उजुर लाग्नेछ ।<br>सबैस्तरको निर्णयउपर उजुरी गर्ने म्याद ३५(पैंतीस) दिनको हुनेछ र केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुनेछ ।<br>*(२) एउटै शाखाअन्तर्गतका उपशाखाहरूबीच कुनै आपसी विवाद उत्पन्न भएमा निर्णय गर्ने अधिकार जिल्ला शाखालाई हुनेछ । जिल्ला शाखाको सो निर्णयउपर चित्त नबुझेमा प्रदेश कार्यसमितिमा पुनरावेदन गर्न सकिनेछ । प्रदेश कार्यसमितिको निर्णय चित्त नबुझेमा केन्द्रीय कार्यसमितिमा अन्तिम निर्णयको लागि अनुरोध गर्न सकिनेछ ।<br>यसै गरी जिल्ला शाखामा भएका विवादहरूका बारेमा प्रदेश कार्यसमितिमा उजुरी लाग्नेछ । सो उजुरीउपर प्रदेश कार्यसमितिको निर्णय चित्त नबुझेमा केन्द्रीय कार्यसमितिमा पुनरावेदन गर्न सकिनेछ ।<br>*(३) यसै गरी प्रदेश कार्यसमितिहरू बीच, प्रदेश र जिल्ला शाखाबीच वा एकभन्दा बढी प्रदेशका जिल्ला शाखाहरूबीच कुनै आपसी विवाद भएमा वा प्रदेश कार्यसमितिको निर्णयमा चित्त नबुझेमा अन्तिम निर्णय गर्ने अधिकार केन्द्रीय कार्यसमितिमा हुनेछ । | **७४. उजुरी सुन्ने व्यवस्था र विवादको निर्णय गर्ने अधिकार :**<br>(१) **सदस्यतासम्बन्धी उजुरी र पुनरावेदन:**<br>कुनै व्यक्तिलाई पालिका समितिले सदस्यता प्रदान गर्न अस्वीकार गरेमा वा सदस्यताका लागि अयोग्य ठहऱ्याएमा वा सदस्यताबाट हटाएमा पालिका कार्यसमितिको निर्णयउपर जिल्ला कार्यसमितिसमक्ष उजुरी दिन सकिने छ ।<br>(२) **साङ्गठनीक निकायहरूको उजुरी र पुनरावेदन:**<br>(क) जिल्लाअन्तर्गतका पालिका शाखाहरूबीच कुनै आपसी विवाद उत्पन्न भएमा निर्णय गर्ने अधिकार जिल्ला कार्यसमितिलाई हुनेछ । सो निर्णयउपर चित्त नबुझेमा प्रदेश समितिमा पुनरावेदन गर्न सकिने छ । प्रदेश समितिको निर्णय चित्त नबुझेमा केन्द्रीय कार्यसमितिमा निवेदन गर्न सकिनेछ ।<br>(ख) एउटै प्रदेशभित्रका जिल्ला समितिहरूबीच विवाद भएमा प्रदेश समितिमा उजुरी लाग्ने छ । प्रदेश समितिको निर्णयउपर चित्त नबुझेमा केन्द्रीय कार्यसमितिमा अन्तिम पुनरावेदन गर्न सकिने छ ।<br>(ग) एक वा एकभन्दा बढी प्रदेशभित्रका जिल्ला समितिहरूबीच विवाद भएमा केन्द्रीय कार्य समितिमा उजुरी लाग्ने छ । | उजुरी सुन्ने संयन्त्रको व्यवस्था गरी विवाद, उजुरी, पुनरावेदन र निर्णय सम्बन्धी प्रकृया प्रष्ट पार्न |

| | | |
|---|---|---|
| | (घ) प्रदेश कार्यसमितिहरूबीच, प्रदेश र जिल्ला कार्यसमितिबीच वा एकभन्दा बढी प्रदेशका जिल्ला कार्यसमिति र पालिका शाखाहरूबीच कुनै विवाद भएमा केन्द्रीय कार्यसमितिमा उजुरी दिन सकिने छ ।<br>(ङ) कुनै पनि तहले कुनै पनि विवाद वा उजुरी केन्द्रीय कार्यसमिति वा केन्द्रीय अध्यक्षमार्फत अनुपालन तथा मध्यस्थ समितिमा प्रेषण गर्न सक्ने छ<br><br>**(३) उजुरीको हदम्याद :**<br>(क) सम्बन्धित परिच्छेदमा अन्यथा व्यवस्था भएकोमा वाहेक सदस्यता, सङ्गठनात्मक र अन्य विवादका सम्बन्धमा उजुरी गर्ने म्याद ३५ (पैंतीस) दिनको हुनेछ ।<br>(ख) कुनै पनि व्यक्ति वा निकायविरूद्ध परेको उजुरी वा गुनासो सम्बन्धमा सम्बन्धित व्यक्ति वा कार्यसमितिलाई सफाइको मौका दिइने छ ।<br>(ग) उजुरी तथा गुनासो कर्ताको गोपनियता संरक्षण गरिने छ । यसै गरी संस्थाभित्रबाटै प्रमाणसहित उजुरी प्राप्त भएकोमा सोको गोपनीयता र उजुरीकर्ताको संरक्षण गरिने छ ।<br>(घ) उजुरी गुनासो सुनुवाइको थप कार्यविधि तोकिएबमोजिम हुनेछ । | |
| ५९. **बुझ-बुझारथ :**<br>जुनसुकै स्तरका पदाधिकारी वा सदस्यको जिम्मा रहेको नगदी, जिन्सी र कागजात आफ्नो कार्यावधि समाप्त भएपछि यथाशीघ्र सम्बन्धित पदाधिकारी वा सदस्यलाई बुझाउनु निजको कर्तव्य हुनेछ । कार्यावधि समाप्त भएको ढीलोमा ३५ (पैंतीस) दिनभित्र पनि बुझ-बुझारथ नगरेमा प्रचलित कानुनबमोजिम असुलउपर गर्न, गराउन | ७५. **बुझ-बुझारथ :**<br>जुनसुकै स्तरका पदाधिकारी वा सदस्यको जिम्मा रहेको नगदी, जिन्सी र कागजात आफ्नो कार्यअवधि समाप्त भएपछि यथाशीघ्र सम्बन्धित पदाधिकारी वा सदस्यलाई बुझाउनु निजको कर्तव्य हुने छ । कार्यअवधि समाप्त भएको ३५ (पैंतीस) दिनभित्र पनि बुझ-बुझारथ नगरेमा | यथावत |

| | | |
|---|---|---|
| सकिनेछ । त्यस्ता पदाधिकारी तथा सदस्यहरू जुनसुकै स्तरको आगामी निर्वाचनमा उम्मेदवार वा मनोनीत हुन अयोग्य हुनेछन् । | प्रचलित कानुनबमोजिम असुलउपर गर्न, गराउन सकिने छ । त्यस्ता पदाधिकारी तथा सदस्यहरू जुनसुकैस्तरको निर्वाचनमा उम्मेदवार वा मनोनित हुन अयोग्य हुनेछन् | |
| **६०. स्वयंसेवक तथा सदस्यहरूको आचार-संहिता :**<br>(१) नेपाल रेडक्रसका सबै तहका सबै प्रकारका सदस्य तथा स्वयंसेवकहरूले रेडक्रसका स्थापित सिद्धान्तहरूको अधीनमा रही नेपाल रेडक्रसको काम-कारबाहीमा संलग्न हुनु तथा सहयोग पुऱ्याउनु निजहरूको काम तथा कर्तव्य हुनेछ । निजहरूले अनुसूची-४ मा तोकिएबमोजिम आचार-संहितामा आफ्नो प्रतिबद्धतास्वरूप हस्ताक्षर र पालना गर्नुपर्नेछ ।<br>*(२) विधान विपरीतको कार्य वा आचार-संहिताको उलङ्घन भएको प्रमाणित भएमा सम्बन्धित कार्यसमितिले उलङ्घन कर्तालाई सचेत गराउने वा जिम्मेवारीबाट निलम्बन गर्ने वा हटाउने वा सदस्यताबाट निलम्बन वा खारेज गर्ने समेतका कार्यवाही गर्न सक्नेछ । तर निजलाई सफाइको मौका दिइनेछ । निर्णयउपर चित्त नबुझेमा माथिल्लो तहमा पुनरावेदन गर्न सकिने छ ।<br>*(३) राज्यका विभिन्न तहका कार्यकारी पदमा निर्वाचित व्यक्तिहरू, राजनीतिक दलका केन्द्र, प्रदेश र जिल्ला तहका प्रमुख पदाधिकारीहरू, केन्द्र र प्रदेश सभाका सांसद्/विधायकहरू नेपाल रेडक्रस सोसाइटीका कुनै तहका कार्यसमितिमा पदाधिकारी रहने छैनन् ।<br>यस उपदफाले समेटेका पदहरूका बारेमा थप स्पष्ट पार्न आवश्यक भएमा केन्द्रीय कार्यसमितिले व्याख्या गरेबमोजिम हुनेछ । | **७६. स्वयंसेवक तथा सदस्यहरूको आचार-संहिता :**<br>(१) नेपाल रेडक्रसका सबै तहका सबै प्रकारका सदस्य तथा स्वयंसेवकहरूले रेडक्रसका स्थापित सिद्धान्तहरूको अधीनमा रही नेपाल रेडक्रसको काम-कारबाहीमा संलग्न हुनु तथा सहयोग पुऱ्याउनु निजहरूको काम तथा कर्तव्य हुनेछ । निजहरूले अनुसूची-४ मा तोकिएबमोजिम आचार-संहितामा आफ्नो प्रतिबद्धतास्वरूप हस्ताक्षर गरी पालना गर्नु पर्नेछ ।<br>(२) विधान विपरितको कार्य वा आचार-संहिताको उलङ्घन भएको प्रमाणित भएमा सम्बन्धित कार्यसमितिले उलङ्घनकर्तालाई सचेत गराउने वा जिम्मेवारीबाट निलम्बन गर्ने वा हटाउने वा सदस्यताबाट निलम्बन वा खारेज गर्ने समेतका कार्यवाही गर्न सक्ने छ । तर निजलाई सफाइको मौका दिइने छ । निर्णयउपर चित्त नबुझेमा माथिल्लो तहमा निवेदन गर्न सकिने छ ।<br>(३) सङ्घीय र प्रदेश सभाका सांसद्, स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र वडा अध्यक्ष पदमा निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका केन्द्र, प्रदेश, जिल्ला र पालिका तहका कार्यसमितिका प्रमुख पदमा रहेका व्यक्ति नेपाल रेडक्रस सोसाइटीका कुनै पनि तहका कार्यसमितिमा पदाधिकारी रहने छैनन् । | यथावत |

| | | |
|---|---|---|
| **६१. सुविधा दिन सकिने**<br>अध्यक्ष/सभापति, महामन्त्री, *महासचिव, मन्त्री वा अन्य पदाधिकारी तथा सदस्यलाई निजको जिम्मेवारी पूरा गर्न सम्बन्धित कार्यसमितिद्वारा निर्धारित सुविधा दिन सकिनेछ । | **७७. सुविधा दिन सकिने**<br>सोसाइटीको कुनै पनि तहका पदाधिकारी र सदस्यलाई विशेष जिम्मेवारी पूरा गर्न सम्बन्धित कार्यसमितिद्वारा निर्धारित सुविधा दिन सकिनेछ । | सञ्चालन र व्यवस्थापन अलग भएपछि सम्बन्धित समितको काम,कर्तब्य अधिकारमा उल्लेख भएको |
| **६२. पदाधिकारी, मनोनयन तथा मनोनीत सदस्यहरूको सम्बन्धमा विशेष व्यवस्था :**<br>यस विधानमा अन्यत्र जेसुकै लेखिएको भए तापनि<br>(क) उपशाखा, जिल्ला, *प्रदेश वा केन्द्रीय कार्यसमितिका पदाधिकारी उपशाखा, जिल्ला, *प्रदेश र केन्द्र गरी एकभन्दा बढी तहमा कार्यसमितिका पदाधिकारी रहन सक्ने छैनन्, एकभन्दा बढी पद त्याग्नुपर्नेछ ।<br>*(ख) विभिन्न तहका कार्यससमिति र सभामा मनोनीत हुने व्यक्तिहरू संस्थाको सदस्य नरहेको अवस्थामा मनोनयन भएको ३५ ( पैंतीस) दिनभित्र सदस्यता लिइसक्नु पर्नेछ ।<br>(ग) विशेष परिस्थिति उत्पन्न भई कुनै कारणले *प्रदेश, जिल्ला/उपशाखा कार्यसमिति नरहेको वा बीचमा भङ्ग भएको वा तदर्थ समिति गठन भएको अवस्थामा भने मनोनीत सदस्यहरूको पदावधि पनि स्वतः भङ्ग हुन्छ र अर्को निर्वाचनसम्म सो अवधि कायम रहन सक्दैन ।<br>(घ) अध्यक्ष/सभापति पदमा उही व्यक्ति लगातार २ (दुई) वा सोभन्दा बढी पटक निर्वाचित भई वा अन्य कुनै कारणवश कार्यसमितिमा तत्काल निवृत्त अध्यक्ष/सभापतिको प्रतिनिधित्व रिक्त भएमा सम्बन्धित कार्यसमितिको परामर्शमा अध्यक्ष/सभापतिले संस्थाका सदस्यहरू मध्येबाट १ (एक) जना सदस्य मनोनयन गर्नेछ । | **७८. पदाधिकारी, मनोनयन तथा मनोनित सदस्यहरूको सम्बन्धमा विशेष व्यवस्था :**<br>यस विधानमा अन्यत्र जेसुकै लेखिएको भए तापनि<br>(क) सोसाइटीको कुनै पनि तहको कार्यसमितिको पदाधिकारी अर्को तहको कार्यसमितिको पदाधिकारीमा रहने छैन् । यसै गरी एकै व्यक्ति दुईभन्दा बढी तहको कार्यसमितिको सदस्य पदमा रहने छैन् ।<br>(ख) कुनै कारणले केन्द्रीय, प्रदेश, जिल्ला, पालिका कायसमितिको अवधि समाप्त भएको, विघटन भएको वा तदर्थ समिति गठन भएको अवस्थामा सम्बन्धित कार्यसमितिले मनोनित गरेका सदस्य, सभासद् र सो तहका अन्य समितिका सदस्यको पदावधि पनि स्वतः समाप्त भएको मानिने छ ।<br>(ग) अध्यक्ष/सभापति पदमा उही व्यक्ति लगातार २ (दुई) वा सोभन्दा बढी पटक निर्वाचित भई वा अन्य कुनै कारणवश कार्यसमितिमा तत्काल निवृत्त अध्यक्ष/सभापतिको प्रतिनिधित्व रिक्त भएमा सम्बन्धित कार्यसमितिको परामर्शमा अध्यक्ष/सभापतिले संस्थाका सदस्यहरू मध्येबाट १ (एक) जना सदस्य मनोनयन गर्नेछ । | यथावत |

| | | |
|---|---|---|
| **६३. सभासद् कायम रहने :**<br>कुनै कारणवश कुनै पनि स्तरको कार्यसमितिको अवधि समाप्त भएको र अवधि थप नभएको स्थितिमा सम्बन्धित कार्यसमितिको निर्वाचन नहुञ्जेल त्यस्ता कार्यसमितिका सदस्यहरू सम्बन्धित स्तरको सभाका सदस्य कायम रहेको मानिनेछ । | | हटाइएको |
| *** ६४. व्यवस्थापन समितिको गठन :**<br>१. सबैस्तरका कार्यसमितिहरूले विपद्लगायत विशेष परिस्थितिको अवस्थामा कार्यसञ्चालन व्यवस्थित गर्नको लागि आवश्यकताअनुसार देहायबमोजिम व्यवस्थापन समिति गठन गर्न सक्नेछन् :<br>क. अध्यक्ष/सभापति - अध्यक्ष<br>ख. महामन्त्री/महासचिव/मन्त्री/सचिव - सदस्य<br>ग. कोषाध्यक्ष - सदस्य<br>घ. व्यवस्थापन समितिले पदाधिकारी/कर्मचारीमध्येबाट एक जनालाई सदस्य सचिव तोक्नेछ ।<br><br>उपरोक्त अवस्था बाहेक अन्य दैनिक कार्यसञ्चालन व्यवस्थित गर्ने दायित्व केन्द्र, प्रदेश, जिल्ला र उपशाखा कार्यसमितिको हुनेछ । | | हटाइएको |
| *** ६५. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**<br>१. सम्बन्धित कार्यसमितिद्वारा व्यवस्थापन समितिलाई प्रत्यायोजित वा निर्देश गरिएको विषयमा निर्णय गर्ने,<br>२. अध्यक्ष/सभापतिद्वारा व्यवस्थापन समितिमा पेश भएका विषयउपर निर्णय गर्ने,<br>३. कार्यसमितिमा निर्णयार्थ पेश गर्नुपर्ने विषयहरूमा आवश्यक गृहकार्य गर्ने, र<br>४ पदाधिकारीहरूको अधिकार क्षेत्रभित्र पर्ने विषयवस्तुहरू पेश भएको अवस्थामा सामूहिक निर्णय गरी कार्यान्वयन गर्ने, गराउने | | हटाइएको |

| | | |
|---|---|---|
| व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार दफा ६४ को अवस्थामा मात्र क्रियाशील हुने छ । | | |
| **६६. नियम बनाउने अधिकार :**<br>(१) यस विधानको उद्देश्य *कार्यान्वयन तथा प्राप्त गर्नका लागि केन्द्रीय कार्यसमितिले यस विधानअन्तर्गत रही आवश्यकताअनुसार आर्थिक र कर्मचारी सेवा नियमावलीलगायत अन्य नियमावलीहरू तर्जुमा, पुनरावलोकन र स्वयंसेवकसम्बन्धी नीति-नियमहरू बनाउन सक्नेछ ।<br>(२) आफ्नो *प्रदेश तथा जिल्लामा रेडक्रसको उद्देश्यसम्बन्धी कुनै कार्य गर्न जिल्ला कार्यसमितिले यस विधान तथा *प्रदेश र केन्द्रीयस्तरबाट प्रतिपादित नीतिअन्तर्गत रही आवश्यकताअनुसार आर्थिक र कर्मचारी सेवा नियमावलीलगायत अन्य नियमावलीहरू तर्जुमा, पुनरावलोकन र स्वयंसेवकसम्बन्धी नियमहरू बनाउन सक्नेछ । त्यस्तो नियमको जानकारी *प्रदेश र केन्द्रीय कार्यसमितिलाई दिनुपर्नेछ ।<br>यसै गरी *प्रदेशमा संस्थाको उद्देश्यसँग सम्बन्धित कुनै कार्य गर्न *प्रदेश कार्यसमितिले यस विधान तथा केन्द्रीयस्तरबाट प्रतिपादित नीतिअन्तर्गत रही आवश्यकताअनुसार आर्थिक र कर्मचारी सेवा नियमावलीलगायत अन्य नियमावलीहरू तर्जुमा, पुनरावलोकन र स्वयंसेवकसम्बन्धी नियमहरू बनाउन सक्नेछ । त्यस्तो नियमको जानकारी केन्द्रीय कार्यसमितिलाई दिनुपर्नेछ ।<br>(३) उपशाखा कार्यसमितिले पनि आफ्नो क्षेत्रमा संस्थाको उद्देश्यसँग सम्बन्धित कुनै कार्य गर्न यस विधान तथा जिल्ला, *प्रदेश र केन्द्रीयस्तरबाट प्रतिपादित नीतिअन्तर्गत रही आवश्यकताअनुसार आर्थिक र कर्मचारी सेवा नियमावलीलगायत अन्य नियमावलीहरू तर्जुमा, पुनरावलोकन र स्वयंसेवकसम्बन्धी नियमहरू बनाउन सक्नेछ । त्यस्तो नियमको जानकारी जिल्ला कार्यसमितिलाई दिनुपर्नेछ । | **७९. नियम बनाउने अधिकार :**<br>(१) यस विधान कार्यान्वयन गर्नका लागि केन्द्रीय कार्य समितिले आर्थिक, खरिद र कर्मचारी सेवा नियमावलीलगायत आवश्यक नियमावली तथा कार्यविधि बनाउन सक्ने छ । यसै गरी केन्द्रीय कार्यसमितिको नीति निर्माण, अनुगमन, रेखदेख लगायतका सञ्चालकीय भूमिका कार्यान्वयन गर्न आवश्यक नियम तथा कार्यविधि बनाउन सकिने छ ।<br>(२) केन्द्रीय नियमावली तथा कार्याविधिको अधीनमा रही प्रदेश, जिल्ला र पालिका कार्यसमितिहरूले आ-आफ्नो निकायमा लागू हुने मापदण्ड तोक्न सक्नेछन् ।<br>तर कर्मचारी तथा स्वयंसेवकहरूको सेवा, शर्त र सुविधाको मापदण्ड सम्बन्धित तहको कार्यसमितिले निर्धारण गर्न सक्नेछ । त्यस्तो मापदण्डको जानकारी माथिल्लो तहको कार्यसमितिलाई दिनुपर्ने छ । | |

| | | |
|---|---|---|
| ६७. **व्याख्या गर्ने अधिकार :**<br>यस विधानको कुनै कुरा व्याख्या गर्ने अन्तिम अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ । | ८०. **व्याख्या गर्ने अधिकार :**<br>यस विधानको कुनै दफा वा विषयमा व्याख्या गर्ने अन्तिम अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ । | यथावत |
| ६८. **खारेजी, बचाउ र बाधा अड्काउ फुकाउने :**<br>(१) यस विधानमा नपरेका यस अघिका संशोधनहरू खारेज गरिएका छन् ।<br>(२) यस संशोधनअघि निर्वाचित निकायहरू आफ्नो पदावधि रहेसम्म कायम रहनेछन् र यसभन्दा अघि भए गरेका काम-कारबाहीहरू यसै विधानअनुसार भए गरेको मानिनेछ ।<br>(३) यस विधानमा व्यवस्था भएबाहेक संस्थामा कुनै अनपेक्षित बाधा अड्काउ आइपरेमा सो फुकाउने अधिकार केन्द्रीय कार्यसमितिमा निहित रहनेछ । | ८१. **खारेजी, बचाउ र बाधा अड्काउ फुकाउने :**<br>(१) यस विधानमा नपरेका यस अघिका संशोधनहरू खारेज गरिएका छन् ।<br>(२) यस संशोधनअघि भए गरेका काम-कारबाहीहरू यसै विधानअनुसार भए गरेको मानिनेछ ।<br>(३) यस विधानमा व्यवस्था भएबाहेक संस्थामा कुनै अनपेक्षित बाधा अड्काउ आइपरेमा सो फुकाउने अधिकार केन्द्रीय कार्यसमितिमा निहित रहनेछ । | यथावत |
| ६९. **संस्था विघटन :**<br>केन्द्रीय सभाका सम्पूर्ण सदस्य संख्याको दुई-तिहाइ सदस्य उपस्थित भएको सभामा तीन-चौथाइ सदस्यहरूको मतले संस्थाको विघटन हुन सक्नेछ । यसरी विघटन भएको अवस्थामा संस्थाको चल-अचल सम्पत्ति प्रचलित नियम कानुनअनुसार हुनेछ । | ८२. **संस्था विघटन :**<br>(क) केन्द्रीय सभाको महाधिवेशनको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाइ सदस्य उपस्थित भएको सभामा तीन-चौथाइ सदस्यहरूको मतले संस्थाको विघटन हुन सक्नेछ ।<br>(ख) यसरी विघटन गर्नुपूर्व संस्थाको चलअचल सम्पत्तिको मूल्याङ्कन र लेनदेन हिसाव फरफारक गर्नुपर्ने छ ।<br>(ग) विघटन भएको अवस्थामा संस्थाको चल-अचल सम्पत्ति प्रचलित कानुनअनुसार हुनेछ । | संस्थाको विघटन पूर्व फरफार गर्ने व्यवस्था थप गरिएका |

| | | |
|---|---|---|
| | ८३. **संक्रमणकालीन व्यवस्था :**<br>(१) **पदाधिकार कायम रहने :**<br>विधानको अठारौं संशोधन लागू हुँदाका बखत बहाल रहेका सबै तहका पदाधिकारी, सदस्य र सभासद्हरू आगामी निर्वाचनसम्म कायम रहनेछन् । संशोधित विधानमा नपरेका पदहरू पनि छ महिनासम्म यथावत रहनेछन् । कार्यावधि पूरा भई म्याद थप भएका निकायहरू सो थप भएको अवधिसम्म कायम रहनेछन् । | संशोधित विधानले व्यवस्था |

| | | |
|---|---|---|
| | संशोधित विधानमा परेका तर संशोधन अघिको विधानमा नरहेका पदहरू आगामी निर्वाचनपश्चात मात्र लागू हुने छ ।<br><br>(२) **उपशाखाको व्यवस्थापन :**<br>विधानको अठारौं संशोधन लागू हुँदाका बखत एक पालिकामा एउटा मात्र उपशाखा भएमा सो उपशाखा पालिका शाखामा परिणत हुनेछ ।<br><br>(३) **सञ्चालन र व्यवस्थापन :**<br>विधानको अठारौं संशोधन लागू हुँदाका बखत कायम रहेको संरचनाअनुरूप व्यवस्थापनको जिम्मेवारी पाएका पदाधिकारीहरूले आगामी निर्वाचनसम्म यथावत जिम्मेवारी निर्वाह गर्नेछन् ।<br><br>यो विधान लागू हुँदाका वखत कायम रहेका सोसाइटीको विद्यमान कर्मचारी सेवा नियमावलीबमोमिजको प्रशासनिक संरचना र आर्थिक तथा खरीदसम्बन्धी नियमावलीअनुसार भएका कार्यहरू संशोधनबाट प्रतिस्थापन नभएसम्म यथावत कायम रहने छन् ।<br><br>(४) **निर्वाचन सम्बन्धमा :**<br>विधानको अठारौं संशोधनबमोजिम केन्द्रीय निर्वाचन समिति गठन नभएसम्म केन्द्रीय कार्यसमिति र प्रदेश कार्यसमितिको निर्वाचनका लागि केन्द्रीय कार्यसमितिले निर्वाचन अधिकारी निर्धारण गर्ने छ ।<br><br>(५) **खाता सञ्चालन सम्बन्धमा :**<br>विधानको अठारौं संशोधन लागू हुँदाका बखत सञ्चालनमा रहेका बैङ्क खाताहरू संशोधित प्रावधानबमोजिम अर्को व्यवस्था नभएसम्म बढीमा छ महिनासम्म यथावत सञ्चालन हुनेछन् ।<br><br>(६) **पालिका शाखा गठन र प्रतिनिधित्व**<br><br>(क) विधानको १८औं संशोधन लागू भएपछि प्रदेश र जिल्ला तहमा पहिलो पटक हुने वार्षिक साधारण सभा र अधिवेशनमा पालिका शाखा गठन हुन नसकेको कारणले पालिका शाखाको प्रतिनिधित्व हुन नसके पनि सभा, अधिवेशन सञ्चालन गर्न बाधा पर्नेछैन । | गरेको कार्यहरू कार्यान्वयन नहुदासम्मका लागि संक्रमण कालीन व्यवस्था थप गरिएको |

| | | |
|---|---|---|
| | (ख) पालिका शाखा विधिवत गठन भै नसकेको तर तदर्थ समिति गठन भएको अवस्थामा पहिलो पालिका तदर्थ समितिमध्येबाट प्रतिनिधित्व गराउन सकिने छ ।<br><br>(ग) पालिका शाखा गठन नभएसम्म यस विधानमा पालिका कार्यसमितिले गर्ने भनी उल्लेख भएका कार्यहरू जिल्ला कार्यसमितिले गर्ने छ ।<br><br>**(७) पहिलो पटक पालिका तदर्थ समिति गठन गर्न सकिने** :<br><br>यो संशोधन लागू भएपछि केन्द्रीय कार्यसमितिले तोकेको प्रतिनिधिको उपस्थितिमा जिल्ला कार्यसमितिको निर्णयले महानगरपालिका, उपमहानगर पालिका, नगरपालिका र गाँउपालिकास्तरीय सोसाइटीको पालिका शाखाको पहिलो तदर्थ समिति गठन गर्न सकिने छ । | |

नेपाल रेडक्रस सोसाइटी * केन्द्रीय कार्यालय, काठमाण्डौं *

# अनुसूची : १


## रेडक्रसको चिह्न बनाउने तरीका र नमुना

### (दफा ६ (१) सँग सम्बन्धित)


क) समभुजाकार पाँचवटा चतुर्भुजबाट रेडक्रस चिह्न बन्दछ ।

ख) यो रातो चिह्न सेतो पृष्ठभूमिमा रहनेछ ।

**१. झण्डाको नमुना :**



(क)



(ख)

२. लेटर प्याडको नमुना

Nepal Red Cross Society

नेपाल रेडक्रस सोसाइटी

३. छापको नमूना

नेपाल रेडक्रस सोसाइटी * केन्द्रीय कार्यालय, काठमाडौं *

## अनुसूची - २

### कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूका लागि प्रतिबद्धता पत्रको नमुना
### दफा ४९ (३) सँग सम्बन्धित

म, देहायमा हस्ताक्षर गर्ने नेपाल रेडक्रस सोसाइटी केन्द्रीय/जिल्ला/उपशाखा कार्यसमितिको .................. पदमा उम्मेदवार/मनोनीत भएकाले देहायबमोजिम आफ्नो प्रतिबद्धताको घोषणा गर्दछु :

- सोसाइटीको विधान र कार्यप्रणाली स्वीकार गर्नेछु ,
- संस्थाले निर्माण गर्ने कार्य विवरण तथा आचार-संहिता स्वीकार गर्नेछु ,
- रेडक्रस अभियानका आधारभूत सिद्धान्तअनुसार सदैव निर्णय र तदनुरूप पूर्णरूपमा कार्यान्वयन गर्नेछु
- सदैव व्यक्तिगत दृष्टिकोणभन्दा संस्थाको हितलाई महत्व दिनेछु ,
- स्वार्थहरूकाबीच तीव्र विवाद भएको अवस्थामा आचार-संहिता अन्तर्गत आफ्नो दायित्वको पालन पूर्ण रूपले गर्नेछु ; अन्यथा राजीनामा गर्नेछु ।

दस्तखत :
पूरा नाम,थर :
ठेगाना :
पद :
निकायको पूरा ठेगाना :
मिति :

## अनुसूची ३

# सदस्यता शुल्क

**दफा १० (१) सँग सम्बन्धित**

| साविकको सदस्यता | शुल्करू | प्रस्तावित सदस्यता | शुल्क रू |
|---|---|---|---|
| १. साधारण सदस्य (पाँच वर्षे) | रू.२५ प्रवेश र २५० | १. साधारण सदस्य (पाँच वर्षे) | रू. १०० प्रवेश र रू. ५०० |
| २. आजीवन सदस्य | रू.२५ प्रवेश र १००० | २. आजीवन सदस्य | रू. १०० प्रवेश र रू. १,५०० |
| ३. विशिष्ट आजीवन | रू.२ ५००० बरावरको नगद वा जिन्सी | ३. विशिष्ट सदस्य | रू. १०० प्रवेश रू ५०,००० बरावरको नगद वा जिन्सी |
| ४.यशस्कर सदस्य | रू.१००००० बरावरको नगद वा जिन्सी | ४. यशस्कर सदस्य | रू. १०० प्रवेश रू. १००,००० बरावरको नगद वा जिन्सी |
| ५. सस्थागत सदस्य | वार्षिक २५००० | ५. सस्थागत सदस्य | वार्षिक रू. ५०,००० नगद |
| ६. मानार्थ सदस्य | विशिष्ट योगदान वापत | ६. मानार्थ सदस्य | विशिष्ट योगदान वापत |
| | | | |

**पुनश्च :**

- **तोकिएको ढाँचामा सदस्यताको प्रमाण पत्र र व्याच सदस्यता प्रदान गर्ने निकायले उपलब्ध गराउनु पर्ने छ ।**